भूमिका

पाठ्यक्रमले शिक्षाको राष्ट्रिय, तहगत, कक्षागत र विषयगत उद्देश्य समेत निर्धारण गर्नुका साथै शिक्षण सिकाइका विधि, प्रक्रिया र मूल्यांकनका तौरतरिका समेत निर्धारण गरेको हुन्छ । यसैले पनि पाठ्यक्रमलाई विशिष्ट र वृहत शैक्षिक दस्तावेजका रुपमा ग्रहण गर्ने गरिन्छ ।

पाठ्यक्रम मानव संसाधन विकासको आधार हो । विद्यालय र विश्वविद्यालयबाट निर्माण हुने मानव संसाधनको स्तर पाठ्यक्रमको गुणस्तरमा निर्भर रहने गर्दछ । घडेरीको प्रकृतिले घरको अवस्था.निर्धारण गरेझै पाठ्यक्रमले नै मानव संसाधन विकासको जगको रुपमा कार्य गर्दछ । त्यसैले भनिन्छ कि राम्रो मानव संसाधनको अपेक्षा पूरा गर्न पाठ्यक्रम राम्रो हुनु पर्दछ ।

पाठ्यक्रम राम्रो हुनलाई पाठ्यक्रममा समावेश गरिएका उद्देश्यहरु व्यवहारिक हुनु पर्दछ । ती उद्देश्यहरुलाई प्राप्त गर्न सान्दर्भिक र उपयोगी विषयवस्तु संगठित गरिनु पर्दछ । उक्त विषयवस्तुहरुलाई विद्यार्थीको शिक्षण सिकाइमा परिणत गर्न सक्ने शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापहरु निर्दिष्ट गरिएको हुनु पर्दछ । साथै, पूर्ववत रुपमा उल्लेख गरिएका उद्देश्यहरु हासिल भए नभएको एकिन गर्न मूल्यांकनका विधि र प्रविधिहरु समेत प्रष्ट रुपमा किटिएको हुनु पर्दछ ।

पाठ्यक्रम भविश्य केन्द्रित मात्र भएर पनि प्रभावकारी हुन सक्दैन । यसले मानव जातिको विगत र विरासतलाई समेत कदर गर्न सक्नु पर्दछ । यसका लागि पाठ्यक्रमले कुनै पनि भूगोल, जाति तथा सभ्यता विशेषको मौलिक संस्कृतिलाई संरक्षण मात्र होइन संर्वद्धन र प्रर्वद्धन पनि गर्न सक्नु पर्दछ । यसरी विश्वव्यापीकरणले विश्व जगत र मानव सभ्यतामा ल्याएको लहरलाई आफ्नो मुलुकमा समेत विस्तारित गर्दै सार्वभौम मुलुकको स्वाधिनता, स्वतन्त्रता, स्वाबलम्बन र आत्मनिर्भरतालाई केन्द्रमा राखेर निर्धारण गरिएका राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई स्थानीय स्तरसम्म अनुकुलित गरेर स्थानीय संभावना र पहिचानलाई राष्ट्रिय हुँदै अन्तराष्ट्रिय स्तरसम्म उजागर गर्न पाठ्यक्रम समर्थवान हुनु पर्दछ ।

उपरोक्त सन्दर्भमा पाठ्यक्रमले स्थानीय विषयवस्तलाई समेत आत्मसात गर्दै शिक्षालाई परिवेश र सन्दर्भ विशेष बनाउन पाठ्यक्रमको स्थानीयकरणको विषयले मुलतः प्राथमिक तहको पाठ्यक्रम, २०४९ मा स्थान पाएको देखिन्छ । यस पछि निर्माण भएका हरेक आधारभूत तहसम्मका पाठ्यक्रममा स्थानीय विषयको पठनपाठनलाई जोड दिदै १०० पूर्णांकको स्थानीय विषय समावेश गरिएको देखिन्छ । साथै सामाजिक, स्वास्थ्य तथा शारीरिक विषयमा समेत निश्चित पूर्णांकको पठनपाठन स्थानीय विषयवस्तुका रुपमा गर्ने गरिएको छ ।

पाठ्यक्रमको स्थानीयकरणबाट स्थानीय पहिचान र संभावनाको उजागर गर्न सकिन्छ । पाठ्यक्रमलाई स्थानीय परिवेशमैत्री बनाउन सकिन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय कला संस्कृति, भाषा, पर्यटकीय क्षेत्र, पेसा व्यवसाय लगायतका विभिन्न विषयवस्तहरुलाई स्थानीय पाठ्यक्रमका अन्तरवस्तुका रुपमा आत्मसात गर्दछ । उपयुक्त विषयवस्तुको शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा स्थानीय परिवेश र संभावनाको जानकारी गराइ एकातिर स्थानीय सन्दर्भलाई बजारीकरण गर्ने र अर्कोतिर स्थानीय मौलिकता र रचनात्मकतालाई संरक्षण गर्न स्थानीय पाठ्यक्रम उपयोगी देखिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण एउटा चुनौतीपूर्ण कार्य थियो । स्थानीय वस्तुगत आवश्यकता र चाहनाहरुलाई पहिचान गरी सोको सम्बोधन गर्ने गरी तहगत रुपमा सक्षमता निर्धारण गर्ने, सोको आधारमा कक्षागत सक्षमता निर्धारण गर्ने, उक्त सक्षमता प्राप्त गर्ने गरी विषयवस्तुको पहिचान गरेर संगठित गर्ने र सोको विस्तृतिकरण गर्ने, शिक्षण सिकाइको विधि र प्रक्रिया निर्धारण गर्ने तथा निर्धारित सक्षमता प्राप्त भएको मूल्यांकन गर्ने विधि समेत पहिचान गरी स्थानीय पाठ्यक्रमको निर्माण गर्ने अभ्यासको अनुसरण गरिएको छ ।

निक्कै लामो श्रृखंलाबद्ध वेबिनार र केही भौतिक रुपमा आयोजना गरिएका छलफलबाट प्राप्त सुझाब र गहन अध्ययन मनन र अभ्यासका आधारमा तयार पारिएको यस पाठ्यक्रमले वीरेन्द्रनगरको विद्यालय शिक्षामा कोशेढुंगाको रुपमा काम गर्ने अपेक्षा गरिएको छ । यो अपेक्षालाई मूर्त रुप दिन यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पूर्वाधारका रुपमा रहेको शिक्षक क्षमता विकास, पाठ्यपुस्तक विकास र छपाइ, थप सन्दर्भ सामग्रीको विकास र वितरण, शिक्षक विद्यार्थी र अभिभावकको प्रतिबद्धता अपरिहार्य देखिन्छ ।

जतिसुकै राम्रो पाठ्यक्रम निर्माण भएर पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेन अर्थात पाठ्यक्रमको अन्तरवस्तु विद्यार्थीको सिकाइमा रुपान्तरण हुन सकेन भने पाठ्यक्रम ओझेलमा पर्न सक्ने जोखिम रहन्छ । यस जोखिमबाट यस स्थानीय पाठ्यक्रमलाई जोगाउने अभिभारा शिक्षक वर्गको काँधमा आइपुगेको छ । प्रत्येक शिक्षकले प्रभावकारी शिक्षण सिकाइ मार्फत पाठ्यक्रमलाई जिवन्त बनाउन सक्ने भएकाले शिक्षक वर्गबाट यस पाठ्यक्रमको आसय कार्यान्वयन हुने पूर्ण विश्वास गरिएको छ ।

स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयनको अर्को आधार अभिभावकको जागरण र विद्यार्थीको पठनशिलता पनि हो । स्थानीय पाठ्क्रमको उपादेयता र औचित्यतामा विश्वास गर्ने अभिभावकवीच यस सन्दर्भमा खासै समस्या देखिदैन । तर, स्थानीय पाठ्यवस्तुप्रति रुचि प्रवाह गर्न नसक्ने केही शैक्षिक सरोकारवालाहरुमा केही समस्या अवश्यमेव देखिने छन् । यस सन्दर्भमा सिकाइमा सन्निकटताको सिद्धान्तको उपेक्षा गर्ने अर्थात नजिकको तीर्थलाई हेलाँ गर्ने मानसिकताबाट अभिभावक र समुदायलाई मुक्त बनाउँदै संस्कृति र स्वपरिवेश सिकाउने स्थानीय पाठ्यक्रमलाई सम्मान गर्न सक्ने बाताबरणको समेत उत्तिकै आवश्यकता देखिन्छ ।

अन्तमा स्थानीय पाठ्यक्रमको निर्माण गर्दा ७ वटा थिमेटिक समूह वनाइ उक्त प्रत्येक समूहको संयोजक सदस्य रहने गरी मूल समिति गठन गरी समूहगत रुपमा तोकिएको ढाँचामा विषयवस्तुको छलफल, राय सुझाव संकलन र सम्पादन गरी अन्तिम रुप प्रदान गरिएको थियो । विभिन्न थिमेटिक ग्रुपमा रही अहोरात्र खटेर काम गर्ने समूहका संयोजक र सदस्य, शिक्षाविद्, पाठ्यक्रम विज्ञ, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी र कर्मचारी लगायत प्रत्यक्ष तथा परोक्ष रुपमा पाठ्यक्रम निर्माणमा योगदान गर्ने सबैप्रति नगरपालिका हार्दिक आभार र कृतज्ञता प्रकट गर्दछ । र, यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक समक्ष विशेष अनुरोध गरिएको छ ।

हामी र हाम्रो वीरेन्द्रनगर

१. परिचय

नानीदेखि लागेको बानी छुटाउन गाह्रो हुन्छ भन्ने हाम्रो सिकाइको मान्यताअनुसार कुनै बालबालिकालाई असल बनाउनु छ भने उसलाई सानैदेखि तदनुरूपको सिकाइको लागि अवसर प्रदान गर्नुपर्छ । सिकाइको वातावरण सहज र बाल केन्द्रित हुनुपर्छ । सिकाइका क्रममा मस्तिष्कको अतिरिक्त सिकारूका सकेसम्म सबै इन्द्रीय क्रियाशील हुनुपर्छ । बालबालिकाका निम्ति स्वभावको हिसाबले समेत सुनेरभन्दा पनि गरेर सिक्ने विधि प्रभावकारी हुन्छन् । बालबालिकाले घरपरिवार तथा स्थानीयस्तरमा देखेका र भोगेका सरल कुराबाट सिकाइको आरम्भ गर्दा सिकाइ दिगो, रुचिपूर्ण एवं व्यावहारिक हुने गर्छ । ज्ञानका अतिरिक्त सिप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारूलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्छ । शिक्षा र सिकाइका उल्लिखित मूल्य मान्यताहरूलाई आत्मसात गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ मा भएको प्रावधानअनुरूप वीरेन्द्रनगर नगरपालिकाबाट हामी र हाम्रो वीरेन्द्रनगर स्थानीय पाठ्यक्रमको विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका र स्थानीयस्तरमा जीवन खुसी र सहज किसिमले जिउनका लागि सिक्नै पर्ने कुराहरूलाई समेटेर यस पाठ्यक्रमको विकास गरिएको छ । यस पाठ्यक्रमअन्तर्गत हाम्रो वीरेन्द्रनगर, हाम्रा सम्पदा र संस्कृति, हाम्रा पेसा, व्यवसाय र प्रविधि, हाम्रो बालसंसार, दिगो विकास, वातावरण संरक्षण र स्वच्छकर बानी व्यवहार, खुसीका लागि मूल्यनिष्ठ शिक्षा र विपत् व्यवस्थापनजस्ता विषयवस्तु समावेश गरिएको छ । पाठ्यक्रमको मर्मअनुसार हरेक विषयवस्तुसँग सम्बन्धित सिकाइ सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप, मूल्याङ्कन विधि र आवश्यक कार्यघण्टाको बारेमा समेत पाठ्यक्रममा विश्लेषण गरिएको छ ।

पाठयक्रममा समावेस गरिएका विषयवस्तुले बालबालिकालाई आफू जन्मेहुर्केको घरपरिवार, टोलछिमेक, समुदाय, समाज, स्थानीय तह र त्यहाँका मानिससँग परिचित तथा घुलमिल हुँदै त्यहाँ हुने गरेका असल कर्मप्रतिको आकर्षण, संलग्नता एवं खराब कर्मप्रतिको विकर्षण र असंलग्नताका लागि बालबालिकालाई अभिप्रेरित गर्ने कुरामा पाठ्यक्रमले प्रयत्न गरेको छ । दृष्टान्त

दिएर भन्नुपर्दा, पाठ्यक्रमको हाम्रो वीरेन्द्रनगर उपक्षेत्रअन्तर्गत वीरेन्द्रनगरको भौगोलिक, सामाजिक, शैक्षिक, आर्थिक, राजनीतिक एवं सांस्कृतिक अवस्थालाई छिमल्दै त्यसभित्रका असल पक्षलाई आत्मसात् गर्ने कुरालाई पाठ्यक्रमले प्राथमिकता दिएको छ । त्यसरी नै हाम्रो सम्पदा उपक्षेत्रअन्तर्गत हाम्रो वीरेन्द्रनगरका ऐतिहासिक धरोहरको रूपमा रहेका पर्यटकीय स्थल एवं हाम्रो खानपान, संस्कृति र जीवनशैलीलाई बालबालिका सामु पस्किने प्रयत्न गरेको छ ।

त्यसरी नै हाम्रो पेसा, व्यवसाय र प्रविधि उपक्षेत्रमा बालबालिकालाई सानैदेखि श्रमको सम्मान गर्ने तथा सिकाइलाई श्रम र उत्पादनसँग जोड्ने गरी क्रियाकलापको व्यवस्थापन गरिएको छ । दीगो विकास र वातावरण संरक्षण उपक्षेत्रमा हामीलाई बाँच्नका लागि प्राणवायुका अतिरिक्त हरेक कुरा उपलब्ध गराउने पृथ्वीलाई बचाऔँ र आफू पनि बचौँ भन्ने भावका साथ त्यसको आरम्भ विद्यालय र घरपरिवारबाट गरौँ भन्ने किसिमले विषवस्तुको व्यवस्था गरिएको छ । बालबालिकाका रुचिका विषयवस्तु समेट्दै उनीहरूलाई सत्मार्गतर्फ अभिप्रेरित गर्नका लागि हाम्रो बालसंसार उपक्षेत्रअन्तर्गत आवश्यक विषयवस्तु समेटिएको छ । त्यसरी नै पूर्वीय दर्शन, योग, ध्यान, प्राणायाम, सकारात्मक सोच आदिको माध्यमबाट खुसीपूर्वक खुसी र सन्तुलित जीवन जिउनका लागि बालबालिकालाई प्रेरित गर्ने जमर्को खुसीका लागि मूल्यनिष्ठ शिक्षा उपक्षेत्रमा गरिएको छ भने बालबालिकालाई विभिन्न किसिमका प्राकृतिक प्रकोप, दुर्घटना, हिंसा आदिबाट बच्नका लागि अपनाउनु पर्ने सावधानी र गर्नुपर्ने कार्यको बारेमा विपत् व्यवस्थापन उपक्षेत्रमा आवश्यक क्रियाकलाप समावेश गरिएको छ ।

हामीले तयार गरी कार्यान्वयन गर्न खोजिएको प्रस्तुत पाठ्यक्रमको अभीष्ट भनेको बालबालिकामा उनीहरूको जीवन र जगतप्रतिको सोच तथा चिन्तनमा सकारात्मक परिवर्तन देख्न पाउनु हो । यसको मापन र मूल्याङ्कनका लागि प्रस्तुत पाठ्यक्रमले 'पेपर पेन्सिल' परीक्षालाई भन्दा अवलोकन, परियोजना कार्य, प्रयोगात्मक कार्य, घरायसी काममा अभिभावकलाई सघाएको प्रतिवेदनको अध्ययन, बालबालिकामा परिवर्तन भएको व्यवहारको अध्ययन आदिबाट ठोस निष्कर्षमा पुग्ने गरी निर्णयात्मक मूल्याङ्कनलाई भन्दा पनि निर्माणात्मक मूल्याङ्कनलाई जोड दिइएको छ । हामीले निर्माण गरेको प्रस्तुत पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले निर्देश गरेको मार्गलाई पछ्याउने काम पनि उत्तिकै सावधानीपूर्वक गरेको छ ।

समग्रमा प्रस्तुत स्थानीय पाठ्यक्रमले बालबालिकाबाट आफ्ना अग्रजहरूको सम्मान गर्दै उनीहरूको सुखदुःखमा साथ दिने, पाश्चात्य संस्कृतिको बिगबिगी बढ्दै गएको परिवेशमा हाम्रा संस्कृति र संस्कारतर्फ अभिप्रेरित हुने, बोली, भाषा र आचरणको हिसाबले सुसंस्कारित हुने, श्रमको सम्मान गर्दै सानैदेखि श्रमलाई उत्पादनसँग जोड्ने कुरामा क्रियाशील हुने, हाम्रा परम्परादेखि चलिआएका असल आनीबानीलाई आत्मसात् गर्दै पूर्वीय दर्शनको मूल्य र मान्यताका आधारमा सकारात्मक किसिमले खुसी, सन्तुलित तथा सुरक्षित जिन्दगी जिउने जस्ता कुराहरूको अपेक्षा गरिएको छ । प्रस्तुत अपेक्षालाई हाम्रा बालबालिकाले आफ्नो जीवनको दिनचर्या बनाउन सके भने पाठ्यक्रम सफल भएको ठहरिने छ । प्रस्तुत पाठ्यक्रम नदी हो बगिरहनेछ आफ्नै गतिमा । समयअनुसार यसमा परिवर्तन र परिमार्जन पनि हुँदै जानेछ । परिवर्तन र परिमार्जनका लागि आवश्यक पर्ने सुझावलाई अद्यावधिक गर्दै लगिने छ ।

२. तहगत सक्षमता

(क) कक्षा १-३ सँग सम्बन्धित सक्षमता

१. वीरेन्द्रनगर नगरपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी ।

२. वीरेन्द्रनगरमा भएका पर्यटकीय स्थलको पहिचान र परिचयको जानकारी हासिल ।

३. असल बानीबानी, व्यवहार र आचरणको पहिचान गरी अनुकरण गर्ने बानीको विकास ।

४. प्रत्येक बालबालिकामा सामूहिक कार्य, सहयोग, सहभागिता, नेतृत्वपनको विकास ।

५. आफ्नो वरपरको वातावरणमा भएका वस्तुको पहिचान, महत्वबोध तथा बालबगैँचा निर्माण र वातावरणको सरसफाइमा सहयोग ।

६. स्थानीय अन्नबाली, फलफूल र पशुपालनको पहिचान तथा महत्वबोध एवं उपयोग ।

७. विपत्को अवधारणा बोध तथा प्राकृतिक र मानव सिर्जित विपत्को बारेमा जानकारी हासिल ।

(ख) कक्षा ४-५ सँग सम्बन्धित सक्षमता

१. नगरपालिकाको गठन प्रक्रिया, विभिन्न समिति र तिनका कार्यको बारेमा जानकारी ।
२. वीरेन्द्रनगरमा भएका पर्यटकीय स्थलको संरक्षण र संवर्धनको बारेमा अग्रसरता ।
३. वृत्ति विकासको लागि पेसाप्रति सम्मान गर्ने भावनाको विकास ।
४.जीवन र जगतमा भएका हरेक व्यक्ति, वस्तु र घटनालाई सकारात्मक किसिमले सोच्ने प्रवृत्तिको विकास ।
५.आफ्नो वरपरको वातावरणमा भएका वस्तुको महत्वबोध र उपयोग तथा वातावरण संरक्षण र सरसफाइमा सहयोग ।
६. स्थानीय पेसा र व्यवसायको पहिचान, महत्वबोध तथा सम्मान र सहभागिता ।
७. आगलागी, बाढी, पहिरो र सडक दुर्घटनाबाट सुरक्षित रहन सक्ने क्षमताको विकास ।

ग) कक्षा ६-८ सँग सम्बन्धित सक्षमता

१. वीरेन्द्रनगर नगरपालिकाका विकासका पूर्वाधारसँग परिचित भई तिनको संरक्षण र विकासमा क्रियाशीलता ।

२. वीरेन्द्रनगरमा उपलब्ध हुने स्थानीय जडिबुटी पहिचान, प्रयोग र महत्वबोध तथा उत्पादनमा सहभागिता ।

३. खुसी र स्वस्थ हुँदै जीवन जिउने कलाको विकास ।

४. आफ्नो वरपरको वातावरण, दिगो विकास तथा हरित विद्यालयको अवधारणा बोध, प्रयोग, संरक्षण र प्रवर्धन ।

५. शान्ति, सद्भाव, सहकार्य, सहयोग, समझदारी, कर्तव्य परायण तथा सामाजिक, भौगोलिक, सांस्कृतिक विविधताको सम्मान गरी मर्यादापूर्ण आदर्श व्यवहारको प्रदर्शन ।

६. स्थानीय, परम्परागत र आधुनिक प्रविधिको पहिचान, उपयोग तथा संरक्षण गर्ने कार्यमा भूमिका प्रदर्शन ।

७. भूकम्पबाट घरमा हुने क्षति न्यूनीकरण गर्नका लागि आफ्नो भूमिका निर्वाह गर्न सक्षम ।

३. कक्षागत सिकाइ उपलब्धि

(क) कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३)

क्र.स.	क्षेत्र/एकाइ/थिम	कक्षा १	कक्षा २	कक्षा ३
१	हाम्रो वीरेन्द्रनगर	• आफ्नो नगरपालिकाको नाम भन्न । • चित्रमा हेरेर वीरेन्द्रनगर छुट्याउन । • पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशा छुट्याउन । • वडा समितिको चित्र पहिचान गर्न । • वडा कार्यालय पहिचान गर्न । • वडा समितिको सङ्ख्या भन्न । • वडामा रहेका विद्यालय छुट्याउन । • वडामा रहेका स्वास्थ्य सेवा केन्द्रहरू पहिचान गर्न । • खानेपानी, बिजुली, यातायात र सञ्चारका बारेमा सामान्य भन्न ।	• सुर्खेत जिल्लाको नक्सामा वीरेन्द्रनगर छुट्याउन । • वैशाखदेखि असोजसम्म गर्मी र कात्तिकदेखि चैतसम्म जाडो हुन्छ भनी छुट्याउन । • मङसिर, पुस माघ धेरै जाडो हुने महिना हुन् र जेठदेखि भदौसम्म धेरै गर्मी हुने महिना हुन् भनी सूचीकृत गर्न । • वडा प्रतिनिधिहरूको सामान्य परिचय भन्न । • वडामा हुने विकास निर्माणका कार्यहरू वर्णन गर्न । • आफू बसेको वडामा भएका विद्यालयहरूका बारेमा भन्न । • आफू बसेको वडामा भएका स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था र महत्वको बारेमा संक्षेपमा भन्न । • बिजुली बत्तीको उपयोग भन्न । • यातायात र यसका साधन भन्न ।	• कर्णाली प्रदेशको नक्सामा वीरेन्द्रनगर छुट्याउन । • वीरेन्द्रनगरका वडा सीमा छुट्याउन । • मौसमले जनजीवनमा पार्ने प्रभाव व्याख्या गर्न । • मौसमअनुसार लगाइने बालीका सूची बनाउन । • वडा समितिको गठन प्रक्रिया भन्न । • वडाले जन्म, विवाह र मृत्यु दर्ता गर्छ भनी भन्न । • स्थानीय विद्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाका बारेमा छोटो विवरण प्रस्तुत गर्न । • विद्यालय, खानेपानी, बिजुली, यातायात र सञ्चारको महत्व दुई दुई बुँदामा प्रस्तुत गर्न ।

			• सञ्चारका साधन बारेमा भन्न ।	
२	हाम्रो बालसंसार	. घर, परिवार र विद्यालयमा गरिने आदर्श व्यवहार पहिचान गर्न । . स्थानीयस्तरमा खेलिने खेल पहिचान गर्न र कुनै दुई खेलको अभ्यास गर्न । . स्थानीयस्तरमा प्रचलित चित्रकथा वर्णन गर्न । . स्थानीयस्तरका कविता वाचन गर्न र गीत गाउन । . आ-आफ्नो भाषामा अभिवादन व्यक्त गर्न । . कक्षा मनिटरको परिचय दिन । . कक्षा मनिटरको भूमिका निर्वाह गर्न ।	. घर, परिवार, समुदाय र विद्यालयमा गरिने आदर्श व्यवहार पहिचान गरी प्रस्तुत गर्न । . स्थानीयस्तरमा खेलिने कुनै तीनवटा खेलहरू अभ्यास गर्न । . स्थानीयस्तर झल्कने चित्रकथा वर्णन गर्न । . स्थानीयस्तरमा उपलब्ध कविता वाचन गर्न र गीत गाउन । . सन्दर्भ अनुसार आ-आफ्नो भाषामा अभिवादन व्यक्त गर्न । . कक्षा मनिटरले गर्ने कार्यहरू भन्न । . कक्षा मनिटरको भूमिका निर्वाह गर्न ।	. घर, परिवार समुदाय, विद्यालय र नयाँ परिवेशमा गरिने आदर्श व्यवहार पहिचान गरी प्रस्तुत गर्न । . स्थानीयस्तरमा खेलिने कुनै चारवटा खेलको विधिसहित अभ्यास गर्न । . स्थानीयस्तरका बालकथाको प्रस्तुति गर्न । . स्थानीयस्तरका कविता वाचन गर्न र बालगीत गाउन । . आ-आफ्नो धर्म-संस्कृतिअनुसार आ-आफ्नाघर, परिवार र समुदायमा मनाइने चाडपर्वको पहिचान गर्न । . कक्षा व्यवस्थापनमा मनिटरले गर्ने कार्यहरू भन्न । . कक्षा मनिटरको भूमिका निर्वाह गर्न ।

३	खुसीका लागि शिक्षा	• आफू र आफ्ना परिवारका सदस्यहरूका आनीबानी भन्न । • आफूलाई मन पर्ने साथीहरूमा भएका स्वभाव भन्न । • असल र मन पर्ने मानिसका बानी व्यवहारलाई उल्लेख गर्न । • असल र मन पर्ने मानिसका बानी व्यवहारलाई प्रयोग गर्न । • स्थानीयस्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यको श्रवण, अवलोकन र अभ्यास गर्न । • घरपरिवार र छरछिमेकमामा मनाइने मन पर्ने उत्सव र चाडपर्व भन्न । • घरपरिवारमा आफूलाई रहेका मन पर्ने वस्तु र व्यक्तिहरू भन्न । • घरपरिवारमा रहेका वस्तु र व्यक्तिहरूका आफूलाई मन पर्ने कुरा उल्लेख गर्दै खुसी प्रदर्शन गर्न । • सास रोक्ने र फ्याक्ने योगको अभ्यास गर्न । • उत्पादन र सिर्जनासँग जोडिएको श्रमको प्रशंसा गर्न । • उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको	• साथी र समुदायका मानिसको आनीबानी भन्न । • असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावको बखान गर्न । • सबैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभावको सूची बनाउन । • असल एवं मन पर्ने मानिसका बानी व्यवहारलाई प्रयोग गर्न । • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यको श्रवण, अवलोकन तथा अभ्यास गर्न । • घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव तथा चाडपर्व मनाउँदा गर्न हुने एवं गर्न नहुने कुराहरूको सूची बनाउन । • घरपरिवारका सदस्यहरूका राम्रा आनीबानीको सूची बनाउन । • घरपरिवारका सदस्यहरूका राम्रा आनीबानीको प्रशंसा गर्न । • घरपरिवारका सदस्यहरूका राम्रा आनीबानीको अभ्यास गर्न । • आफूखुशी हुने र अरूलाई पनि खुशी बनाउने सीप तथा स्वभावको अभ्यास गर्न • सास रोक्ने र फ्याक्नेलगायतका योगको अभ्यास गर्न । • श्रम र सिर्जनालाई प्रशंसा र सम्मान गर्न । • श्रम र सिर्जनालाई प्रशंसा तथा सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा एवं अभ्यास	• परिवार र आफन्तबीचको नाता सम्बन्ध भन्न । • नाता सम्बन्धको आधारमा माया, श्रद्धा र आदरसम्मान प्रदर्शन गर्न । • अरूलाई माया, आदर र सम्मान गर्दा आफूलाई पनि माया, आदर र सम्मान प्राप्त हुने कुराको बखान गर्न । • परिवारको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको भन्न । • असल साथीहरूका राम्रा आनीबानीको सूची बनाउन । • असल साथीहरूका राम्रा आनीबानीको लिखित एवं मौखिक रूपमा प्रशंसा गर्न । • असल साथीहरूका राम्रा आनीबानीको प्रयोग गर्न । • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतीकरण गर्न । • आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराको सूची बनाउन । • आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान

		अभ्यास गर्न । • घरपरिवारका ज्येष्ठ नागरिक र अशक्तहरूले सामना गरिरहेका समस्याप्रति सहानुभूति तथा सहयोग गर्ने बानीको बखान एवं अभ्यास गर्न ।	गर्न । • घरपरिवार र समाजका अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिको सामना गरिरहेका मानिसप्रति सहयोग गर्ने बानीको अभ्यास गर्न ।	दिनुपर्ने कुराको प्रयोग गर्न । • असल साथीहरूका राम्रा आनीबानीको सूची बनाउन । • असल साथीहरूका राम्रा आनीबानीको प्रशंसा गर्न । • आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने सीप र कलाको प्रदर्शन गर्न । • सामान्य योग र ध्यानको परिचय दिइ सोको अभ्यास गर्न । • श्रम र सिर्जनालाई प्रशंसा तथा सम्मान गर्न । • श्रम र सिर्जनालाई प्रशंसा तथा सम्मान गर्ने सिप एवं प्रवृत्तिको चर्चा र अभ्यास गर्न । • घरपरिवार तथा समाजका अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिको सामना गरिरहेका मानिसप्रति सहयोग गर्ने बानीको अभ्यास गर्न ।

४	वातावरण संरक्षण र हरित विद्यालय	. घर तथा स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरूको नाम भन्न । . घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको पहिचान गर्न । . स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको नाम भन्न । . घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न । . घर तथा विद्यालयमा भएका बोटबिरूवाको संरक्षणमा सहयोग गर्न । . फूलबारी तथा बोटबिरुवाको हेरचाह गर्न । . स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम भन्न । . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी हुन । . फोहोरमैलाको पहिचान गर्न ।	. वडाभित्रका वनमा पाइने वन्यजन्तु र चराको नाम भन्न । . स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाको वर्गीकरण गर्न । . बगैँचाको परिचय दिन । . घर र विद्यालयमा वृक्षारोपणमा सहभागी हुन । . बोटबिरुवाको संरक्षणमा सहयोग गर्न । . वडामा भएका जलस्रोतको परिचय दिन । . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी हुन । . वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न । . फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) भन्न ।	. नगरपालिकाका वनमा पाइने वन्यजन्तु र चरा पहिचान गर्न । . स्थानीय बोटबिरुवाको परिचय दिन . स्थानीय बोटबिरूवाको महत्व तथा उपयोग भन्न । . विद्यालयमा बगैंचाको आवश्यकता र महत्व भन्न । . घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न । . घर र विद्यालयमा जलस्रोतको उपयोग गर्ने तरिका भन्न र सदुपयोग गर्न । . फोहोरमैला व्यवस्थापनको परिचय दिन । . विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)मा सहयोग गर्न । . घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन । . वरपरको वातावरण सफा राख्ने उपाय पहिचान र सरसफाइ कार्यमा सहभागी हुन ।

५	हाम्रो सम्पदा	. वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको नाम भन्न । . वीरेन्द्रनगर बजार र यहाँका पर्यटकीय क्षेत्रबीचको फरक भन्न । . वीरेन्द्रनगरका जातजातिको भाषाका नाम भन्न । . वीरेन्द्रनगरका प्रचलित लोकबाजा चिन्न र नाम भन्न । . वीरेन्द्रनगरमा मनाइने चाडपर्वका नाम भन्न । . विभिन्न प्रकारका स्थानीय चुलोहरू चिन्न ।	. वीरेन्द्रनगरका सम्पदाको नाम भन्न र सङ्क्षिप्त परिचय दिन । . पूरानो र अहिलेको वीरेन्द्रनगर बजारको भिन्नता भन्न । . वीरेन्द्रनगरका जातजाति र स्थानीय वेशभूषाका नाम भन्न । . वीरेन्द्रनगरका प्रचलित लोकबाजाका नाम र संक्षिप्त परिचय सहित बजाएर देखाउन । . वीरेन्द्रनगरका चाडपर्वका सूची बनाइ ती पर्व मनाइने समय र मुख्य क्रियाकलापहरू भन्न । . विभिन्न प्रकारका स्थानीय चुल्हाहरूको नाम भन्न । . विभिन्न अवसर तथा समयमा पाक्ने खाजाको नामसहित स्वाद भन्न ।	. वीरेन्द्रनगरका पर्यटकीय स्थलसहित सुर्खेत उपत्यकाको संक्षिप्त वर्णन गर्न । . वीरेन्द्रनगरमा बसोबास गर्ने जातजातिका पेसा र विशेषता भन्न । . स्थानीय लोकगीत सुनेर परिचय दिन र केही लोकगीत गाउन । . वीरेन्द्रनगरका चाडपर्व, बिशेषता र महत्व भन्न । . स्थानीय परिकारहरूको नाम, पकाउन चाहिने मुख्य सामग्री र स्वाद भन्न ।
६	पेसा व्यवसाय र प्रविधि	• स्थानीय अन्नबाली, तरकारी र फलफूलको नाम भन्न र सूची बनाउन । • स्थानीय पेसा र व्यवसाय पहिचान गर्न । • स्थानीय परम्परागत र आधुनिक प्रविधिको नाम भन्न । • स्थानीय अन्नबाली, तरकारी र फलफूलको नाम भन्न र सूची बनाउन । • स्थानीय पेसा र व्यवसाय पहिचान गर्न ।	• स्थानीय अन्नबाली तरकारी र फलफूलको नाम/प्रकार भन्न । • स्थानीय पेसा र व्यवसायको प्रकार भन्न । • स्थानीय परम्परागत र आधुनिक प्रविधिहरूको वर्गीकरण गर्न । • स्थानीय अन्नबाली तरकारी र फलफूलको नाम/प्रकार भन्न । • स्थानीय पेसा र व्यवसायको प्रकार भन्न ।	• स्थानीय अन्नबाली तरकारी र फलफूलको महत्व भन्न । • स्थानीय पेसा र व्यवसायको उपयोगिता भन्न । • स्थानीय परम्परागत र आधुनिक प्रविधिको महत्व भन्न । • स्थानीय अन्नबाली तरकारी र फलफूलको महत्व भन्न । • स्थानीय पेसा र व्यवसायको उपयोगिता भन्न ।
७	विपत्	• विभिन्न प्रकोपको (सडक दुर्घटना,	• विभिन्न प्रकोपको (हावाहुरी, चट्याङ,	• विपत्को परिचय दिई प्राकृतिक र

	व्यवस्थापन	करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबान) पहिचान गर्न । • विद्यालय आउँदा र घर जाँदा बाटोमा हुनसक्ने सम्भावित जोखिमबाट सावधान रहन । • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुनसक्ने विपत्बाट सचेत रहन ।	पहिरो र बाढी) पहिचान गर्न । • घरभित्र हुनेसक्ने सम्भावित जोखिमबाट सावधान रहन । • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपत् (हावाहुरी, चट्याङ्, पहिरो र बाढी)बाट सचेत रहन ।	मानव सिर्जित विपत् पहिचान गर्न । • विद्यालयमा हुनसक्ने सम्भावित जोखिमबाट सावधान रहन । • भूकम्प र महामारीबाट बच्ने उपाय भन्न ।

कक्षागत सिकाइ उपलब्धि -कक्षा ४ र ५

क्र.स.	क्षेत्र/एकाइ/थिम	कक्षा ४	कक्षा ५
१	हाम्रो वीरेन्द्रनगर	• नेपालको नक्सामा वीरेन्द्रनगर छुट्याउन । • वीरेन्द्रनगरको भौगोलिक बनोट वर्णन गर्न । • यसको भिरालो र उपत्यकाको समथर क्षेत्र वर्णन गर्न । • वडाले प्रदान गर्ने सेवामध्ये बसाइ सराइ र अन्य सिफारिसको बारेमा भन्न । • स्थानीय सरकार न्यायपालिकाको कार्यहरू भन्न । • स्थानीय सरकार व्यवस्थापिकाको कार्यहरूको सूची बनाउन । • आफू बसेको वडाको अवस्था सङ्क्षेपमा वर्णन गर्न । • मध्यपश्चिम विश्वविद्यालयको सामान्य परिचय दिन । • आफू बस्ने वडामा रहेका स्वास्थ्य केन्द्र र	• वीरेन्द्रनगरको अवस्थिति वर्णन गर्न । • यसको उचाइ र क्षेत्रफल भन्न । • कर्णाली प्रदेशको नक्सामा वीरेन्द्रनगर छुट्याउन । • वीरेन्द्रनगर र कर्णाली प्रदेशको नक्सा कोर्न । • नगरपालिकाको गठन प्रक्रिया भन्न । • नगर कार्यपालिकाको कार्य भन्न । • स्थानीय सरकारको भूमिका भन्न । • स्थानीय सरकारको महत्व भन्न । • वीरेन्द्रनगरको सडकले जोडेका मुख्य ठाउँ वर्णन गर्न । • यातायातको पहुँच भएका वडा र मुख्य ठाउँको वर्णन गर्न । • विद्युत सेवाको विस्तार कुन कुन वडामा भएको छ र कति क्षेत्र ओगटेको छ भन्न ।

		अस्पतालका बारेमा भन्न । • आफू बसेको वडाका उपभोक्ताले उपभोग गर्ने पानीको अवस्था भन्न । • समाजमा रहेका धूमपान, मद्यपान, छुवाछुतका बारेमा सामान्य वर्णन गर्न ।	• सञ्चार सेवाको विस्तार कुन कुन वडामा भएको छ प्रष्ट पार्न । • छुवाछुत र जातीय भेदभावका बारेमा वर्णन गर्न • महिला हिंसाका कारण उल्लेख गर्न । • महिला हिंसाबाट हुने असर र यसको न्यूनीकरणका उपायहरू सूचीबद्ध गर्न । • समाजमा आत्महत्या हुनुका कारण खोजी गरी प्रस्तुत गर्न । • आत्महत्याले परिवार र समाजमा पार्ने असर उल्लेख गर्दै न्यूनीकरणका उपाय सुझाउन ।
२	बाल संसार	• बालबालिकाले अवस्थाअनुसार जिम्मेवार व्यवहार पहिचान गरी प्रस्तुत गर्न । • स्थानीय खेलहरूको अभ्यास गर्न । • खेल खेल्दा आवश्यक सुरक्षाको उपाय पहिचान गरी अवलम्बन गर्न । • बाल निबन्ध, रोचक प्रसँग, स्थानीयस्तरमा गाइने गीतको लयमा गाउन • स्थानीयस्तरमा बजाइने लोकबाजाको पहिचान गर्न । • आ-आफ्नो धर्म-संस्कृतिअनुसार आ-आफ्ना घर, परिवार र समुदायमा मनाइने चाडपर्वको बारेमा वर्णन गर्न । • आफू बस्ने वडा कार्यालयले बालबालिकाको लागि दिने विभिन्न सुविधाको सूची बनाउन । • समूहमा बसी कार्य गर्न । • बालक्लबको परिचय दिन । • पेसा तथा व्यवसायको परिचय दिन र पेसा व्यवसाय पहिचान गर्न ।	• बालबालिकाहरूले परिस्थिति बुझेर जिम्मेवार व्यवहार प्रस्तुत गर्न । • खेल खेल्दा अपनाइने विधि भन्न र अवलम्बन गर्न । • प्रविधिमा आधारित खेलको परिचय दिन । • बाल निबन्ध, रोचक प्रसँग, स्थानीयस्तरमा गाइने गीतहरू लयमा गाउन । • स्थानीयस्तरमा बजाइने लोकबाजा बजाउन । • घर, परिवार तथा समुदायमा प्रचलनमा रहेका जन्म, विवाह, मृत्यु जस्ता संस्कारका बारेमा वर्णन गर्न । • गुनासो व्यवस्थापनको परिचय दिन । • आफू बस्ने वडा र आफूले अध्ययन गर्ने विद्यालयमा रहेको बालबालिकाको गुनासो व्यवस्थापनसम्बन्धी संरचना र प्रक्रिया भन्न । • समूहमा बसेर सहकार्य गर्न । • विद्यालय व्यवस्थापनमा बालक्लबको भूमिका भन्न । • विभिन्न किसिमका पेसा व्यवसायहरूको महत्व र फाइदा भन्न ।

३	खुसीका लागि शिक्षा	• समाज र राष्ट्रका असल मानिसहरूले गरेका कार्यहरूको चर्चा र उक्त कार्यको अनुकरण गर्ने सिप र आचरणको अभ्यास गर्न । • बोलेका कुरा तथा गरेका कुराको सन्तुलत मिलाउने सिप र बानीको अभ्यास गर्न । • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावको अभ्यास गर्न । • लक्ष्य किटान गरी अघि बढ्ने सिप र बानीको अभ्यास गर्न । • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न । • गाउँटोल र समाजमा उत्सव तथा चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको सूची बनाउन । • गाउँटोल र समाजमा उत्सव र चाडपर्व मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको अभ्यास गर्न । • जीवन र जगतका विषयवस्तु र घटनाहरूलाई सापेक्षिक रूपमा हेर्ने बानीको विकास गर्न । • अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीहरूको जीवनमा अनुशरण गर्न । • आफूखुशी हुने र अरूलाई पनि खुशी हुन सहयोग गर्ने सिपको विकास गर्न । • योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन)को अभ्यास गर्न, • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप तथा प्रवृत्तिको चर्चा एवं अभ्यास गर्न । • परिवार र समाजका जेष्ठनागरिक तथा असहज	• समाज र राष्ट्रका असल मानिसहरूले गरेका कार्यहरूको चर्चा र उक्त कार्यको अनुकरण गर्ने सिप र आचरणको विकास गर्न । • थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुकरण गरी खुशी र सुखी हुने स्वभावको विकास गर्न । • परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास गर्न । • आफूसँग भएका संभावनाहरूको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न । • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुति गर्न । • गाउँटोल र समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराको सूची बनाउन । • गाउँटोल र समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनुपर्ने कुराको अभ्यास गर्न । • जीवन र जगतका हरेक कुराभित्र असल कुराको बोध गरी सोको अभ्यास गर्न । • अरूमा भएका राम्रा कुराको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको जीवनमा निरन्तर अनुकरण तथा अभ्यास गर्न । • आफूखुशी हुने र अरूलाई पनि खुशी हुन सहयोग गर्ने सिपको विकास तथा अभ्यास गर्न । • योग तथा ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, बक्रासन, नटराजासन)लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास एवं प्रयोग गर्न । • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप तथा प्रवृत्तिको

		स्थितिको सामना गरिरहेका मानिसप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न । • घरपरिवारका ज्येष्ठ नागरिक र अशक्तले सामना गरिरहेका समस्याप्रति सहानुभूति तथा सहयोग गर्ने बानीको बखान एवं अभ्यास गर्न ।	चर्चा एवं अभ्यास गर्न । • परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिको सामना गरिरहेका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास गर्न । •
४	वातावरण संरक्षण र हरित विद्यालय	• नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय दिन तथा महत्व भन्न । • वडाको वनमा पाइने औषधिजन्य वनस्पतिको नाम भन्न । • विद्यालयमा बालबगैँचा र वृक्षारोपणमा सहभागी हुन । • वातावरण र विकासको परिचय दिन । • नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय दिन, उपयोग भन्न र आवश्यकतानुसार प्रयोग गर्न । • फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर	• नगरपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिको उपयोग र महत्व वर्णन गर्न । • विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माणमा सहभागी हुन । • नगरपालिका क्षेत्रमा पाइने वनस्पति तथा जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न । • नगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असर पहिचान गर्न । • घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन ।

		पहिचान गर्न । • वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न । • फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्यास) र व्यवस्थापनमा सहयोग गर्न ।	• वातावरण संरक्षणको परिचय दिन । • विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायको खोजी गरी अवलम्बन गर्न ।
५	हाम्रो सम्पदा	• सम्पदाको अर्थ र प्रकार भन्न । • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको आधारभूत महत्व भन्न । • मानव सम्पदाको परिचय एवं महत्व बताइ स्थानीय प्रेरणादायी व्यक्तित्व चिन्न । • वीरेन्द्रनगरका शैक्षिक संस्था र तिनीहरूले दिने सेवाबारे संक्षिप्त जानकारी दिन । • वीरेन्द्रनगरका जात्रा, लोकगीत, लोकनृत्यको परिचय र महत्व भन्न ।	• मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको महत्व र विशेषता भन्न । • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको संरक्षणका उपाय उल्लेख गर्न । • वीरेन्द्रनगरका भौतिक सम्पदाको उदाहरणसहित परिचय दिन । • स्थानीय मानव सम्पदाको नाम भन्न र स्थानीय प्रेरणादायी व्यक्तित्व तथा उनीहरूको योगदान भन्न । • वीरेन्द्रनगरका स्वास्थ्य संस्था र सरकारी स्वास्थ्य संस्थामा उपलब्ध हुने स्वास्थ्य सेवाबारे भन्न र तिनीहरूले दिने सेवा लिन । • केही स्थानीय लोकगीत गाउन, लोकनृत्य नाच्न, गाउँखाने कथा, आहान र लोककथा सङ्कलन गरी सुनाउन ।
६	पेसा व्यवसाय र प्रविधि	• स्थानीय अन्नबाली, तरकारी र फलफूल खेतीका लागि उपयुक्त मौसम पहिचान गर्न । • स्थानीय घरेलु उद्योगको पहिचान गर्न • स्थानीय पर्यटकीय स्थलको पहिचान गर्न । • स्थानीय परम्परागत र आधुनिक प्रविधिको कार्य प्रक्रिया बारे भन्न ।	• स्थानीय अन्नबाली, तरकारी र फलफूलको खेती गर्ने तरिका भन्न तथा सहभागी हुन । • स्थानीय पेशा र व्यवसायप्रति सम्मान गर्दै सहभागी हुन। • स्थानीय घरेलु उद्योगको महत्व भन्न। • स्थानीय पर्यटकीय स्थलको अवस्थिति वर्णन गर्न। • स्थानीय परम्परागत र आधुनिक प्रविधिको प्रयोग गर्न ।
७	विपत्	• विपत्को परिचय दिई प्राकृतिक र मानव सिर्जित विपत् पहिचान गर्न ।	• प्राकृतिक र मानव सिर्जित विपत्बाट हुने असर पहिचान गर्न ।

	व्यवस्थापन	• प्राकृतिक र मानव सिर्जित विपत्बीच फरक छुट्टयाउन । • यात्राको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान गर्न र सावधानी अपनाउन । • आगलागी, बाढी, पहिरो, र सडक दुर्घटनाबाट सुरक्षित रहन ।	• चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान गर्न । • चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिमबाट सावधानी अपनाउन । • हावाहुरी, चट्याङ, र भूकम्पबाट सुरक्षित रहन ।

(ग) कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)

क्र. स.	एकाइ/ थिम	कक्षा ६	कक्षा ७	कक्षा ८
१	**हाम्रो वीरेन्द्रनगर**	• कर्णालीको नक्सामा वीरेन्द्रनगरको अवस्थिति वर्णन गर्न । • वीरेन्द्रनगरका चारै दिशाका नक्सामा रहेका दिशा र सिमाना भन्न । • वडा कार्यालय रहेका स्थानको नाम भन्न । • विकासमा नगरपालिकाको योगदान उल्लेख गर्न । • वीरेन्द्रनगरको शिक्षा नीतिका बारेमा वर्णन गर्न । • वीरेन्द्रनगरको स्वास्थ्य नीति तथा भावी नीति र कार्यक्रम उल्लेख गर्न ।	• वीरेन्द्रनगरको नक्सामा महत्वपूर्ण ठाउँहरू सङ्केत गर्न । • वीरेन्द्रनगर नगरपालिकाका सिमाना र मुख्य नाकाको महत्व र विशेषता वर्णन गर्न । • वीरेन्द्रनगरको वडागत सिमानाको नाम भन्न । • नगरपालिकाको न्यायिक समितिको परिचय दिन । • विषयगत समितिको सूची बनाउन र गठन प्रक्रिया उल्लेख गर्न । • प्राविधिक विषय पढाइ हुने विद्यालयको नाम र विषय उल्लेख	• नगरपालिकाको भौगोलिक र राजनीतिक विभाजन भन्न । • वीरेन्द्रनगरको नक्सामा महत्वपूर्ण ठाउँको सङ्केत गर्न । • वीरेन्द्रनगरका मुख्य विशेषता भन्न । • नगर प्रमुख र उपप्रमुखका कार्यहरू वर्णन गर्न । • कार्यपालिका न्यायपालिका र व्यवस्थापिकाका काम, कर्तव्य र अधिकार सूचीकृत गर्न । • विषयगत समितिका सामान्य कार्यहरू उल्लेख गर्न । • वडागत यातायातको पहुँच भएको ठाउँको वर्णन गर्न ।

		• आफू बसेको वडाका मुख्य संस्थागत र सरकारी विद्यालयको नाम भन्न र सञ्चालित कक्षा वर्णन गर्न । • आफू बसेको वडामा रहेका कलेज क्याम्पसको सूची बनाई प्रस्तुत गर्न । • विश्वविद्यालयको सामान्य परिचय दिन । • निजी तथा सरकारी अस्पताल, निजी नर्सिङ होमका बारेमा भन्न । • खानेपानीका विभिन्न स्रोत भन्न । • वडागत समाजसेवीको परिचय दिन । • वडागत समाजसेवीको योगदान चर्चा गर्न । • जातीय भेदभाव र छुवाछुत व्यवहार बारे भन्न । • बाल विवाह र बहुविवाहका कारणहरू भन्न । • बाल विवाह र बहुविवाहका कारण समाजमा परेको असर भन्न । • महिला हिंसाका कारण भन्न । • महिला हिंसाबाट घर परिवार र समाजमा पर्ने असर भन्न । • महिला हिंसा न्यूनीकरणका	गर्न । • वीरेन्द्रनगरभित्र रहेका प्राविधिक उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरू भन्न । • विद्युत् वितरणको अवस्था भन्न र वैकल्पिक ऊर्जाबारे बयान गर्न । • नगर क्षेत्रभित्रका समाजसेवीका योगदान बारे भन्न । • उनीहरूका राम्रा कामहरूको सूची बनाइ आफू पनि उनीहरू जस्तै बन्न प्रतिबद्ध हुन । • जातीय छुवाछुतका कारण उल्लेख गर्न । • छोराछोरीबीच हुने लैङ्गिक भेदभाव भन्न । • छोराछोरीबीच देखिने लैङ्गिक विभेदका कारण जन्मिने समस्याको सूची भन्न । • प्रचलनमा धामी झाँक्री रहनुका कारण बारे सूची बनाउन । • बोक्सी र धामी झाँक्री परम्पराबाट पर्न गएको पारिवारिक सामाजिक असरको सूची बनाइ कक्षामा प्रस्तुत गर्न । • बोक्सी, धामी झाँक्री जस्ता कुरालाई कसरी समाजको	• वीरेन्द्रनगरका सञ्चार सेवाको विस्तार पुगेका स्थानहरू भन्न । • वीरेन्द्रनगर क्षेत्रभित्र प्रयोगमा आएका सञ्चारका साधनहरू भन्न । • इन्टरनेटको वितरण र पहुँचमा नेपाल सरकार, नेपाल टेलिकम तथा अन्य संस्थाको भूमिका वर्णन गर्न । • समाजसेवीहरूको व्यक्तित्व वर्णन गर्न । • समाजसेवीबाट अनुकरण गर्न लायक कार्यको सूची बनाउन । • बौद्धिक पलायन न्यूनीकरणका उपाय भन्न । • दाइजो प्रथा न्यूनीकरणका उपायको सूची प्रस्तुत गर्न । • भ्रष्टाचारका कारण र त्यसले पारेका असर भन्न । • समूहमा छलफल गरी भ्रष्टाचार न्यूनीकरणका उपायहरू प्रस्तुत गर्न । • आफ्नै समुदायभित्र हुने छुवाछुतको अवस्था अध्ययन गरी प्रतिवेदनका रूपमा कक्षामा प्रस्तुत गर्न ।

		उपायहरू उल्लेख गर्न । • छाउपडी प्रथाका कारण वर्णन गर्न । • छाउपडी प्रथाबाट महिलामा पर्न गएको असरको सूची बनाउन । • छाउपडी प्रथाको न्यूनीकरणको सूची बनाउन ।	मनोविज्ञानबाट कम गर्दै लैजान सकिन्छ भनी भन्न ।	
२	**हाम्रो बाल संसार**	• बालबालिकाले एक आपसमा सहकार्य गरी तोकिएको जिम्मेवारी पूरा गर्न । • स्थानीयस्तरमा खेलिने विभिन्न खेलको खेल विधि र महत्व बारे भन्न । • प्रविधिमा आधारित खेलका बारेमा भन्न । • बाल प्रतिभाको परिचय, रोचक प्रसङ्ग, स्थानीय वातावरणलाई समेटेको गीत सिर्जना र नृत्यको अभ्यास गर्न । • बाबुआमालाई घरायसी श्रममूलक तथा संस्कारजन्य कार्यहरूको सञ्चालनमा सहयोग गर्न । • नगरपालिका क्षेत्रका बालबालिकाको सेवा सुविधाका लागि स्थापित संरचनाको सूची बनाउन । • विद्यालयले गठन गर्ने विभिन्न सदनमा बसी कार्य गर्न ।	• बालबालिकाले एक आपसमा सहकार्य र साझेदारी गरी दिइएको जिम्मेदारी पूरा गरी जिम्मेवारीपूर्ण व्यवहार गर्न । • स्थानीयस्तरमा खेलाइने खेल केन्द्रहरूको परिचय दिन । • प्रविधिमा आधारित खेलहरूको फाइदा र बेफाइदा भन्न । • बाल प्रतिभाको पहिचान रोचक प्रसङ्ग, बाल मुक्तक, बाल गजल र नृत्यको प्रकार भन्न र अभ्यास गर्न । • सार्वजनिक श्रममूलक तथा संस्कारजन्य कार्यमा सहभागिता जनाउन । • न्यायिक समितिको गठन र कार्यबारे भन्न । • नगरपालिकाले बालबालिकाको लागि दिने विभिन्न सेवा सुविधाको बारेमा भन्न । • विद्यालयले गठन गर्ने विभिन्न	• बालबालिकाले एक आपसमा सहकार्य र साझेदारी गरी गरेको कार्यमा जबाफदेही बहन गर्न । • स्थानीयस्तरमा खेलिने खेलबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभावको बोध गरी प्रस्तुति गर्न । • प्रविधिमा आधारित खेलहरूको बारेमा जानकारी दिँदै यसका असर र प्रभावबारे भन्न । • बाल प्रतिभाको पहिचान, रूपक र रोचक प्रसङ्ग, नृत्यको प्रकार भन्न तथा अभ्यास गर्न । • घरपरिवार र समुदायका मूल्य मान्यता तथा संस्कृतिको अवलम्बन गर्न । • नगरपालिकाले तयार गरेका बाल कार्यक्रम र बालबालिकाको भावी योजनाबारे भन्न । • नगरपालिकाबाट बालबालिकाको लागि प्रदान गरिएका सेवा सुविधाको सकारात्मक र नकारात्मक पक्षको विश्लेक्षण गर्न ।

		• बालक्लबको महत्व र आवश्यकता भन्न ।	सदनमा बसी सहकार्य गर्न । • बालक्लबको गठन विधि र यसका कार्यहरू भन्न ।	• बालबालिकाको नेतृत्व विकासमा विभिन्न सदन र बालक्लबको भूमिका बताउन ।
३	खुसीका लागि शिक्षा	• थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न । • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी वताउन । • आफूसँग भएका प्रतिभा र क्षमताका आधारमा आफ्नो लक्ष्य किटान गर्न । • परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास गर्न । • गीत, सङ्गीत र नृत्यमा सक्रिय	•बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न । •आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न । •परिवार तथा समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान गरी सोको अभ्यास एवं प्रदर्शन गर्न । • गीत, सङ्गीत र नृत्यमा सक्रिय रूपमा सहभागी हुने सिप र	• थोरै बोल्ने, बिस्तारै बोल्ने, मीठो बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न । • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न । • परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको अभ्यास र प्रदर्शन गर्न । • गीत, सङ्गीत र नृत्यको सिर्जना एवं त्यस्ता क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुने सिप र कलाको अभ्यास तथा प्रस्तुति गर्न ।

		रूपमा सहभागी हुन । • स्थानीयस्तरका प्रमुख धर्महरूको बारेमा संक्षिप्त उल्लेख गर्न । • जीवन र जगतलाई सकारात्मक किसिमले बुझ्ने सिप र बानीको प्रदर्शन गर्न । • खुसी र सन्तुलित जीवनका विविध पक्षको परिचय दिन । • आफूखुशी हुने तथा अरूलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास । • अरूमा भएका राम्रा कुराको पहिचान, सम्मान र प्रशंसा गर्न । • अरूमा भएका राम्रा कुराको आफ्नो जीवनमा निरन्तर अभ्यास र प्रयोग गर्न । • योग तथा ध्यानलाई स्वस्थ र खुशी हुनका लागि प्रयोग गर्न । • श्रम तथा सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा एवं अभ्यास गर्न । • घरपरिवार र समाजका जेष्ठ नागरिकलगायत असहज स्थितिको सामना गरिरहेका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास र प्रयोग गर्न ।	कलाको अभ्यास एवं प्रस्तुति गर्न । • स्थानीयस्तरका प्रमुख धर्म र तिनका प्रणेताहरूको बारेमा संक्षिप्त परिचय भन्न । • जीवन र जगतलाई सकारात्मक किसिमले बुझ्ने सिप र बानीको अभ्यास एवं प्रस्तुति गर्न । • खुसी र सन्तुलित जीवनका विविध पक्षको उल्लेख एवं प्रयोग गर्न । • आफूखुशी हुने तथा अरूलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास एवं प्रदर्शन गर्न । • योग तथा ध्यानलाई स्वस्थ र खुशी हुनका लागि प्रयोग गर्न । • पूर्वीय दर्शनलगायत हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताको सूची बनाउन । • श्रम तथा सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा एवं अभ्यास गर्न । • घरपरिवार र समाजका जेष्ठ नागरिकलगायत असहज स्थितिको सामना गरिरहेका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास तथा प्रदर्शन गर्न ।	• स्थानीयस्तरका प्रमुख धर्महरूको मूल मर्मका बारेमा संक्षिप्त परिचय भन्न । • जीवन तथा जगतलाई सकारात्मक किसिमले बुझ्ने सिप र बानीको अभ्यास एवं प्रदर्शन गर्न । • जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षको अभ्यास तथा प्रयोग गर्न । • आफूखुशी हुने तथा अरूलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास एवं प्रयोग गर्न । • योग तथा ध्यानलगायत पूर्वीय दर्शन, असल आचरण, संस्कार र मूल्य मान्यताको विश्लेषण एवं आवश्यकताअनुसार प्रयोग गर्न । • श्रम तथा सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको विश्लेषण एवं अभ्यास गर्न । • घरपरिवार तथा समाजका जेष्ठ नागरिकलगायत असहज स्थितिको सामना गरिरहेका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवं प्रदर्शन गर्न । • हाम्रा पुर्खा तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा व्याख्या गर्न ।

४	वातावरण संरक्षण र हरित विद्यालय	• वडामा भएका वन र त्यहाँ पाइने वस्तुको पहिचान गर्न । • घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व भन्न । • वडा क्षेत्रमा वृक्षारोपणमा सहभागी हुन । • हरियाली प्रवर्धनको परिचय, महत्व, तरिका भन्न र हरियाली प्रवर्धनमा सहभागिता हुन । • हरित घर तथा विद्यालयको अवधारणा भन्न । • विद्यालयमा करेसाबारीको निर्माणमा सहभागी हुन । • घर, विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपाय पहिचान एवं अवलम्बन गर्न । • नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी शुद्धीकरणका स्थानीय उपायहरू पहिचान गरी अभ्यास गर्न । • नगरपालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू पहिचान गर्न ।	.वडाभित्रका सामुदायिक वनको परिचय, महत्व, फाइदा भन्न । .वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्थाको विद्यमान अवस्था भन्न । .हरित घर तथा विद्यालय आवश्यकता र महत्व भन्न । .घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण गर्न । .घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापनअन्तर्गत सोकपिट निर्माण र करेसाबारीमा उपयोग गर्न । .घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत गँड्यौले मल बनाउन र उपयोग गर्न । .दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न । .दिगो विकास तथा वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान एवं अवलम्बन गर्न ।	.वडामा भएका वनमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण एवं अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका पहिचान गर्न । .खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न । .घर तथा विद्यालयमा जडीबुटी खेती गर्न, उपयोग भन्न र प्रयोग गर्न । यसको बजारीकरण गर्न । .हरित विद्यालय निर्माणमा विद्यार्थीहरूको क्लबको भूमिका पहिचान र अवलम्बन गर्न । .हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्ष पहिचान गर्न । .हरित विद्यालयको प्रवर्धन गर्ने उपायको खोजी गरी ती उपाय अवलम्बन गर्न । .स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपाय खोजी गर्न । .आकासे पानी सङ्कलन विधि भन्न, सङ्कलन गर्न र उपयोग गर्न । .घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न । .नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला

		• नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिका भन्न ।		व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरू र नगरपालिकाको भूमिका भन्न । . दिगो विकासका लक्ष्य प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरू पहिचान गरी प्रभावकारी बनाउने उपायको खोजी गर्न ।
५	हाम्रो सम्पदा	• वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको ऐतिहासिक पृष्ठभूमिसहित परिचय दिन । • वीरेन्द्रनगरको उत्तरी जलाधार क्षेत्र र खोला नालाको परिचय दिन । • वीरेन्द्रनगरका प्रेरणादायी व्यक्तित्वहरूको खोजी गरी तिनीहरूको योगदानको चर्चा गर्न । • वीरेन्द्रनगरका स्थानीय हस्तकलाहरूको चिनारी गराउन । • कर्णाली प्रदेश स्थापनामा वीरेन्द्रनगरको भूमिका र घटनाक्रम सुनाउन तथा यस क्रममा सहादत प्राप्त सहिदहरूको परिचय दिन र महत्व भन्न । • वीरेन्द्रनगरको जातीय विविधताको परिचय दिन ।	• वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको विशेषता र महत्व भन्न । • वीरेन्द्रनगरका खोला नाला, उत्तरी जलाधार क्षेत्र, मूल सिमसारको महत्व र संरक्षणको आवश्यकताबारे जानकारी गराउन । • वीरेन्द्रनगरका राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरूको संक्षिप्त जीवनी र योगदान भन्न । • वीरेन्द्रनगरका हस्तकलाहरूको विशेषता र यिनको महत्व उल्लेख गर्न । • वीरेन्द्रनगरको समृद्धि र विकासमा नगरवासीको भूमिका उल्लेख गर्न । • खस जाति, खस भाषा तथा खस संस्कृतिको परिचय दिन र वीरेन्द्रनगरको एकता एवं समृद्धिमा खस संस्कृतिको भूमिका	• वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको संरक्षण, संवर्धन र प्रवर्धनमा आफ्नो दायित्व वर्णन गर्न एवं सहभागिता जनाउन । • वीरेन्द्रनगरका खोलानाला तथा जलाधार क्षेत्रको संरक्षण, संवर्धन तथा प्रवर्धनमा व्यक्ति, विद्यालय, समुदाय तथा स्थानीय तहको भूमिका स्पष्ट पार्न । • वीरेन्द्रनगरका खोलानाला, जलाधार क्षेत्रको सदुपयोग, संरक्षण, संवर्धन र प्रवर्धनमा सहभागी हुन । • वीरेन्द्रनगरका अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वबारे भन्न । • वीरेन्द्रनगरका हस्तकलाको संरक्षण, संवर्धन र प्रवर्धनमा सहभागी हुन । • वीरेन्द्रनगरको विकास र समृद्धिमा आफ्नो स्तरबाट अभियान सञ्चालन गर्न तथा योगदान दिन । • वीरेन्द्रनगरमा रहेको जातीय विविधताको महत्व भन्न र यसको

			उल्लेख गर्न ।	संरक्षणमा सहभागी हुन ।
६	हाम्रो पेसा, व्यवसाय र प्रविधि	• स्थानीय अन्नबाली, तरकारी र फलफूल खेतीमा अपनाइने तरिका भन्न । • स्थानीय पशुपक्षीको पालन तथा स्याहार गर्न । • स्थानीय पेसा र व्यवसायका कामहरूको सूची बनाउन । • स्थानीय घरेलु उद्योगमा सहयोग गर्न । • स्थानीय पर्यटकीय स्थलको वर्णन गर्न • स्थानीय परम्परागत र आधुनिक प्रविधिको प्रयोग गर्न । • आफ्नो घरपरिवार तथा विद्यालयमा भएको पेसा, व्यवसाय र प्रविधिमा सरिक हुन ।	• स्थानीय अन्नबाली तरकारी र फलफूल खेतीमा लाग्ने रोग र संरक्षणका तरिका भन्न । • स्थानीय पशुपक्षीको रोग र संरक्षणका उपाय पहिचान गर्न । • स्थानीय पेशा र व्यवसायको फाइदाहरु भन्न । • स्थानीय घरेलु उद्योगको सामान्य मर्मत गर्न । • स्थानीय पर्यटकीय स्थलको वर्णन गर्न । • स्थानीय परम्परागत र आधुनिक प्रविधिका साधनहरूको मर्मत र प्रयोग गर्न । • आफ्नो घरपरिवार र विद्यालयमा भएको पेसा र व्यवसायमा संलग्न भई उत्पादनमा सरिक हुन ।	• स्थानीय अन्नबाली, तरकारी र फलफूलको खेतीबाट हुने आयआर्जनका उपायमा संलग्न हुन । • स्थानीय पशुपक्षीको किनबेचबाट आयआर्जन गर्न । • स्थानीय पेशा र व्यवसाय अवलम्बन गर्न । • स्थानीय घरेलु उद्योगबाट आयआर्जनमा सहभागी हुन । • स्थानीय परम्परागत र आधुनिक प्रविधिहरुको प्रयोग गरी आयआर्जनमा संलग्न हुन । • स्थानीय पर्यटनलाई व्यवसायको रूपमा अवलम्बन गर्न । • आफ्नो घरपरिवार तथा विद्यालयमा भएको पेसा, व्यवसाय र प्रविधिमा संलग्न भई उत्पादनमा सक्रिय हुन ।
७	विपत् व्यवस्थापन	• महामारीको परिचय र यसका प्रकारहरू भन्न । • अपाङ्गता भएका बालबालिकालाई विपत्बाट सुरक्षित राख्न । • डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि	• कोभिड, बर्डफ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारी रहन । • कोभिड, बर्डफ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि विद्यालय तथा समुदायको भूमिका	• कोभिड, बर्डफ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारी रहन । • कोभिड, बर्डफ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि विद्यालय तथा समुदायको भूमिका पहिचान गर्न । • यात्राको समयमा सडक सावधानी

		विद्यालय तथा समुदायको भूमिका पहिचान गर्न । • डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि आफ्नो भूमिका निर्वाह गर्न ।	पहिचान गर्न । • यात्राको समयमा सडक सावधानी अपनाउन । • भूकम्पबाट घरमा हुने क्षति न्यूनीकरण गर्नका आफ्नो भूमिका निर्वाह गर्न ।	अपनाउन । • भूकम्पबाट घरमा हुने क्षति न्यूनीकरण गर्नका आफ्नो भूमिका निर्वाह गर्न ।

४. विषयवस्तुको क्षेत्र र क्रम

(क) कक्षा १-३

क्र.सं.	क्षेत्र/एकाइ/थिम	कक्षा १	कक्षा २	कक्षा ३	कार्य घन्टा
१	हाम्रो वीरेन्द्रनगर	• वीरेन्द्रनगर नगरपालिकाको नक्सा र चित्र अध्ययन । • चित्रका आधारमा नगरपालिकाको पहिचान । • पूर्व, पश्चिम, उत्तर र दक्षिण भौगोलिक दिशाको ज्ञान । • मौसमको बारेमा सामान्य ज्ञान । • वडा समितिको चित्र । • वडा कार्यालयको चित्र । • वडा समितिका सदस्यहरू । • स्थानीय विकासका पूर्वाधारहरू : स्वास्थ्य, शिक्षा, खानेपानी, बिजुली, यातायात र सञ्चारको चित्र एवं वर्णन ।	• सुर्खेत जिल्लाको नक्सामा वीरेन्द्रनगर नगरपालिकाको पहिचान । • वीरेन्द्रनगरको अवस्थिति । • गर्मी र जाडो मौसम । • चैत्रदेखि असोजसम्म जाडो र चैत्रदेखि कात्तिकसम्म गर्मी । • वडा समिति, वडा प्रतिनिधि पहिचान गर्न । • वडामा हुने विकास निर्माणको सूची प्रस्तुत गर्न । • स्थानीय विकासका पूर्वाधारको पहिचान (स्वास्थ्य, शिक्षा, खानेपानी, बिजुली, यातायात र सञ्चार)को सामान्य परिचय ।	• कर्णाली प्रदेशको नक्सामा वीरेन्द्रनगर । • वडाको सीमा छुट्याउने अभ्यास । • जाडो र गर्मी मौसमले वीरेन्द्रनगरको जनजीवनमा प्रभाव । • वडा समितिको गठन । • वडा समितिका कार्यहरू (जन्म, विवाह र मृत्यु दर्ता) । • स्थानीय विकासका पूर्वाधार (स्वास्थ्य, शिक्षा, खानेपानी, बिजुली, यातायात र सञ्चार)को महत्व ।	२०

२	हाम्रो बाल संसार	• घर, परिवार र विद्यालयमा गरिने आदर्श व्यवहारहरू : माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन । • स्थानीय खेलहरू जस्तै : हाँस हिँडाइ, हात्ती दौड, गुच्चा खेल, दौड, रबरविन, टालो लुकाउने, आदि (यी खेलमध्ये कुनै दुई खेल खेलाउने) । • स्थानीयस्तरका प्रचलित चित्रकथाहरूको वर्णन (कुनै दुईवटा) । • स्थानीयस्तरमा प्रचलित कुनै एक कविता र कुनै एक गीत गाउने अभ्यास । • आ-आफ्नो मातृभाषामा चित्रमा दिइएका अभिवादन । • समूह कार्य । • कक्षा मनिटरको परिचय ।	• घर परिवार, समुदाय र विद्यालयमा गरिने आदर्श व्यवहारहरू : माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्वव्यवस्थापन आदि । • स्थानीय खेलहरू जस्तै : गुच्चा खेल, दौड, रबरविन, चम्चा दौड आदि (यी खेलहरू मध्ये कुनै तीन खेल खेलाउने) । • स्थानीयस्तर झल्काउने चित्रकथाको वर्णन । • स्थानीयस्तरका कविता वाचन र बालगीत गाउने अभ्यास । • विद्यालय र घरमा मान्यजन तथा आफू भन्दा सानालाई आ-आफ्नो मातृभाषामा गरिने अभिवादनसम्बन्धी वार्तालाप । • कक्षा मनिटरले गर्ने कार्यहरू । • कक्षा मनिटरको भूमिका ।	• घरपरिवार, समुदाय तथा विद्यालयमा र नयाँ परिवेशमा प्रयोग गरिने आदर्श व्यवहारहरू : माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्वव्यवस्थापन, अनुकुलता आदि । • स्थानीय खेलहरू जस्तै: आ-आफ्नो मातृभाषामा चित्रमा, लुकामारी, गेसिङ गेम, गुच्चा खेल, दौड, रबरविन, चम्चा दौड आदि (यी खेलहरूमध्ये कुनै चार खेल खेलाउने) । • स्थानीयस्तरका बालकथाहरूको प्रस्तुति । • स्थानीयस्तरका कविता वाचन गर्ने र बाल गीत गाउने अभ्यास । • आ-आफ्नो मातृभाषामा वार्तालापको प्रयोग गरी गरिने विभिन्न प्रकारका शिष्ट व्यवहारहरू । • कक्षा व्यवस्थापनमा मनिटरले गर्ने कार्यहरू । • कक्षा मनिटर र समूह कार्यको भूमिका ।	२५
३	खुसीका लागि शिक्षा	• नाता सम्बन्धका मानिसहरूको आनीबानी । • असल र चरित्रवान हुनका लागि	• नाता सम्बन्धका मानिसहरूका आनीबानी । • असल र चरित्रवान हुनका लागि	• साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान, भूमिका तथा नाताअनुसार माया, श्रद्धा र आदरसम्मान गर्ने बानी ।	

		आवश्यक पर्ने शीलस्वभाव । • सबैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभाव । • असल एवं मन पर्ने मानिसहरूका बानी व्यवहार । • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्य । • घरपरिवार, छरछिमेक तथा गाउँटोलमा उत्सव र चाडपर्व मनाउदा गर्न हुने एवं गर्न नहुने कुराहरू । • घरपरिवारका सदस्यहरूका राम्रा आनीबानी । • आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कला । • योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन)लगायतका योग । • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्ति । • घरपरिवार र समाजका, अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने बानी ।	आवश्यक पर्ने आनीबानी र स्वभाव । • सबैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभाव । • असल एवं मन पर्ने मानिसहरूका बानी व्यवहार । • स्थानीयस्तरका आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्य । • घरपरिवार, छरछिमेक तथा गाउँटोलमा उत्सव र चाडपर्व मनाउँदा गर्न हुने एवं गर्न नहुने कुराहरू । • घरपरिवारका सदस्यहरूका राम्रा आनीबानी । • आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कला । • योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन)लगायतका योग । • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्ति । • घरपरिवार र समाजका, अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने बानी ।	• अरूलाई माया, आदर सम्मान गर्दा आफूलाई पनि माया, आदर र सम्मान प्राप्त हुने सन्दर्भ । • परिवारको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको परिचय । • असल साथीहरूका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रशंसा र त्यस्ता आनीबानीलाई आफ्नो जीवनमा प्रयोग र अनुकरण । • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्य । • आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुरा । • असल साथीहरूका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रशंसा र आफ्नो जीवनमा अभ्यास । • आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कला । • योग तथा ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, धुवासन, मयुरासन)को परिचय र अभ्यास । • श्रम तथा सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा एवं अभ्यास	

				। • समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास ।	
४	वातावरण संरक्षण र हरित विद्यालय	. घर तथा स्थानीयस्तरमा पालिने घरपालुवा जनावरको नाम । . घर तथा विद्यालयको बालबगैँचामा भएका बिरूवाको नाम र चिनारी । . स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको नाम । . घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग । . घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग । . फूलबारी तथा बिरूवाको हेरचाह । . स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम । . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइ । . फोहोरमैलाको पहिचान ।	. वडाभित्रका वनमा पाइने वन्यजन्तु र चराको नाम । . स्थानीय क्षेत्रमा पाइने बिरूवाको वर्गीकरण । . बगैँचाको परिचय । . घर तथा विद्यालयमा वृक्षारोपणमा सहयोग र सहभागी । . बोटबिरुवाको संरक्षणमा सहयोग । . वडामा भएका जलस्रोतको परिचय । . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी । . वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान । . फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) ।	. नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको पहिचान । . स्थानीय बिरूवाको परिचय । . स्थानीय बोटविरुवाको महत्व तथा उपयोग । . विद्यालयमा बगैँचाको आवश्यकता र महत्व । . घर र विद्यालयमा बालबगैँचाको निर्माणमा सहयोग र हेरचाह । . घर र विद्यालयमा जलस्रोतको उपयोग गर्ने तरिका र सदुपयोग । . फोहोरमैला व्यवस्थापनको परिचय । . विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) । . व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय तथा अभ्यास । . घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता । . वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान । . वरपरको वातावरणको सरसफाइ	२५

				कार्यमा सहभागिता ।	
५	हाम्रो सम्पदा	• **सम्पदाको पहिचान** घुम्न जाने ठाउँहरू जस्तै : बुलबुले पार्क, सहिद पार्क, काक्रेबिहार , घण्टाघर, रेडियो नेपाल आदि । • **हाम्रो सम्पदाको परिचय** सुर्खेत उपत्यका र वीरेन्द्रनगर बजार । वीरेन्द्रनगरभित्र स्थानीय बोलिने भाषा : खस, थारू, मगर, खाम्पा, राजी । **वीरेन्द्रनगरका लोकबाजा :** मादल, बाँसुरी, पञ्चे बाजा, सारंगी, मुजुरा, खैँजडी, कठताल, चाँप, मन्जिरा । **वीरेन्द्रनगरका चाडपर्व :** दसैँ,	• **हाम्रा सम्पदा :** जल, वन र पर्यटकीय स्थलहरूको परिचय (बुलबुले पार्क, काक्रेबिहार, घण्टाघर, सहिद पार्क, देउतीबज्यै मन्दिर) । • **पहिले र अहिलेको वीरेन्द्रनगर बजार :** सुर्खेत उपत्यकाका प्रमुख ठाउँहरू र सुर्खेत बजारको संक्षिप्त इतिहास । • **वीरेन्द्रनगरका जातजाति र स्थानीय वेशभूषा पहिचान** भाषा : खस, थारु, मगर, गुरुङ, खाम्पा, राजी, मुस्लिम । • **वीरेन्द्रनगरका लोकबाजाको परिचय** • बाजाहरूको बनोट (दमाहा, ट्याम्को, नर्सिंहा, सहनाई, मादल, मन्जिरा, बाँसुरी । • विभिन्न बाजा बजाउने तरिका । • वीरेन्द्रनगरका चाडपर्व ।	• **वीरेन्द्रनगरका पर्यटकीय स्थलसहित सुर्खेत उपत्यकाको परिचय :** बुलबुले पार्क, काक्रेबिहार, देउतीबज्यै मन्दिर, सहिद पार्क, घण्टाघर, बयलकाँडा गढी, मङ्गलगढी । • **वीरेन्द्रनगरका जातजातिको विशेषता र परिचय :** खस, थारू, मगर, गुरुङ, खाम्पा, राजी, मुसलमान, दलित, राउटे (फिरन्ते) । • **वीरेन्द्रनगरका स्थानीय लोकगीत** : चुड्का भजन, तीज, झ्याउरे, छोक्रा, सोरठी, देउडा आदि । • **वीरेन्द्रनगरभित्र मनाइने चाडपर्व :** दसैँ, तिहार, माघी/माघेसङ्क्रान्ति, तीज, रमादान, ईद, होली,	२५

		तिहार, माघी/माघेसङ्क्रान्ति, तीज, अट्वारी, ल्होसार, रमादान । • **स्थानीय चुल्हो र भाँडाकुँडाको पहिचान :** अँगेनो, थारू चुल्हो, भट्टि चुल्हो, सुधारिएको र ग्यास चुल्हो, भाँडाकुँडा : ताउलो, पनियो, डाडु, कराइ, ताप्के, कसौडी, करूवा, गाग्री, हत्तर, कुँडे, ठेकी, मदानी आदि ।	• **वीरेन्द्रनगरका जातजाति र चाडपर्वको नाम र विशेषता** : दसैँ, तिहार, माघी/माघेसङ्क्रान्ति, तीज, अट्वारी, ल्होसार, रमादान । • **भान्सा र खानेकुरा :** आँटो, ढिँडो, गुन्द्रुक, माडारोटी, भुङ्ग्रेरोटी, मस्यौरा, चाना, खाँदेको अचार, खिर, खिचडी, ढिक्री, घुँगी, सुँगुरको मासु, सातु ।	मातातीर्थ औँशी, कुशे औँशी, गुरूपूर्णिमा, सरस्वती पूजा । • **वीरेन्द्रनगरका चाडपर्व, महत्व :** दसैँ, तिहार, माघी/माघेसङ्क्रान्ति, तीज, अट्वारी, ल्होसार, रमदान, ईद, होली । • **भान्सा, भान्साका परिकार, महत्व र विशेषता तथा पकाउने सिप :** आँटो, ढिँडो, गुन्द्रुक, माडारोटी, भुङ्ग्रेरोटी, मस्यौरा, चाना, खाँदेको अचार, खीर, खिचडी, ढिक्री, घुँगी, सँगुरको मासु, सातु ।	
६	हाम्रो पेसा, व्यवसाय र प्रविधि	.स्थानीय अन्नबाली, तरकारी र फलफूलको पहिचान । .स्थानीय पेसा र व्यवसायको पहिचान । .स्थानीय परम्परागत प्रविधिको पहिचान ।	.स्थानीय बाली, तरकारी र फलफूलका प्रकार । .स्थानीय पेसा व्यवसायको पहिचान । .स्थानीय परम्परागत प्रविधिको महत्व ।	.स्थानीय बाली, तरकारी र फलफूलको महत्व । .स्थानीय पेसा व्यवसायको प्रकार । .स्थानीय परम्परागत प्रविधिको काम ।	२०
७	विपत् व्यवस्थापन	• सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबान (इनार, पानी ट्याङ्की, सेप्टी ट्याङ्की, गोबरग्यास, नाला) र भिरबाट लड्ने जस्ता प्रकोपको पहिचान । • विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम : ढुङ्गा	• हावाहुरी, चट्याङ, पहिरो र बाढीको पहिचान । • घरभित्र हुने जोखिम : छत, बिजुली, भच्याङ वा लिस्नो, वार्ण्डली वा बरन्डा पहिचान र सावधानी । • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हावाहुरी, चट्याङ, पहिरो र बाढीबाट बच्ने उपायहरू ।	• विपत्को परिचय र किसिम (प्राकृतिक र मानव सिर्जित) । • विद्यालयभित्र हुने जोखिमहरू छत, बिजुली, भर्याङ, बरन्डा, खेल सामग्री, फर्निचर, शौचालय पहिचान र सावधानी । • भूकम्प र महामारीबाट बच्ने उपायहरू ।	२०

		खस्ने, खोला तर्ने, बाटो काट्ने, आदि पहिचान र सावधानी । • कक्षाकोठा, विद्यालय, घर र बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने तथा करेन्टबाट समेत हुने आगलागी, डुबानबाट बच्ने उपायहरू । • कृत्रिम घटना अभ्यास ।	• कृत्रिम घटना अभ्यास ।	• कृत्रिम घटना अभ्यास ।	

(ख) कक्षा ४-५ क्षेत्र र क्रम

क्र. सं.	क्षेत्र/एकाइ/ थिम	कक्षा ४	कक्षा ५	कार्य घन्टा
१	**हाम्रो वीरेन्द्रनगर**	**नेपालको नक्सामा वीरेन्द्रनगर** वीरेन्द्रनगरको अवस्थिति, बनावट भिरालो र समथर भूभाग । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय । वडाबाट प्रवाह हुने सेवा बसाइ सराइ र अन्य सिफारिस । शिक्षा (विद्यालय र विश्वविद्यालय) स्वास्थ्य (स्वास्थ्य सेवा प्रदायक संस्थाहरू) । खानेपानी (कुवा, मुहान, नदी, खोला) । विकासका लागि चुनौतीको पहिचान । धूम्रपान, मद्यपान, छुवाछुत ।	• वीरेन्द्रनगरको अवस्थिति, उचाइ, क्षेत्रफल र हावापानी । • कर्णाली प्रदेशको नक्सामा वीरेन्द्रनगर नगरपालिकाको पहिचान र नक्सा कोर्ने अभ्यास । • स्थानीय सरकारको गठन प्रक्रिया । • स्थानीय सरकारको भूमिका । • स्थानीय सरकारको महत्व । • विकासका पूर्वाधारको वर्तमान अवस्था । • यातायात, विद्युत् र सञ्चार सेवा चुनौतीका कारण, असर र न्यूनीकरणका उपाय । • छुवाछुत र जातीय भेदभाव, महिला हिंसा, आत्महत्या ।	२०

२	**हाम्रो बाल संसार**	• बालबालिकाको जिम्मेवारी : सहयोग, अनुशासन, नम्रता, सहनशील, स्वव्यवस्थापन, अनुकूलन, सामञ्जस्य, खुलापन र जिम्मेवारी वहन । • स्थानीय खेलहरू (चकलेट दौड, चम्चा दौड, गणितीय, हिज्जे, अन्ताक्षरी)का अभ्यास । • खेल्दा अपनाउनु पर्ने आवश्यक सुरक्षा सावधानीको पहिचान र अवलम्बन । • बालनिबन्ध, रोचक प्रसङ्ग, स्थानीयस्तरमा गाइने गीतहरू । • स्थानीयस्तरमा बजाइने लोकबाजाहरूको पहिचान । • घर, परिवार र समुदायमा मनाइने आ-आफ्नो धर्म संस्कृतिबारे आ-आफ्नो मातृभाषामा चिनारी । • वडा कार्यालयले बालबालिकालाई दिने सुविधाहरूको सूची । • समूह कार्यका ढाँचाहरू । • बालक्लबको परिचय । • पेसा र व्यवसायको परिचय । • स्थानीय तहमा रहेका पेसा व्यवसायको पहिचान ।	• बालबालिकाको जिम्मेवारी : सहयोग, आत्मानुशासन, विनम्रता, सहनशील, स्वव्यवस्थापन, अनुकूलन, सामञ्जस्य, खुलापन, जिम्मेवारी वहन, प्रतिबद्धता । • स्थानीयस्तरका खेल खेल्दा अपनाइने तरिका र अभ्यास । • प्रविधिमा आधारित खेलहरूको परिचय र उदाहरण । • बालनिबन्ध, रोचक प्रसङ्ग, स्थानीयस्तरमा गाइने गीतहरू । • स्थानीयस्तरमा बजाइने लोकबाजाहरू बजाउने अभ्यास । • घर, परिवार, समुदाय र समाजमा मनाइने आ-आफ्ना धर्म संस्कृति, रीतिरिवाज, पूजाआजा र वेशभूषा बारे आ-आफ्नो मातृभाषामा । • गुनासो व्यवस्थापनको परिचय । • विद्यालय, वडा कार्यालय र नगरपालिकामा रहेको बालबालिकाको गुनासो सुनुवाइ संयन्त्रको परिचय • सहकार्यको ढाँचा । • विद्यालय व्यवस्थापनमा बालक्लबको भूमिका । • स्थानीय तहमा रहेका पेसा व्यवसायको महत्व ।	२०

	खुसीका लागि शिक्षा	• समाज र राष्ट्रका असल मानिसहरूले गरेका कार्यको चर्चा तथा ती कार्यको अनुकरण गर्ने सिप र आचरणको अभ्यास । • बोलेका तथा गरेका कुराहरूको सन्तुलन मिलाउने सिप र बानीको अभ्यास । • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावको अभ्यास । • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यको श्रवण, अवलोकन, सिर्जना तथा अभ्यास । • गाउँटोल र समाजमा उत्सव तथा चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनुपर्ने कुराको जानकारी एवं अभ्यास । • जीवन र जगतका विषयवस्तु तथा घटनालाई सापेक्षिक रूपमा हेर्ने बानीको अभ्यास । • अरूमा भएका राम्रा कुराको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीलाई जीवनमा निरन्तर अनुकरण गर्ने अभ्यास । • आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय तथा अभ्यास । • योग तथा ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम, प्रणायाम, बक्रासन, शलभासन)को परिचय र नियमित अभ्यासका साथै श्रम र सिर्जनालाई सम्मान गर्ने सिप तथा प्रवृत्तिको चर्चा एवं अभ्यास । • परिवार तथा समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको अभ्यास ।	• समाज र राष्ट्रका असल मानिसहरूले गरेका कार्यको चर्चा तथा ती कार्यको अनुकरण गर्ने सिप एवं आचरणको अभ्यास । • थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुकरण गरी खुसी तथा सुखी हुने स्वभावको वर्णन एवं अभ्यास। • परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव तथा आचरणको परिचय एवं अभ्यास । • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यको श्रवण, अवलोकन, सिर्जना तथा प्रस्तुति । • गाउँटोल र समाजमा उत्सव तथा चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनुपर्ने कुराको जानकारी एवं अभ्यास । • जीवन र जगतका हरेक कुराभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध तथा अभ्यास । • अरूमा भएका राम्रा कुराको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीलाई जीवनमा निरन्तर अनुकरण गर्ने अभ्यास । • आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास । • योग तथा ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, बक्रासन, नटराजासन)लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास एवं प्रयोगका साथै श्रम र सिर्जनालाई सम्मान गर्ने सिप तथा प्रवृत्तिको चर्चा तथा अभ्यास ।	२०

			• परिवार तथा समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास ।	
४	वातावरण संरक्षण र विद्यालय	. नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय तथा महत्व । . वडाको वनमा पाइने औषधिजन्य वनस्पति पहिचान । . विद्यालयमा बालबगैँचा र वृक्षारोपणमा सहभागी । . वातावरण र विकासको परिचय । . नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय, उपयोग र आवश्यकताअनुसार प्रयोग । . फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर पहिचान । . वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान । फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्यास)	. नगरपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिको उपयोग र महत्व । . विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माण । . नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका । . नगरपालिका क्षेत्रमा जलस्रोत प्रदूषण : कारण र असर । . विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुनः प्रयोग र प्रशोधन) (3R+) . . घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय । . वातावरण संरक्षणको अवधारणा/परिचय ।	१६

		र व्यवस्थापनमा सहयोग ।		
५	हाम्रो सम्पदा	**१. सम्पदाको अर्थ र प्रकार** ● प्राकृतिक सम्पदा : जल, वन, खनिज, पहाड । ● मानव निर्मित सम्पदा : मन्दिर, गढी, भवन, विद्यालय, अस्पताल । **२. सम्पदाको महत्व :** जल, वन, खनिज र पहाड । **३. मानव सम्पदा :** ● मानव सम्पदाको भूमिका । ● वीरेन्द्रनगर र हाम्रा प्रेरणादायी व्यक्तिहरू । **४. वीरेन्द्रनगरका शैक्षिक संस्था र प्रदान गर्ने सेवा :** विश्वविद्यालय, विद्यालय, पुस्तकालय, मदरसा, तालिम केन्द्र, प्रशिक्षण केन्द्र । **५. वीरेन्द्रनगरका लोक संस्कृति :** ● स्थानीय लोकगीत : तीज गीत, झ्याउरे गीत, सोरठी गीत, मघौटा गीत, सरङ्गी गीत, बाली गीत (रोपाइ), देउडा गीत । ● स्थानीय लोकनृत्य : सोरठी नाच, मघौटा नाच, कौडा नाच, देउडा नाच, टप्पा नाच, तीज नाच, श्यार्पो नाच ।	**१. मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको पहिचान** ● मानव निर्मित सम्पदाको महत्व र विशेषता । ● प्राकृतिक सम्पदाको महत्व र विशेषता । **२. वीरेन्द्रनगरका सम्पदाको संरक्षणमा भूमिका** ● मानव निर्मित सम्पदाको संरक्षण र भूमिका । ● प्राकृतिक सम्पदाको संरक्षण र भूमिका । **३. वीरन्द्रनगरका भौतिक सम्पदाको परिचय :** औद्योगिक क्षेत्र, रङ्गशाला, सङ्ग्रहालय, मुख्य सडक, रेडियो नेपाल, घण्टाघर, भेरी नदीको पुल । **४. स्थानीय प्रेरणादायी व्यक्तिहरूको परिचय तथा योगदान :** शिक्षाविद्, समाजसेवी, कलाकार, खेलाडी आदि । **५. वीरेन्द्रनगरका स्वास्थ्य संस्थाहरूको परिचय र उपलब्ध सेवा :** कर्णाली प्रदेश अस्पताल, आयुर्वेद अस्पताल । **६. वीरेन्द्रनगरका लोक संस्कृति :** वीरेन्द्रनगरका लोकगीत, लोकनृत्य, लोकजात्रा, आहान, गाउँखाने कथा, लोककथा, झ्याउरे, सोरठी, ठाडी भाका, देउडा, मघौटा गीत, घाटु, सरङ्गी, सोरठी नाच, मारुनीनाच, कौडा नाच, छोक्रानाच, तीज नाच, लाखेजात्रा, गाईजात्रा, रोपाइजात्रा, देवीस्थानजात्रा ।	२०

६	हाम्रो पेसा, व्यवसाय र प्रविधि	. स्थानीय अन्नबाली, तरकारी र फलफूल लगाउने मौसम । . स्थानीय घरपालुवा पशुको पहिचान । . स्थानीय पक्षीको पहिचान । . घर परिवारका सदस्यहरूको व्यापार र व्यवसायको तरिका । . स्थानीय घरेलु उद्योगहरूको पहिचान । . स्थानीय पर्यटन व्यवसाय । . स्थानीय समुदायमा रहेका परम्परागत प्रविधिको सूची ।	. स्थानीय अन्नबालीको लागि मल, बिउ र औजार । . स्थानीय तरकारी फलफूलको लागि मल, बिउ र औजार । . स्थानीय घरपालुवा पशुको महत्व । . स्थानीय पक्षीको महत्व । . घर परिवारका सदस्यहरूको पेसा व्यवसायमा सहभागिता । . स्थानीय घरेलु उद्योगहरूको सञ्चालनमा सहभागिता । . स्थानीय होमस्टे पहिचान र सञ्चालनबारे ज्ञान । . स्थानीय समुदायमा रहेका परम्परागत प्रविधिको काम ।	१६
७	विपत् व्यवस्थापन	• प्राकृतिक तथा मानव सिर्जित विपत्को परिचय र फरक । • यात्राको समयमा जोखिम पहिचान र सावधानी (पैदल हिँडाइ, बाटो काट्ने, जेब्रा क्रसिङ, साइकल चलाउने सिप एवं पार्किङ) । • आगलागी, बाढी तथा पहिरोका कारणहरू, पूर्व तयारी वा सावधानी एवं आफूभन्दा साना बालबालिकाको संरक्षण र सुरक्षा । • कृत्रिम घटना अभ्यास ।	• प्राकृतिक र मानव सिर्जित विपत्को प्रभाव वा असर । • चाडपर्वको समयमा जोखिम पहिचान र सावधानी (चङ्गा, पिङ, पटाका, खाना व्यवहार आदि) । • हावाहुरी, चट्याङ, तथा भूकम्पका कारण, पूर्व तयारी वा सावधानी एवं आफूभन्दा साना बालबालिकाको संरक्षण र सुरक्षा । • कृत्रिम घटना अभ्यास ।	१६

(ग) कक्षा ६-८ क्षेत्र र क्रम

क्र.सं	एकाइ/थिम	कक्षा ६	कक्षा ७	कक्षा ८	कार्य घन्टा
	हाम्रो वीरेन्द्रनगर	• वीरेन्द्रनगरको अवस्थिति, सीमाना र मुख्य नाका । • नगरपालिकाको चारैतिरका सीमाना । • वीरेन्द्रनगरका वडा रहेको स्थान र वडा सङ्ख्या। • विकासमा स्थानीय सरकारको योगदान । • वीरेन्द्रनगरको शिक्षा तथा स्वास्थ्य नीति र कार्यक्रम । • वडागत सरकारी तथा निजी शैक्षिक संस्थाहरू । • स्वास्थ्य संस्थाहरू : सरकारी तथा निजी स्वास्थ्य संस्थाहरू । • स्थानीय समाजसेवाको पहिचान । • समाजसेवीको महत्व र पहिचान ।	• वीरेन्द्रनगर नगरपालिकाको नक्सामा महत्वपूर्ण ठाउँहरूको नामाङ्कन । मुख्य सिमाना र नाकाको महत्व तथा विशेषता । • नगरपालिकाको न्यायिक समिति । • विषयगत समितिका कार्यहरू । • वीरेन्द्रनगरअन्तर्गत प्राविधिक धारमा पढाइ हुने विद्यालय र विषयहरू खानेजलस्रोत : कुवा, मुहान, खोला, नदी । • विद्युत् वितरण तथा वैकल्पिक आपूर्तिको अवस्था । • स्थानीय समाजसेवीको सेवा गरेको क्षेत्र पहिचान । • स्थानीय समाजसेवीको योगदान । • स्थानीय समाजसेवीका राम्रा कार्यहरूको सूची ।	• नगरपालिकाको भौगोलिक अवस्थिति । • वीरेन्द्रनगरको महत्वपूर्ण स्थानसहितको सङ्केत गरिएको नक्सा । • कर्णाली प्रदेशको राजधानीका रूपमा वीरेन्द्रनगरका विशेषता । • नगर प्रमुख तथा उपप्रमुखका सामान्य जिम्मेवारी । • कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका काम, कर्तव्य तथा अधिकार । • नगरपालिकाका विषयगत समिति, वडागत यातायात पहुँच । • यातायातको पहुँचमा भौगोलिक प्रभाव । • सञ्चारको वितरण । • इन्टरनेटको पहुँच र विस्तार । • इन्टरनेटको सेवा विस्तारमा नेपाल सरकार, नेपाल टेलिकम र अन्य संस्थाको	१८

				भूमिका । • वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका समाजसेवीको पहिचान र महत्वपूर्ण कार्यहरूको सूची । • बालबालिकाले उनीहरूबाट पाउने प्रेरणा, आफू पनि उनीहरू जस्तै बन्न सक्छौ भन्ने इच्छाशक्ति र यस्तै कार्यको अभ्यास ।	
२	**हाम्रो बाल संसार**	• सहयोग, सद्भाव, आत्मानुशासन, विनम्रता, सहनशीलता, स्वव्यवस्थापन, अनुकूलन, सामञ्जस्य, खुलापन, जिम्मेवारी वहन, प्रतिबद्ध, इमानदारी, विविधताको सम्मान, सहकार्य । • स्थानीयस्तरमा खेलिने खेलको महत्व । • प्रविधिमा आधारित खेलको परिचय र प्रकार । • बाल प्रतिभाको परिचय । • विभिन्न चुटकिला र सन्देश । • स्थानीय गीत, कम्तिमा दुईवटाको नृत्यसहित अभ्यास, कविता लेखन र वाचन । • घरायसी श्रममूलक कार्यको पहिचान । • यस कार्यमा सहयोग गर्ने बानीको	• सहयोग, सद्भाव, आत्मानुशासन, विनम्रता, सहनशीलता, स्वव्यवस्थापन, अनुकूलन, सामञ्जस्य, खुलापन, जिम्मेवारी वहन, प्रतिबद्ध, सहानुभूति, सहकार्य, साझेदारी, विविधताको सम्मान, समता, आत्ममूल्याङ्कन • खेल केन्द्रहरूको परिचय र सञ्चालन हुने खेलहरू • प्रविधिमा आधारित खेलहरूको फाइदा र बेफाइदा • रोचक प्रसङ्गहरू जस्तै : व्यङ्ग्य, चुटकिला, सन्देशमूलक कथा, बालमुक्तक, गजल वाचन • स्थानीय नृत्यको परिचय र अभ्यास • सार्वजनिक श्रममूलक तथा संस्कारजन्य कार्य • सार्वजनिक कार्यमा सहभागिता	• सहयोग, सद्भाव, आत्मानुशासन, विनम्रता, सहनशीलता, स्वव्यवस्थापन, अनुकूलन, सामञ्जस्य, खुलापन, जिम्मेवारी वहन, प्रतिबद्धता विविधताको सम्मान, समता, समानुभूति, आत्मानुभूति • स्थानीयस्तरमा खेलिने खेलबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभावको छलफल • प्रविधिमा आधारित खेलहरूको प्रभाव • स्थानीय नृत्यको प्रकार • नृत्यको अभ्यास • गजल, कथा, कविता, चुट्किलाको प्रयोग र लेखन तथा अभ्यास	२०

		महत्व । • नगरपालिका क्षेत्रमा बालबालिकाको सेवा सुविधा प्रदान गर्नका लागि स्थापित संरचनाको परिचय । • विद्यालयमा अभ्यास गरिने सदनहरू । • विद्यालय र स्थानीयस्तरमा बालक्लबको महत्व तथा आवश्यकता । • बालबालिकाको रूची र खुबीको पहिचान । • बालबालिकाको रूचीअनुसारको पेसा ।	• संस्कारको संरक्षण र प्रवर्धन । • वीरेन्द्रनगर नगरपालिकाबाट प्रदान गरिने बालबालिकाको सेवा सुविधाहरूको बारेमा जानकारी । • विद्यालयमा अभ्यास गरिने सदनहरूको भूमिका । • बालक्लबको गठन विधि र बालक्लबका कार्यहरू (विद्यालयस्तरमा र समुदायस्तरमा) । • मेहनत र अनुशासनको महत्व । • संस्कार, लगनशीलता, इमानदारी । • समय व्यवस्थापन । • परिवारको आर्थिक, सामाजिक अवस्था ।	• सामाजिक मूल्य र मान्यताको परिचय । • स्थानीय मूल्य र मान्यताको पहिचान उत्थान र संवर्धन । • स्थानीय संस्कृतिको उत्थान । • वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा बालबालिकालाई प्रदान गरिएका सेवा सुविधाको विश्लेषण । • नेतृत्व विकासमा समूह कार्य, सदन अभ्यास र बालक्लवको भूमिका । • विभिन्न कार्यक्रम सञ्चालन । • बालक्लबका भावी योजना । • महान व्यक्तिहरूको जीवनी । • सन्देशमूलक कथाहरू ।	
३	**खुसीका लागि शिक्षा**	• थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने स्वभावको अनुकरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास । • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास । • गीत, सङ्गीत र नृत्यमा सक्रिय रूपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास । • स्थानीयस्तरका प्रमुख धर्महरूको	• थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने स्वभावको अनुकरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास । • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास र अनुकरण । • गीत, सङ्गीत र नृत्यमा सक्रिय रूपमा सहभागी हुने सिप र कलाको अभ्यास एवं प्रस्तुति । • स्थानीयस्तरका प्रमुख धर्म र तिनका	• थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने स्वभावको अनुकरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास । • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास अनुकरण र प्रदर्शन । • गीत, सङ्गीत र नृत्यको	२०

		बारेमा संक्षिप्त परिचय । • स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास । • जीवन तथा जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यासका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी तथा अनुकरण । • अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको जीवनमा निरन्तर अनुकरण गर्ने अभ्यास । • योग तथा ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गिथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन)लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग । • श्रम र सिर्जनाको सम्मान तथा अभ्यास गर्ने बानीको विकास । • परिवार तथा समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन एवं अभ्यास ।	प्रणेताहरूको बारेमा संक्षिप्त परिचयका साथै स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास । • जीवन तथा जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवं प्रस्तुतिका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी, प्रयोग तथा अनुकरण । • अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको जीवनमा अनुकरण गर्ने अभ्यासका साथै आफूखुशी हुने तथा अरूलाई पनि खुशी हुन प्रेरित गर्ने सिप एवं कलाको अभ्यास । • योग तथा ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोम विलोम, सर्वाङ्गासन, पश्चिमोत्तासन आदि)लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोगका साथै पूर्वीय दर्शनलगायत हाम्रा असल आचरण, संस्कार र मूल्य एवं मान्यताको जानकारी । • श्रम तथा सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास ।	सिर्जना एवं त्यस्ता क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुने सिप तथा कलाको अभ्यास र प्रस्तुति । • स्थानीयस्तरका प्रमुख धर्महरूको मूलमर्मका बारेमा संक्षिप्त परिचयका साथै स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराको जानकारी एवं अभ्यास । • जीवन तथा जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवं प्रस्तुतिका साथै जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरूको जानकारी, प्रयोग तथा अनुकरण । • अरूमा भएका राम्रा कुराको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता स्वभावको जीवनमा निरन्तर अभ्यास तथा अनुकरणका साथै आफूखुसी हुने तथा अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास र अनुकरण ।	

			• घरपरिवार र समाजका जेष्ठ नागरिकलगायत असहज स्थितिका मानिसप्रति सहयोग गर्ने सिप तथा भावनाको अभ्यास ।	• योग तथा ध्यान (प्रणव ध्यान, उद्गिथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, तिर्यकताडासन, चक्किआसन)लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास तथा प्रयोगलगायत पूर्वीय दर्शन, हाम्रा असल आचरण, संस्कार र मूल्य एवं मान्यताहरूको विश्लेषण तथा अनुकरण । • श्रम तथा सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास । • घरपरिवार र समाजका जेष्ठ नागरिक एवं असहज स्थितिका मानिसप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवं अनुकरणलगायत हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व तथा उपादेयताको बारेमा जानकारी ।	
४	वातावरण संरक्षण र हरित विद्यालय	वडामा भएका वन र ती वनमा पाइने वस्तुको पहिचान । वनमा आधारित आर्थिक क्रियाकलाप (घर तथा विद्यालयमा जडीबुटी खेती र सङ्कलन विभिन्न स्थानीय जातका वनस्पतिहरूको नर्सरी	• वडाभित्रका सामुदायिक वन : परिचय, महत्व, फाइदा । • वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था । • हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व ।	• वडामा भएका वनमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय	

		निर्माण र बिक्री वितरण, पर्यापर्यटन आदि) । वडा क्षेत्रमा वृक्षारोपण, हरियाली प्रवर्धनको परिचय महत्व, तरिका र सहभागिता । हरित घर तथा विद्यालयको अवधारणा/परिचय । विद्यालयमा करेसाबारीको निर्माण (स्थानीय मौसममा आधारित सागसब्जीलगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिको खेती) । घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपाय (जल, वायु, ध्वनि, जमिन) । नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी शुद्धीकरणका स्थानीय उपाय (परम्परागत रूपमा उपयोग गरिने छान्ने, उमाल्ने, परम्परागत फिल्टर आदि) । नगरपालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्य । नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरू ।	. घर तथा विद्यालयमा करेसाबारी र पुष्प बगैँचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा (स्थानीय मौसममा आधारित सागसब्जीलगायतका दैनिक खानामा उपयोग हुने वनस्पति तथा स्थानीय फूलहरूको खेती, नर्सरी) । . घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन : सोकपिट, करेसाबारीमा उपयोग । . घरायसी ठोस फोहोरको व्यवस्थापन : कम्पोष्टिङ (गँड्यौले मल बनाउने प्रक्रियाको अभ्यास) । . दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध । . दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास (विद्यार्थी, विद्यालय र समुदायको भूमिका) ।	एवं स्थानीय सरकारको भूमिका । • खाली जग्गा, वन क्षेत्र, घर तथा विद्यालयमा वृक्षारोपण र जडिबुटी खेती, बजारीकरण र आर्थिक फाइदा (स्थानीय क्षेत्रमा पाइने जडिबुटीजन्य वनस्पति तथा स्थानीय वनस्पतिको नर्सरी, वृक्षारोपण, रेखदेखलगायत) । • हरित विद्यालय निर्माणमा विद्यार्थी इकोक्लबको भूमिका । • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू र हरित गृह निर्माण योजना दिगो विकास एवं हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धन । • स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपाय र आकासे पानी सङ्कलन विधि । • घरायसी ठोस फोहोरको व्यवस्थापन : बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास) । • नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको	

				न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरू र नगरपालिकाको भूमिका । • दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू ।	
५	हाम्रो सम्पदा	**वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको परिचय :** सिद्धपाइला, कटकुवा, जर्बुटा, गोठीकाँडा, शक्तेकाँडाको संक्षिप्त परिचय । **वीरेन्द्रनगरका जल सम्पदा उत्तरी जलाधार क्षेत्र र खोलानाल :** गोठीकाँडा, कटकुवा, इत्राम खोला, खार्के खोला, निकास खोला, बुलबुले ताल, खोलीगाउँको मूलधारा, गुप्तीपुरको मूलधारा । **मानव सम्पदा, स्थानीय प्रेरणादायी व्यक्तित्व :** वीरेन्द्रनगरका स्थानीय कलाकार, खेलाडी, समाजसेवी तथा साहित्यकारको चिनारी र योगदान । **हस्तकला :** बाँसबाट निर्मित हस्तकला डोको, स्याकु, मुढा, छटरी, ढडिया,	**वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको विशेषता र महत्व :** काँक्रेबिहार, लाटीकोइली, देउतीबज्यै, बुलबुले, घण्टाघर सिद्धपाइला । **जल सम्पदा : नदीनाला, जलाधार क्षेत्र, मूल, सिमसार :** जल सम्पदाको विशेषता, जल सम्पदाको महत्व र जल सम्पदाको संरक्षण । **मानव सम्पदा :** वीरेन्द्रनगरका राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरूको संक्षिप्त जीवनी र योगदान । **हस्तकला :** ● स्थानीय हस्तकलाको प्रकार । ● स्थानीय हस्तकलाको विशेषता । ● स्थानीय हस्तकलाको महत्व । **समृद्धि उन्मुख वीरेन्द्रनगर :**	वीरेन्द्रनगरका पर्यटकीय स्थलहरू : ● पर्यटकीय क्षेत्रहरूको संरक्षण, संवर्धन र प्रवर्धन । ● पर्यटकीय क्षेत्र र हाम्रो दायित्व । **जल सम्पदा संरक्षण :** • हाम्रा जल सम्पदाको सदुपयोग र वर्तमान स्थिति । • जल सम्पदाको संरक्षण, संवर्धन र प्रवर्धन । **मानव सम्पदा :** ● वीरेन्द्रनगरका राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरूको संक्षिप्त जीवनी र योगदान । **हस्तकला :** ● स्थानीय हस्तकलाको संरक्षण,	२०

		मान्द्रो । माटाबाट निर्मित हस्तकला गाग्रा, चुलो, डेह्री, कुठ्ली । चकटी, ढकिया, नाम्लो । ऊनबाट बन्ने टोपी, रुमाल, स्वीटर, पाखी । **वीरेन्द्रनगर र कर्णाली प्रदेश :** कर्णाली प्रदेशको स्थापनामा वीरेन्द्रनगरको भूमिका । ● कर्णाली प्रदेशको स्थापना र सहिदहरूको परिचय तथा महत्व नगरवासी र अन्य जिल्लाको भूमिका । **वीरेन्द्रनगरमा जातीय विविधता :** ● जातीय विविधता र जातीय एकताको परिचय । ● खस र अन्य जातिबीचको सम्बन्ध (खस, थारू, मगर, नेवार, राजी, खाम्पा) ।	● कर्णाली प्रदेशको राजधानीको रूपमा वीरेन्द्रनगर । ● हालको र भविष्यको वीरेन्द्रनगर । ● वीरेन्द्रनगरको समृद्धि र विकासमा नगरवासीको भूमिका । **वीरेन्द्रनगर र जातीय विविधता :** ● जातीय विविधताका बीच खस जाति, खस भाषा, र खस संस्कृति । ● वीरेन्द्रनगरको जातीय एकता, विकास र समृद्धि ।	संवर्धन र प्रवर्धन । **समृद्धि वीरेन्द्रनगर** ● भविष्यको वीरेन्द्रनगर । ● वीरेन्द्रनगरको समृद्धि र विकासमा हाम्रो भूमिका । **वीरेन्द्रनगर र जातीय विविधता :** ● जातीय विविधताको महत्व र संरक्षण । ● जातीय विविधताको संरक्षणका लागि सुझाव ।	
७	विपत् व्यवस्थापन	• महामारीको परिचय र यसका प्रकार (कोभिड-१९, बर्डफ्लू, डेङ्गु र झाडापखाला) । • अपाङ्गता भएका व्यक्तिहरूलाई विपत्बाट हुने जोखिम पहिचान र सुरक्षित राख्न विद्यार्थीको भूमिका । • डढेलो, आगलागी, भू-क्षय र बाढी	• कोभिड, बर्डफ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारी । • यात्राको समयमा (स्कुटर वा मोटरसाइकल, सार्वजनिक सवारी, भ्रमण) हुने जोखिम पहिचान र सडक सावधानी । • भूकम्पबाट हुने क्षति न्यूनीकरणका	• विश्वका प्रमुख महामारी (ब्ल्याक डेथ, प्लेग, फ्लू एचआईभी एड्स र कोभिड-१९) र विश्व समुदायमा भएका सिकाइ । • भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्यार्थीको भूमिका ।	१५

		पहिरो रोकथामका लागि पूर्वतयारी । • डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यार्थीको भूमिका । • डढेलो, आगलागी, भू-क्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका । • कृत्रिम घटना अभ्यास ।	लागि पूर्वतयारी । • भूकम्प र सुरक्षित घरको लागि पूर्व तयारी र विद्यार्थीको भूमिका । • कोभिड, बर्डफ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यालय तथा समुदायको भूमिका । • कृत्रिम घटना अभ्यास ।	• भूकम्पबाट हुने जोखिम न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका । • कृत्रिम घटना अभ्यास । • विपत्को सामूहिक प्रतिकार्यका उपाय र विद्यार्थीको भूमिका ।	

विषयवस्तुको विस्तृतीकरण कक्षा : १

क्षेत्र	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण कार्यकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घण्टा
वीरेन्द्रनगर परिचय	१.१ भौगोलिक अवस्था	• नगरपालिकाको रङ्गीन नक्सामा वार्डहरूको स्पष्ट सिमाङ्कन गरिएको चित्र • विभिन्न महत्वपूर्ण र प्रसिद्ध धार्मिक ऐतिहासिक स्थलको बढीमा तीनवटा रङ्गीन चित्र	अन्तर वैयक्तिक सिप सहयोगात्मक सिप	• वीरेन्द्रनगर नगपालिकाको चित्र देखाउँदै यो हाम्रो नगरपालिकाको नक्सा हो भनी धारणा दिने । • वडाहरू छुट्टिएको सीमा रेखा देखाउँदै हाम्रो नगरपालिकामा १६ वटा वडा छन् भनी बताइदिने । • आफू बसेको वडाको सङ्केत गर्न लगाउने । • नक्सा हेरी काँक्रेविहार, देउतीबज्यै मन्दिर र बुलबुले ताल ठम्याउन सहजीकरण गरिदिने ।	• सुर्खेत जिल्लाको नक्सामा वीरेन्द्रनगर छुट्याउन लगाएर । • वीरेन्द्रनगरपाकिामा कति वडा छन् भनी भन्न लगाएर । • मुख्य कुनै तीन महत्वपूर्ण स्थानको नाम भन्न लगाएर ।	४
	१.२ स्थानीय सरकार	• वडा समिति, वडा कार्यालय र सदस्यहरूको चित्र	सञ्चार सिप	• नगरपालिकाको नक्सा देखाउँदै आफू बसेको वडा छुट्याउन लगाउने । • वडामा कसले काम गर्छ भनी छलफल गर्न लगाउने, थप पृष्ठपोषण दिँदै वडा अध्यक्ष र सदस्यहरूले काम गर्छन् भनी बताइदिने । • चित्रमा देखाइएका मानिस वडा समितिका सदस्य हुन् भनी बताइदिने ।	• वीरेन्द्रनगरको नक्सामा आफू बसेको वडा सङ्केत गरेको अवलोकन गरेर । • वडामा कसले काम गर्छ भनी उत्तर दिन लगाएर । • चित्र हेरी वडा समितिका सदस्य सङ्ख्या भन्न लगाएर	४

					।	
	१.३ स्थानीय विकासका पूर्वाधार	• स्थानीय विकासका पूर्वाधारहरू : क) शिक्षा ख) स्वास्थ्य ग) खानेपानी घ) यातायात घ) बत्ती ङ) सञ्चार	सञ्चार सिप • निर्णय गर्ने सिप • समस्या समाधान सिप	• तपाईंका घरमा कसले कसले पढ्नु भएको छ र उहाँहरूले कहाँ पढ्नु भएको हो भनी सोध्ने । • हामीले पढ्ने ठाउँलाई के भनिन्छ भनी प्रश्न सोध्दै विद्यालय पढाइ गर्ने ठाउँ हो भनी धारण बसाल्ने । • विद्यालयमा विद्यार्थीहरू पढ्न आउँछन् र विद्यालयबाट धेरै पढेर असल मानिस बनिन्छ भन्ने अवधारण प्रस्तुत गर्ने । • आफू बसेको टोलछिमेकमा अरू विद्यालय छन् कि भनेर सोध्ने र केही विद्यालयको नाम आफूले पनि बताइदिने । • स्वास्थ्य केन्द्र/अस्पतालमा उपचार गरेको चित्र देखाउँदै यो कुन ठाउँ होला र यहाँ के गरिन्छ भनी विद्यार्थीलाई उत्तर भन्न लगाउने । • हामी विरामी भए कहाँ जान्छौँ भनी प्रश्न गर्ने र बिरामी हुँदा उपचार गर्ने स्थान स्वास्थ्य केन्द्र, अस्पताल हो भन्ने धारणा प्रस्तुत गर्ने । • धारा, कुवा, मुहान जस्ता चित्र देखाउँदै हामीले पानी कहाँबाट आउँछ भनी छलफल गराउने र पालैपालो उत्तर भन्न लगाउने । • मोटरको चित्र देखाउँदै यसले के गर्छ	• विभिन्न घर, अस्पताल, विद्यालय र मन्दिरहरूको चित्र देखाइ विद्यालय छुट्याएको अवलोकन गरेर । • उपचार गर्ने ठाउँ भन्न लगाएर । • खानेपानीका कुनै दुई स्रोत सोधी उत्तर दिन लगाएर । • कुनै दुईवटा यातायातका साधन भन्न लगाएर । • उज्यालो केबाट आउँछ भनी उत्तर दिन लगाएर । • सञ्चारका कुनै दुई साधनको नाम भन्न लगाएर ।	५

				भनी छलफल गराउने र मोटर चल्न फराकिलो तथा चौडा बाटो चाहिन्छ भनी भन्ने । ● मोटरसाइकल, मोटर, बस, कारमा हामी यात्रा गर्छौं भन्ने धारणा दिने । ● मोटरसाइकल, मोटर, बस, कार जस्ता वस्तु यातायातका साधन हुन भनी बताइदिने । ● अँध्यारोमा उज्यालो बनाउन, गर्मीमा पङ्खा चलाउन कुन कुरा चाहिन्छ भनी सोध्ने र उनीहरूको जबाफका आधारमा बिजुली बलेको, पङ्खा चलेको देखाएर बिजुली बत्तीको धारणा प्रस्तुत गर्ने । ● हामीले टाढाको आफन्तलाई खबर गर्न कुन साधनको प्रयोग गर्छौं भनी छलफल गर्न लगाउने र चिठी टेलिफोन, मोबाइल जस्ता वस्तु सञ्चारका साधन हुन भनी भन्न लगाउने ।		

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
२	बाल संसार	(क) आदर्श बाल व्यवहार	सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, वैयक्तिक	• विद्यार्थीहरूलाई उनीहरूको घर परिवारमा र विद्यालयमा गरिने आदर्श व्यवहार भन्न लगाउने । जस्तै : माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन । • घरपरिवारमा गरिने आदर्श व्यवहार (माया,	• विद्यार्थीहरूले उनीहरूको घरमा आदर्श व्यवहार गरेको/नगरेको उनीहरूका	३

			जिम्मेवारी बहन सिप ।	सम्मान, सञ्चार, सहयोग, अनुशासन)लाई शिक्षकले कक्षाकोठामा नमूनाको रूपमा गरेर देखाउने । • विद्यार्थीहरूलाई विद्यालयमा अन्य कक्षाका साथीहरूले गरेका आदर्श व्यवहार अवलोकन गर्न लगाउने । • विद्यार्थीहरूलाई आफ्नो स्कूलमा पढ्ने आफूभन्दा सानालाई माया गर्ने र ठूलालाई आदर सत्कार गर्ने कुरा सिकाउने ।	अभिभावकसँग प्रतिक्रिया लिएर । • विद्यालयमा विद्यार्थीहरूले आफ्ना शिक्षक र साथीहरूलाई गरेका आदर्श व्यवहार अवलोकन गरेर ।	
		(ख) बाल खेल	प्रयोग सिप, सिकाइ सिप, सञ्चार सिप, अग्रसरता सिप, सहभागितामूलक सिप	• विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने खेल पहिचान गर्न लगाउने । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने कुनै दुईवटा खेलको अभ्यास गराइ खेल्न सिकाउने । जस्तै : हाँस हिँडाइ, हात्ती दौड, गुच्चा खेल, रबरविन आदि । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने स्वतन्त्र खेल खेल्न प्रोत्साहन गर्ने ।	• स्थानीयस्तरमा खेलिने खेलहरू बारेमा सोधेर । • स्थानीयस्तरका खेल अभ्यास गराउँदा विद्यार्थीले सक्रिय सहभागिता भए नभएको अवलोकन गरेर ।	४
		(ग) बाल साहित्य र सिर्जना	सिर्जनात्मक सिप, सञ्चार सिप, प्रयोग सिप, अन्तर सांस्कृतिक, र बहुसांस्कृतिक	• स्थानीयस्तरमा प्रचलित चित्रकथा अवलोकन र वर्णन गर्न लगाउने । • चित्रकथामा भएका कुराहरू विद्यार्थीलाई एक एक गरेर समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा गाइने गीत, कविता, वाचन गर्न र गाउन लगाउने ।	• चित्रमा दिइएका कुराहरू सोधेर । • चित्रमा गरिएका कार्यहरूको अवलोकन गरी अनुकरण गर्न लगाएर । • स्थानीयस्तरमा गाइने	५

			सिप	• स्थानीयस्तरमा साहित्य र सिर्जनामा अब्बल व्यक्तिलाई स्रोत शिक्षकको रूपमा विद्यालयमा बोलाएर स्थानीय कविता र गीतको नमुना प्रस्तुत गर्न लगाउने । • विद्यार्थीहरूलाई शिक्षकले गीत र कवितामा तालमा ताल मिलाएर आफूसँगसँगै ताली बजाउने अभ्यास गराउने ।	गीत र कविता वाचन गर्न लगाएर । • एक रूपमा ताली बजाउन लगाएर ।	
		(घ) बाल संस्कार	विनम्रता सिप, सञ्चार सिप, प्रयोग सिप, सहभागितामूलक सिप	• स्थानीयस्तरमा गरिने अभिवादनका चित्र अवलोकन गर्न लगाउने । • चित्रमा दिइएका अभिवादनअनुसारका अभ्यास गर्न लगाउने र शिक्षकले पनि सँगसँगै गरेर देखाउने । • विद्यार्थीहरूबीच एक आपसमा नमस्कार गर्न सिकाइ परिचयसहित अभ्यास गराउने । • स्थानीयस्तरमा आफूभन्दा ठूला मानिस र साथीहरूसँग बोल्दा आदरार्थी शब्दहरूको अभ्यास गराउने । • विद्यार्थीहरूलाई घरमा पाहुना आउँदा कसरी अभिवादन गर्नुहुन्छ भनी सोध्ने र कक्षा कोठामा गर्न लगाउने ।	• चित्रमा दिइएका कुराहरू सोधेर । • विद्यार्थीहरूका दैनिक क्रियाकलापको अवलोकन गरेर । • विद्यार्थीहरूका अभिभावकसँग प्रतिक्रिया लिएर ।	२
		(ङ) नेतृत्व विकास	नेतृत्व सिप, सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सहभागितामूलक	• विद्यार्थीलाई समूहमा बस्ने अभ्यास गराउने । • विद्यार्थीहरूलाई समूह कार्यको बारेमा भन्न लगाउने । • विद्यार्थीहरूलाई समूह कार्य गर्न लगाउने (कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई २/२ देखि	• समूह कार्यको बारेमा भन्न लगाउने । • क्रियाकलापअनुसारको बसाइ तथा व्यवहार परिवर्तनको अवलोकन	२

			सिप, वैयक्तिक जिम्मेवारी	४/४ वटा समूहमा विभाजन गर्ने र कक्षाकोठाको सामान्य कामहरू, चार्ट, वाक्यपत्ती, फ्ल्यास कार्डहरू समूह समूहमा बाँडेर मिलाउन लगाउने)।	गर्ने।	

क्र. स.	**क्षेत्र/ एकाइ /थिम**	**विषयवस्तु**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
४ खुसीका लागि मुल्यनिष्ठ शिक्षा	४.१ असल बानी र आचरणको विकास	● आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानीको विवरण	सञ्चार सिप सिकाइ सिप समालोचनात्मक सिप	. विद्यार्थीलाई उनीहरूको घरका सदस्यहरूको नाम र नाता सम्बन्ध भन्न लगाउने। . घरपरिवारका सदस्यमध्ये कसको कुन बानी बढी मन पर्छ र बढी मन पराउनुको कारण के हो भनेर सोध्ने। . विद्यार्थीहरूले भनेका मन पर्ने आनीबानी र मन नपर्ने आनीबानीको सूची बनाउने। . मन पर्ने र मन नपर्ने कुराहरू सबैलाई आनीबानी भनिन्छ भनेर चित्र तथा भिडियो क्लिपहरू देखाएर प्रष्ट पार्ने। . यस क्रममा विद्यार्थीहरूले भनेका कुराहरूलाई समेत ध्यान दिएर सुन्ने।	. परिवारका सदस्यहरूको नाम र नातासम्बन्ध सोधेर। . परिवारका मानिसहरूका मन पर्ने आनीबानी सोधेर। . चित्र र भिडियो देखाउदै उनीहरूले देखेको कुरा सोधेर।	२
		● आफूलाई मन पर्ने साथीहरूमा	सञ्चार सिप सिकाइ सिप	. सबै विद्यार्थीहरूलाई आफूलाई मन पर्ने एक एक जना साथीको नाम सम्झन लगाउने। . सबैलाई पालैपालो मन परेको साथीको नाम भन्न लगाउने। . ती साथी मन पर्नुको कारण के हो भनेर विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउने।	. मन पर्ने साथीको नाम भन्न लगाएर। . मन पर्नुको कारण सोधेर। . अरूलाई मन पर्ने हुनका लागि के के गर्नु	२

		भएका स्वभाव हरूको विवरण		. अरूलाई मन पर्ने आनीबानी भएका मानिसहरूलाई असल मानिस भन्छन् भन्ने कुरा गर्दै त्यससँग सम्बन्धित व्यक्तिका जीवनी, कथा, चित्र र भिडियो प्रदर्शन गर्ने ।	पर्दोरहेछ भन्ने कुरा सोधेर ।	
		● असल एवं मन पर्ने मानिस का बानी व्यवहार हरू र तिनला ई सम्झने अभ्यास	सञ्चार सिप सिकाइ सिप	. कस्तो आनीबानी भएको मानिसलाई असल भनिन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने । . विद्यार्थीहरूले भनेका आधारमा असल मानिससँग भएका आनीबानी र स्वभावको सूची बनाउने । . कुनै असल मानिस/साथी सम्झिन लगाउने र उसमा भएका असल बानी भन्न लगाउने । . विद्यार्थीहरूलाई असल मानिस वा साथीमा भएका जस्तै आनीबानीलाई अपनाउन प्रेरित गर्ने । यसका लागि चित्र, कथा, भिडियो र जीवनीको प्रयोग गर्ने ।	. कस्तो वानी भएको मानिसलाई असल भनिन्छ भन्ने सोधेर । . आफूसँग भएका असल बानीहरू भन्न लगाएर । . चित्र र चलचित्र देखाउदै त्यसमा भएका राम्रा बानीहरू भन्न लगाएर ।	२
		● असल एवं मन पर्ने मानिस हरूका बानी व्यवहार लाई प्रयोग गर्ने	सञ्चार सिप सिकाइ सीप प्रयोग सीप	. विद्यार्थीहरूले दिएको जबाफको आधारमा असल एवं मन पर्ने मानिसहरूका आनीबानीको सूची बनाउन बनाउने । . विद्यार्थीहरूको सक्रिय सहभागिताका आधारमा असल आनीबानीले हुने फाइदाहरूको चर्चा गर्ने । . विद्यार्थीहरूलाई कुन कुन असल बानी गरिरहेका छौँ र बाँकी कुन कुन बानी आजदेखि गर्ने भनेर विद्यार्थीहरूबाट प्रतिबद्धता पनि लिने । . उनीहरूको आनी बानीको बारेमा अभिभावकसँग समेत भलाकुसारी गर्ने ।	. असल आनीबानी भन्न लगाएर । . अचेल अपनाएका असल बानीहरू भन्न लगाएर । . अभिभावकसँग विद्यार्थीहरूको आनीबानीको बारेमा सोधेर ।	२

		अभ्यास				
	४.२. स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको सम्मान	● स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास	सञ्चार सीप सिकाइ सीप प्रयोग सीप प्रस्तुति सीप	. विद्यार्थीहरूलाई आफूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने । . विद्यार्थीहरूले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने । . मोबाइल, टिभी, साउन्ड सिस्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत र सङ्गीत बजाउने । . विद्यार्थीहरूलाई बजाइएका गीत र सङगीतहरू ध्यान दिएर सुन्नका लागि अनुरोध गर्ने । . उनीहरूलाई जबाफ दिएको आधारमा मन परेको गीत र सङ्गीतलाई दोहोऱ्याएर सुनाउने । . विद्यार्थीहरूलाई उनीहरूले मन पराएको गीत र सङ्गीतमा नृत्य गर्नका लागि प्रेरित गर्ने ।	. जानेका वा मन पराएका गीतहरू भन्न लगाएर । . मन पराउने गीत गाउन लगाएर । . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर । . उनीहरूले गरेका क्रियाकलापको अवलोकन गरेर ।	२
		● घरपरिवार र छरछिमेकमामा मनाइने मन पर्ने उत्सव र चाडपर्व	सञ्चार सीप सहयोगी सीप	. घरपरिवारमा मनाइने उत्सव र चाडपर्वको नाम भन्न लगाउने । . घरपरिवार र छरछिमेकमा मनाइने महोत्सव तथा चाडर्वमा गर्ने क्रियाकलापको बारेमा भन्न लगाउने । . त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने क्रियाकलापमध्ये मन पर्ने क्रियाकलापको नाम भन्न लागाउने । . त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने आफूलाई मन पर्ने क्रियाकलापको कारण भन्न लगाउने ।	. घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वको नाम सोधेर । . त्यस्ता उत्सव र चाडपर्वमा हुने मन पर्ने क्रियाकलाप सोधेर । . त्यस्ता क्रियाकलाप	२

		लाई सम्झने र व्याख्या गर्ने बानीको अभ्यास			मन पर्नुका कारण भन्न लगाएर ।	
	४.३. सकारात्मक सोचको विकास	● घरपरिवार र छरछिमेकमा रहेका आफूलाई मन पर्ने वस्तु र व्यक्तिहरूको बखान	सञ्चार सीप छनोट सीप	. विद्यार्थीहरूलाई उनीहरूको घर र छरछिमेकमा रहेका उनीहरूलाई मन पर्ने वस्तु तथा व्यक्तिको नाम भन्न लगाउने । . विद्यार्थीहरूलाई उनीहरूले मन पराएका व्यक्ति र वस्तुको बारेमा मन पराउनुको कारण भन्न लगाउने । . उनीहरूले भनेका मन पराउनुका कारणलाई टिपोट गरेर दोहोऱ्याउने ।	. घर र छरछिमेकमा रहेका मन पर्ने वस्तु र व्यक्तिको नाम भन्न लगाएर । . ती व्यक्ति र वस्तु मन पराउनुको कारण भन्न लगाएर ।	२
		● मन पर्ने कुराहरू सम्झिएर/जीवनमा लागू गरेर/अ	सञ्चार सिप, छनोट सिप, स्वव्यवस्थापन सिप,	. विद्यार्थीहरूलाई मन पर्ने व्यक्तिका राम्रा कुराहरू भन्न लगाउने । . विद्यार्थीहरूलाई उनीहरूले मन पराएका कुराहरू जीवनमा तपाईंले प्रयोग गर्न सक्नुहुन्छ कि सक्नुहुन्न भनेर सोधपुछ र छलफल गर्ने । . अरूका मन पर्ने कुराहरू सम्झिदा खुसी हुन्छ कि पीडा हुन्छ भनेर छलफल गर्ने ।	. मन पर्ने व्यक्तिका राम्रा कुराहरू भन्न लगाएर । . मन परेका अरूका कुन कुराहरू आफ्नो जीवनमा प्रयोग गर्न सक्ने नसक्ने बारेमा	२

		रूबाट सिक्दै खुशी हुने बानीको अभ्यास	प्रयोग सिप	. खुशी हुँदै अरूका मन पर्ने कुराहरू आफूले पनि प्रयोग गरेर आफू स्वयं र अरूलाई समेत खुसी बनाउन प्रयत्न गर्ने ।	सोधेर । . अरूका मन पराइएका स्वभावहरू प्रयोग गरे नगरेको अनुगमन गरेर ।	
	४.४. पूर्वीय दर्शन, श्रमप्रतिको सम्मान र सामाजिक सद्भाव	● योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, शशांकासन आदि) को अभ्यास	सञ्चार सिप, प्रयोग सिप, प्रदर्शन सिप,	. विद्यार्थीहरूलाई सास लिने र फ्याक्ने (भस्त्रिका प्राणायम), प्रणव ध्यान र शशांकासन सिकाउनका लागि शिक्षक आफैले एक पटक सबैको सामु गरेर देखाउने । . तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न प्रेरित गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायम तथा आसनको नाम र महत्वको बारेमा भन्ने ।	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर । . अभ्यास गरिएका ध्यान, प्रणायाम तथा आसनको नाम र महत्व भन्न लगाएर ।	२
		● उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने	सञ्चार सिप, विश्लेषण सिप, तार्किक सिप, प्रयोग सिप,	. विद्यार्थीहरूलाई हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूको नाम भन्न लगाउने । . ती वस्तुको निर्माण कसले गरेको हो भन्दै उत्पादनलाई श्रमसँग जोड्ने । . कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने वस्तुहरू हामीले खान तथा प्रयोग गर्न नपाउने कुरालाई छलफलमा ल्याउने । . छलफललाई जीवन्त बनाउन आवश्यकतानुसार कथा,	. हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुका नाम भन्न लगाएर । . यी वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . श्रमलाई सम्मान गर्नु पर्ने कारण सोधेर ।	२

		प्रवृत्तिको चर्चा र अभ्यास	स्वीकार्य सिप	चित्र र भिडियो क्लिपको प्रयोग तथा प्रदर्शन गर्ने । . हामी जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुँदा त्यस्तो श्रमलाई सम्मान गर्नुपर्ने कुरालाई छलफलमा ल्याउने ।		
		● घरपरिवारका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहानुभूति र सहयोग गर्ने बानीको बखान र अभ्यास	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सीप, समानुभूति सीप	. विद्यार्थीहरूले घरपरिवार र अन्यत्र देखेका जेष्ठ नागरिक तथा अन्य समस्यामा परेका मानिसहरूको बारेमा सोधपुछ गर्ने । . ती जेष्ठ नागरिक र अशक्त मानिसका के के समस्याहरू हुन्छन् भनेर छलफल गर्ने । . हामी पनि त्यो अवस्थामा हुन सक्छौँ कि सक्दैनौँ भनेर पनि सोधपुछ गर्ने । . हामीले सहयोग गर्‍यौँ भने भोलि हामीलाई पनि समस्या पर्दा अरूले सहयोग गर्छन् भन्ने कुरालाई पनि छलफलमा ल्याउने । . आफ्नो घर वा छरछिमेकमा भएका जेष्ठ नागरिक र अशक्तलाई सक्दो सहयोग गरेर त्यसको बारेमा भन्ने भनी परियोजना कार्य दिने । . श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोत सामग्री/व्यक्तिको रूपमा उपयोग गर्ने ।	. उनीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . उनीहरूले जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई गरेको सहयोग बारे भन्न लगाएर ।	२

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
१	हाम्रो	१. सम्पदाको पहिचान	अवलोकन	● छुट्टीको बेलामा अभिभावकसँग घुम्न	● वीरेन्द्रनगरका कुनै तीनवटा	४

	सम्पदा	• हाम्रा घुम्न जाने ठाउँहरू (बुलबुले पार्क, सहिद पार्क, काँक्रेबिहार, घण्टाघर, रेडियो नेपाल)	सिप सञ्चार सिप सिकाइ सिप	जाने ठाउँहरूको नाम सोध्ने र तिनीहरूको नाम लेख्न लगाउने । • स्थानीयस्तरमा रहेका अवलोकनीय स्थलको क्षेत्र भ्रमण गराउने र देखेका कुराहरू भन्न लगाउने । • चित्रमा विभिन्न पर्यटकीय क्षेत्र देखाइ त्यसको नाम रहेको ठाउँ त्यहाँ भएका कुराहरू भन्न लगाउने र छुटेका कुरा बताइदिने ।	मुख्य पर्यटकीय क्षेत्रको नाम सोधेर । • पर्यटीय क्षेत्रको विशेषता भन्न लगाएर ।	
२		२.हाम्रो सम्पदाको परिचय: सुर्खेत उपत्यका र वीरेन्द्रनगर बजार	अवलोकन सिप सञ्चार सिप सिकाइ सिप	• सुर्खेत उपत्यकाको चित्र देखाइ काँक्रेबिहार, राजमार्ग, विमानस्थल बजार र रेडियो नेपाल चिन्न लगाउने । • वीरेन्द्रनगर बजारको चित्र देखाइ यसको अन्य पर्यटकीय क्षेत्रसँग भएको फरक भन्न लगाउने ।	• पहिले र अहिलेको सुर्खेत उपत्यकाको फरक भन्न लगाएर । • वीरेन्द्रनगर बजार र अन्य पर्यटकीय क्षेत्रसँगको भिन्नता भन्न लगाएर ।	४
३		३ वीरेन्द्रनगरभित्र स्थानीय बोलिने भाषा : • खस, थारू, मगर, खाम्पा, राजी	प्रयोग सिप सञ्चार सिप सिकाइ सिप	• वीरेन्द्रनगरका विभिन्न मौलिक पोशाक लगाएका जातजातिका भाषामा बोलिएका अडियो भिडियोमार्फत सुनाउने । • आफ्ना कक्षामा भएका विभिन्न जातजातिका साथीहरूको घरमा बोलिने भाषा सोधेर एक अर्काको	• समुदायमा बोलिने भाषाहरू सोधेर । • विभिन्न भाषामा रेकर्ड गरिएको अडियो सुनाइ भाषा चिन्न लगाएर ।	५

				भाषाको नाम भन्न लगाउने ।		
४		४. वीरेन्द्रनगरका लोकबाजाहरू : मादल, बाँसुरी, पञ्चे बाजा, सारङ्गी, मुजुरा/मन्जिरा खैँजडी, कठताल, चाँप ।	प्रयोग सिप सञ्चार सिप सिकाइ सिप	• विभिन्न लोक बाजाको चित्र तथा भिडियो देखाइ बाजाहरूको नाम भन्न लगाउने । • विभिन्न लोक बाजाको प्रयोगबारे भन्न लगाउने र बजाएर देखाउने तथा बजाउन लगाउने ।	• विभिन्न लोकबाजाको चित्र देखाइ नाम भन्न लगाएर । • बाजाको अडियो सुनाएर स्वर चिन्न लगाएर ।	३
५		५. वीरेन्द्रनगरका चाडपर्व : • दसैँ, तिहार, माघी/माघे सङ्क्रान्ति, तीज, अट्वारी, ल्होसार, रमादान ।	सम्मान सिप सञ्चार सिप सिकाइ सिप	• समुदायमा मनाइने विभिन्न जातजातिका बालबालिकालाई आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने । • बालबालिकाबीच एकले अर्काको चाडपर्वको नाम दोहोऱ्याउन लगाउने । • बालबालिकाले मनाउने चाडपर्वमा गरिने मुख्य कामको बारेमा छलफल गराउने ।	• समुदायमा मनाइने विभिन्न चाडपर्व बारे सोधेर । • बालबालिकाले मनाउने चाडपर्वको मुख्य क्रियाकलाप भन्न लगाएर ।	५
		६ स्थानीय चुल्हो र भाँडाकुँडाको पहिचान : • अँगेनो, थारू चुल्हो, भट्टि चुल्हो सुधारिएको र ग्यास चुलो । • ताउलो, पनियो,	-प्रयोग सिप सञ्चार सिप सिकाइ सिप स्वव्यवस्था	• सुधारिएको चुल्हो तथा ग्यास चुलोको चित्र देखाई नाम भन्न लगाउने । ककसको घरमा त्यस्ता चुलो छन् भन्न र लेख्न लगाउने । • आ-आफना भान्सामा भएका चुलोको चित्र बनाउन लगाउने र ती चुलोको नाम बताइदिने ।	• समुदायमा प्रयोग गरिने विभिन्न चुलोको नाम भन्न लगाएर । • विभिन्न चुलोको चित्र देखाइ चिन्न लगाएर । • परम्परागत विभिन्न	४

		डाडु, कराइ, ताप्के, कसौडी, करुवा, गाग्री, हत्तर, कुँडे, ठेकी, मदानी ।	पन सिप	• विभिन्न परम्परागत भाँडाकुँडा वा तिनीहरूको चित्र अवलोकन गर्न लगाइ ती भाँडाकुँडाको नाम तथा काम सोध्ने र बताइदिने । • आआफ्ना भान्सामा भएका भाँडाकुँडाका नाम भन्न लगाउने ।	भाँडाकुँडाका नाम र कामको बीच जोडा मिलाउन लगाएर ।	

क्र.स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ घरपालुवा जनावर** • घर तथा स्थानीयस्तरमा पालिने घरपालुवा जनावर	सञ्चार सिप	. विद्यार्थीहरूलाई घरमा पालिएका जनावरहरूको नाम भन्न लगाउने । . घरमा पालिएका बाहेक स्थानीयस्तरमा पालिएका जनावहरू भन्न लगाउने . स्थानीयस्तरमा पालन गरिएका (विभिन्न प्रयोजनले) जनावहरूको अवलोकन गराउने । . चित्रको माध्यमबाट स्थानीयस्तरमा पालन गरिएका जनावरहरूको परिचय गराउने ।	. घरमा पालन गरेका जनावरहरूको नाम सोधेर । . स्थानीयस्तरमा पालन गरिएका जनावरहरूको नाम भन्न लगाएर ।	२
		४.२ हाम्रा वरपरका बिरूवा . घर तथा विद्यालयको बालबगैंचामा भएका बिरूवाहरूको	सञ्चार सिप सिकाइ सिप	. घर वरपर भएका, घरको बगैँचामा भएका बिरूवाको नाम भन्न लगाउने । . विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरुवाको अवलोकन गराइ तिनीहरूको नाम पहिचान गर्न लगाउने ।	. घरमा भएका बिरूवाहरूको नाम भन्न लगाएर । . विद्यालयको बँगैचा तथा विद्यालय वरपर भएका बिरूवाको नाम पहिचान गर्न लगाएर ।	४

		नाम र चिनारी . स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको नाम		. घर वरपर समुदायस्तरमा भएका बिरुवाको अवलोकन गरी तिनीहरूको नाम पहिचान गर्न लगाउने । . शिक्षकले आफ्नो घर वरपर, विद्यालय वरपर भएका बिरूवाको चित्र देखाइ तिनीहरूको पहिचान गर्न लगाउने ।	. आफ्नो घर वरपर भएका बिरूवाको नाम भन्न लगाएर ।	
		४.३ वृक्षारोपण र बोटबिरूवाको संरक्षण • घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग • घर तथा विद्यालयमा भएका बोटबिरूवाको सरक्षणमा सहयोग • फूलबारी तथा बोटबिरुवाको हेरचाह	सहयोग सिप सञ्चार सिप सिकाइ सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. घरको बगैँचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरूले सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने । . घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने । . विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने (बेर्नाहरू वृक्षारोपण गर्ने ठाउँमा पुऱ्याउने, पानी सिँचाइ गर्ने आदि) । . घर तथा विद्यालयमा भएका बोटबिरूवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।	. वृक्षारोपणसम्बन्धी अनुभव भन्न लगाएर । . वृक्षारोपणमा सहयोग गरेको अवलोकन गरेर । . विद्यालयमा बिरुवाहरूको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।	५
		४.४ पानी . स्थानीय क्षेत्रमा भएका जलस्रोतको	सञ्चार सिप	. आफ्नो घर वरपर भएका जलस्रोत पहिचान गर्न लगाउने । . चित्रको माध्यमबाट आफ्नो वरपर भएका जलस्रोतको जानकारी दिने ।	. स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम भन्न लगाएर ।	२

		नाम		. समुदायस्तरमा भएका जलस्रोतको अवलोकन गराइ पहिचान गर्न लगाउने । . पानीका प्राकृतिक स्रोतको समेत जानकारी गराउने (कुवाको पानी, मूलको पानी, वर्षाको पानी आदि) ।		
		४.५ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाई . फोहोरमैलाको पहिचान	प्रयोग सिप सिकाइ सिप सञ्चार सिप सहकार्य सिप सहयोग सिप स्व व्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. कक्षाकोठामा विद्यार्थीहरूलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने । . विद्यार्थीहरू मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरूलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरू सुनाउन लगाउने । . व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरूको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि । . व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई ती कार्यमा सरिक गराउने । जस्तै : साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि । . स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने	. व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर । . घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर। . घर, विद्यालय वरपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नोत्तर गरेर ।	७

				। . घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा भन्ने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने । . विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने । . घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने । . कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराइ फोहोरमैलाको पहिचान गर्न लगाउने ।		

दिगो विकास, वातावरण र संरक्षण

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ घरपालुवा जनावर** • घर तथा स्थानीयस्तरमा	सञ्चार सिप	. विद्यार्थीहरूलाई घरमा पालिएका जनावरहरूको नाम भन्न लगाउने । . घरमा पालिएका बाहेक अन्य स्थानीयस्तरमा पालिएका जनावहरू	. घरमा पालन गरेका जनावरहरूको नाम सोधेर । . स्थानीयस्तरमा	२

		पालिने घरपालुवा जनावरहरू		भन्न लगाउने । . स्थानीयस्तरमा (विभिन्न प्रयोजनले पालन गरिएका) पालन गरिएका जनावहरूको अवलोकन गराउने । . चित्रको माध्यमबाट स्थानीयस्तरमा पालन गरिएका जनावरहरूको परिचय गराउने ।	पालन गरिएका जनावरहरूको नाम भन्न लगाएर ।	
		४.२ हाम्रा वरपरका बिरुवा . घर तथा विद्यालयको बालबगैँचामा भएका बिरूवाको नाम र चिनारी . स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको नाम	सञ्चार सिप सिकाइ सिप	. घर वरपर भएका, घरको बगैँचामा भएका बिरूवाको नाम भन्न लगाउने । . विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरुवाहरूको अवलोकन गराइ तिनीहरूको नाम पहिचान गर्न लगाउने । . घर वरपर समुदायस्तरमा भएका बिरुवाको अवलोकन गरी तिनीहरूको नाम पहिचान गर्न लगाउने । . शिक्षकले आफ्नो घर वरपर, विद्यालय वरपर भएका बिरुवाको चित्र देखाइ तिनीहरूको पहिचान गर्न लगाउने ।	. घरमा भएका बिरूवाको नाम भन्न लगाएर । . विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरूवाको नाम पहिचान गर्न लगाएर । . आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर ।	४
		४.३ वृक्षरोपण र बोटबिरूवाको संरक्षण . घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा	● सहयोग सिप ● सञ्चार सिप ● सिकाइ सिप ● वातावरणप्रतिको सजगता र सम्मान सिप	. घरको बँगैचा वा खेतबारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरूलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने । . घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने ।	. वृक्षारोपणसम्बन्धी अनुभव भन्न लगाएर । . वृक्षारोपणमा सहयोग गरेको अवलोकन गरेर । . विद्यालयमा	५

		सहयोग • घर तथा विद्यालयमा भएका बोटबिरूवाको संरक्षणमा सहयोग • फूलबारी तथा बोटबिरुवाको हेरचाह	● वैयक्तिक जिम्मेवारी सिप	. विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने (बेर्नाहरू वृक्षारोपण गर्ने ठाउँमा पुऱ्याउने, सिँचाइ गर्ने आदि) । . घर तथा विद्यालयमा भएका बोटबिरूवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।	बिरूवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।	
		४.४ पानी . स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम	सञ्चार सिप	. आफ्नो घर वरपर भएका जलस्रोत पहिचान गर्न लगाउने । . चित्रको माध्यमबाट आफ्नो वरपर भएका जलस्रोतको जानकारी दिने । . समुदायस्तरमा भएका जलस्रोतको अवलोकन गराई पहिचान गर्न लगाउने । . पानीका प्राकृतिक स्रोतहरूको समेत जानकारी गराउने (कुवाको पानी, मूलको पानी, वर्षाको पानी आदि) ।	. स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम भन्न लगाएर ।	२
		४.५ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन . व्यक्तिगत, घर, आँगन, विद्यालय,	● प्रयोग सिप सिकाइ सिप सञ्चार सिप सहकार्य सिप सहयोग सिप स्वव्यवस्थापन सिप वातावरणप्रतिको	. कक्षाकोठामा विद्यार्थीहरूलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने । . विद्यार्थीहरू मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरूलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन	. व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर । . घर तथा विद्यालय वरिपरिको वातावरण सफा	७

		वरिपरिको वातावरणको सरसफाइ . फोहोरमैलाको पहिचान	सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	गरेका तरिका सुनाउन लगाउने । . व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरूको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि । . व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यको प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई ती कार्यमा सरिक गराउने । जस्तै : साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि । . स्वास्थ्यको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने । . घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा भन्ने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने । . विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने । . घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने ।	राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर । . घर, विद्यालय वरिपरि हुने फोहोरमैलाको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नोत्तर गरेर ।	

				. कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाको अवलोकन गराइ फोहोरमैलाको पहिचान गर्न लगाउने ।		

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहारकुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
१	स्थानीय पेसा व्यवसाय र प्रविधि	१.१ स्थानीय अन्नबाली तरकारी र फलफूल खेती • घर तथा स्थानीय स्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको पहिचान	सञ्चार सिप सिकाइ सिप, प्रयोग सिप,	. विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली, तरकारी र फलफूलका नाम भन्न लगाउने । . स्थानीयस्तरमा गरिने अन्नबाली, तरकारी र फलफूलको उत्साहजनक तवरले नाम भन्न लगाउने । . स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको अवलोकन गराउने । . चित्रको माध्यमबाट स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीका सम्बन्धमा छलफल गराउने ।	. घरमा गरेका अन्नबाली तरकारी र फलफूलका नाम सोधेर । . स्थानीयस्तरमा गरिएका अन्नबाली, तरकारी र फलफूलको नाम भन्न लगाएर ।	५
		१.२ स्थानीय पेसा र व्यवसाय . घर तथा स्थानीय स्तरमा भएका पेसाको चिनारी . स्थानीयस्तरमा	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप,	. घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायको नाम भन्न लगाउने । . घर र स्थानीय स्तरमा भएका, पेसा र व्यवसायका नाम पहिचान गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका नाम पहिचान गर्न	. घरमा भएका पेसा र व्यवसायको नाम भन्न लगाएर । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायलाई चित्रमा पहिचान गर्न लगाएर ।	५

		भएका पेसाको नाम		लगाउने । . शिक्षकले घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायको चित्र देखाइ तिनीहरूको पहिचान गर्न लगाउने ।	. स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका नाम भन्न लगाएर ।	
		१.३ स्थानीय परम्परागत र आधुनिक प्रविधि • घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको पहिचान	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम भन्न लगाउने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम भन्न लगाउने । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको पहिचान र अवलोकन गर्न लगाउने ।	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम सोधेर । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम सोधेर । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको पहिचानको अवलोकन गर्न लगाएर ।	५

क्षेत्र	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घण्टा**
विपत् व्यवस्थापन	**प्रकोपको पहिचान** सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबान (	- सिकाइ सिप - सञ्चार सिप	• चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रकोपको पहिचान गर्न लगाउने । • चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने ।	प्रकोपको चित्र र नामको जोडा मिलाउन	३

	इनार, पानी ट्याङ्की, सेप्टी ट्याङ्की, गोबरग्यास, नाला) र भिरबाट लड्ने जस्ता प्रकोपको पहिचान		• आफ्नो वरिपरि हुनसक्ने विभिन्न प्रकोपको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने । • शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र छलफल गराइ प्रकोपको परिचय दिने ।	लगाएर ।	
विपत् व्यवस्थापन	**हाम्रो सुरक्षित बाटोघाटो** • विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान (ढुङ्गा खस्ने, खोलाले बगाउने, बाटो काट्दा हुनसक्ने सडक दुर्घटना आदि) • विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिमबाट सावधानी	• सिकाइ सिप • सञ्चार सिप • स्वव्यवस्थापन सिप	• विभिन्न जोखिमलाई चित्रको माध्यमबाट देखाउने र तिनीहरू के हुन् भन्न लगाउने । • जोखिमयुक्त स्थानको अवलोकन गराउने र ती स्थान किन जोखिमयुक्त भए भन्ने छलफल गराउने • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने के गर्छौं भनी विद्यार्थीबीच छलफल गराउने । • चित्र, श्रव्यदृश्य सामग्री एवं कथाको माध्यमबाट ती घटनाबाट सुरक्षित रहने उपाय भन्ने ।	चित्रको माध्यमबाट जोखिम पहिचान गराइ ती जोखिमबाट बच्ने उपाय भन्न लगाएर ।	४
विपत् व्यवस्थापन	**विपत्बाट सुरक्षा** - कक्षाकोठा, विद्यालय, घर तथा बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबानबाट बच्ने उपाय - कृत्रिम घटना अभ्यास	- सिकाइ सिप - सञ्चार सिप - स्वव्यवस्थापन सिप	• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपत्को चिनारी गराउने । • ती विपत्बाट हुने असरको बारेमा कथा सुनाउने वा छलफल गराउने । • ती विपत् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी छलफल गराउने ।	कृत्रिम घटना अभ्यास गराइ रुजुसूची भरेर	५

	(Simulation)		• शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपत्बाट बच्ने उपाय भन्ने । • ती विपत्बाट बच्नका लागि कृत्रिम घटना अभ्यास गराउने । *(कुनै एउटा विपत्को परिचय, पूर्वतयारी र सोबाट बच्ने उपायको बारेमा माथिको प्रक्रिया सकेपछि अर्कोमा जाने)*		

विषय विस्तृतीकरण कक्षा :२

क्षेत्र	क्षेत्र र एकाइ	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण कार्यकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घण्टा
हाम्रो वीरेन्द्रनगर	१.१ भौगोलिक अवस्था	• सुर्खेत जिल्लाको नक्सामा वीरेन्द्रनगर • वीरेन्द्रनगर नगरपालिकाको अवस्थिति • जाडो र गर्मी मौसम • चित्र अध्ययन		• सुर्खेत जिल्लाको नक्सा देखाउँदै वीरेन्द्रनगर नपा छुट्याउन लगाउने । • वीरेन्द्रनगर नगरपालिकाको चित्र देखाएर समूहमा छलफल गराइ यसको अवस्थिति वर्णन गर्न लगाउने । • चित्र हेरी जाडो र गर्मी महिनामा हुने फरक पालैपालो भन्न लगाउने । • समूहमा विभाजन गरी जाडो र गर्मी महिना छुट्याउन लगाउने र पालैपालो भन्न लगाउने ।	• सुर्खेत जिल्लाको नक्सामा वीरेन्द्रनगर छुट्याउन लगाएर । • वीरेन्द्रनगर नगरपालिकाको चित्र देखाइ अवस्थिति भन्न लगाएर । •जाडो र गर्मी महिनामा के कति भिन्नता हुन्छ भनी भन्न लगाएर ।	४
	१.२ स्थानीय सरकार	• वडा समितिको चित्र • वडा प्रतिनिधि • वडामा सञ्चालन भएका विकासका कार्यहरू	नेतृत्व क्षमता विकास सिप	• वडा समितिको चित्र देखाइ वडा समितिका सदस्यहरूको पदीय तथा लैङ्गिक अवस्था भन्न लगाउने । • आफू बसेको वडामा भएका विकास निर्माणका कामहरू के के छन् भनी सोध्ने र चित्र हेरी भन्न लगाउने ।	• वडा समितिको चित्र पहिचान गर्न लगाएर । • वडामा कति जना सदस्य हुन्छन् भनी भन्न लगाएर । • वडा सदस्यहरूको महिला पुरुष कति कति छन् भनी सोधेर । • आफू बसेको वडामा विकासका कुन कुन कार्य	४

					भएका छन् भनी भन्न लगाएर ।	
	१.३ स्थानीय विकासका पूर्वावाधार	• वडागत शिक्षण संस्थाका चित्रहरू • खाने जलस्रोतको चित्र • विद्युत • यातायात • सञ्चार	सञ्चारात्मक सिप	• विभिन्न शिक्षण संस्थाहरूको चित्र देखाइ विद्यालय तथा विश्वविद्यालय छुट्याउन लगाउने । • हामीले प्रयोग गर्ने खानेपानी कुन स्रोतबाट प्राप्त हुन्छ भनी सोध्ने र सबैका जबाफ टिप्दै जाने । अन्तिममा शिक्षकले सूची प्रस्तुत गरिदिने । • तपाई साँझ परेपछि उज्यालोका लागि कुन चिज प्रयोग गर्नुहुन्छ भनी सोध्ने र उत्तर टिप्दै जाने । प्राप्त स्रोतमध्ये कतिका घरमा बिजुली छ भनी विद्यार्थीलाई नै भन्न लगाउने । • आफू बसेको समुदायमा यातायातका कुन कुन साधन चल्ने गरेका छन् भनी सोधेर पालै पालो भन्न लगाउने । • तपाईंले कसैलाई खबर गर्नु पऱ्यो भने कुन साधनको प्रयोग गर्नुहुन्छ भनी सोध्ने र समूहमा छलफल गरी पालैपालो भन्न लगाउने ।	• आफू बस्ने वडामा भएका विभिन्न शिक्षण संस्थाहरूको नाम भन्न लगाएर । • जलस्रोत भन्न लगाएर • आफ्नो समुदायमा कतिका घरमा बिजुली बत्ती पुगेको छ वा छैन भन्न लगाएर । • आफू बसेको समुदायमा कुन कुन यातायातका साधन चल्छन् भनी भन्न लगाएर । • आफ्नो घरमा सञ्चारका कुन कुन साधन प्रयोग हुने गरेको छ भनी भन्न लगाएर ।	५

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
७	बाल संसार	(क) आदर्श बाल व्यवहार	सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, वैयक्तिक जिम्मेवारी	• घर परिवार समुदाय र विद्यालयमा गरिने आदर्श व्यवहार भन्न लगाउने । जस्तै : माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता र स्वव्यवस्थापन। • आदर्श व्यवहार बताइ सकेपछि घरपरिवारमा गरिने आदर्श व्यवहार (माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता र स्वव्यवस्थापन) जस्ता व्यवहारलाई शिक्षकले कक्षाकोठामा नमुनाको रूपमा प्रस्तुत गरेर देखाउने । • शिक्षकहरूलाई गरेका आदर्श व्यवहार अवलोकन गर्न लगाउने । • आफ्नो विद्यालयमा पढ्ने र समुदायका आफूभन्दा सानालाई माया गर्ने तथा ठूलालाई आदर सत्कार गर्ने कुरा सिकाउने ।	• विद्यार्थीहरूले उनीहरूको घरमा आदर्श व्यवहार गरेको/नगरेको, उनीहरूका अभिभावकसँग प्रतिक्रिया लिएर । • विद्यालयमा विद्यार्थीहरूले आफ्ना शिक्षक र साथीहरूलाई गरेका आदर्श व्यवहार अवलोकन गरेर ।	३
		(ख) बाल खेल	प्रयोग सिप सिकाइ सिप, सञ्चार सिप, अग्रसरता सिप, सहभागितामूलक सिप ।	• विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने खेल पहिचान गर्न लगाउने । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने कुनै तीनवटा खेलको अभ्यास गराइ खेल्न सिकाउने जस्तै : हाँस हिँडाइ, हात्ती दौड, गुच्चा खेल, रबरविन, चम्चा दौड आदि । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा खेलिने स्वतन्त्र	• स्थानीयस्तरमा खेलिने खेल के-के हुन भनी सोधेर । • स्थानीयस्तरका खेल अभ्यास गराउँदा विद्यार्थीले सक्रिय सहभागिता भए	४

				खेल खेल्न प्रोत्साहन गर्ने ।	नभएको अवलोकन गरेर ।	
		(ग) बाल साहित्य र सिर्जना	सिर्जनात्मक सीप, सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, सम्मान र अन्तरसांस्कृतिक, बहुसांस्कृतिक सिप	• स्थानीयस्तरमा प्रचलित चित्रकथा अवलोकन र वर्णन गर्न लगाउने । विद्यार्थीलाई चित्रमा के-के देख्यौ भनेर सोध्ने । • चित्र कथामा भएका कुराहरू विद्यार्थीलाई एक एक गरेर समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा के-कस्ता गीत, कविता, वाचन गरिन्छ सोध्ने र गाउन अभ्यास गराउने । • स्थानीयस्तरमा साहित्य तथा सिर्जनामा अब्बल व्यक्तिलाई स्रोत शिक्षकको रूपमा विद्यालयमा बोलाएर स्थानीय कविता र गीतका नमुना प्रस्तुत गर्न लगाउने । • विद्यार्थीहरूलाई शिक्षकले गीत र कवितामा तालमा ताल मिलाएर आफूसँगसँगै ताली बजाउने अभ्यास गराउने । स्थानीयस्तर झल्काउने चित्रकथाको वर्णन गर्न लगाउने ।	• चित्रमा गरिएका कार्यहरूको अवलोकन गरी अनुकरण गर्न लगाएर । • स्थानीयस्तरमा गाइने गीत र कविता वाचन गर्न लगाएर । • एक रूपमा ताली बजाउन लगाएर ।	५
		(घ) बाल संस्कार	विनम्रता सिप, सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सहभागितामूलक सिप, वैयक्तिक	• विद्यालय र घरमा मान्यजन तथा आफूभन्दा सानालाई आ-आफ्नो मातृभाषामा गरिने अभिवादन गर्न सिकाइ विद्यार्थीहरूबीच एक आपसमा परिचय गर्न लगाउने । • विद्यार्थीहरूलाई आफूभन्दा ठूलो कक्षाका दाजुदिदीलाई तपाईं हजुर भनी सम्बोधन गर्न	• चित्रमा दिइएका कुराहरू सोधेर । • विद्यार्थीहरूका दैनिक क्रियाकलापको अवलोकन गरेर । • विद्यार्थीहरूको	२

			जिम्मेवारी ।	अभ्यास गराउने । • आफूभन्दा सानो कक्षाका विद्यार्थीहरूलाई पनि तिमी, तपाईं जस्ता आदरार्थी शब्द प्रयोग गर्न सिकाउने । • साथीहरू र शिक्षकहरूबीच नम्र र शिष्ट व्यवहार देखाउन अभिनय गरेर देखाउने र त्यस सम्बन्धी विभिन्न चित्रहरू देखाउने ।	अभिभावकसँग प्रतिक्रिया लिएर । ।	
		(ङ) नेतृत्व विकास	नेतृत्व सिप सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, , सहभागितामूलक सिप , वैयक्तिक जिम्मेवारी ।	• विद्यार्थीलाई समूहमा बस्न लगाउने र समूहमा बस्न अभ्यास गराउने । • विद्यार्थीहरूलाई कक्षा मनिटरले गर्ने कार्यहरू भन्ने । • कक्षा मनिटरको भूमिकाको बारेमा भन्ने । • कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई २/२ देखि ४/४ वटा समूहमा विभाजन गर्ने र कक्षा कोठाको सामान्य कामहरू, चार्ट, वाक्यपत्ती, फल्यास कार्डहरू समूह समूहमा बाँडेर मिलाउन लगाउने तथा कक्षा मनिटरलाई अवलोकन गर्न लगाउने ।	• कक्षा मनिटरले गर्ने कार्यहरू भन्न लगाएर • कक्षा मनिटरको भूमिकाको बारेमा भन्न लगाएर । • क्रियाकलापअनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।	२

क्र.सं.	एकाइ / थीम	बिषयवस्तुको विस्तृतीकरण	सम्भावित व्यवहार कुशल सिप	सम्भावित सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन प्रक्रिया	का.घ.

२	हाम्रो सम्पदा	**२.१. हाम्रा सम्पदा :** ● जल, वन र पर्यटकीय स्थलहरूको परिचय (बुलबुले पार्क, काँक्रेविहार, घण्टाघर, सहिद पार्क, देउतीबज्यै मन्दिर)	● अवलोकन सिप ● सिकाइ ● सहकार्य ● स्वव्यवस्थापन	● चित्र चलचित्र (अडियो भिडियो)बाट विभिन्न सम्पदालगायत वीरेन्द्रनगरका प्रमुख पर्यटकीय क्षेत्रको प्रदर्शन र छलफल गराउने । ● सामूहिक पठन गर्न लगाउने । ● जोडीमा प्रश्नोत्तर गरी अभ्यास गराउने । ● अवलोकन भ्रमण गराइ त्यसको परियोजना कार्य दिने ।	● सम्पदाको र पर्यटकीय स्थलको अर्थ सोधेर । ● पर्यटनस्थलको तस्विर देखाएर के हो ? कहाँ छ ? किन जाने ? सोधेर ।	३
		२.२. पहिले र अहिलेको वीरेन्द्रनगर बजार : ● सुर्खेत बजारको संक्षिप्त इतिहास ● सुर्खेत उपत्यकाका प्रमुख ठाउँहरू	● सिकाइ सिप ● सञ्चार सिप	● सुर्खेत बजारमा भएका घर, सडक, सवारी साधन बारे विद्यार्थीहरूलाई आफ्नो अनुभव सुनाउन लगाउने । ● वीरेन्द्रनगर बजारको अहिले र पहिलेको चित्र देखाइ भिन्नता खोज्न लगाउने । ● सुर्खेत उपत्यकाको स्थलगत चित्र देखाइ विभिन्न ठाउँहरू चिनाउने । ● सुर्खेत उपत्यकाको उत्पत्ति सम्बन्धी किंवदन्ती र विकास क्रमको इतिहास सुनाउने ।	● वीरेन्द्रनगरको पहिले र अहिलेको बाटो, सवारी साधन, घरहरूमा भएको फरक सोधेर । ● वीरेन्द्रनगरको स्थलगत चित्रमा ठाउँहरू चिन्न लगाएर । ● वीरेन्द्रनगर बजारको पहिलेदेखि अहिलेसम्मका मुख्य घटनाबारे लेख्न लगाएर ।	३
		२.३.वीरेन्द्रनगरका जातजाति र स्थानीय भेशभूषा :	● अवलोकन ● अन्वेषण (	● “सयथरी गोडा...” वा “कोही पश्चिम वा कोही पश्चिम घर...”	● हामो स्थानीय जातजाति र तीनको वेशभूषाका नाम	५

		(खस, मगर, थारू, खाम्पा, राजी, मुसलमान) ● पहिरन ● भाषा ● पेसा	खोज) ● विविधताको सम्मान ● निर्णय	गीतको भिडियो देखाउने र यसमा देखिएका मानिसका पहिरन बारे छलफल गरी लेख्न लगाउने । ● आफ्नो समुदायमा बस्ने जातजातिको सूची बनाउन लगाउने । ● जातजातिको नाम, महिला र पुरुषको पहिरन, बोलिने भाषा तथा परम्परागत पेसासहितको तालिका बनाएर भर्ने परियोजना कार्य दिने । ● परियोजना कार्यमा छलफल गरेर निश्कर्ष निकाल्ने ।	भन्न लगाएर । ● चित्रमा फरक फरक वेशभूषा भएका जातजाति चिन्न लगाएर ।	
		२.४.वीरेन्द्रनगरका लोकबाजाको परिचय ● बाजाहरूको बनोट (दमाहा, ट्याम्को, नरसिंहा, सहनाइ, मादल, मन्जिरा, बाँसुरी) ● विभिन्न बाजा बजाउने तरिका	● सिकाइ सिप ● प्रयोग सिप ● स्वव्यवस्थापन सिप	● वीरेन्द्रनगरमा बजाइने बाजा/चित्र देखाइ नाम भन्न लगाउने । ● यी बाजाको बनोट तथा बजाइने अवसरका बारेमा छलफल गर्ने । ● बाजाहरू बजाउने तरिका (ठोकेर, फुकेर, रेटेर, तन्काएर) प्रदर्शन गरी देखाउने र पालैपालो अभ्यास गराउने । ● विभिन्न बाजाको चित्र वा कटपिस सङ्कलन गरी एल्बम बनाउने परियोजना कार्य गराउने ।	● वीरेन्द्रनगरमा बजाइने बाजाका चित्र देखाइ नाम भन्न लगाएर । ● बाजाहरू बजाउन लगाएर । ● फरक फरक बाजा बजाइने विशेष अवसर वा चाडपर्वको नाम भन्न लगाएर ।	४
		२.५.वीरेन्द्रनगरका चाडपर्व	● परम्परा र संस्कृति	● विभिन्न चाडपर्वको सूची देखाइ ती चाडपर्व कहिले पर्छन् ? के के	● विभिन्न चाडपर्वको सूची देखाइ ती चाडपर्व	५

		● विभिन्न जातजाति र धर्मका चाडपर्वको नाम र विशेषता (दसैँ, तिहार, होली, माघी, ल्होसार, ईद, तीज)	प्रतिको सचेतना र सम्मान ● सञ्चार सिप ● सहकार्य सिप ● खोजी	गरिन्छ ? आआफ्नो अनुभव सुनाउन लगाउने । ● तालिकामा चाडको नाम, मनाइने महिना, त्यसबेलाका खानेकुरा, मुख्य क्रियाकलाप भर्न लगाउने । ● पात्र चिन्ने खेल खेलाइ चाडपर्वको विशेषतामा अभ्यास गराउने । ● विभिन्न जातजातिका विशेष चाडपर्वको नाम सङ्कलन गर्न लगाउने । ● हरेक पर्वको अवसरमा कक्षाकोठामा ती पर्वसँग मिल्ने कार्यक्रम सञ्चालन गर्ने ।	मनाउने, समय, विशेषता, खानेकुरा, मनाउने जातजातिको नाम भन्न लगाएर । ● विभिन्न चाडपर्व मनाइरहेको तस्बिर देखाइ चाडपर्व चिन्न लगाएर ।	
		२.६. हाम्रा भान्सा र खानेकुराः आँटो, ढिँडो, गुन्द्रुक, माडारोटी, भुङ्ग्रेरोटी, मस्यौरा, चाना, खाँदेको अचार, खिर, खिचडी, ढिक्री, घुँगी, सुँगुरको मासु, सातु)	● सञ्चार सिप ● सहकार्य सिप ● सहयोग सिप ● सूची सङ्कलन सिप	● विद्यार्थीलाई आआफ्नो परम्परागत खाजा ल्याई एकआपसमा बाँडेर खान दिई खाजाको नाम र अनुभव सुनाउन लगाउने । ● समूह कार्य दिई आफ्ना भान्सामा सँधैजसो पाक्ने, कहिलेकाहीँ पाक्ने र चाडपर्व तथा जाडो र गर्मी मौसममा पाक्ने खानेकुराको सूची बनाउन लगाउने । ● ती खानेकुरा तयार गर्दा प्रयोग हुने सामग्रीबारे छलफल गर्ने र परियोजना कार्य दिई सूची	● स्थानीय चुल्होहरूको बनोट वर्णन गर्न दिएर । ● खानाको नाम र चाडपर्वको जोडा मिलाउन लगाएर । ● विभिन्न जातजातिका खानाका परिकारको नाम चिन्न लगाएर ।	५

				बनाउन लगाउने ।		

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन्यजन्तु र चरा** . वडाको वनमा पाइने वन्यजन्तु र चराको नाम	सञ्चार सिप दृश्य साक्षरता	. विद्यार्थीहरूलाई आफूले थाहा पाएका वन्यजन्तु तथा चराको नाम भन्न लगाउने । . वडाभित्रका वनमा पाइने वन्यजन्तु तथा चराको चित्र तथा श्रव्यदृश्य सामग्रीबाट पहिचान गर्न लगाउने । . विद्यार्थीहरूलाई विद्यालय नजिकैको वनमा लगेर चरा तथा वन्यजन्तुहरूको पहिचान गर्न लगाउने ।	. विद्यार्थीहरूलाई वन्यजन्तु तथा चराको नाम सोधेर । . स्थानीय वनमा अवलोकन गरेका चरा तथा वन्यजन्तुको नाम भन्न लगाएर ।	२
		४.२ बोटबिरूवा र बगैँचा . स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको वर्गीकरण . बगैँचाको परिचय	सञ्चार सिप सिकाइ सिप वर्गीकरण सिप	. विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरूवाको नाम भन्न लगाउने । . विद्यालय वरपर भएका बोटबिरूवाको अवलोकन गराउने र तिनीहरूको सूची तयार गर्न लगाउने । . बोटबिरूवालाई झार, बुट्यान र रुखमा वर्गीकरण गर्न लगाउने र सहजीकरण गर्ने । . घर वरपर भएका बोटबिरुवाको अवलोकन गरी ती बोटबिरूवालाई वर्गीकरण गर्न ल्याउने परियोजना कार्य दिने । . बगैँचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बँगैचाको परिचय दिने । . विद्यालयमा बगैँचा भए त्यसको अवलोकन गराउने । . घर तथा विद्यालयमा बगैँचा निर्माण गर्नुपर्ने र यसको महत्व भन्ने ।	. घर तथा विद्यालय वरपर भएका बोटबिरूवाको नाम सोधेर । . अवलोकन गरेका बोटबिरूवाको नाम भन्न लगाएर । . अवलोकन गरेका बिरूवालाई झार, बुट्यान, रुखमा वर्गीकरण गर्नसके नसकेको सोधेर । . बगैँचाको परिचय दिन लगाएर ।	४

		४.३ वृक्षारोपण र बोटबिरूवाको संरक्षण . घर र विद्यालयमा वृक्षारोपणमा सहयोग र सहभागी . बोटबिरूवाको संरक्षणमा सहयोग	सहयोग सिप सञ्चार सिप सिकाइ सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. घरको बगैँचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरूलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने । . घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने । . विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने (बेर्ना वृक्षारोपण गर्ने ठाउँमा पुऱ्याउने, सिँचाइ गर्ने आदि) । . घर तथा विद्यालयमा भएका बोटबिरूवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।	. वृक्षारोपणसम्बन्धी अनुभव भन्न लगाउने । . वृक्षारोपणमा सहयोग गरेको अवलोकन गरेर । . विद्यालयमा बिरूवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।	६
		४.४ पानी वडामा भएका जलस्रोतको परिचय	सञ्चार सिप सूचना साक्षरता	. आफू बस्ने वडाभित्रका जलस्रोत पहिचान गर्न लगाउने । . भिडियो वा चित्रको माध्यमबाट वडामा भएका जलस्रोतको जानकारी दिने । . वडामा भएका जलस्रोतको अवलोकन गराइ पहिचान गर्न लगाउने । . वडामा भएका जलस्रोतको प्रकार भन्न लगाउने र उपयोग के केमा गर्न सकिन्छ भनेर छलफल गराउने । . जलस्रोतलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइका लागि प्रयोग गर्न सकिने कुरा भन्ने ।	. वडामा भएका जलस्रोतको नाम भन्न लगाएर । . वडामा भएका जलस्रोतको प्रकार र उपयोगिता भन्न लगाएर ।	३
		४.५ वातावरण सरसफाइ र फोहोरमैला	प्रयोग सिप सिकाइ	. व्यक्तिगत सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराको पुनरावलोकन गराउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने तथा आवश्यक पृष्ठपोषण	. व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर ।	५

		व्यवस्थापन . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी . वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान . फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने)	सिप सञ्चार सिप सहकार्य सिप सहयोग सिप स्व व्यवस्थापन सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	दिने । . स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने । . घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा भन्ने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने । . विद्यालय तथा घर वरपरको वातावरण फोहोर हुने कारणहरूलाई चित्र, भिडियो, अवलोकनबाट प्रष्ट पार्ने । . जथाभावी फोहोर फाल्नु, फोहोरको व्यवस्थापन नगर्नुलगायत कारणले वरपरको वातावरण फोहोर हुने कारण भन्ने र फोहोर गर्न नहुने कुराको जानकारी गराउने । . घर, कक्षाकोठाभित्र र बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने । . घर तथा विद्यालयमा विभिन्न कार्यको लागि प्रयोग गर्दा निस्केका नचाहिने वस्तुलाई फोहोरमैलाको रूपमा परिचय गराउने । . घर तथा विद्यालयबाट निस्कने यस्ता फोहोरलाई कुहिने र नकुहिने वस्तुमा वर्गीकरण गर्न सकिने कुराको जानकारी दिने । . विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने । . यसरी सरसफाइ गर्दा निस्केका वस्तुलाई कुहिने र नकुहिने गरी दुई भागमा वर्गीकरण गर्न लगाउने	. घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर । . घर, विद्यालय वरिपरि हुने फोहोरमैलालाई कुहिने र नकुहिने गरी दुई छुट्टाछुट्टै स्थानमा राखे नराखेको अवलोकन गरेर ।	

				तथा छुट्टाछुट्टै भाँडोमा (डस्टबिन)मा राख्न लगाउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने । . घरमा विभिन्न कारणले निस्केका फोहोरलाई समेत कुहिने र नकुहिने गरी दुई डस्टबिनमा राख्नेसम्बन्धी परियोजना कार्य दिने तथा कुहिने वस्तुबाट मल बनाउन सकिने कुराको जानकारी दिने ।		

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन्यजन्तु र चरा** . वडाको वनमा पाइने वन्यजन्तु र चराको नाम	सञ्चार सिप दृश्य साक्षरता	.विद्यार्थीहरूलाई आफूले थाहा पाएका वन्यजन्तु तथा चराको नाम भन्न लगाउने । .वडा भित्रका वनहरूमा पाइने वन्यजन्तु तथा चराको चित्र तथा श्रव्यदृश्य सामग्रीबाट पहिचान गर्न लगाउने। .विद्यार्थीहरूलाई विद्यालय नजिकैको वनमा लगेर चरा तथा वन्यजन्तुहरूको पहिचान गर्न लगाउने ।	. विद्यार्थीहरूलाई वन्यजन्तु तथा चराको नाम सोधेर । . स्थानीय वनमा अवलोकन गरेका चरा तथा वन्यजन्तुहरूको नाम भन्न लगाएर ।	२
		४.२ बोटबिरूवा र बगैँचा . स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको वर्गीकरण . बगैँचाको परिचय	सञ्चार सिप सिकाइ सिप वर्गीकरण सिप	. विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरूवाको नाम भन्न लगाउने । . विद्यालय वरपर भएका बोटबिरूवाको अवलोकन गराउने र तिनीहरूको सूची तयार गर्न लगाउने । . बोटबिरूवालाई झार, बुट्यान र रुखमा वर्गीकरण गर्न लगाइ सहजीकरण गर्ने । . घर वरपर भएका बोटबिरूवाको अवलोकन गरी ती बोटबिरूवालाई वर्गीकरण गर्न ल्याउने परियोजना कार्य दिने ।	. घर तथा विद्यालय वरपर भएका बोटबिरुवाको नाम सोधेर । . अवलोकन गरेका बोटबिरूवाको नाम भन्न लगाएर । . अवलोकन गरेका बिरूवालाई झार,	४

				. बगैँचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बँगैचाको परिचय दिने । . विद्यालयमा बगैँचा भए त्यसको अवलोकन गराउने । . घर तथा विद्यालयमा बगैँचा निर्माण गर्नुपर्ने र यसको महत्व भन्ने ।	बुट्यान, रुखमा वर्गीकरण गर्न सके नसकेको सोधेर । . बगैँचाको परिचय दिन लगाएर ।	
		४.३ वृक्षारोपण र बोटबिरूवाको संरक्षण . घर र विद्यालयमा वृक्षारोपणमा सहयोग र सहभागी . बोटबिरूवाको संरक्षणमा सहयोग	सहयोग सिप सञ्चार सिप सिकाइ सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. घरको बँगैचा वा खेतबारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरूलाई सोध्ने र खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुरा भन्ने । . घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा भन्ने र अनुभव सुनाउन लगाउने । . विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी गराउने (वृक्षारोपण गर्ने ठाउँमा बेर्ना पुऱ्याउने, सिँचाइ गर्ने आदि) । . घर तथा विद्यालयमा भएका बोटबिरूवाको संरक्षण गर्नुपर्ने कुरा भन्ने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने ।	. वृक्षारोपणसम्बन्धी अनुभव भन्न लगाउने । . वृक्षारोपणमा सहयोग गरेको अवलोकन गरेर । . विद्यालयमा बिरूवाको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर ।	**६**
		४.४ पानी वडामा भएका जलस्रोतको परिचय	सञ्चार सिप सूचना साक्षरता	. आफू बस्ने वडाभित्रका जलस्रोत पहिचान गर्न लगाउने । . भिडियो वा चित्रको माध्यमबाट वडामा भएका जलस्रोतको जानकारी दिने । . वडामा भएका जलस्रोतको अवलोकन गराइ पहिचान गर्न लगाउने । . वडामा भएका जलस्रोतको प्रकार भन्न लगाउने र उपयोग के के मा गर्न सकिन्छ भन्नेबारे छलफल	. वडामा भएका जलस्रोतको नाम भन्न लगाएर । . वडामा भएका पानीको स्रोतको प्रकार र उपयोगिता भन्न लगाएर ।	**३**

				गराउने । . जलस्रोतलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा भन्ने ।		
		४.५ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन . व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी . वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान . फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने)	प्रयोग सिप सिकाइ सिप सञ्चार सिप सहकार्य सिप सहयोग सिप स्व व्यवस्थापन सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. व्यक्तिगत सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराको पुनरावलोकन गराउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने तथा आवश्यक पृष्ठपोषण दिने । . स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण भन्ने र छलफल गर्ने । . घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा भन्ने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने । . विद्यालय तथा घर वरपरको वातावरण फोहोर हुने कारणहरूलाई चित्र, भिडियो, अवलोकनबाट प्रष्ट पार्ने । . जथाभावी फोहोर फाल्नु, फोहोरको व्यवस्थापन नगर्नुलगायत कारणले वरपरको वातावरण फोहोर हुने कारण भन्ने र फोहोर गर्न नहुने कुराको जानकारी गराउने । . घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने । . घर तथा विद्यालयमा विभिन्न कार्यको लागि वस्तु प्रयोग गर्दा निस्केका नचाहिने वस्तुलाई फोहोरमैलाको रूपमा परिचय गराउने । . घर तथा विद्यालयबाट निस्कने यस्ता फोहोरलाई कुहिने र नकुहिने वस्तुमा वर्गीकरण गर्न सकिने	. व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर । . घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर । . घर, विद्यालय वरपरि हुने फोहोरमैलालाई कुहिने र नकुहिने गरी दुई छुट्टाछुट्टै स्थानमा राखे नराखेको अवलोकन गरेर ।	**५**

				कुराको जानकारी दिने । . विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने । . यसरी सरसफाइ गर्दा निस्केका वस्तुलाई कुहिने र नकुहिने गरी दुई भागमा वर्गीकरण गर्न लगाउने । छुट्टाछुट्टै भाँडोमा (डस्टबिन)मा राख्ने र राख्न लगाउने तथा सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने । . घरमा विभिन्न कारणले निस्केका फोहारलाई समेत कुहिने र नकुहिने गरी दुई डस्टबिनमा राख्ने परियोजना कार्य दिने र कुहिने वस्तुबाट मल बनाउन सकिने कुराको जानकारी दिने ।		

क्षेत्र	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घण्टा
विपत् व्यवस्थापन	**प्रकोपको पहिचान** - हावाहुरी, चट्याङ, पहिरो र बाढीको पहिचान	- सिकाइ सिप - सञ्चार सिप	- चित्र, पोस्टर वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट प्रकोपको पहिचान गराउने । - चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्री भैरहेको घटना पालैपालो व्याख्या गर्न लगाउने र आवश्यकतानुसार शिक्षकले थप सहयोग गर्ने । - शिक्षकले स्थानीयस्तरमा हुने प्रकोपको केही उदाहरण दिने र बाँकी विद्यार्थीलाई भन्न लगाउने र एकआपसमा छलफल गर्न लगाउने ।	प्रकोपको चित्र र नामको जोडा मिलाउन लगाएर ।	३

			- शिक्षकले विगतका घटनाको अनुभव सुनाउने र विद्यार्थीलाई पनि भन्न लगाइ छलफल गराउने ।		
विपत् व्यवस्थापन	**हाम्रो सुरक्षित घर** - घरभित्र हुने जोखिमहरू छत, बिजुली, भऱ्याङ वा लिस्नो, वार्घली वा बरन्डा पहिचान - घरभित्र हुने जोखिमबाट बच्ने उपाय	- सिकाइ सिप - सञ्चार सिप - स्वव्यवस्थापन सिप - प्रयोग सिप	- चित्रको माध्यमबाट जोखिम पहिचान गर्न लगाउने, त्यहाँ के भैरहेको छ भन्नेबारे छलफल गराउने । - घरभित्र जोखिम हुनसक्ने विभिन्न अवस्था वा स्थानको बारेमा छलफल गराउने । - चित्रमा भएको जस्तै अवस्था भयो भने तपाईंहरू के गर्नुहुन्छ भनी छलफल गराउने । - ती स्थानहरूमा सुरक्षित रहनका लागि गरिने पूर्वसावधानी छलफल गराउने । - घरमा हुँदा विभिन्न जोखिमबाट बच्ने उपाय छलफल गराउने र शिक्षकले आवश्यकतानुसार सहयोग गर्ने ।	चित्रको माध्यमबाट जोखिम पहिचान गराई उक्त जोखिमबाट बच्ने उपाय भन्न लगाएर ।	४
विपत् व्यवस्थापन	**विपत्बाट सुरक्षा** - कक्षाकोठा, विद्यालय, घर र बाटोमा हावाहुरी, चट्याङ, पहिरो र बाढीबाट बच्ने उपाय - कृत्रिम घटना अभ्यास	- सिकाइ सिप - सञ्चार सिप - स्वव्यवस्थापन सिप - प्रयोग सीप	- चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपत्को चिनारी गराउने । - ती विपत्बाट हुने असरको बारेमा कथा सुनाउने वा छलफल गराउने । - ती विपत् हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी छलफल गराउने । - शिक्षकले कथा वा श्रव्यदृश्य सामग्रीको	विभिन्न विपत्को नाम र तिनीहरूबाट बच्ने उपाय भन्न लगाएर ।	५

	(Simulation)		माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपत्बाट बच्ने उपाय भन्ने । - ती विपत्बाट बच्नका लागि कृत्रिम घटना अभ्यास गराउने । *(कुनै एउटा विपत्को परिचय, पूर्वतयारी र सोबाट बच्ने उपायको बारेमा माथिको प्रकृया सकेपछि अर्कामा जाने)*		

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तु**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
४	४.१ असल बानी र आचरण को विकास	● नाता सम्बन्धका मानिसहरू को आनीबानी र विवरण ।	सञ्चार सिप	. विद्यार्थीलाई नाता सम्बन्धका मानिसहरूको नाम र नाता सम्बन्ध भन्न लगाउने । . तिनीहरूलाई कसरी चिनेको हो र तिनीहरूका के कस्ता आनीबानी छन् भनेर सोध्ने । . तिनीहरूमध्ये कसलाई बढी मन पराउनु हुन्छ र त्यसको कारण के हो भनेर सोध्ने । . नाता सम्बन्ध भएका मानिसहरूका मन नपर्ने कुरा के के हुन् भनेर पनि भन्न लगाउने । . साथी र चिनेका मानिसका मन परेका र मन नपरेका आनीबानीको सूची बनाउने ।	. नाता सम्बन्धका मानिसका नाम, नाता एवं आनीबानी सोधेर । . ती मानिसको मन पर्ने र मन नपर्ने आनीबानी सोधेर । . कुनै पनि मानिस मन पर्नु र मन पर्नुको कारण सोधेर ।	२
		● असल र		. हरेक विद्यार्थीलाई मानिसका मन पर्ने र मन नपर्ने	. मन पर्ने आनीबानी	२

		चरित्रवान हुनका लागि आवश्यक पर्ने शिल र स्वभावका बखान ।	सञ्चार सिप सिकाइ सिप	आनीबानी सम्झन लगाउने । . हरेकलाई पालैपालो मानिसका मन पर्ने बानी र मन नपर्ने बानी भन्न लगाउने । . हरेकलाई कुनै बानी मन पर्नु र कुनै बानी मन नपर्नुको कारण पालैपालो भन्न लगाउने । . अरूलाई मन पर्ने आनीबानी र स्वभाव भएका मानिसलाई असल र चरित्रवान मानिस भनिन्छ भन्ने कुरा गर्दै असल मानिसका जीवनी, कथा, चित्र र भिडियो प्रदर्शन गर्ने ।	भन्न लगाएर । . मन पर्नुको कारण सोधेर । . कस्तो मानिसलाई असल र चरित्रवान भनिन्छ भन्ने सोधेर ।	
		● सबैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभावहरू को पहिचान र बखान ।	सञ्चार सिप सिकाइ सिप	. कस्तो आनीबानी भएको मानिसलाई असल भनिन्छ भनेर छलफल गर्दै विद्यार्थीहरूसँगको सहकार्यका आधारमा असल मानिससँग भएका आनीबानी र स्वभावको सूची बनाउने । . सवैको प्रिय हुन लागि आवश्यक पर्ने आनीबानी र स्वभावहरूको बारेमा थप छलफल गर्ने । . विद्यार्थीहरूलाई पनि उनीहरूले चिनेका असल मानिसको आनीबानी तथा स्वभाव सम्झन र भन्न लगाउने । . सवै प्रिय तथा असल मानिसको जीवनी, चित्र र भिडियो क्लिप प्रस्तुत गर्दै विद्यार्थीहरूलाई असल मानिसमा भएका स्वभाव र आनीबानीलाई अपनाउन प्रेरित गर्ने ।	. कस्तो बानी भएको मानिसलाई असल भनिन्छ भन्ने सोधेर । . आफूसँग भएका असल बानी भन्न लगाएर । . चित्र र चलचित्र देखाउँदै त्यसमा भएका राम्रा बानी भन्न लगाएर ।	२
		● असल एवं मन पर्ने मानिसका बानी व्यवहारलाई सम्झने र	सञ्चार सिप सिकाइ सीप प्रयोग सीप	. विद्यार्थीलाई असल तथा मन पर्ने मानिस कस्तो हुन्छ भनेर सोध्ने र प्राप्त जबाफको आधारमा असल एवं मन पर्ने मानिसका आनीबानीको सूची बनाउन बनाउने । . विद्यार्थीको सक्रिय सहभागितामा असल आनीबानीले हुने फाइदाको चर्चा गर्ने । . विद्यार्थीलाई कुन कुन असल बानी गरिरहेका छौ र बाँकी	. असल आनीबानी भन्न लगाएर । . अचेलदेखि अपनाएका असल बानी भन्न लगाएर ।	२

		प्रयोग गर्ने अभ्यास ।		कुन-कुन आनीबानी अबदेखि गर्ने भनेर उनीहरूबाट प्रतिबद्धतासमेत लिने । . उनीहरूको स्वभाव र आनीबानीको बारेमा अभिभावकसँग भलाकुसारी गर्ने ।	. अभिभावकसँग विद्यार्थीको आनीबानीको बारेमा सोधेर ।	
	४.२. स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको सम्मान	● स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यको श्रवण, अवलोकन तथा अभ्यास ।	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप प्रस्तुति सिप	. विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने । . विद्यार्थीहरूले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने । . मोबाइल, टिभी, साउन्ड सिस्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्य प्रदर्शन गर्ने । . गीत, सङ्गीत र नृत्यको प्रदर्शनसँगै विद्यार्थीहरूलाई पनि नक्कल र अभ्यास गर्न लगाउने । . गीत, सङ्गीत तथा नृत्यमा सक्रिय रूपमा सहभागी हुनका लागि सबैलाई प्रेरित गर्ने र सहभागिताका लागि सबैप्रति हौसला र आभारसमेत प्रकाश गर्ने ।	. जानेका वा मन पराएका गीत भन्न लगाएर । . उनीहरूले मन पराउने गीत गाउन लगाएर । . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर ।	२
		● घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्व मनाउँदा गर्न हुने र गर्न नहुने कुराको सूची र	सञ्चार सिप सहयोगी सीप	. घर परिवार र गाउँटोलमा मनाइने उत्सव र चाडपर्वको नाम भन्न लगाउने । . त्यस्ता उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापका बारेमा भन्न लगाउने । . त्यस्ता उत्सव र चाडपर्वमा हुने गरेका क्रियाकलापमध्ये मन पर्नु र मन नपर्नुका कारणहरू भन्न लगाउने । . त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापको अनुकरण गर्ने सम्बन्धमा छलफल गर्ने । . त्यस्ता उत्सव र पर्वमा हुने मन पर्ने क्रियाकलापलाई आफूले पनि अभ्यास र अनुकरण गर्नका लागि	. घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वको नाम सोधेर । . त्यस्ता उत्सव र चाडपर्वमा उनीहरूलाई मन पर्ने र मन नपर्ने क्रियाकलाप भन्न	२

		जीवनमा त्यसको अभ्यास		विद्यार्थी**हरू लाई** लेखेर एक्लाएक्लै लेखेर प्रस्तुत गर्न लगाउने ।	लगाएर । . त्यस्ता क्रियाकलापहरू मन पर्नु र मन नपर्नुका कारण सोधेर । . त्यस्ता मन परेका क्रियाकलाप लेख्न लगाएर ।	
	४.३. सकारात्मक सोचको विकास	● परिवारका सदस्यहरूका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको बखान र आफ्नो जीवनमा अभ्यास ।	सञ्चार सिप छनौट सिप	. विद्यार्थीलाई उनीहरूको घरपरिवारका सदस्यका राम्रा आनीवानीहरूको भन्न लगाउने । . त्यस्ता राम्रा आनीबानी भएका व्यक्तिलाई सम्मान र प्रशंसा गर्ने विषयमा विभिन्न दृष्टान्त, कथा र जीवनीलाई विभिन्न माध्यमहरूको प्रयोग गरी छलफल गर्ने । . विद्यार्थीलाई राम्रो लागेका परिवारका सदस्यका अन्य आनीबानीसमेत भन्न लगाउने । . उनीहरूले भनेका मन पराउनुका कारणलाई टिपोट गरेर लेख्न लगाउने । . विभिन्न दृष्टान्त, कथा र जीवनीलाई विभिन्न माध्यमको प्रयोग गरी परिवारका सदस्यका राम्रा आनीबानीलाई आफूले पनि प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्ने । . उल्लिखित प्रयोजनका निम्ति अभिभावकसँग पनि सहकार्य र परामर्श गर्ने ।	. परिवारका सदस्यहरूमा राम्रा आनीबानी सोधेर । . कुनै आनीबानी राम्रो लाग्नुको कारण भन्न लगाएर । . राम्रा आनीबानी अनुकरण गरे नगरेको अवलोकन गरेर । . बानीमा सुधार भएनभएको सम्बन्धमा अभिभावकलाई सोधेर ।	२
		● आफूखुशी	सञ्चार	. विद्यार्थीहरूलाई अरूको जे आनीबानी र कुराले खुसी	. मानिसका राम्रा	२

		हुने र अरूलाई पनि खुशी बनाउने कलाको अभ्यास ।	सिप, छनौट सिप, स्वव्यवस्थापन सिप, प्रयोग सिप	बनाउँछ ती भन्न लगाउने । त्यस्ता आनीबानी र कुराको सूची बनाउने । . आफूलाई जे आनीबानी र कुराले खुसी बनाउँछ त्यो कुरा आफूले पनि अरूलाई पनि दिन सक्नुपर्छ भन्दै विद्यार्थीहरूको जोडी वा समूह बनाइ त्यस्ता राम्रा आनीबानी र कुरा आदान प्रदान गर्न लगाउने । . खुशी हुँदै अरूका मन पर्ने कुराहरू आफूले समेत प्रयोग गरी आफूखुसी हुने र अरूलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने ।	आनबानी भन्न लगाएर । . राम्रा आनीबानी प्रयोग गर्न सके नसकेको बारेमा सोधेर एवं अनुगमन गरेर . व्यवहारको अवलोकन गरेर ।	
	४.४. पूर्वीय दर्शन, श्रमप्रतिको सम्मान र सामाजिक सद्भाव	● योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन)लगायतका योगको अभ्यास ।	सञ्चार सीप, प्रयोग सीप, प्रदर्शन सिप,	. विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले एक पटक सबैको सामु गरेर देखाउने । . तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान तथा आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनको नाम र महत्वको बारेमा भन्ने ।	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर . उनीहरूले गरेका अभ्यासको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम तथा आसनको नाम र महत्व सोधेर ।	२
		● श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र	सञ्चार सिप, विश्लेषण सिप,	. विद्यार्थीहरूसँग हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न वस्तुको उत्पादनलाई श्रमसँग जोड्ने किसिमले छलफल तथा विचार आदान प्रदान गर्ने । . कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने वस्तु	. हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुका नाम भन्न लगाएर ।	२

		प्रवृत्तिको चर्चा र अभ्यास ।	तार्किक सिप, प्रयोग सिप, स्वीकार्य सिप	हामीले खान र प्रयोग गर्न नपाउने वास्तविकतालाई उठान गर्दै उत्पादन तथा श्रमलाई सम्मान गर्ने बारेमा भन्ने । . छलफललाई जीवन्त बनाउन आवश्यकतानुसार कथा, चित्र तथा भिडियो क्लिप आदिको प्रयोग र प्रदर्शन गर्ने । . मानिस जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने ।	. यी वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . आफूले गर्ने काम भन्न लगाएर । . श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर ।	
		● घरपरिवार र समाजका, अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसप्रति सहयोग गर्ने बानीको अभ्यास ।	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सिप,	. विद्यार्थीहरूले घरपरिवार र अन्यत्र देखेका जेष्ठ नागरिक तथा अन्य समस्यामा परेका मानिसका बारेमा सोधपुछ गर्ने । . ती जेष्ठ नागरिक र अशक्त मानिससँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने । . हामी पनि त्यो अवस्थामा हुनसक्छौं कि सक्दैनौं भनेर पनि सोधपुछ गर्ने । . हामीले सहयोग गऱ्यौं भने भोलि हामीलाई पनि समस्या पर्दा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई पनि छलफलमा ल्याउने । . श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने । . आफ्नो घर वा छरछिमेकमा भएका जेष्ठ नागरिक र अशक्तलाई सक्दो सहयोग गरेर त्यसको बारेमा भन्ने भनी परियोजना कार्य दिने ।	. विद्यार्थीले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसका बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोगबारे भन्न लगाएर ।	२

क्र.स.	क्षेत्र/एकाइ	विषयवस्तुको	व्यवहार	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन	कार्य

	/थिम	विस्तृतीकरण	कुशल सिप		विधि र प्रक्रिया	घन्टा
१	स्थानीय पेसा व्यवसाय र प्रविधि	१.१ स्थानीय अन्नबाली तरकारी र फलफूल खेती • घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको नाम र प्रकार	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप	. विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको नाम तथा प्रकार भन्न लगाउने । . स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको प्रकार भन्न लगाउने । . स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीका प्रकार अवलोकन गराउने । . चित्रको माध्यमबाट स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीका प्रकारबारे छलफल गराउने ।	. घरमा गरेका अन्नबाली तरकारी र फलफूलका प्रकारहरू सोधेर । . स्थानीयस्तरमा गरिएका अन्नबाली तरकारी र फलफूलको नाम तथा प्रकार भन्न लगाएर ।	५
		१.२ स्थानीय पेसा र व्यवसाय . घर तथा स्थानीयस्तरमा भएका पेसाको प्रकार . स्थानीयस्तरमा भएका व्यवसायको नाम	सञ्चार सिप सिप प्रगोग सिप सकाइ सिप	. घर र स्थानीयस्तरमा भएका, पेसाको प्रकार भन्न लगाउने । . घर र स्थानीयस्तरमा भएका व्यवसायका प्रकार पहिचान गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका प्रकार पहिचान गर्न लगाउने । . शिक्षकले घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायको चित्र देखाइ तिनीहरूको पहिचान गर्न लगाउने ।	. घरमा भएका पेसा र व्यवसायको प्रकार भन्न लगाएर । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायलाई प्रकार अलग अलग गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका प्रकार भन्न लगाएर ।	५

		१.३ स्थानीय परम्परागत र आधुनिक प्रविधि • घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको वर्गीकरण	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम वर्गीकरण गर्न लगाउने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको वर्गीकरण गर्न लगाउने । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको वर्गीकरण गर्न लगाउने ।	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको वर्गीकरण सोध्ने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको वर्गीकृत नाम सोध्ने । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको सिकारूले गरेको वर्गीकरणको अवलोकन गर्ने ।	५

विषय विस्तृतीकरण कक्षा : ३

क्षेत्र	क्षेत्र र एकाइ	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण कार्यकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घण्टा

वीरेन्द्रनगर	१.१ भौगोलिक अवस्था	• कर्णाली प्रदेशको नक्सामा नगारपालिका • वीरेन्द्रनगर नगरपालिकाका वडागत सीमा • मौसमले जनजीवनलाई पार्ने प्रभाव (जाडो र गर्मी)	प्रविधि सिप	• कक्षामा कर्णाली प्रदेशको नक्सा देखाउँदै प्रदर्शन विधिबाट वीरेन्द्रनगर नगरपालिका संकेत गर्न लगाउने । • वीरेन्द्रनगर नगरपालिकाको वडा छुट्टिने नक्सा देखाएर कुन कुन वडा कसरी कहाँबाट छुट्टिएको छ भनी छलफल गर्न लगाउने । • बिन्दु बिन्दुबाट सेतोपाटीमा वीरेन्द्रनगरको नक्सा तयार पारी उनीहरूलाई मसीले पूरा गर्न लगाउने । • जाडो मौसममा हामीलाई के कस्ता समस्या आइपर्छन् भनेर छलफल र प्रश्नोत्तर गर्न लगाउने । • जाडो मौसममा के कस्ता रोगले सताउँछ भनी सूची बनाउन लगाउने । • जाडोमा रूघा, खोकी, निमोनिया लाग्ने हुन्छ भनी सूची प्रदर्शन गर्ने । • जाडो मौसममा बाहिर काम गर्न कठिन हुने कुरा छलफलबाट निष्कर्ष सुनाउने । • गर्मी मौसममा के कस्ता रोग लाग्छन् भनी छलफल प्रश्नोत्तर गरी रोगको सूची बनाउन लगाउने ।	. कर्णाली प्रदेशको नक्सा देखाई वीरेन्द्रनगर नगरपालिकालाई सङ्केत गर्न लगाएर । . वीरेन्द्रनगर नगरपालिकाको वडागत सीमा छुटट्याउन लगाएर । . बिन्दु बिन्दुबाट तयार भएको वीरेन्द्रनगर नगरपालिकाको नक्सालाई सिसाकलमले मिलाएर नक्सा तयार पार्न लगाएर । . जाडो मौसममा के कस्ता रोग लाग्छन् भनी सूची बनाउन लगाएर । . जाडो मौसममा घरबाहिर काम गर्न किन गाह्रो हुन्छ भनी सोधेर । . गर्मी मौसममा के कस्ता रोग लाग्छन् भनी सूची बनाउन लगाएर ।	४

	१.२ स्थानीय सरकार	• वडा समितिको गठन प्रक्रिया		. नगरपालिकाको वडा समितिको गठन कसरी हुन्छ भनी छलफल र प्रश्नोत्तर गर्ने । . छलफलबाट उत्तर पूरा नभएमा शिक्षकले गठन प्रक्रियाको सूची प्रदर्शन गर्ने । . प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ भन्ने बताइदिने । . विद्यार्थीलाई वडा समितिको निर्वाचनको अभिनय गरी गठन प्रक्रियाको अवधारणा दिने ।	. वडा समितिको गठन प्रक्रिया भन्न लगाएर । . वडा समिति कसले छनोट गर्छ भनी उत्तर दिन लगाएर । . वडा समितिको सङ्ख्या भन्न लगाएर । . वडा समितिको अवधि भन्न लगाएर ।	४
		वडा समितिका कार्यमध्ये जन्म, विवाह र मृत्यु दर्ता		. तपाईंहरूको जन्म दर्ता कहाँ गरिएको हो भनी सोध्ने, एकछिन छलफल गरी अरू के कार्यहरू वडामा गरिन्छ होला भनी सोध्ने र शिक्षकले बताइदिने ।	. वडामा कुन कुन काम गरिन्छ भनी सूची बनाउन लगाएर । . जन्म, विवाह र मृत्यु दर्ता कहाँ गरिन्छ भनी सोधेर ।	५
	१.३ विकासका पूर्वाधार	. शिक्षा, . स्वास्थ्य . खानेपानी . बिजुली . यातायात र . सञ्चारको महत्व		. आफू बसेको वडामा रहेका मुख्य शैक्षिक संस्था कति छन् भनी छलफल चलाउने र उनीहरूले जबाफ नसकेमा शिक्षकले सच्याइ दिने । . प्रत्येक विद्यार्थीलाई विद्यालयको सूची बनाउन लगाउने । . स्वास्थ्य सेवा केन्द्रको चित्र देखाउँदै स्वास्थ्य केन्द्रमा के काम गरिन्छ भनी छलफल र प्रश्नोत्तर गर्ने र बिरामीको	. आफू बसेको वडामा रहेका विद्यालय सङ्ख्या सोधेर । . आफ्नो वडाका विद्यायको सूची बनाउने लगाएर । . स्वास्थ्य केन्द्रमा के काम गरिन्छ भनी उत्तर दिन लगाएर । . स्वास्थ्य केन्द्रको महत्व भन्न लगाएर ।	

				औषधी उपाचार गर्ने स्थान हो भनी बताएर यसको महत्व प्रष्ट पार्ने । . खानेपानीको स्रोत के के हुन् भनी सोधी शिक्षकले तयार पारेको सूची बोर्डमा टाँस गरी पालैपालो भन्न लगाउने । . पानीबिना हाम्रो जीवन चल्न नसक्ने भन्ने कुरा बताएर यसको महत्व स्पष्ट पारिदिने । . बिजुली के हो भनी प्रश्न गर्दै यसको कुन कुन काममा प्रयोग हुन्छ भनी कापीमा सूची बनाउन लगाउने । . यातायात के हो भनी सोध्दै सडक र हवाइ तथा जलमार्गबाट गरिने यात्राका साधन यातायातका साधन हुन् भनी बताइदिने । . सञ्चारका साधन के के छन् भनी छलफल प्रश्नोत्तर गर्दै पालैपालो सबैलाई भन्न लगाउने र शिक्षकले अन्तिममा सञ्चारका साधनको सूची प्रकाशन गरी स्पष्ट पारिदिने । . सञ्चारका साधन नभए के हुन्छ होला भनी सोच्न लगाएर भन्न लगाउने र शिक्षकले टिपोट गर्दै जाने र समष्टिगत रूपमा	. खानेपानीको स्रोतको सूची बनाउन लगाएर । . पानीको महत्व लेख्न लगाएर । . बिजुलीबाट हामीले के के गछौँ भनी लेख्न लगाएर । . यातायात भनेको के हो भनी भन्न लगाएर । . यातायातका साधन के के हुने भनी भन्न लगाएर । . सञ्चारका साधनको सूची बनाउन लगाएर र यसको महत्व भन्न लगाएर ।	

				महत्व बताइदिने ।		

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
७	बाल संसार	(क) आदर्श बाल व्यवहार	सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, वैयक्तिक जिम्मेवारी	• विद्यार्थीहरूलाई घर, परिवार, समुदाय तथा विद्यालयमा र नयाँ परिवेशमा प्रयोग गरिने आदर्श व्यवहार (अभिवादन माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्वव्यवस्थापन, अनुकूलता तथा सम्बन्ध) दर्शाउने चित्र तथा कथाहरू प्रस्तुत गर्ने । • विद्यार्थीहरूलाई विद्यालयमा शिक्षक तथा साथीलाई गरेका आदर्श व्यवहार अवलोकन गर्न लगाउने र अभ्यास गराउने । • विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा पढ्ने र समुदायका आफूभन्दा सानालाई माया गर्ने तथा ठूलालाई आदर सत्कार गर्ने कुरा सिकाउने । • कक्षामा विद्यार्थीहरूबीच नमुना समाज बनाइ अभिनय विधिद्वारा एक अर्काबीचमा अभिवादन माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्वव्यवस्थापन, अनुकूलता तथा सम्बन्ध दर्शाउने जस्ता कुरा गर्न सिकाउने ।	• विद्यार्थीहरूलाई नमस्कार गरी आफ्नो परिचय दिन लगाउने र घर परिवारमा को को हुनुहुन्छ भन्न लगाएर । • आफ्नो घरमा भएका सदस्यहरूको नातासहित वाक्य बनाउन लगाएर । • दैनिक क्रियाकलापमा आदरार्थी शब्द प्रयोगको अवस्था अवलोकन गरी पृष्ठपोषण प्रदान गरेर ।	३

		(ख) बाल खेल	प्रयोग सिप सिकाइ सिप, सञ्चार सिप, , अग्रसरता सिप, सहभागितामूलक सिप ।	• स्थानीय क्षेत्रमा आ-आफ्नो मातृभाषामा खेलिने विभिन्न खेलको सूची बनाइ प्रस्तुत गर्ने । जस्तै : लुकामारी, गेसिङ गेम, गुच्चा खेल, दौड, रबरबिन, चम्चा दौड आदि । (यी खेलहरू मध्ये कुनै चार खेल) नजिकको खेल मैदानमा लगेर खेलाउने । • कुनै सामूहिक रूपमा खेल्नुपर्ने खेल एक्ला एक्लै खेल्दा र समूहमा खेल्दा सो खेल खेल्दा हुने सजिलोबारे छलफल गर्न लगाएर ।	• कुनै एक स्थानीय खेलको परिचय दिन लगाएर । • स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन लगाएर । • नजिकको खेल मैदानमा लगेर कुनै स्थानीय खेल खेलाउने ।	४
		(ग) बाल साहित्य र सिर्जना	सिर्जनात्मक सिप, सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, अन्तरसांस्कृतिक, र सहकार्य, बहुसांस्कृतिक साक्षरता	• स्थानीयस्तरमा प्रचलित बालकथा अवलोकन र वर्णन गर्न लगाउने । • बालकथाका चित्रमा के-के गरेको छ ? तपाईंहरूले पनि त्यस्तै गरेर देखाउनुहोस् भनी गर्न लगाउने । • एक रूपमा ताली बजाउन लगाइ, एक एक गरी र समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । • विद्यार्थीहरूलाई स्थानीयस्तरमा के-कस्ता गीत, कविता, वाचन गरिन्छ प्रस्तुत गर्न लगाउने र सिर्जना गर्न लगाउने । • स्थानीयस्तरमा साहित्य र सिर्जनामा अब्बल व्यक्तिलाई स्रोत शिक्षकको	• विद्यार्थीलाई बालकथाको चित्रमा के-के देख्नुभयो भनी सोधेर । • स्थानीयस्तरका बालकथाहरूको प्रस्तुति गर्न लगाएर । • स्थानीयस्तरमा गाइने गीत र कविता वाचन गर्न लगाएर । • एक रूपमा ताली बजाउन लगाएर ।	५

				रूपमा विद्यालयमा बोलाएर स्थानीय कविता र गीतको नमुना प्रस्तुत गर्न लगाउने । •		
		(घ) बाल संस्कार	विनम्रता सिप सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सहभागितामूलक सिप, वैयक्तिक जिम्मेवारी ।	• विद्यालय र घरमा मान्यजन तथा आफूभन्दा सानालाई आ-आफ्नो मातृभाषामा वार्तालाप गर्न लगाइ अभिवादन गर्न सिकाउने तथा एक आपसमा परिचय गर्न लगाउने । • विद्यार्थीहरूलाई आफूभन्दा ठूलो कक्षाका दाजुदिदीलाई तपाईं/हजुर भनी सम्बोधन गर्न अभ्यास गराउने । • आफूभन्दा सानो कक्षाका विद्यार्थीहरूलाई पनि तिमी/तपाईं जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने । • साथी र शिक्षकबीच नम्र तथा शिष्ट व्यवहार अभिनय गरेर देखाउने एवं त्यससम्बन्धी विभिन्न चित्रहरू देखाउने ।	• नमस्कार गरी आफ्नो परिचय आफ्नो घरमा भएका सदस्यहरूको नातासहित वाक्य बनाउन लगाएर । • स्थानीय क्षेत्रमा बोलिने भाषाको सूची बनाउन लगाएर । • दैनिक क्रियाकलापको अवलोकन गरेर । • आदरार्थी शब्द प्रयोगको अवस्था अवलोकन र पृष्ठपोषण प्रदान गरेर ।	२
		(ङ) नेतृत्व विकास	नेतृत्व सिप, सहभागितामूलक सिप, सञ्चार सिप,सहयोग सिप, सामाजिक	• कक्षा व्यवस्थापनमा मनिटरले गर्ने कार्यहरू भन्न लगाउने । • विद्यार्थीहरूलाई समूह कार्यको बारेमा भन्न लगाउने । • कक्षाका सम्पूर्ण विद्यार्थीलाई २/२ देखि	• मनिटरले गर्ने कार्यहरू भन्न लगाएर । • समूह कार्य भनेको के हो र समूहमा काम गर्दा तपाईंहरूलाई कस्तो	२

			एवं नागरिक जिम्मेवारी	४/४ वटा समूहमा विभाजन गर्ने र कक्षा कोठाको सामान्य कामहरू, चार्ट, वाक्यपत्ति, फ्ल्यास कार्डहरू, बगैँचामा पानी हाल्ने जस्ता कार्य समूह समूहमा बाँडेर गर्न लगाउने । (यो कार्य कक्षा मनिटरलाई गर्न लगाउने) ।	लाग्यो भनी सोधेर । • क्रियाकलापअनुसार विद्यार्थीहरूको बसाइ तथा व्यवहार परिवर्तन भए नभएको अवलोकन गरेर ।	

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
४	४.१ असल बानी र आचरण को विकास	• साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास ।	सञ्चार सिप	. विद्यार्थीलाई उनीहरूका साथी तथा उनीहरूले समुदायका चिनेका मानिसहरूको नाम र भएसम्म नाता भन्न लगाउने । . उनीहरूले गर्ने काम र त्यसले हामी र समाजलाई पारेको असल प्रभावको बारेमा सोध्ने । . उनीहरूले गरेको असल कामको कारण हामीलाई भएको फाइदाका बारेमा छलफल गर्ने । . त्यस्तो असल काम गर्ने मानिसहरूलाई माया, श्रद्धा र सम्मान गर्दै आधार प्रकट गर्नुपर्ने कुराको बारेमा छलफल गर्दै प्रष्ट पार्ने । . अरूले गरेका राम्रा कामको श्रद्धा र सम्मान गर्नुपर्छ भन्ने कुरालाई जोड दिँदै तत्सम्बन्धी जीवनी, कथा, भिडियो र प्रेरक प्रसङ्गको समेत उल्लेख गर्ने ।	. साथी र समुदायका मानिसहरूका नाम र आनीबानी सोधेर । . साथी र समुदायका व्यक्तिहरूले गरेका राम्रा कामहरू सोधेर । . अरूले गरेका राम्रा कामले हामीलाई हुने फाइदाको बारेमा सोधेर । . राम्रा काम गर्नेलाई सम्मान गर्नुपर्ने कारणका बारेमा भन्न लगाएर ।	२

		● अरूलाई माया, आदर सम्मान गर्दा आफूलाई पनि माया, आदर र सम्मान प्राप्त हुने विषयको बखान र अभ्यास ।	सञ्चार सीप सिकाइ सिप	. व्यक्तिले अरूलाई नराम्रो व्यवहार गर्दा आफूले अरूबाट कस्तो व्यवहार प्राप्त गरिन्छ र अरूलाई राम्रो व्यवहार गर्दा अरूबाट कस्तो व्यवहार प्राप्त हुन्छ भन्ने बारेमा दृष्टान्तसहित छलफल गर्ने । . विषको विरुवा रोपेर अमृत नफलेजस्तै अरूलाई नराम्रो गर्दा आफूलाई समेत दुःख र पीडा हुने कुरालाई विभिन्न उदाहरण दिएर चर्चा गर्ने । . हामीले आफूले सुख शान्तिका साथै अरूबाट माया, आदर र सम्मान चाहने हो भने अरूलाई पनि सकेसम्म माया, सम्मान र आदर गर्नुपर्छ भन्ने कुरा उल्लेख गर्ने । . अरूले आफूलाई नराम्रो गरेमा पनि आफूले उनलाई राम्रो गरेमा अन्ततः उनले पनि राम्रो गर्ने कुरा विभिन्न दृष्टान्त दिएर उल्लेख गर्ने र त्यसो हुनका लागि प्रेरित गर्ने ।	. अरूलाई नराम्रो व्यवहार गरेमा हामीलाई के हुन्छ भन्ने सोधेर । . अरूबाट राम्रो व्यवहार पाउनका लागि के गर्नुपर्छ भन्ने सोधेर . राम्रो काम गर्ने व्यक्तिलाई माया, सम्मान र आदर गर्नु पर्नको कारण तथा महत्व सोधेर ।	२
		● परिवारको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको परिचय एवं अभ्यास ।	सञ्चार सिप सिकाइ सिप	. विद्यार्थीसँग सहकार्य गर्दै परिवारका असल मानिसले गर्ने असल व्यवहारको सूची बनाउने । . परिवारमा असल काम गर्नेहरूलाई परिवारको जिम्मेवार सदस्य भन्ने कुरा भन्ने । . परिवारमा जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको सूची बनाउने । . त्यस्ता आचरण र स्वभाव आफूमा पनि विकास गर्नका लागि विद्यार्थीलाई प्रेरित गर्ने । . परिवारमा असल आचरण र स्वभावसँग सम्बन्धित कक्षा तथा अन्य श्रव्यदृश्य सामग्रीको प्रस्तुति गर्ने ।	. कस्तो बानी भएको मानिसलाई असल भनिन्छ भन्ने सोधेर । . परिवारका जिम्मेवार व्यक्तिसँग हुनुपर्ने असल स्वभाव र आचरण सोधेर । . चित्र र चलचित्र देखाउँदै त्यसमा भएका राम्रा स्वभाव र आचरण भन्न लगाएर ।	२
		● असल	सञ्चार	. विद्यार्थीलाई उनीहरूलाई मन पर्ने असल साथीहरूका	. साथीका असल	२

		साथीहरूका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीलाई आफ्नो जीवनमा प्रयोग र अनुकरण	सिप सिकाइ सीप प्रयोग सीप	बारेमा सोधपुछ गर्दै मन पर्नुको कारणको बारेमा उनीहरूसँग सोधपुछ गर्ने । . असल एवं मन पर्ने साथी कस्तो हुन्छ भनेर सोध्ने र प्राप्त जबाफको आधारमा असल एवं मन पर्ने साथीहरूका आनीबानीको सूची तयार गर्न लगाउने । . विद्यार्थीको सक्रिय सहभागितामा असल आनीबानीले हुने फाइदाको चर्चा गर्ने । . असल साथीसँग भएका राम्रा आनीबानीमध्ये तपाईंसँग के कति छन् भनेर सोध्ने । . हामी पनि अरू कसैको असल मित्र हुनका लागि हामीसँग धेरैभन्दा धेरै असल आनीबानी हुनुपर्छ भन्दै विभिन्न दृष्टान्तसहित छलफल गर्ने । . असल बानीको विकासका लागि विद्यार्थीहरूलाई प्रतिबद्ध तुल्याउने ।	आनीबानी सोधेर । . असल साथीसँग भएका के कस्ता आनीबानी तपाईंसँग छन् भन्ने सोधेर । . साथीसँग भएका के कस्ता आनीबानी थप्न सकिन्छ भन्ने सोधेर । . अभिभावकसँग विद्यार्थीहरूको आनीबानीको बारेमा सोधेर ।	
	४.२. स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको सम्मान	● स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतीकरण ।	सञ्चार सिप सिकाइ सीप प्रयोग सीप प्रस्तुति सीप	. विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने । . विद्यार्थीहरूले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने । . मोबाइल, टिभी, साउण्ड सिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्य प्रदर्शन गर्ने । . गीत, सङ्गीत र नृत्य प्रदर्शनसँगै विद्यार्थीहरूलाई पनि नक्कल तथा अभ्यास गर्न लगाउने । . विद्यार्थीहरू स्वयंलाई गीत, सङ्गीतको सिर्जना गरेर प्रस्तुत गर्न प्रेरित गर्ने ।	. जानेका वा मन पराएका गीतहरू भन्न र गाउन लगाएर । . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर । . उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर ।	२

		● आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनुपर्ने कुराहरूको जानकारी र अभ्यास ।	सञ्चार सीप सहयोगी सीप	. घरपरिवार तथा गाउँटोलमा मनाइने उत्सव र चाडपर्वमा हुने गरेका राम्रा एवं मन पर्ने तथा नराम्रा एवं मन नपर्ने क्रियाकलापको बारेमा भन्न लगाउने । . त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका राम्रा क्रियाकलापको अनुकरण गर्ने सम्बन्धमा छलफल गर्ने । . राम्रा क्रियाकलापलाई समेटेर उत्सव एवं चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराको बारेमा विद्यार्थीहरूलाई सचेत र सावधान हुनका लागि छलफल गर्ने । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुरालाई आफूले पनि अभ्यास र अनुकरण गर्नका लागि विद्यार्थीहरूबाट लिखित प्रतिबद्धता प्रस्तुत गर्न लगाउने ।	. घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्व उनीहरूलाई मन पर्ने र मन नपर्ने क्रियाकलाप सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराहरू सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा उनीहरूले गर्ने क्रियाकलापको बारेमा अभिभावकसँग सोधेर ।	२
	४.३. सकारात्मक सोचको विकास	● असल साथीहरूका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको आफ्नो	सञ्चार सिप छनोट सिप	. विद्यार्थीलाई असल साथीहरूको बारेमा सोधपुछ गर्दै मन पर्नुको कारण सोधपुछ गर्ने । . असल साथीमा हुने गरेका असल आनीबानीको सूची तयार गर्न लगाउने । . विद्यार्थीको सक्रिय सहभागितामा असल आनीबानीले हुने फाइदाको चर्चा गर्ने । . असल साथीसँग भएका राम्रा आनीबानीमध्ये तपाईंसँग के कति छन् भनेर सोध्ने । . हामी पनि अरू कसैको असल मित्र हुनका लागि हामीसँग धेरै भन्दा धेरै असल आनीबानी हुनु पर्छ भन्दै विभिन्न	. असल साथीसँग भएका के कस्ता आनीबानी तपाईंसँग छन् भन्ने सोधेर । . साथीसँग भएका के कस्ता आनीबानी थप्न सकिन्छ भन्ने सोधेर । . अभिभावकसँग विद्यार्थीहरूको	२

		जीवनमा अभ्यास ।		दृष्टान्तसहित छलफल गर्ने । . असल बानीको विकासका लागि विद्यार्थीहरूबाट प्रतिबद्धतासमेत लिने ।	आनीबानीको बारेमा सोधेर ।	
		● आफूखुशी हुने र अरूलाई पनि खुशी बनाउने कलाको अभ्यास ।	सञ्चार सिप, छनोट सिप, स्वव्यवस्थापन सिप, प्रयोग सिप	. विद्यार्थीहरू आफूलाई खुसी बनाउने अरूका आनीबानी र कुराको सूची बनाउने । . आफूलाई जे आनीबानी र कुराले खुसी बनाउँछ त्यो कुरा आफूले पनि अरूलाई पनि दिन र गर्न सक्नुपर्छ भन्दै विद्यार्थीहरूको जोडी बनाइ आनीबानी प्रस्तुत गर्न लगाउने । . खुशी हुँदै अरूका मन पर्ने कुराहरू आफूले समेत प्रयोग गरी आफू खुसी हुने र अरूलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धतासमेत लिने ।	. मानिसका राम्रा आनबानी भन्न लगाएर । . राम्रा आनीबानी प्रयोग गर्न सके नसकेको बारेमा सोधेर । . व्यवहारको अवलोकन गरेर ।	२
	४.४. पूर्वीय दर्शन, श्रमप्रति को सम्मान र सामाजिक सद्भाव	● योग तथा ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, ध्रुवासन, मयुरासन) को परिचय र अभ्यास ।	सञ्चार सिप, प्रयोग सीप, प्रदर्शन सीप,	. विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, ध्रुवासन, मयुरासन आदि सिकाउनका लागि शिक्षक आफैले एक पटक सबैको सामु गरेर देखाउने । . तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन तथा पृष्ठपोषण प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको नाम, परिचय तथा महत्वको बारेमा भन्ने ।	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर । . उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको परिचय तथा महत्व सोधेर ।	२
		● श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र	सञ्चार सीप, विश्लेषण सीप,	. विद्यार्थीहरूसँग हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूको उत्पादनलाई श्रमसँग जोड्ने किसिमले छलफल र विचार आदान प्रदान गर्ने । . कसैले श्रम नगरेको भए हामीले खाने तथा प्रयोग गर्ने	. हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुका नाम भन्न लगाएर । . यी वस्तु बनाउनमा	२

		प्रवृत्तिको चर्चा र अभ्यास	तार्किक सिप, प्रयोग सिप, स्वीकार्य सीप	वस्तु हामीले खान र प्रयोग गर्न नपाउने वास्तविकतालाई उठान गर्दै श्रमलाई सम्मान गर्ने बारेमा भन्ने । . विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग तथा प्रदर्शन गर्ने । . मानिस जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने ।	कसको भूमिका छ भन्ने कुरा सोधेर । . आफूले गर्ने काम भन्न लगाएर । . श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर ।	
		● समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सीप,	. विद्यार्थीहरूले घरपरिवार तथा अन्यत्र कही देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा सोधपुछ गर्ने । . ती जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन भन्ने बारेमा छलफल गर्ने । . जेष्ठ नागरिक र अशक्त मानिससँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने । . हामीले अहिले सहयोग गऱ्यौं भने भोलि हामी त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई पनि छलफलमा ल्याउने । . श्रव्यदृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने । . जेष्ठ नागरिक र अशक्तलाई सक्दो सहयोग गर्नका लागि परियोजना कार्य दिने ।	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोग बारे भन्न लगाएर ।	२

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तु विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा

	हाम्रो सम्पदा	**१. वीरेन्द्रनगरका पर्यटकीय स्थलहरू सहित सुर्खेत उपत्यकाको सङ्क्षिप्त वर्णन :** (बयलकाँडा गढी, सत्तेकाँडा, अँधेरी गुफा, लाटीकोइली शिवालय, सिद्धपाइला, देउतीबज्यै)	सञ्चार सिप, अवलोकन सिप, पहिचान सीप सिकाइ सिप	● नगरका पर्यटकीय स्थलहरू : नक्सामा देखाइ विद्यार्थीहरूलाई कहाँ कहाँ जानुभएको छ भनेर सोध्ने र थप कुराहरू पुस्तक पढ्न लगाइ वर्णन गर्न लगाउने । ● ती स्थानको आकर्षक र महत्वका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्दै सहजीकरण गर्ने । ● पहिले र अहिलेको सुर्खेत उपत्यकाको अवस्था र यसको विकासका बारेमा समेत नक्सा र चित्रहरू देखाउँदै यसको संक्षिप्त इतिहासको जानकारी दिने । ● सुर्खेत उपत्यकाका विभिन्न प्रमुख ठाउँहरू अङ्कित सुर्खेत उपत्यकाका नक्सामा ती ठाउँ चिन्न र छुट्याउन लगाउने ।	. मन पर्ने पर्यटकीय स्थलको नाम सोधेर । . मन पर्नुको कारण सोधेर . कुनै पर्यटक स्थलको नाम उल्लेख गरी केका निम्ति प्रसिद्ध छ भनी सोधेर । . सुर्खेत उपत्यकाको संक्षिप्त इतिहास सोधेर । . बोर्डतिर दौडिने खेलबाट सुर्खेत उपत्यकाको नक्सामा आफूले प्राप्त गरेको चिठ्ठाअनुसार प्रमुख स्थान चिन्ह लगाउन लगाएर ।	**५**
		२.वीरेन्द्रनगरका जातजाति (खस, थारू, मगर, खाम्पा, राजी, नेवार, मुसलमान, दलित, राउटे (फिरन्ते) आदि)	सञ्चार सिप सिकाइ सिप पहिचान सिप तार्किक सिप	● वीरेन्द्रनगरभित्रका बसोवास गर्ने विभिन्न जातजातिको तस्बिर चिन्न लगाउने र परिचय बताइ दिने । ● विद्यार्थीहरूलाई उल्लिखित जातजाति बसोवास गर्ने मुख्य स्थलमध्ये कुनै एक ठाउँको एक जातिको घरमा आफ्ना अभिभावकको साथमा गई स्थलगत अध्ययन गरी उनीहरूको खानपिन तथा पेसाको बारेमा जानकारी लिन लगाइ परियोजना कार्य गराउने । ● उल्लिखित जातजातिले आफ्नो जीवन निर्वाहका लागि गर्दै आएको पेसाको बारेमा	. वीरेन्द्रनगरमा बसोबास गर्ने विभिन्न जातजातिको नाम सोधेर । . विभिन्न वेशभूषा लगाएका मानिसको तस्बिर देखाउँदै कुन जातिको मानिस हो भनी सोधेर । . विभिन्न जातजातिको नाम र पेसाको जोडी मिलाउन रिले रेस खेलाएर ।	**५**

				तस्बिर प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई विभिन्न जातजातिका पोशाक लगाइ उनीहरूले अपनाउने पेसाको अभिनय गर्न लगाउने ।		
		३.वीरेन्द्रनगरका स्थानीय लोकगीत : (चुड्का भजन, तीज, झ्याउरे, छोक्रा, मघौटा, स्यार्पो आदि)	सञ्चार सिप सिकाइ सिप पहिचान सिप प्रयोग सीप अवलोकन सीप	● स्थानीय लोकगीत नमुनासहित प्रदर्शन गरेर परिचय दिने र गाउन अभ्यास गराउने । ● लोकगीत गाउन लगाएर नमुना प्रदर्शन गर्ने । ● उल्लिखित लोकगीत प्रयोग भएको श्रव्यदृश्य सामग्री प्रस्तुत गर्ने । ● विभिन्न जातजाति, अवसर र चाडपर्वमा गाइने विभिन्न लोकगीतको सूची बनाउन लगाउने तथा सोको बारेमा छलफल गराउने । ● लोकगीतसम्बन्धी विशेष ज्ञान भएका स्थानीय व्यक्तिहरूलाई आमन्त्रण गरी स्थानीय लोकगीत बारे भन्न र नमुना प्रदर्शन गर्न लगाउने । उनीसँगै विद्यार्थीहरूलाई गाउन पनि लगाउने वा विभिन्न प्रकारका लोकगीतको भिडियो प्रर्दशन गरी तिनीहरूको विशिष्टताबारे भन्न लगाउने ।	. स्थानीय लोकगीतहरू सुनाइ यो कुन लोकगीत हो भनी सोधेर । . लोकगीतको नाम लिँदै यो कुन अवसरमा गाइन्छ भन्ने सोधेर । . विद्यार्थीलाई आफूले जानेको लोकगीत गाउन लगाएर ।	**५**
		४.वीरेन्द्रनगरभित्र मनाइने चाडपर्वः (दसैं, तिहार, माघी (माघे	सञ्चार सिप सिकाइ सिप पहिचान	. विद्यार्थीहरूलाई आआफ्नो घरमा मनाइने चाडपर्वको नाम र ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापको बारेमा पालैपालो सोध्ने । चित्र वा भिडियो क्लिप आदि प्रस्तुत गरेर ती चाडपर्व चिन्न लगाउने ।	. वीरेन्द्रनगरभित्र मनाइने विभिन्न चाडपर्वको नाम सोधेर । . कुन चाडपर्व के गरी मनाइन्छ भनी सोधेर ।	**५**

		सङ्क्रान्ति), ल्होसार, तीज, रमदान, ईद, होली, मातातीर्थ औंशी, कुशे औंशी, गुरु पूर्णिमा, सरस्वती पूजा आदिको परिचय)	सिप प्रयोग सिप अवलोकन सिप	. विद्यार्थीहरूलाई ती चाडपर्वको महत्व बारे आफ्नो समुदायका अनुभवि व्यक्तिसँग सोधेर ल्याउनेसम्बन्धी परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने । . विभिन्न जातजातिका विद्यार्थीका घरमा मनाइने चाडपर्वबारे सोधी ती चाडपर्व मनाइने तरिका अभिनय गर्न लगाउने र अभिनय गर्ने विद्यार्थी बाहेक अन्यलाई ती चाडपर्वका विशेषता भन्न लगाउने ।	. उनीहरूलाई सबैभन्दा बढी मन पर्ने चाड कुन हो र किन भनी सोधेर । . चाडपर्व मनाएको तस्बिर र चाडपर्वको नामको जोडा मिलाउन लगाएर ।	
		५.वीरेन्द्रनगरका परम्परागत परिकारः (आँटो, ढिँडो, गुन्द्रुक, माडारोटी, भुङ्ग्रेरोटी, मस्यौरा, चाना, खाँदेको अचार, खिर, खिचडी, भोटे चिया, ढिक्री, घुँगी, सुँगुरको मासु, सातु)	सञ्चार सीप सिकाइ सिप पहिचान सिप प्रयोग सीप अवलोकन सीप	. हाम्रो भान्सामा के के परिकारहरू पाक्छन् भनेर विद्यार्थीहरूसँग प्रश्न गर्दै खानेकुराको सूची बनाउन सहयोग गर्ने । यीबाहेक अरू परम्परागत परिकारको चित्र प्रदर्शन गरी चिन्न लगाउने । . विद्यार्थीहरूका प्राप्त भएका जबाफलाई समेटेर हाम्रो भान्सामा पाक्ने विभिन्न परम्परागत परिकारको नाम, प्रयोग हुने मुख्य पदार्थ, स्वादको बारेमा तालिका बनाई सामूहिक रूपमा भर्न लगाउने ।	. भान्सामा पाक्ने विभिन्न परम्परागत परिकारको नाम सोधेर । . उनीहरूलाई परम्परागत परिकारहरूको नाम, मुख्य पदार्थ, स्वादका बारेमा उनीहरूको भान्सामा धेरैजसो पाक्ने परिकारको नाम सोधेर । . परम्परागत परिकारका तस्बिर देखाउँदै यो कुन परिकार हो भनी पात्र पहिचान खेल खेलाएर ।	५

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहारकुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य**

						घन्टा
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन्यजन्तु र चरा** . नगरपालिकाभित्र का वनमा पाइने वन्यजन्तु र चराको नाम	सञ्चार सिप दृश्य साक्षरता	. आफ्नो वडा तथा नगरपालिकाभित्रका वनहरूमा भएका वन्यजन्तु तथा चराको नाम भन्न लगाउने । . उक्त क्षेत्रमा हुने वन्यजन्तु तथा चराको बारेमा अवलोकन/चित्र/भिडियो सामग्रीको माध्यमबाट पहिचान गर्न लगाउने । . उक्त क्षेत्रमा पाइने अन्य वन्यजन्तु तथा चराको बारेमा सोधखोज गरी प्रस्तुत गर्न लगाउने ।	. स्थानीयस्तरमा भएका वन्यजन्तु तथा चराको नाम भन्न लगाएर ।	३
		४.२ बोटबिरुवा र बगैँचा . स्थानीय बोटबिरूवाको परिचय . स्थानीय बोटविरूवाको महत्व तथा उपयोग . विद्यालयमा बगैँचाको आवश्यकता र महत्व . घर र विद्यालयमा बालबगैँचाको	सञ्चार सिप सिकाइ सिप वर्गीकरण सिप स्वव्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरूवाको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण) । . विद्यालय वरपर भएका बोटबिरूवाको अवलोकन गराउने र तिनीहरूको सूची तयार गरी परिचय दिने/दिन लगाउने । . विद्यालयमा बालबगैँचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि) । . विद्यालयमा बालबगैँचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैँचा निर्माणमा सहभागी गराउने । . सम्भव भएसम्म घरमा बगैँचा निर्माण गर्ने	. घर तथा विद्यालय वरपर भएका बोटबिरूवाको नाम सोधेर । . अवलोकन गरेका बोटबिरूवाको नाम भन्न लगाएर । . विद्यालयको बगैँचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर . घरमा बगैँचा निर्माण गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर ।	७

		निर्माणमा सहयोग र हेरचाह		परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने ।		
		४.३ पानी • घर र विद्यालयमा जलस्रोतको उपयोग गर्ने तरिका भन्न र सदुपयोग गर्न	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप	. आफ्नो घर वरपर भएका जलस्रोत पहिचान गर्न लगाउने । . चित्रको माध्यमबाट आफ्नो वरपर भएका जलस्रोतको जानकारी दिने । . घर तथा विद्यालय वरपर भएका जलस्रोतको अवलोकन गराई तिनीहरूको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी) । . घर तथा विद्यालय वरपर भएका जलस्रोतको उपयोग के के मा गर्न सकिन्छ भन्ने छलफल गराउने । . जलस्रोतलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा भन्ने । . घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने ।	. स्थानीय क्षेत्रमा भएका जलस्रोतको उपयोग भन्न लगाएर । . घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर । . पानीलाई आवश्यकताअनुसार घर तथा विद्यालयका विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर ।	३
		४.४ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन . व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको	प्रयोग सिप सिकाइ सिप सञ्चार सिप सहकार्य सिप सहयोग	. व्यक्ति, घरपरिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरूको रूपमा सरसफाइलाई परिचित गराउने । . सरसफाइ गर्दा प्रयोग गरिने व्यक्तिगत सामग्रीको हिफाजत गर्ने कुराको बारेमा छलफल गर्ने र नमुना अभ्यास गराउने । . घर तथा विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गरिने	. सरसफाइको परिचय दिन लगाएर । . व्यक्तिगत सामग्रीको हिफाजत गर्ने तरिका सोधेर । . फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरू भन्न लगाएर ।	७

		परिचय र अभ्यास . फोहोरमैला व्यवस्थापनको परिचय . विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) . घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता . वरपरको वातावरण सफा राख्ने उपाय पहिचान . वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता	सिप स्व व्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	कार्यहरू नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा भन्ने । . घरपरिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोर ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरलाई व्यवस्थापन गर्नको लागि सही ठाउँमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपाय अपनाउनुपर्ने कुराहरूमा छलफल गराउने । . घर, कक्षाकोठा, कक्षाकोठाबाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने । . घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरू नलाग्ने जस्ता फाइदा हुने कुरा भनेर छलफल गराउने । . घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरूमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने । आफू पनि सरसफाइमा सहभागी हुने । . घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरू श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने ।	. घर तथा विद्यालय वरपर भएका फोहोरहरूलाई ठोस (कुहिने र नकुहिने) र तरलमा वर्गीकरण गर्न लगाएर । . फोहोरमैलको व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर । . घर वरपरको वातावरण सफा गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर । . विद्यालयको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर ।	

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**

४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन्यजन्तु र चरा** नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको नाम	सञ्चार सिप दृश्य साक्षरता	. आफ्नो वडा तथा नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराको नाम भन्न लगाउने । . उक्त क्षेत्रमा हुने वन्यजन्तु तथा चराको बारेमा अवलोकन/चित्र/भिडियो सामग्रीको माध्यमबाट पहिचान गर्न लगाउने । . उक्त क्षेत्रमा पाइने अन्य वन्यजन्तु तथा चराको बारेमा सोधखोज गरी प्रस्तुत गर्न लगाउने ।	. स्थानीयस्तरमा भएका वन्यजन्तु तथा चराको नाम भन्न लगाएर ।	३
		४.२ बोटबिरुवा र बगैँचा . स्थानीय बोटबिरूवाको परिचय . स्थानीय बोटविरूवाको महत्व तथा उपयोग . विद्यालयमा बगैँचाको आवश्यकता र महत्व . घर र विद्यालयमा बालबगैँचाको निर्माणमा सहयोग र हेरचाह	सञ्चार सिप सिकाइ सिप वर्गीकरण सिप स्वव्यवस्थापन सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरूवाको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण) । . विद्यालय वरपर भएका बोटबिरूवाको अवलोकन गराउने र तिनीहरूको सूची तयार गरी परिचय दिने/दिन लगाउने । . विद्यालयमा बालबगैँचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि) । . विद्यालयमा बालबगैँचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैँचा निर्माणमा सहभागी गराउने । . सम्भव भएसम्म घरमा बगैँचा निमाण गर्ने परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने ।	. घर तथा विद्यालय वरपर भएका बोटबिरुवाको नाम सोधेर । . अवलोकन गरेका बोटबिरूवाको नाम भन्न लगाएर । . विद्यालयको बगैँचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर । . घरमा बगैँचा निर्माण गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर ।	७

		४.३ पानी . घर र विद्यालयमा जलस्रोतको उपयोग गर्ने तरिका भन्न र सदुपयोग गर्न	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप	. आफ्नो घर वरपर भएका जलस्रोत पहिचान गर्न लगाउने । . चित्रको माध्यमबाट आफ्नो वरपर भएका जलस्रोतको जानकारी दिने . घर तथा विद्यालय वरपर भएका जलस्रोतको अवलोकन गराई तिनीहरूको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी) । . घर तथा विद्यालय वरपर भएका जलस्रोतको उपयोग के केमा गर्न सकिन्छ भन्नेमा छलफल गराउने । . जलस्रोतलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा भन्ने । . घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने ।	. स्थानीय क्षेत्रमा भएका जलस्रोतको उपयोग भन्न लगाएर । . घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर । . पानीलाई आवश्यकताअनुसार घर तथा विद्यालयका विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर ।	३
		४.४ वातावरण सरसफाइ र फोहोरमैला व्यवस्थापन . व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास . फोहोरमैला व्यवस्थापनको परिचय	प्रयोग सिप सिकाइ सिप सञ्चार सिप सहकार्य सिप सहयोग सिप स्व व्यवस्थाप	. व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरूको रूपमा सरसफाइलाई परिचित गराउने । . सरसफाइ गर्दा प्रयोग गरिने व्यक्तिगत सामग्रीको हिफाजत गर्ने कुराको बारेमा छलफल गर्ने र नमुना अभ्यास गराउने । . घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गरिने कार्यहरू नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा भन्ने । . घर परिवार, विद्यालय, अस्पताल, कारखाना	. सरसफाइको परिचय दिन लगाएर । . व्यक्तिगत सामग्रीको हिफाजत गर्ने तरिका सोधेर । . फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरू भन्न लगाएर । . घर तथा विद्यालय वरपर भएका फोहोरलाई ठोस (कुहिने र नकुहिने) र	७

		. विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) . घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता . वरपरको वातावरण सफा राख्ने उपाय पहिचान . वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता	न सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	आदिबाट निस्कने फोहोरहरू ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरलाई व्यवस्थापन गर्नको लागि सही ठाउँमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपाय अपनाउनुपर्ने कुरामा छलफल गराउने । . घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने । . घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरू नलाग्ने जस्ता फाइदा हुने कुरा भन्ने तथा छलफल गराउने । . घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफूले पनि सरसफाइमा सहभागी हुने । . घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरू श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने ।	तरलमा वर्गीकरण गर्न लगाएर । . फोहोरमैलको व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर । . घर वरपरको वातावरण सफा गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर । . विद्यालयको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर ।	

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
१	स्थानीय पेसा व्यवसाय र	१.१ स्थानीय अन्नबाली तरकारी र फलफूल खेती	सञ्चार सिप सिकाइ	. विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको महत्व भन्न लगाउने ।	. घरमा गरेका अन्नबाली तरकारी र फलफूल महत्व सोधेर ।	५

	प्रविधि	• घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको महत्व	सिप प्रयोग सिप	. स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको महत्व भन्न लगाउने । . स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको महत्व अवलोकन गराउने । . चित्रको माध्यमबाट स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीको महत्व छलफल गराउने ।	. स्थानीयस्तरमा गरिएका अन्नबाली तरकारी र फलफूलको महत्व भन्न लगाएर ।	
		१.२ स्थानीय पेसा र व्यवसाय . घर तथा स्थानीयस्तरमा भएका पेसाको महत्व . स्थानीयस्तरमा भएका पेसाको महत्व	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप आपसी	. घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायको महत्व भन्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका महत्व पहिचान गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका महत्व पहिचान गर्न लगाउने । . शिक्षकले घर र स्थानीयस्तरमा भएका पेसा र व्यवसायको चित्र देखाइ तिनीहरूको महत्व पहिचान गर्न लगाउने ।	. घरमा भएका पेसा र व्यवसायको महत्व भन्न लगाएर । . घर र स्थानीयस्तरमा भएका पेसा र व्यवसायलाई चित्रमा महत्व पहिचान गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका पेसा र व्यवसायका महत्व भन्न लगाएर ।	५
		१.३ स्थानीय परम्परागत र आधुनिक प्रविधि • घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको उपयोग भन्न लगाउने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको उपयोग भन्न लगाउने । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको उपयोग	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको उपयोग सोध्ने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको उपयोग सोध्ने । . घर तथा विद्यालयमा	५

		आधुनिक प्रविधिको उपयोग		पहिचान गर्न लगाउने ।	प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको उपयोग पहचिानको अवलोकन गर्ने ।	

क्षेत्र	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कूशल सीप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रकृया**	**कार्य घण्टा**
विपत् व्यवस्थापन	**विपत्को परिचय** ● विपत्को परिचय ● विपत्को किसिम : प्राकृतिक र मानव सिर्जित	● सिकाइ सिप ● सञ्चार सिप	● चित्र र पोष्टरका माध्यमबाट विपत् पहिचान गर्न लगाउने । ● चित्रमा भैरहेको घटना व्याख्या गर्न लगाइ विपत्को परिचय दिने । ● विद्यार्थीलाई हाम्रो वरपर हुने विभिन्न विपत्का घटनाका बारेमा छलफल गर्न लगाई शिक्षकले पनि विभिन्न विपत्को बारेमा आफ्नो अनुभव सुनाउने । ● अनुभव साटासाट गर्दा विद्यार्थीले भनेका विपत्को सूची बनाउन लगाउने र प्राकृतिक तथा मानव सिर्जित विपत् छुट्याउन लगाउने । ● प्राकृतिक र मानव सिर्जित विपत्का बारेमा विद्यार्थीलाई छलफल गर्न लगाउने र शिक्षकले सहयोग गर्ने ।	● हाम्रो वरपर हुने विपत्को सूची बनाई प्राकृतिक र मानव सिर्जित विपत् छुट्याउन लगाउने ।	३
विपत्	**हाम्रो सुरक्षित विद्यालय**	● सिकाइ सिप	● जोखिमका बारेमा चर्चा गर्दै	● विद्यालयमा हुने	४

व्यवस्थापन	• विद्यालयभित्र हुने जोखिमहरू छत, बिजुली, भच्याङ्ग, बरन्डा, खेल सामग्री, फर्निचर, शौचालय पहिचान • विद्यालयभित्र हुने जोखिमबाट सावधानी	• सञ्चार सिप • स्वव्यवस्थापन सिप • प्रयोग सीप	विद्यालयभित्र हुनसक्ने विभिन्न जोखिमको छलफल । • विद्यालय परिसर भ्रमण वा अवलोकन गरी विभिन्न जोखिमयुक्त स्थान पहिचान गराउने र ती किन जोखिमयुक्त भए छलफल गराउने । • विद्यालयमा हुने सम्भाव्य जोखिमको सूची बनाउन लगाउने । • विद्यालयमा हुने विभिन्न जोखिमबाट बच्ने उपाय छलफल गर्न लगाउने र शिक्षकले सहयोग गर्ने ।	विभिन्न जोखिमबाट बच्ने उपायको तालिका बनाउन लगाएर ।	
विपत् व्यवस्थापन	**विपत्बाट सुरक्षा** • भूकम्प • महामारी • कृत्रिम घटना अभ्यास (Simulation)	• सिकाइ सिप • सञ्चार सिप • स्वव्यवस्थापन सिप • प्रयोग सीप	• श्रव्यदृश्य सामग्रीको माध्यमले भूकम्पको चिनारी दिने । • चित्रको माध्यमले भूकम्पबाट बच्ने उपायहरू भन्ने र छलफल गराउने । • भूकम्पबाट हुने क्षति कम गर्न कृत्रिम घटना अभ्यास गराउने । • चित्र र श्रव्यदृष्य सामग्रीको माध्यमले महामरीको जानकारी दिने । • चित्र र श्रव्यदृष्य सामग्रीको माध्यमले महामरीबाट बच्ने विभिन्न उपाय भन्ने ।	• भूकम्पबाट बच्ने उपायहरू भन्न लगाएर । • महामारीबाट बच्ने विभिन्न उपाय भन्न लगाएर ।	५

			• महामारीका समयमा त्यसबाट बच्ने उपाय समूहमा छलफल गर्ने लगाउने र शिक्षकले सहयोग गर्ने । • भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम अभ्यास गराउने ।		

विषय विस्तृतीकरण कक्षा : ४

क्षेत्र	एकाइ	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण कार्यकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घण्टा
म्रो वीरेन्द्रनगर	१.१ भौगोलिक अवस्था	● नेपालको नक्सामा वीरेन्द्रनगर अवस्थिति बनावट भिरालो र समथर भू-भाग	खोज तथा पहिचान सिप	● नेपालको नक्सा र कर्णाली प्रदेशको नक्सासमेत कक्षामा प्रदर्शन गरी उक्त नक्सामा वीरेन्द्रगर नगरपालिका पर्ने स्थान सङ्केत गर्न लगाउने । ● नक्साको सहायतामे चार किल्लाको सीमा देखाई नगरपालिकाको भौगोलिक अवस्थितिको परिचय दिने । ● नक्सा हेरी नगरपालिकाको आकार प्रकार वर्णन गर्न लगाउने । ● वीरेन्द्रनगर क्षेत्रभित्रका आफ्नो र आफन्तका घरहरू रहेका स्थानका बारेमा छलफल तथा प्रश्नोत्तर गर्दै यहाँको भिरालो र समथर भूभागबारे परिचित गराउने । ● लघु क्षेत्र भ्रमण गराई भूभागको बनोट समथर भिरालो अवलोकन गराउने ।	● नेपालको नक्सा हेरेर वीरेन्द्रनगर कहाँ पर्छ चिनो सङ्केत गर्न लगाएर । ● वीरेन्द्रनगरको चार दिशामा अवस्थित स्थानीय तहहरू भन्न लगाएर । ● वीरेन्द्रनगर नगरपालिकाको आकार प्रकार वर्णन गर्न लगाएर । ● वीरेन्द्रनगर नगरपालिकाको भू-बनोट वर्णन गर्न लगाएर ।	५
	१.२ स्थानीय सरकार	● कार्यपालिका न्यायपालिका र व्यवस्थापिका ● वडाबाट प्रवाह	अभिव्यक्तिशील सिपको विकास	● स्थानीय सरकारका प्रमुख तीन अङ्गसहितको तालिका देखाउँदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने । ● कार्यपालिकाका कार्यहरूको सामान्य परिचय दिने । ● न्यायपालिकाको सामान्य परिचय दिने ।	● स्थानीय सरकारका प्रमुख अङ्ग के के हुन् भनी भन्न लगाएर । ● कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय दिन लगाएर । ● वडाबाट कुन कुन सेवा	५

		हुने सेवाहरू		● व्यवस्थाकाको सामान्य परिचय दिने । ● वडाबाट प्रवाह हुने सेवा बसाइ सराइ र अन्य सिफारिस भनी बताइदिने ।	प्रवाह हुन्छ भनी भन्न लगाएर । ● वडाले प्रवाह गर्ने सेवाको सूची बनाउन लगाएर ।	
	१.३ विकासका पूर्वाधार	● शिक्षा (विद्यालय र विश्वविद्यालय) ● स्वास्थ्य सेवा ● खानेपानी	सञ्चार सिप	● आफ्नो घर नजिक भएका विद्यालयहरूको नाम भन्न लगाई आफ्नो वडामा रहेका विद्यालयहरू बारे छलफल प्रश्नोत्तर गराउने । ● विद्यार्थीहरूलाई आफूले थाहा पाएका नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको नाम भन्न लगाई नगरपालिकामा भएका विद्यालयबारे छलफल प्रश्नोत्तर गराउने । ● विद्यार्थीहरूलाई कुनै विश्वविद्यालयको नाम सुन्नु भएको छ भनी प्रश्न गर्दै मध्यपश्चिम विश्वविद्यालयको सामान्य परिचय दिने । ● वीरेन्द्रनगरका नमुना विद्यालय र विश्वविद्यालयको क्षेत्र भ्रमण गराउने । ● हामी बिरामी हुँदा उपचार गर्न, खोप लगाउन कहाँ जानुहुन्छ र त्यस्ता संस्थाहरू कहाँ कहाँ छन् भनी छलफल तथा प्रश्नोत्तर गराउने । ● स्वास्थ्य चौकी, अस्पताल, नर्सिङ्होम आदिबाट स्वास्थ्य सेवा पाइने जानकारी	● आफ्नो वडामा भएका विद्यालयहरूको सूची बनाउन लगाएर । ● नगरपालिका क्षेत्रभित्रका प्रतिष्ठित विद्यालयहरूको सूची बनाउन लगाउने । ● वीरेन्द्रनगर नगरपालिकाभित्रका विश्वविद्यालयको नाम लेख्न लगाएर । ● वीरेन्द्रनगरभित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सूची बनाउन लगाएर । ● वीरेन्द्रनगरवासीले उपयोग गर्ने गरेका खानेपानीको स्रोतको सूची बनाउन लगाएर ।	५

				गराउने । ● विद्यार्थीलाई तपाईं कुन कुन स्रोतको पानी पिउनुहुन्छ भनी जलस्रोतबारे चर्चा गराउने । ● पिउन योग्य र अयोग्य जलस्रोतबारे छलफल प्रश्नोत्तर गराउँदै वीरेन्द्रनगरको खानेपानीको वर्तमान अवस्था वर्णन गरिदिने ।		
	१.४ स्थानीय विकासका समस्या र चुनौती	● चुनौतीको पहिचान ● धुम्रपान, मद्यपान र छुवाछुतको सामान्य परिचय		● नगरपालिकाको विकासमा देखा परेका समास्याबारे छलफल र प्रश्नोत्तर गराउने । ● धुम्रपान र मद्यपानले विकासमा पार्ने प्रभावबारे छलफल र प्रश्नोत्तर गराउने । ● लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्य र विकासमा पार्ने नकारात्मक असरबारे छलफल र प्रश्नोत्तर गराउने । ● लागु पदार्थ ओसार पसारको परिचय कारण तथा असरबारे छलफल र प्रश्नोत्तर गराउने ।	● नगरपालिकाको विकासमा देखिएका समस्याको सूची बनाउन लगाएर । ● धुम्रपान र मद्यपानको परिचय दिन लगाएर । ● धुम्रपान तथा मद्यपानले पार्ने असरको सूची बनाउन लगाएर । ● लागु पदार्थको दुर्व्यसनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर भन्न लगाएर । ● लागु पदार्थ ओसार पसारको परिचय दिन लगाएर । ● लागु पदार्थ ओसार पसारबाट उत्पन्न हुने असर भन्न लगाएर ।	४

क्र.स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
७	बाल संसार	(क) आदर्श बाल व्यवहार	सिकाइ सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, वैयक्तिक जिम्मेवारी	• विद्यार्थीहरूलाई घर, परिवार, समुदाय र विद्यालयमा र विभिन्न सन्दर्भमा प्रयोग गरिने आदर्श व्यवहार (अभिवादन, माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्वव्यवस्थापन, अनुकूलता सामञ्जस्यता, खुलापन र जिम्मेवारी बहन) दर्शाउने चित्र तथा कथाहरू प्रस्तुत गरी छलफल गराउने । • कक्षामा विद्यार्थीहरूबीच नमूना समाज बनाइ अभिनय विधिद्वारा एक अर्काका बीचमा अभिवादन माया, सम्मान, सञ्चार, सहयोग, अनुशासन, नम्रता, स्वव्यवस्थापन, अनुकूलता तथा सम्बन्ध दर्शाउनेजस्ता कुरा गर्न सिकाउने । • विद्यार्थीहरूलाई विद्यालयमा शिक्षकहरूलाई गरेका आदर्श व्यवहार अवलोकन गर्न लगाउने । • विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा पढ्ने र समुदायका आफूभन्दा सानालाई माया गर्ने तथा ठूलालाई आदर सत्कार गर्ने कुरा सिकाउने ।	• विद्यार्थीहरूले आदर्श व्यवहारहरू गरे/नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर र अवलोकन गरेर । • आफ्नो घरमा भएका सदस्यहरूको नातासहित वाक्य बनाउन लगाएर । • दैनिक क्रियाकलापमा आदरार्थी शब्द प्रयोगको अवस्था अवलोकन गरी पृष्ठपोषण प्रदान गरेर ।	३
		(ख) बाल खेल	प्रयोग सिप, सिकाइ सिप, सञ्चार सिप, अग्रसरता सिप,	• स्थानीय खेलहरू (चकलेट दौड, चम्चा दौड, गणितीय, हिज्जे, अन्ताक्षरी)को शारीरिक अभ्यास गराउने । • स्थानीय क्षेत्रमा खेलिने प्रचलित खेलहरूको	• स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन लगाएर । • कुनै खेललाई	४

			सहभागितामूलक सिप ।	सूची तयार पारी तिनीहरूको परिचयसहित प्रस्तुत गरी छलफल गराउने । • खेल्दा अपनाउनु पर्ने आवश्यक सुरक्षा सावधानीको पहिचान गर्न लगाउने र अवलम्बन गर्ने ।	प्रतियोगिताको रूपमा खेलाएर ।	
		(ग) बाल साहित्य र सिर्जना	सिर्जनात्मक सिप, सञ्चार सिप, प्रयोग सिप, सम्मान सिप, सम्मान र अन्तरसांस्कृतिक, र सहकार्य, बहुसांस्कृतिक साक्षरता	• बाल निबन्ध, रोचक प्रसङ्ग, स्थानीयस्तरमा गाइने गीतहरू पहिचान गर्न लगाइ अभ्यास र सिर्जना गर्न लगाउने । • स्थानीयस्तरमा बजाइने लोकबाजाको पहिचान गर्न लगाउने । • स्थानीय क्षेत्रमा उपलब्ध बाजाहरूको तस्बिर वा प्रत्यक्ष रूपमा देखाइ तिनीहरूको परिचय र प्रयोगबारे भनिदिने । जस्तै : मादल, बाँसुरी, पश्चिमा बाजा आदि । • उपलब्ध बाजा पालैपालो बजाउन सिकाउने । विभिन्न बाजाको धुन सुनाउने र भिडियोहरू प्रदर्शन गर्ने ।	• बाल निबन्ध, रोचक प्रसङ्ग, स्थानीयस्तरमा गाइने गीतहरू गाउन र सिर्जना गर्न लगाएर । • विभिन्न बाजाहरूको धुन चिन्न लगाएर । • बाजाहरू बजाउन लगाएर ।	५
		(घ) बाल संस्कार	विनयशील सिप, सञ्चार सिप, प्रयोग सिप, , सहभागितामूलक सिप , वैयक्तिक जिम्मेवारी ।	• घर, परिवार र समुदायमा मनाइने आ-आफ्नो धर्म संस्कृतिका बारेमा आ-आफ्नो मातृभाषाको चिनारी गराउन विभिन्न स्थानीय भाषाका अक्षरहरू देखाउने र चिन्न लगाउने । • घर, परिवार र समुदायमा मनाइने स्थानीयस्तरका आ-आफ्ना धर्म संस्कृतिसँग सम्बन्धित उपलब्ध विज्ञहरू विद्यालयमा बोलाई स्थानीय भाषाको परिचय, उत्पत्ति, लिपि जस्ता	• स्थानीय भाषा बोल्न सक्ने विद्यार्थीलाई कक्षामा प्रस्तुत गराएर । • स्थानीय रूपमा बोलिने विभिन्न भाषामा वाक्यहरू बनाउन लगाएर ।	२

				कुराको बारेमा अन्तरक्रिया गराउने ।		
		(ङ) बालमैत्री स्थानीय शासन	सहभागितामूलक सिप, सञ्चार सिप,सहयोग सिप, सामाजिक एवं नागरिक जिम्मेवारी	• आफ्नो विद्यालय रहेको तथा आफू बसोबास गर्ने ठाउँको टोल र वडाको परिचय दिन लगाउने । • स्थानीय वडा कार्यालयमा भ्रमण गराइ वडा कार्यालयले बालबालिकालाई दिने सेवा सुविधाको सूची टिपोट गर्न लगाउने ।	• विद्यार्थीलाई उनीहरू बसोबास गरिरहेको टोल र वडाको परिचय दिन लगाएर । • वडा कार्यालयले दिने सेवा सुविधाको बारेमा सूची बनाउन लगाएर ।	२
		(च) नेतृत्व विकास	नेतृत्व सीप, सहभागितामूलक सिप, सञ्चार सिप,सहयोग सिप, सामाजिक एवं जिम्मेवारी	• समूह कार्यका ढाँचाहरूको वर्णन गर्न लगाउने र सँगसँगै शिक्षकले विद्यार्थीहरूलाई समूहकार्यमा सहजीकरण गर्ने । • बालबालिकालाई बालक्लबको बारेमा परिचय दिन लगाइ शिक्षकले विद्यार्थीहरूलाई बालक्लबको बारेमा बताइदिने ।	• समूह कार्यका ढाँचाहरू भन्न लगाएर । • बालक्लबको बारेमा सोधेर ।	१
		(छ) जीवन वृत्ति	जिम्मेबारी बहन सीप, सञ्चार सिप, सहभागितामूलक सिप, सिकाइ सिप, नागरिक जिम्मेवारी	• विद्यार्थीहरूलाई आफ्नो घरपरिवारको सदस्यहरूको पेसा र व्यवसायको बारेमा भन्न लगाउने । • विद्यार्थीहरूलाई उनीहरूको रहेको ठाउँको स्थानीय तहमा रहेका पेसा व्यवसायहरूको पहिचान गर्न लगाउने ।	• पेसा, व्यवसायको परिचय दिन लगाएर । • आफ्नो घरका सदस्यहरू कुन कुन पेसामा संलग्न छन् सूची बनाउन लगाएर । • आफू बसोबास गर्ने टोलमा भएका व्यवसायको सूची बनाउन लगाएर ।	२

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
४	४.१ असल बानी र आचरण को विकास	● समाज र राष्ट्रका असल मानिसहरूले गरेका कार्यको चर्चा र ती कार्यको अनुकरण गर्ने सिप र आचरणको अभ्यास ।	सञ्चार सिप पहिचान सिप	. विद्यार्थीलाई समाज र राष्ट्रका लागि असल काम गरेका मानिसहरूको नाम सोध्दै उनीहरुले के गरेका कारण हामीले असल भनेर चिन्यौं त भनी छलफल गर्ने । . व्यक्तिगत हित र स्वार्थभन्दा समाज र राष्ट्रको हितलाई माथि राखी काम गर्ने असल मानवको पाठ्यपुस्तकमा समावेश गरिएका जीवनीको अध्ययन गरी उनीहरूले गरेका असल कामको चर्चा गर्ने । आवश्यकतानुसार पाठ्यपुस्तकका अतिरिक्त युट्युब, भिडियो क्लिप, मोबाइल एप्स र अन्य प्रेरक प्रसङ्गसमेत प्रयोग गर्ने । . उनीहरूले गरेका असल कामका कारण हामीलाई भएको फाइदाका बारेमा छलफल गर्ने । . असल मानिसले गरेका असल कामहरूको अनुकरण गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने ।	. समाज र राष्ट्रका लागि कस्ता मानिस असल हुन् भन्ने सोधेर । . केही त्यस्ता मानिसहरूको नाम लिएर उनीहरूले गरेका काम सोधेर । . अरूले गरेका राम्रा कामले हामीलाई हुने फाइदाको बारेमा सोधेर । . उनीहरूले गरेका के के काम तपाईं गर्न सक्नुहुन्छ भन्ने सोधेर ।	२
		● बोलेका कुरा र गरेका कुराको सन्तुलन मिलाउने सिप र बानीको	सञ्चार सीप सिकाइ सिप प्रतिबद्ध को सिप	. कतिपय ठुला पदमा भएका मानिसहरूले पनि बोलेका कुरा र गरेको कुरामा भिन्नता हुने भएको कारण त्यस्ता मानिसलाई कसैले पनि मन पराउदैनन् भन्ने बारेमा छलफल गर्ने । . गर्नसक्ने कुरामात्र बोल्ने र बोलेको कुरा गर्ने मानिसहरू विश्वास गर्न लायक तथा असल हुन्छन् भन्ने कुरालाई विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . झुटो बोल्नु हुँदैन र हाम्रो कुराले कसैलाई धोका हुनु	. बोल्ने एकथरी र गर्ने अर्काथरी स्वभाव भएका व्यक्ति किन असल होइनन् भनेर सोधेर । . असल र अरूको विश्वासिलो हुनका लागि के गर्नुपर्छ भनी सोधेर । . झुटो नबोल्ने र भनेको	२

		अभ्यास ।		हुँदैन भन्ने कुरा गर्दै हामीमा पनि बोलेको कुरा गर्ने, झुटो नबोल्ने र अरूलाई धोका नदिने बानी हुनुपर्ने भनी बताउने ।	काम गर्ने स्वभाव कसको छ भनी सोधेर ।	
		● समाजका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावको अभ्यास ।	सञ्चार सिप सिकाइ सिप	. विद्यार्थीसँग सहकार्य गर्दै विभिन्न स्रोत र माध्यमको प्रयोग गर्दै समाजको असल नागरिक हुन आवश्यक पर्ने असल सिप तथा स्वभावको सूची बनाउने । सोको चर्चा गर्ने । . समाजका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभाव : अरूको दुःख र पीडामा सहयोग गर्ने, समाजको कामका लागि मरिमेट्ने, राम्रो आचरण भएको, उनको आनीबानीको अनुकरण गरेमा अरूसमेत असल हुने आदि जस्ता स्वभावको चर्चा गर्ने । . त्यस्ता आचरण र स्वभाव आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई प्रेरित गर्दै उनीहरूबाट अनुकरण गर्नसक्ने स्वभावको लागि लिखित प्रतिबद्धसमेत गराउने ।	. समाजका असल नागरिकको हुनुपर्ने स्वभावहरूको सूची बनाउन लगाएर । . समाजको कुनै असल नागरिकको तस्बिर देखाउँदै उनमा भएका राम्रा स्वभाव र आचरण भन्न लगाएर । . विद्यार्थीहरूलाई असल स्वभाव भन्न लगाएर वा अवलोकन गरेर ।	२
	४.२. स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको	● आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र	सञ्चार सिप सिकाइ सिप प्रयोग सिप प्रस्तुति सिप	. विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने । . मोबाइल, टिभी, साउन्ड सिष्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्य प्रदर्शन गर्दै सोको अनुकरण तथा अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने । . विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय वाद्ययन्त्र बजाउनका लागि अवसर	. जानेका वा मन पराएका गीतहरू भन्न र गाउन लगाएर । . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर । . उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना	२

	सम्मान	अभ्यास ।		तथा हौसला प्रदान गर्दै प्रेरित गर्ने ।	गरी प्रस्तुत गर्न लगाएर ।	
		● गाउँटोल र समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान पुऱ्याउनुपर्ने कुराको जानकारी र अभ्यास ।	सञ्चार सिप सहयोगी सिप	. गाउँटोल र समाजमा मनाइने उत्सव तथा चाडपर्वमा हुने गरेका राम्रा/मन पर्ने र नराम्रा/मन नपर्ने क्रियाकलापको बारेमा भन्न लगाउने । . त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका राम्रा क्रियाकलापको अनुकरण गर्ने सम्बन्धमा छलफल गर्ने । . राम्रा क्रियाकलापलाई समेटेर उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराका बारेमा विद्यार्थीहरूलाई सचेत तथा सावधान हुनका लागि अभिप्रेरित गर्ने । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराहरूलाई आफूले पनि अभ्यास र अनुकरण गर्नका लागि विद्यार्थीहरूबाट लिखित प्रतिबद्धता प्रस्तुत गर्न लगाउने ।	. गाउँटोल र समाजमा मनाइने उत्सव र चाडपर्वमा उनीहरूलाई मन पर्ने तथा मन नपर्ने कुरा सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुरा सोधेर । . उनीहरूले गरेका प्रतिबद्धताको कार्यान्वयनका सम्बन्धमा अवलोकन गरेर एवं अभिभावकसँग सोधेर ।	२
	४.३. सकारात्मक सोचको विकास	● जीवन र जगतका विषयवस्तु र घटनाहरूलाई सापेक्षिक रूपमा हेर्ने बानीको अभ्यास ।	सञ्चार सिप छनोट सिप मूल्याङ्कन सिप समीक्षा सिप	. जीवन र जगतमा उपलब्ध कुनै पनि चिजहरू आफैमा असल र खराब हुँदैनन् तिनीहरू हाम्रो सोच र आवश्यकताको कारणले असल र खराब भएका हुन् भन्दै विभिन्न दृष्टान्त दिएर ती तथ्यको चर्चा गर्ने । . विभिन्न घटना, विषय र वस्तुभित्र रहेका सकारात्मक र नकारात्मक कुराको विश्लेषण गर्दै त्यसरी नै विद्यार्थीहरूमा विश्लेषण गर्ने क्षमताको अभ्यास गराउने । . हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुरालाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने ।	. कुनै चिजलाई देखाएर त्यसका राम्रा र नराम्रा पक्ष भन्न लगाएर । . मानिस कति बेला खुसी र कतिबेला दुःखी हुन्छ भन्ने सोधेर । . मान्छे खुसी हुनका लागि के गर्नुपर्छ भन्ने कुरा भन्न वा लेख्न लगाएर ।	२

		●अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीलाई जीवनमा निरन्तर अनुकरण गर्ने अभ्यास ।	सञ्चार सिप, छनोट सीप, स्वव्यवस्थापन सीप, प्रयोग सीप	. घरपरिवारका सदस्य, साथीलगायत अन्य मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिलाई किटान गरी राम्रा कुरा भन्न लगाउने । . उनीसँग भएका नराम्रा कुराहरू पनि भन्न लगाउने । . राम्रा कुरा सम्झिदा र नराम्रा कुरा सम्झिदा कस्तो भयो भनेर सोध्दै फरक अनुभूति भन्नका लागि अवसर प्रदान गर्ने । . विद्यार्थीहरूका अनुभूतिलाई समेट्दै राम्रा कुरालाई पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुशी हुने तथा मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने । . हरेक विहान बिउँझदा राम्रा कुराहरू सम्झदै बिउँझने र सोको टिपोट गरेर ल्याउन भन्ने ।	. कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर । . राम्रा कुरा र नराम्रा कुरा सम्झिदाका अनुभूति भन्न लगाएर । . हरेक विहान परिकल्पना गरेका राम्रा कुरा लेखेको निरीक्षण गरेर ।	२
		● आफूखुशी हुने र अरूलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास ।	सञ्चार सीप, छनोट सिप, स्वव्यवस्थापन सीप, प्रयोग सीप	. विद्यार्थीहरू आफूलाई खुसी बनाउने अरूका आनीबानीको सूची बनाउने । . आफूलाई जे आनीबानी र कुराले खुसी बनाउँछ ती कुरा आफूले अरूलाई पनि दिन र गर्न सक्नुपर्छ भन्दै विद्यार्थीहरूको जोडी बनाइ आनीबानी प्रस्तुत गर्न लगाउने । . खुसी हुँदै अरूका मन पर्ने कुराहरू आफूले समेत प्रयोग गरी आफू खुसी हुने र अरूलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्ध बनाउने ।	. आफूलाई खुसी तुल्याउने अरूको आनीबानी के के हुन भन्ने सोधेर । . व्यक्तिका राम्रा आनीबानी सोधेर . आनीबानीको अवलोकन गरेर । . अभिभावकसँग सोधपुछ गरेर ।	
	४.४. पूर्वीय	●योग र ध्यान (प्रणव ध्यान,	सञ्चार सीप,	. विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन आदि	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न	२

	दर्शन, श्रमप्रति को सम्मान र सामाजिक सद्भाव	भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन) को परिचय र नियमित अभ्यासका साथै श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास	प्रयोग सीप, प्रदर्शन सीप, प्रयोग सिप, तार्किक सिप, स्वीकार्य सिप आदि ।	सिकाउनका लागि शिक्षक आफैले एक पटक सबैका सामु गरेर देखाउने । . तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनको परिचय तथा महत्वको बारेमा भन्ने । . संसारका जेजति वस्तुहरू उत्पादन र निर्माण भएका छन् तथा जेजति वस्तुको आविष्कार र सिर्जना भएको छ त्यसमा अल्छीको नभई उर्जाशील र सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्तसहित व्याख्या गर्ने । . मानिस जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने । . विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग र प्रदर्शन गर्ने ।	लगाएर । . उनीहरूले गरेका अभ्यासको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनको परिचय तथा महत्व सोधेर । . कुनै पनि वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . आफूले गर्ने काम भन्न लगाएर । . श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर ।	
		● परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सीप,	. हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन् भन्ने बारेमा विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . जेष्ठ नागरिक र अशक्त मानिससँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने । . हामीले अहिले सहयोग गऱ्यौं भने भोलि हामी पनि त्यस्तो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई पनि छलफलमा ल्याउने ।	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त	२

		गर्ने स्वभावको अभ्यास ।		. श्रव्यदृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने । . जेष्ठ नागरिक र अशक्तलाई सक्दो सहयोग गर्नका लागि परियोजना कार्य दिने ।	व्यक्तिलाई उनीहरूले गरेको सहयोगबारे भन्न लगाएर ।	

क्र.स.	**क्षेत्र/एकाइ/थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
१	हाम्रो सम्पदा	**१.सम्पदाको परिचय र प्रकार :** ● प्राकृतिक सम्पदा (जल, वन, खनिज, पहाड,) ● मानव निर्मित भौतिक सम्पदा (सडक, मन्दिर, गढी, भवन, विद्यलय, अस्पताल)	सोचाइ सिप सञ्चार सिप स्वव्यवस्थापन सिप प्रयोग सिप	● विभिन्न सम्पदाको चार्ट तथा स्लाइड प्रर्दशन गरी सम्पदाको परिचय दिने । ● कक्षामा विभिन्न सम्पदाको सूची बनाउन लगाई तिनीहरूबाट मानव निर्मित तथा प्राकृतिक सम्पदा छुट्याउन लगाउने । ● विभिन्न सम्पदाको पुरानो पत्रिका वा पुस्तकको कटपिस वा खिचेका तस्बिर वा हातले बनाइएका चित्र वा इन्टरनेटबाट डाउनलोड गरिएका तस्बिरहरू सङ्कलन गरी फाइलिङ गरेर ल्याउने परियोजना कार्य गर्न लगाउने ।	● सम्पदाको अर्थ सोधी कुनै एउटा सम्पदाको उदाहरण दिन लगाएर । ● मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको अन्तर भन्न लगाएर । ● विभिन्न सम्पदा मध्येबाट छानेर मानव निर्मित र प्राकृतिक सम्पदाहरूको सूची बनाउन लगाएर ।	५
२		**२.सम्पदाको महत्व :** ● प्रकृतिक सम्पदा (जल, वन र खनिज ● भौतिक सम्पदाको महत्व	सम्पदाप्रतिको सजगता र सम्मान सिप सहकार्य सिप सिकाइ सिप	● स्थानीयस्तरमा रहेको मानव तथा प्राकृतिक भौतिक सम्पदाको चित्र, पोस्टर, स्लाइड प्रर्दशन गर्ने । ● विभिन्न सम्पदाको महत्वबारे समूहमा छलफल र प्रस्तुति गर्न दिने ।	● विभिन्न सम्पदाको महत्वको बारेमा प्रश्न सोधेर । ● मानव निर्मित तथा प्राकृतिक सम्पदाको महत्व	५

				• वीरेन्द्रनगरका सम्पदाको वस्तुस्थिति अवलोकन गराउने ।	लेख्न लगाएर ।	
३		**३.मानव सम्पदा** : • मानव सम्पदाको परिचय र समाजमा उनीहरूको भूमिका (शिक्षक, चिकित्सक, वकिल, इन्जिनियर, किसान) • वीरेन्द्रनगर र हाम्रा प्रेरणादायी व्यक्तिहरू (स्थानीय समाजसेवी, कलाकार, खेलाडी, शिक्षाविद,)	–सहकार्य सिप -सिकाइ सिप -सञ्चार सिप - अन्तर्वैयक्तिक सिप	• समाज तथा राष्ट्रलाई योगदान दिनसक्ने विभिन्न क्षेत्रका मानिसको उदाहरण दिँदै मानव सम्पदाको अर्थ एवं परिभाषा बनाउन मद्दत गर्ने । • विभिन्न मानव सम्पदाको अभिनय गराएर विभिन्न क्षेत्रका मानव सम्पदाको प्रकार र भूमिका बारे छलफल गराउने । • स्थानीय विभिन्न क्षेत्रका प्रेरणादायी व्यक्तिको नाम, तस्बिर तथा संक्षिप्त जीवनी र उदाहरणीय कार्यहरू सङ्कलन गर्न तथा प्रस्तुत गर्न लगाउने ।	• मानव सम्पदाको उदाहरण र भूमिका भन्न लगाएर । • स्थानीय प्रेरणादायी व्यक्तिको नाम र गरेको उदाहरणीय काम भन्न लगाएर । • पात्र पहिचान खेल खेलाउँदै विभिन्न मानव सम्पदाको नाम भन्न लगाएर ।	५
		४.वीरेन्द्रनगरका शैक्षिक संस्था र प्रदान गर्ने सेवाः • विश्वविद्यालय, क्याम्पस, विद्यालय,मदरसा, पुस्तकालय, तालिम केन्द्र र प्रशिक्षण केन्द्र	- अन्तर्वैयक्तिक सिप -सहयोग तथा -सहकार्य सिप	• विभिन्न तहमा शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको बारेमा जानकारी सङ्कलन गरी छलफल गराउने । • शिक्षक र विद्यार्थीको सहकार्यमा विभिन्न शैक्षिक संस्था तथा पुस्तकालयबाट प्राप्त हुने शैक्षिक सेवाहरूको सूची बनाउने । • वीरेन्द्रनगरस्थित अग्रणी विश्वविद्यालय, क्याम्पस, विद्यालय, मदरसा, पुस्तकालयका	• शैक्षिक सम्पदाको अर्थ र उदाहरण सोधेर । • विद्यालय र विश्वविद्यालयले दिने शिक्षाको अन्तर भन्न लगाएर । • विभिन्न शैक्षिक संस्था तथा पुस्तकालयको नाम र त्यहाँबाट प्राप्त हुने शैक्षिक	५

				बारेमा दिइएको पाठ्यवस्तु पढ्न लगाइ प्रश्नोत्तर गर्ने । ● पुस्तकालयमा सरिक गराइ विभिन्न पुस्तक पढ्न लगाउने ।	सेवाहरू भन्न लगाएर । ● पुस्तकालयको महत्व भन्न लगाएर ।	
		५.वीरेन्द्रनगरका लोक संस्कृति : ● स्थानीय लोकगीत (तीज गीत, झ्याउरे, सोरठी, देउडा गीत, मघौटा गीत, वालीगीत (रोपाइँ) ● लोकनृत्य (सोरठी नृत्य, छोक्रा नृत्य, रत्यौली नाच) ● जात्राहरूको चिनारी (लाखेजात्रा, रोपाइँ जात्रा, गाईजात्रा कृष्णअष्टमी जात्रा, तीजपर्व जात्रा, बयलकाँडाको जात्रा, देवीस्थानको जात्रा, देउडा खेल)	कला र संस्कृतिप्रति को सजगता प्रयोग सिप अन्तर्वैयक्तिक सिप	● इन्टरनेटबाट विभिन्न भाका र विधाका लोक गीतहरू खोजी गरेर सुन्न, हेर्न र अनुकरण गर्न लगाउने । ● स्थानीय लोकगीत गाउन र लोकनृत्य नाच्न जानेका व्यक्तिलाई आमन्त्रण गरी स्थानीय गीत तथा नृत्यहरू प्रदर्शन गराई विद्यार्थीहरूलाई अनुकरण गर्न लगाउने । ● ती लोकगीत र लोकनृत्यको महत्वका सम्बन्धमा अतिथि प्रशिक्षकसँग छलफल गराई तिनीहरूको महत्वबारे जानकारी लिन लगाउने । ● विद्यार्थीहरूलाई आफ्नो स्थानीयस्तरमा मनाइने जात्रा देखेको वा सहभागी भएको अनुभव भन्न लगाउने । ● वीरेन्द्रनगरभित्र लाग्ने विभिन्न जात्राको नाम, लाग्ने ठाउँ र लाग्ने दिनबारे छलफल गरी ती जात्राका विशेषता एवं महत्व आफ्नो पाठ्यपुस्तकको सहयोगबाट लेख्न लगाउने ।	● विद्यार्थीलाई विभिन्न किसिमका लोकगीतको रेर्कड सुनाइ सो गीतको प्रकार भन्न लगाएर । ● विद्यार्थीहरूलाई लोकनृत्य नाच्न र अभिनय गर्न लगाएर । ● आफूलाई मन पर्ने कुनै एउटा लोकनृत्य र कुनै एउटा लोकगीतको भिडियो बनाएर शेयर गर्न लगाएर । ● स्थानीय जात्राको परिचय एवं महत्व भन्न लगाएर ।	५

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
		१.३ स्थानीय परम्परागत र आधुनिक प्रविधि • घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको उपयोगमा सहभागिता	सञ्चार सिप सिकाइ सिप	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम भन्न लगाउने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम भन्न लगाउने । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको पहिचान गर्न लगाउने ।	. घरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम सोध्ने । . विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको नाम सोध्ने । . घर तथा विद्यालयमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको पहिचानको अवलोकन गर्ने ।	५

क्र.सं.	क्षेत्र	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सीप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रकृया	कार्य घण्टा
	विपत् व्यवस्थापन	**विपत्को परिचय** - प्राकृतिक - मानव सिर्जित - विपत्को प्रभाव वा असर	- प्रयोग सिप - सञ्चार सिप - सहकार्य सिप - दृश्य साक्षरता	- विगत एक वर्षभित्र विद्यालय वरिपरि भएका विभिन्न घटनाको सूची तयार गर्न लगाउने । - विद्यार्थीहरूको समूह विभाजन गरी सूचीकृत घटनामध्ये कुनकुन विपत् हुन छुट्याउन लगाउने ।	प्राकृतिक र मानव सिर्जित विपत्को असर वा प्रभावको सूची बनाउन लगाएर ।	४

			सिप	- कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी प्राकृतिक र मानव सिर्जित विपत्को परिचय दिने । - विद्यार्थीलाई समूहमा प्राकृतिक र मानव सिर्जित विपत्बाट पर्ने असर र प्रभावका बारेमा छलफल गराउने । - ती असरबाट बच्ने उपायका बारेमा छलफल तथा प्रस्तुतीकरण गर्न लगाइ शिक्षकले सहयोग गर्ने ।		
	विपत् व्यवस्थापन	**हाम्रो सुरक्षित चाडपर्व** - चाडपर्वको समयमा जोखिम पहिचान (चङ्गा, पीङ, पटका, खाना व्यवहार, आदि) - चाडपर्वको समयमा सावधानी	- प्रयोग सिप - रचनात्मक सोचाइ - सञ्चार सिप - सहकार्य सिप - वैयक्तिक जिम्मेवारी	- समुदायमा मनाइने विभिन्न चाडपर्वको सूची बनाउन लगाउने । - ती चाडपर्व मनाउँदा बालबालिकाले गर्ने मुख्य क्रियाकलापको सूची बनाइ प्रस्तुतीकरण गर्न लगाउने । - ती क्रियाकलाप कुन कुन जोखिमयुक्त छन् बुँदागत टिपोट गरी छलफल गराउने । - कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी शिक्षकले चाडपर्वको समयमा यात्रा गर्दा अपनाउनुपर्ने सावधानीका बारेमा भन्ने । - विद्यार्थीलाई समूहमा विभाजन गरी चाडपर्वका बेलामा चङ्गा उडाउँदा, पीङ	चाडपर्वको बेला गरिने तल उल्लिखित कार्य गर्दा अपनाउनुपर्ने २।२ वटा सावधानी भन्न लगाएर - चङ्गा उडाउँदा - पीङ खेल्दा - पटाका पट्काउँदा - खाना खाँदा ।	३

				खेल्दा, पटाका पट्काउँदा र खाना खाँदा गर्नुपर्ने सावधानी छलफल गरी बुँदागत रूपमा प्रस्तुतीकरण गर्न लगाउने ।		
	विपत् व्यवस्थापन	**विपत् व्यवस्थापन** - हावाहुरी - चट्याङ् - भूकम्पका - पूर्व तयारी वा सावधानी - आफूभन्दा साना बालबालिकाको संरक्षण र सुरक्षा - कृत्रिम घटना अभ्यास (Simulation)	- सिकाइ सिप - जिम्मेवारी एवं प्रतिवद्धता - सक्रियता पूर्वक सुन्ने - सामाजिक एवं नागरिक जिम्मेवारी	- कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी हावाहुरी, चट्याङ र भूकम्पको परिचय दिने । - विद्यार्थीलाई समूहमा हावाहुरी, चट्याङ र भूकम्प जस्ता विपत् किन हुन्छ छलफल गराई कारणहरू टिपोट गर्न लगाउने । - विगत एक वर्षमा हावाहुरी, चट्याङ्ग र भूकम्पबाट भएको क्षति समूहमा छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउने । - समुदायले गरेका राम्रा प्रयासको उदाहरण, समाचार वा कथा वा भिडियोको माध्यमबाट प्रस्तुतीकरण गरी हावाहुरी, चट्याङ र भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि गरिने पूर्वतयारी वा सावधानीका लागि गरिने कार्यहरू टिपोट गरी प्रस्तुतीकरण गर्न लगाउने । - यी विपत्बाट आफूभन्दा साना बालबालिकाको संरक्षण कसरी गराउन सकिन्छ छलफल गराउने र विद्यार्थीको भूमिका टिपोट गर्न लगाउने । - हावाहुरी, चट्याङ र भूकम्पबाट बच्नका	तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् । क.हावाहुरीबाट आफूभन्दा साना बालबालिकालाई कसरी बचाउन सकिन्छ ? ख. भूकम्पको क्षति न्यूनीकरणका लागि गरिने तीनवटा पूर्वतयारी लेख्नुहोस् ।	५

				लागि गरिने कृत्रिम घटना अभ्यास गराउने		

विषय विस्तृतीकरण कक्षा : ६

क्षेत्र	क्षेत्र र एकाइ	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण कार्यकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रकिया	कार्य घण्टा
म मेरो वीरेन्द्रनगर	१.१ भौगोलिक अवस्था	• वीरेन्द्रनगर नगरपालिकाको नक्सामा महत्वपूर्ण स्थानहरू • वीरेन्द्रनगरका चार सीमा (किल्ला) • कर्णाली प्रदेशमा वीरेन्द्रनगर	सिर्जनात्मक सिप सञ्चार सिप	• वीरेन्द्रनगरका महत्वपूर्ण ठाउँ : काँक्रेविहार, बुलबुले, देउतीबज्यै, घण्टाघर हुन् भनी बताइदिने र बाँकी कुनै ठाउँ छन् कि भनी सोध्ने । • विद्यार्थीले थपेका ठाउँसमेत मिलाएर सूची बनाई प्रस्तुत गर्न लगाउने । • वीरेन्द्रनगरका चार दिशामा पर्ने सिमाना छलफल गर्न लगाउने र विद्यार्थीबाट आएका सुझावसहित सिमाना चार्ट टाँस गरिदिने । • कर्णाली प्रदेशको चित्र प्रदर्शन गर्दै भिडियो, डकुमेन्ट्री प्रदर्शन गरी वीरेन्द्रनगरको सामान्य अवस्था भन्ने । • छलफल, प्रश्नोत्तर, समूह कार्य, परियोजना कार्य, क्षेत्र भ्रमण विधिसमेत प्रयोग गर्न सकिने ।	• वीरेन्द्रनगरका महत्वपूर्ण ठाउँहरूको सूची बनाउन लगाएर । • वीरेन्द्रनगरका चार सिमाना उल्लेख गर्न लगाएर । • कर्णाली प्रदेशमा वीरेन्द्रनगरको अवस्था भन्न लगाएर ।	४
	१.२ स्थानीय सरकार	• विकासमा स्थानीय सरकारको योगदान • वीरेन्द्रनगरको शिक्षा नीति	नेतृत्व विकास सिप सहयोगात्मक सिप सिकाइ, प्रयोग र सञ्चार सिप	• वीरेन्द्रनगरको विकासमा स्थानीय सरकारको योगदान के हुनसक्छ भनी छलफल र प्रश्नोत्तर गराउने । • विद्यार्थीलाई समूहमा विभाजन गरी वीरेन्द्रनगरका शिक्षा नीति, स्वास्थ्य नीति र भावी नीति तथा कार्यक्रम तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्	• नगरपालिकाको विकासमा स्थानीय सरकारको योगदान भन्न लगाएर । • क्षेत्र भ्रमण गराई सम्बन्धित समूहलाई नीति तथा कार्यक्रम र भावी नीतिसम्बन्धी प्रश्नावली	५

		• वीरेन्द्रनगरको स्वास्थ्य नीति • वीरेन्द्रनगर नगरपालिकाको शिक्षा र स्वास्थ्यसम्बन्धी भावी नीति तथा कार्यक्रम		भनी परियोजना कार्य गर्न लगाउने । • समूह समूहमा विभाजन गरी अध्ययनका लागि नगरपालिकामा पठाउने र नगरपालिकाको शिक्षा तथा स्वास्थ्य नीति र भावी कार्यक्रमका बारेमा जानकारी लिई कक्षामा प्रस्तुत गर्न लगाउने । • शिक्षकले उनीहरूको प्रस्तुतिलाई क्रमशः टिपोट गर्दै आफूसँग भएको शिक्षा तथा स्वास्थ्य नीति र भावी कार्यक्रमको सूची टाँस गरिदिने ।	भराई प्रस्तुत गर्न लगाएर । • वीरेन्द्रनगर नगरपालिकाको शिक्षा तथा स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रम र भावी कार्यक्रम प्रस्तुत गर्न लगाएर ।	
	१.३ विकासका पूर्वाधार	• वडाअनुसार सरकारी र संस्थागत विद्यालयको नाम • कलेज र क्याम्पसहरूको नाम तथा सङ्क्षिप्त परिचय • मध्यपश्चिम विश्वविद्यालयमा पढाइ हुने विषयहरू • सरकारी तथा निजी स्वास्थ्य • केन्द्र, अस्पताल नर्सिङहोम		• विद्यार्थीहरूलाई आफू बस्ने वडामा सरकारी र संस्थागत विद्यालय कुन कुन छन् भनी छलफल प्रश्नोत्तर गरी गर्न लगाई सूची बनाउन लगाउने । • आफ्नो वडामा रहेका कलेज तथा क्याम्पसको नाम भन्नुहोस् भनी प्रश्नोत्तर विधिबाट सोध्दै नाम शिक्षकले सेतोपाटीमा टिपोट गर्ने र निष्कर्षसहित सूची तयार गरी टिपोट गर्न लगाउने । • मध्यपश्चिम विश्वविद्यालयमा पढाइ हुने सङ्कायहरूको सूची देखाउँदै छलफल गरी अध्ययन गर्न लगाउने । • हामीले उपचार गर्नुपरे कुन ठाउँमा जान्छौ भनी प्रश्न गर्दै उनीहरूले भनेका स्थान टिपोट गर्ने	• आफ्नो वडामा भएका सरकारी तथा संस्थागत विद्यालयको नाम भन्न लगाएर । • आफ्नो वडामा रहेका कलेज तथा क्याम्पसहरूको नाम भन्न लेख्न लगाएर । • नगरभित्र रहेका उल्लेख्य नाम चलेका शैक्षिक संस्थाको नाम लेख्न लगाएर । • आफ्नो वरपर रहेका स्वास्थ्य केन्द्र, अस्पताल, नर्सिङ होमको नाम भन्न लगाएर ।	५

				। • आफ्नो वडामा रहेका सरकारी स्वास्थ्य केन्द्र वा अस्पताल र निजी स्वास्थ्य क्लिनिक वा नर्सिङ होम के के छन् भनी छलफल प्रश्नोत्तर गर्दै सूची बनाउन लगाउने ।		
	१.४ स्थानीय समाजसेवी	• स्थानीय समाजसेवीको परिचय • स्थानीय समाजसेवीको योगदान		• विद्यार्थीहरूलाई आफ्नो टोलछिमेक र वडामा नाम चलेका समाजसेवीको नाम भन्न लगाउने र शिक्षकले नाम पाटीमा टिप्दै जाने, छलफल गरी अन्तिम निष्कर्षसहित अन्तिम नाम टिप्न लगाउने । • स्थानीय समाजसेवीको योगदान भन्न लगाई सूची तयार गर्न लगाउने । (यसका लागि छलफल, क्षेत्र भ्रमण विधि उपनाइ शिक्षण गर्न सकिने)	• आफ्नो टोलछिमेक र नगरमा नाम चलेका समाजसेवीको नाम भन्न वा सूची बनाउन लगाएर । • स्थानीय समाजसेवीका मुख्य योगदानको सूची बनाउन लगाएर ।	४
	१.५ विकासमा देखा परेका सामाजिक समस्या र चुनौतीहरू	• बालविवाह र बहुविवाह • बाल विवाह र बहुविवाहबाट समाजमा देखापर्ने असर र न्यूनीकरणका उपाय • महिला हिंसाका कारण न्यूनीकरणका		• बालविवाह र बहुविवाह भनेको के हो भनी छलफल र प्रश्नोत्तर गराउँदै बालविवाह, बहुविवाहको परिचय दिने । • बालविवाह र बहुविवाहका कारणको सूची बनाउन लगाउने । • बालविवाह र बहुविवाहबाट समाजमा पर्ने असरका बारेमा कक्षामा छलफल गराई बुँदागत रूपमा टिप्न लगाउने । • बालविवाह र बहुविवाह सामाजिक	• बालविवाह गर्नाका कारण भन्न लगाएर । • बालविवाहबाट उत्पन्न हुने समस्या र समाधानका उपायहरू भन्ने लगाएर । • बहुविवाहका कारण, यसबाट समाजमा पर्ने असर बुँदागत रूपमा भन्न लगाएर । • बहुविवाह समाधानका उपाय सोधेर ।	५

		उपाय • छाउपडी प्रथा, यसको कारण र महिलामा परेको असर तथा न्यूनीकरणका उपाय		समस्या हुन्, यिनले समाजको विकासमा बाधा उत्पन्न गर्छन् भनी कारण उल्लेख गर्न लगाउने । • महिला हिंसाका कारण के के हुन् भनी छलफल गर्न लगाइ टिपेर भन्न लगाउने । • यसबाट सिर्जना हुने समस्या प्रश्नोत्तर गर्दै बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने । • महिला हिंसाका कारण र न्यूनीकरणका उपाय समूह विभाजन गराइ बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने । • छाउपडी प्रथा के हो भनी प्रश्न गर्दै छलफलबाट परिचय दिन लगाउने । • छाउपडी प्रथाका कारण खोजी गर्न लगाइ बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने । • छाउपडी प्रथाबाट समाजमा देखापरेका समस्या र समाधानका उपाय समेटिएका भिडियो, नाटक प्रदर्शन गरी समूहगत रूपमा के कस्ता असर र समाधानका उपाय रहेछन् भनी पालैपाले बुँदागत रूपमा भन्न लगाउने । • समूह विभाजन गरी उल्लिखित समस्या समाधानका लागि समाजमा क्रियाशील सरकारी, गैरसरकारी सङ्घ संस्थाको भूमिका बुँदागत	• छाउपडी प्रथाका कारण भन्न लगाएर । • यसले निम्त्याउने सामाजिक असर भन्न लगाएर । • छाउपडी प्रथा न्यूनीकरणका लागि विद्यालय, सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयास भन्न लगाएर ।	

				रूपमा भन्न लगाउने ।		

क्र.स.	क्षेत्र/एकाइ/थिम	एकाइ/सब थिम	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
७	**बालसंसार**	(क) आदर्श व्यवहार	• ज्ञान, बोध र प्रयोग सीप • सञ्चार सिप, • सोच सिप, • सहकार्य सिप, • बहुसाक्षरता सिप, • अन्तरवैयक्तिक सिप	• आदर्श व्यवहारको बारेमा विद्यार्थीबीच छलफल गराउने । • विद्यार्थीहरूलाई आर्दश व्यवहारको प्रर्दशन गर्न लगाउने । • केही समस्या दिएर समालोचनात्मक कार्यमा विद्यार्थीलाई सहभागी गराउने । • विभिन्न आदर्श व्यवहारबारे परियोजना कार्य र घटना अध्ययन कार्य गराउने ।	• विद्यार्थीका क्रियाकलापको निरन्तर मूल्याङ्कन र अवलोकन गर्ने । • विद्यार्थीबीच छलफल र प्रश्न-उत्तर गर्ने । • केही 'टेस्ट आइटम' बनाएर मूल्याङ्कन गर्ने । • अभिभावकको प्रतिक्रिया लिने ।	३
		(ख) बालखेल	• सञ्चार सिप, • प्रयोग सिप • प्रदर्शन सिप • सहकार्य सिप • ज्ञान र बोध	● स्थानीय खेलको अभ्यास गराउने । ● स्थानीय खेलको महत्वबारे समूहमा छलफल गराउने । ● प्रविधिमा आधारित खेलको उदाहरण र यसका प्रकारसहित परिचित गराउने (अनलाइन/अफलाइन/एकलमा समूहमा) ।	• विद्यार्थीहरूको समूह बनाइ समूह अवलोकन गर्ने । • प्रविधिमा आधारित खेलहरूको सूची बनाउन लगाइ विभिन्न प्रश्नहरू सोध्ने । • बहुवैकल्पिक प्रश्नहरू तयार पारी सोध्ने ।	४
		(ग) बाल साहित्य र सिर्जना	• सहकार्य सिप • सञ्चार सिप • सिकाइ • समालोचनात्मक सोचाइ	● बाल प्रतिभाको उदाहरणसहित विद्यार्थीलाई प्रष्ट पार्ने । ● स्थानीयस्तरमा प्रचलित चुट्किलाहरू र नृत्यहरूको पहिचान गर्न परियोजनात्मक कार्यमा संलग्न गराउने ।	• विद्यार्थीलाई स्वमूल्याकङ्न गर्न लगाउने । • समूहमा अभ्यास गरिने नृत्यको अवलोकन र	५

			• रचनात्मक सोचाइ	● स्थानीय कविता वा गीतहरू रचना गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने । ● स्थानीय नृत्यहरू समूहमा अभ्यास गराउने ।	'रेटिङ' गर्ने । • परियोजनाको जाँच गर्ने र समूह मूल्याङ्कनलाई जोड दिने ।	
		(घ) बाल संस्कार	• अन्तरवैयक्तिक सिप • प्रयोग सिप • सहकार्यता र सहभागिता सिप • सञ्चार सिप	● घरमा गरिने कामहरूको समूह निर्माण गरी पहिचान गर्न लगाउने । ● घरमा गरिने कार्यले पुऱ्याउने सहयोगको महत्वबारे वार्तालापबाट सिकाउने । ● घरयासी श्रममूलक कार्य प्रति सकारात्मक सन्देश दिने खालका नाटकीय विधि अवलम्बन गर्ने । ● विद्यार्थीलाई आफूले गर्ने दैनिक कार्यहरूको डायरी लेखन उत्साहित गराउने ।	• विद्यार्थीहरूले गर्ने कार्यको प्रभावकारी मूल्याङ्कन गर्ने । • विद्यार्थीहरूले तयार पारेको डायरी नोट मूल्याङ्कन गर्ने ।	३
		(ङ) बालमैत्री स्थानीय शासन	• ज्ञान, बोध • सहकार्य, • सञ्चार, • समालोचना	● नगरपालिकाबाट बालबालिकाको लागि प्रदान गरिने सेवा सुविधाको परिचय चित्रका माध्यम र छलफलबाट गर्ने । ● विद्यार्थीहरूलाई नगरपालिकाको भ्रमण गराउने र विभिन्न संरचनाको बारेमा जानकारी गराउने । ● कुनै एक घटनालाई समूह विभाजन गरी परियोजना कार्यको रूपमा परियोजनात्मक कार्यमा सरिक गराउने ।	• विद्यार्थीहरूलाई नगरपालिकाका संरचना बारेमा सोध्ने । • उनीहरूको परियोजनाको परीक्षण गर्ने । • नगरपालिकाले बालबालिकाको लागि उपलब्ध गराएका सेवा सुविधा भन्न लगाउने ।	२
		(च) नेतृत्व विकास	• सहयोग सिप • सहकार्य सिप • सञ्चार सिप	● विद्यालयमा विद्यार्थीहरूको सहभागितामा सदन निर्माण गराउने । ● अन्तर सदनात्मक क्रियाकलापमा	• प्रतिविम्बात्मक विधिबाट विद्यार्थीको नेतृत्व मूल्याङ्कन गराउने ।	२

			• सहानुभूतिसम्बन्धी • अन्तरव्यैक्तिक सिप • प्रदर्शन सिप • प्रयोग सिप	विद्यार्थीलाई सहभागी गराउने । ● विद्यालयमा र स्थानीयस्तरमा भएका बालक्लबको पहिचान गर्न लगाउने । ● स्थानीयस्तरमा रहेका बालक्लबको भ्रमण गरी तिनीहरूको महत्वबारे कक्षामा छलफल गराउने ।	• विद्यार्थीले सदन र बालक्लबमा गरेका कार्यको अवलोकन गर्ने । • बालक्लबको समुदाय स्तरमा हुने महत्व र आवश्यकताबारे प्रश्न उत्तर गर्ने । • जोडी र समूहमा गरिएका कार्यहरूको अवलोकन गर्ने ।	
		(छ) जीवनवृत्ति	• उद्यमशीलता सिप • सहकार्य • सहयोग • सञ्चार • रचनात्मक सोचाइ • समालोचनात्मक सिप	● विभिन्न स्थानीय पेसालाई समेट्ने गरी नाटक प्रदर्शन कार्यमा विद्यार्थीलाई संलग्न गराउने । ● विभिन्न पेसाका राम्रा र नराम्रा पक्षहरू पहिचान गर्न समूहमा छलफल गराउने । ● भविष्यमा विद्यार्थी स्वयंले छनोट गर्ने पेसाको बारेमा समालोचनात्मक र परियोजना कार्यमा सरिक गराउन । ● विभिन्न पेसाको महत्व र सान्दर्भिकता उल्लेख गरी सबै पेसाप्रति सम्मान भावको विकास गर्ने ।	• बालबालिकाले गरेका परियोजनात्मक कार्यको परीक्षण गर्ने । • अवलोकल र प्रश्नउत्तर विधिको प्रयोग गर्ने । • विद्यार्थीहरूको जोडी बनाइ एक आपसमा मूल्याङ्कन गर्न लगाउने ।	२

क्र. स.	**उपक्षेत्र**	**विषयवस्तु**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**

	४.१ असल बानी र आचरण को विकास	• थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने स्वभावको अनुकरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास ।	सञ्चार सिप सिकाइ सिप प्रतिबद्धता को सिप	. आफू मात्र बोल्ने र अरूलाई बोल्न नदिने एवं अरूका कुरा नसुन्ने स्वभावका मानिसलाई अरूले मन पराउँदैनन् भन्ने कुराको विभिन्न दृष्टान्त दिएर छलफल गर्ने । . उल्लिखित कुराको विपरीत थोरै बोल्ने र त्यसमा पनि मीठो बोल्ने र विस्तारै बोल्ने मानिसलाई सबैले मन पराउँछन् । साथै यो स्वभाव नै धेरै किसिमका द्वन्द्वको समाधान र खुसीको आगमनको माध्यम हो भनी उदाहरणहरू दिएर चर्चा गर्ने । . आवश्यकतानुसार पाठ्यपुस्तकका अतिरिक्त युट्युब, भिडियो क्लिप, मोबाइल एप्स र अन्य प्रेरक प्रसङ्गको समेत प्रयोग गर्ने । . विद्यार्थीहरूलाई उल्लिखित बानी अपनाउन प्रेरित गर्दै प्रतिबद्ध बनाउने र अरूका कुरा ध्यान दिएर सुन्न अनुरोध गर्ने । यस्ता मानिसहरू खुसी, सबैका प्रिय र सिकाइमा अब्बल हुने कुरा पनि छलफलको क्रममा चर्चा गर्ने ।	. थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने मानिसलाई अरूले किन पराउँछन् भन्ने सोधेर । . कस्तो व्यक्तिले अरूका कुरा ध्यान दिएर सुन्छ र त्यसबाट के फाइदा हुन्छ भन्ने सोधेर । . थोरै बोल्ने, बिस्तारै बोल्ने र मीठो बोल्ने बानीको अवलोकन गरेर । . विभिन्न तस्बिर र भिडियो देखाएर के देख्नुभयो भन्ने सोधेर ।	२
		• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको	सञ्चार सिप सिकाइ सिप लक्ष्य निर्धारण सिप, स्वमूल्याङ्कन सिप, पहिचान सिप, छनोट	. विद्यार्थीसँग व्यक्तिगत रूपमा सम्बन्ध स्थापना गर्दै उनीहरूका सबलता र सक्षमताको खोजी गर्ने र सोको जानकारी सम्बन्धित विद्यार्थी र अभिभावकलाई पनि गराउने । . शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सबलता र सम्भावनाको बारेमा विद्यार्थी स्वयंसँग पनि छलफल आदान प्रदान गरी विद्यार्थीहरूलाई समेत उनीहरूको रुचि, प्रतिभा र क्षमता स्वमूल्याङ्कन सहजीकरण गर्ने । . विभिन्न स्रोत र माध्यमको प्रयोग गरेर समाज तथा राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको सूची बनाइ चर्चा गर्ने । . समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभाव : अरूको दुःख र पीडामा सहयोग गर्ने, अरूका कुरा ध्यान दिएर सुन्ने, आफ्नोभन्दा अरूको लागि	. विद्यार्थीहरूले उनीहरूका रुचि, प्रतिभा र क्षमताका बारेमा सोधेर । . विद्यार्थीलाई आफ्नै गुरु आफै हुने र आफ्ना स्वमूल्याङ्कन कसरी गर्ने बारे सोधेर । . समाज र राष्ट्रका जिम्मेवार नागरिकमा हुनुपर्ने कुराहरू सोधेर । . उनीहरूले गरेका के के काम तपाईं गर्नसक्नु हुन्छ भन्ने सोधेर	२

		अभ्यास ।	सिप	मरिमेट्ने, समाज र राष्ट्रको हितलाई सर्वोपरी ठान्ने, राम्रो आचरण भएको, उसको आनीबानीको अनुकरण गरेमा अरू समेत असल हुने आदि जस्ता स्वभावहरूको चर्चा गर्ने । . त्यस्ता आचरण र स्वभावहरू आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई प्रेरित गर्दै उनीहरूबाट अनुकरण गर्न सक्ने स्वभावको लागि लिखित प्रतिबद्धता समेत गराउने ।	. विद्यार्थीहरूमा भएका असल नागरिकका स्वभावको बारेमा सोधेर . विद्यार्थीहरूमा भएका त्यस्ता स्वभावको अवलोकन गरेर ।	
	४.२. स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको सम्मान	● गीत, सङ्गीत र नृत्यमा सक्रिय रूपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास	सञ्चार सीप सिकाइ सिप प्रयोग सिप प्रस्तुति सीप	. विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने । . मोबाइल, टिभी, साउन्ड सिष्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्य प्रदर्शन गर्दै सोको अनुकरण तथा अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने . विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय वाद्ययन्त्र बजाउनका लागि अवसर तथा हौसला प्रदान गर्ने ।	. मन पराएका गीतहरू गाउन लगाएर । . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर । . उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर ।	२
		● स्थानीयस्तरका प्रमुख धर्महरूको बारेमा सङ्क्षिप्त परिचय, साथै स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक	सञ्चार सिप सहयोगी सिप	. विद्यार्थीहरूसँग सोधपुछ गर्दै आफ्नो वडा र पालिकामा भएका विभिन्न धर्म र तिनका धर्मावलम्बीको बारेमा छलफल गर्दै भन्ने । . उपलब्ध भएसम्म सम्बन्धित धर्मका स्थानीय जानकारलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . विद्यार्थीहरूसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनी गरिब, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने । . उत्सव एवं चाडपर्व मनाउदा स्थानीयस्तरका माथि उल्लिखित सबैको सम्मान हुनुपर्ने कुरालाई विशेष ध्यान दिनु पर्ने कुरालाई छलफलमा ल्याउने । . स्थानीयस्तरमा मनाइने उत्सव र चाडपर्वमा सामाजिक	. स्थानीयस्तरमा भएका विभिन्न धर्महरूको नाम सोधेर । . एकअर्को धर्मको बीचमा भिन्नता र समानता सोधेर । . सामाजिक सद्भावको अर्थ सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुरा सोधेर । . प्रतिबद्धता	२

		सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास ।		सद्भाव बढाउने किसिमका क्रियाकलापको बारेमा छलफल गरी सूची बनाउने । . सामाजिक सद्भावलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि विद्यार्थीलाई प्रतिबद्ध बनाउने ।	कार्यान्वयनको अवलोकन गरेर एवं अभिभावकसँग सोधेर ।	
	४.३. सकारात्मक सोचको विकास	● जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यासका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी र अनुकरण ।	सञ्चार सिप छनोट सिप मूल्याङ्कन सिप समीक्षा सिप	. दुनियाँमा भएका कुनै पनि चिजहरू आफैमा पूर्ण रूपमा खराब नभई तिनीहरू हाम्रो सोचको कारणले खराब भएका हुन् भन्दै तिनीहरूभित्र पनि असल चिजहरू हुन्छन् भन्ने कुराका साथ विभिन्न उदाहरणको चर्चा गर्ने । . कतिपय मन दुःखाउने विषय, व्यक्ति र घटनाभित्र पनि रहेका सकारात्मक कुराहरूको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरूमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने । . हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरूलाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने । . सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बारेमा विद्यार्थीहरूको बीचमा छलफल गरी सोको अनुकरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।	. विभिन्न घटनाको सन्दर्भ उठाएर त्यसका राम्रा पक्ष भन्न लगाएर । . मानिस कति बेला खुसी र कतिबेला दुःखी हुन्छ भन्ने सोधेर । . मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर । . सन्तुलित जीवनका विविध पक्षको बारेमा भन्न वा लेख्न लगाएर ।	२
		● अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको	सञ्चार सिप, छनोट सिप, स्वव्यवस्थापन सिप, प्रयोग	. घरपरिवारका सदस्य, साथीलगायत अन्य मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिलाई किटान गरी राम्रा कुरा भन्न लगाउने । . राम्रा कुरा सम्झिदा कस्तो अनुभूति भयो भनेर सोध्दै विद्यार्थीहरूलाई आ-आफ्ना अनुभूति भन्नका लागि अवसर प्रदान गर्ने । . विद्यार्थीहरूका अनुभूतिलाई समेट्दै राम्रा कुरालाई पहिचान	. कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर । . राम्रा कुरा सम्झिदाका अनुभूति भन्न लगाएर । . हरेक बिहान र बेलुका उनीहरूले लेखेका	२

		जीवनमा निरन्तर अनुकरण गर्ने अभ्यास ।	सिप	गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुशी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने । . हरेक बेलुका सुत्दा र हरेक बिहान बिउँझदा कम्तीमा ३/३ वटा राम्रा कुराहरू सम्झदै बिउझने र सोको डायरीमा टिपोट गर्ने बानीको विकास गराउने ।	कुराको निरीक्षण गरेर । . अरूको प्रशंसा गर्दा आफूलाई हुने फाइदा भन्न लगाएर ।	
	४.४. पूर्वीय दर्शन, श्रमप्रति सम्मान र सामाजिक सद्भाव	● योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन , कोणासन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग ।	सञ्चार सिप, प्रयोग सीप, प्रदर्शन सिप, प्रयोग सिप, तार्किक सिप, स्वीकार्य सिप आदि ।	. विद्यार्थीलाई (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ र अनुलोमविलोम प्रणायाम एवं उर्ध्वताडासन र कोणासन सिकाउनका लागि शिक्षकले सबैको सामु गरेर देखाउने । . तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । . कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गराउने । . ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्दा भएको अनुभव र अनुभूतिको बारेमा विद्यार्थीहरूसँग सोधपुछ गरी विचारको आदान प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्वको बारेमा भन्ने ।	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर । . उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको परिचय र महत्व सोधेर । . कुनै पनि ध्यान, प्राणायाम र आसनको नाम उच्चारण गरी त्यसको अभ्यास गर्न लगाएर ।	२
		● श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास ।	सञ्चार सिप, सम्मान गर्ने सिप, अवलोक	. कुनै पनि वस्तुको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्तसहित व्याख्या गर्ने । . हामी जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा	. कुनै पनि वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . आफूले गर्ने काम बताउन लगाएर ।	२

			न सिप, श्रम गर्ने सिप	छलफल गर्ने । . विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग र प्रदर्शन गर्ने । . श्रमको सम्मान एवं परिवार, गाउँटोल र विद्यालयमा विभिन्न किसिमका शारीरिक काम गरेका तस्बिर तथा अन्य अभिलेख प्रस्तुत गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने ।	. श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर । . विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्बिर हेरेर ।	
		● परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास ।	सञ्चार सीप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सिप,	. हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . अन्य श्रव्यदृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने । . हामीले अहिले सहयोग गर्‍यौं भने भोलि हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई पनि छलफलमा ल्याउने । . जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोग बारे भन्न लगाएर वा परियोजना कार्यको अभिलेख हेरेर ।	२

क्र. स.	उपक्षेत्र	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
	४.१ असल बानी र आचरण	● थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो	सञ्चार सिप सिकाइ	. आफूमात्र बोल्ने र अरूलाई बोल्न नदिने एवं अरूका कुरा नसुन्ने स्वभावका मानिसलाई अरूले मन पराउँदैनन् भन्ने कुराको विभिन्न दृष्टान्त दिएर छलफल गर्ने । . उल्लिखित कुराको विपरीत थोरै बोल्ने र त्यसमा पनि मीठो	. थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने मानिसलाई अरूले किन पराउँछन् भन्ने सोधेर ।	२

	ा को विकास	बोल्ने स्वभावको अनुकरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास ।	सिप प्रतिबद्धता को सिप	बोल्ने र विस्तारै बोल्ने मानिसलाई सबैले मन पराउँछन् । साथै यो स्वभाव नै धेरै किसिमका द्वन्द्वको समाधान र खुसीको आगमनको माध्यम हो भनी उदाहरणहरू दिएर चर्चा गर्न । . आवश्यकताअनुसार पाठ्यपुस्तकका अतिरिक्त युट्युब, भिडियो क्लिप, मोबाइल एप्स र अन्य प्रेरक प्रसङ्गको समेत प्रयोग गर्ने । . विद्यार्थीहरूलाई उल्लिखित बानी अपनाउन प्रेरित गर्दै प्रतिबद्ध बनाउने र अरूका कुरा ध्यान दिएर सुन्न अनुरोध गर्ने । यस्ता मानिसहरू खुसी, सबैका प्रिय र सिकाइमा अब्बल हुने कुरा पनि छलफलको क्रममा चर्चा गर्ने ।	. कस्तो व्यक्तिले अरूका कुरा ध्यान दिएर सुन्छ र त्यसबाट के फाइदा हुन्छ भन्ने सोधेर । . थोरै बोल्ने, बिस्तारै बोल्ने र मीठो बोल्ने बानीको अवलोकन गरेर । . विभिन्न तस्बिर र भिडियो देखाएर के देख्नुभयो भन्ने सोधेर ।	
		● आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास ।	सञ्चार सिप सिकाइ सिप लक्ष्य निर्धारण सिप, स्वमूल्याङ्कन सिप, पहिचान सिप, छनोट सिप	. विद्यार्थीसँग व्यक्तिगत रूपमा सम्बन्ध स्थापना गर्दै उनीहरूका सबल र सक्षमताको खोजी गर्ने तथा सोको जानकारी सम्बन्धित विद्यार्थी र अभिभावकलाई पनि गराउने । . शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सबल र सम्भावनाको बारेमा विद्यार्थी स्वयंसँग पनि छलफल आदान प्रदान गरी विद्यार्थीहरूलाई समेत उनीहरूको रुचि, प्रतिभा र क्षमता स्वमूल्याङ्कन सहजीकरण गर्ने । . विभिन्न स्रोत र माध्यमको प्रयोग गरेर समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव तथा आचरणको सूची बनाई चर्चा गर्ने । . समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभाव : अरूको दुःख र पीडामा सहयोग गर्ने, अरूका कुरा ध्यान दिएर सुन्ने, आफ्नोभन्दा अरूको लागि मरिमेट्ने, समाज र राष्ट्रको हितलाई सर्वोपरी ठान्ने, राम्रो आचरण भएको, उसको आनीबानीको अनुकरण गरेमा	. विद्यार्थीहरूले उनीहरूका रूचि, प्रतिभा र क्षमताका बारेमा सोधेर । . विद्यार्थीलाई आफ्नै गुरु आफै हुने र आफ्ना स्वमूल्याङ्कन कसरी गर्नेबारे सोधेर । . समाज र राष्ट्रका जिम्मेवार नागरिकमा हुनुपर्ने कुरा सोधेर । . उनीहरूले गरेका के के काम तपाईं गर्नसक्नु हुन्छ भन्ने सोधेर . विद्यार्थीहरूमा भएका असल नागरिकका	२

				अरूसमेत असल हुने आदि जस्ता स्वभावको चर्चा गर्ने । . त्यस्ता आचरण र स्वभाव आफूमा पनि विकास गर्नका लागि विद्यार्थीलाई प्रेरित गर्दै उनीहरूबाट अनुकरण गर्नसक्ने स्वभावको लागि लिखित प्रतिबद्धतासमेत गराउने ।	स्वभावको बारेमा सोधेर . विद्यार्थीहरूमा भएका त्यस्ता स्वभावको अवलोकन गरेर ।	
	४.२. स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको सम्मान	● गीत, सङ्गीत र नृत्यमा सक्रिय रूपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास	सञ्चार सिप सिकाइ सिप प्रयोग सीप प्रस्तुति सिप	. विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने । . मोबाइल, टिभी, साउन्ड सिष्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्य प्रदर्शन गर्दै सोको अनुकरण तथा अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने . विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय वाद्ययन्त्र बजाउनका लागि अवसर तथा हौसला प्रदान गर्ने ।	. मन पराएका गीतहरू गाउन लगाएर . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर । . उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर	२
		● स्थानीयस्तरका प्रमुख धर्मको बारेमा सङ्क्षिप्त परिचय, साथै स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु	सञ्चार सिप सहयोगी सिप	. विद्यार्थीहरूसँग सोधपुछ गर्दै आफ्नो वडा र पालिकामा भएका विभिन्न धर्म तथा तिनका धर्मावलम्बीको बारेमा छलफल गर्दै भन्ने । . उपलब्ध भएसम्म सम्बन्धित धर्मका स्थानीय जानकारलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने . विद्यार्थीहरूसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनीगरिब, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने । . उत्सव एवं चाडपर्व मनाउँदा स्थानीयस्तरका माथि उल्लिखित सबैको सम्मान हुनुपर्ने कुरालाई विशेष ध्यान दिनुपर्ने कुरालाई छलफलमा ल्याउने । . स्थानीयस्तरमा मनाइने उत्सव र चाडपर्वमा सामाजिक सद्भाव बढाउने किसिमका क्रियाकलापका बारेमा छलफल	. स्थानीयस्तरमा भएका विभिन्न धर्मको नाम सोधेर । . एक अर्को धर्मको बीचमा भिन्नता र समानता सोधेर । . सामाजिक सद्भावको अर्थ सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराहरू सोधेर । . प्रतिबद्धता कार्यान्वयनको	२

		पर्ने कुराहरूको जानकारी र अभ्यास ।		गरी सूची बनाउने । . सामाजिक सद्भावलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि विद्यार्थीलाई प्रतिबद्ध बनाउने ।	अवलोकन गरेर एवं अभिभावकसँग सोधेर ।	
	४.३. सकारात्मक सोचको विकास	● जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यासका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षको जानकारी र अनुकरण ।	सञ्चार सिप छनोट सिप मूल्याङ्कन सिप समीक्षा सिप	. दुनियाँमा भएका कुनै पनि चिजहरू आफैमा पूर्ण रूपमा खराब नभई तिनीहरू हाम्रो सोचको कारणले खराब भएका हुन् भन्दै तिनीहरूभित्र पनि असल कुरा हुन्छन् भन्नुका साथ विभिन्न उदाहरणको चर्चा गर्ने । . कतिपय मन दुःखाउने विषय, व्यक्ति र घटनाभित्र पनि रहेका सकारात्मक कुराको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरूमा सकारात्मक हुने क्षमताको विकास तथा अभ्यास गराउने । . हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरूलाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने । . सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षका बारेमा विद्यार्थीहरूका बीचमा छलफल गरी सोको अनुकरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।	. विभिन्न घटनाको सन्दर्भ उठाएर त्यसका राम्रा पक्ष भन्न लगाएर । . मानिस कति बेला खुसी र कतिबेला दुःखी हुन्छ भन्ने सोधेर । . मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर । . सन्तुलित जीवनका विविध पक्षको बारेमा भन्न वा लेख्न लगाएर ।	२
		● अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको जीवनमा	सञ्चार सिप, छनोट सिप, स्वव्यवस्थापन सिप, प्रयोग सीप	. घरपरिवारका सदस्य, साथीलगायत अन्य मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिलाई किटान गरी राम्रा कुरा भन्न लगाउने । . राम्रा कुरा सम्झिदा कस्तो अनुभूति भयो भनेर सोध्दै विद्यार्थीहरूलाई आ-आफ्ना अनुभूति भन्नका लागि अवसर प्रदान गर्ने । . विद्यार्थीहरूका अनुभूतिलाई समेट्दै राम्रा कुरालाई पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुशी हुने तथा मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने ।	. कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर । . राम्रा कुरा सम्झिदाका अनुभूति भन्न लगाएर । . हरेक विहान र बेलुका उनीहरूले लेखेका कुराको निरीक्षण गरेर ।	२

		निरन्तर अनुकरण गर्ने अभ्यास ।		. हरेक बेलुका सुत्दा र हरेक बिहान बिउँझदा कम्तीमा ३/३ वटा राम्रा कुराहरू सम्झदै विउँझने र डायरीमा सोको टिपोट गर्ने बानीको विकास गराउने ।	. अरूको प्रशंसा गर्दा आफूलाई हुने फाइदा भन्न लगाएर ।	
	४.४. पूर्वीय दर्शन, श्रमप्रतिको सम्मान र सामाजिक सद्भाव	● योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन , कोणासन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग ।	सञ्चार सिप, प्रयोग सिप, प्रदर्शन सिप, प्रयोग सिप, तार्किक सिप, स्वीकार्य सिप आदि ।	. विद्यार्थीहरूलाई (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ र अनुलोमविलोम प्रणायाम एवं उर्ध्वताडासन र कोणासन सिकाउनका लागि शिक्षकले सबैको सामु गरेर देखाउने । . तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन तथा पृष्ठपोषण प्रदान गर्ने । . कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेका विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गराउने । . ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्दा भएको अनुभव तथा अनुभूतिको बारेमा विद्यार्थीहरूसँग सोधपुछ गरी विचारको आदान प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्वको बारेमा भन्ने ।	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर । . उनीहरूले गरेका अभ्यासको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनको परिचय र महत्व सोधेर । . कुनै पनि ध्यान, प्राणायाम र आसनको नाम उच्चारण गरी त्यसको अभ्यास गर्न लगाएर ।	२
		● श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास ।	सञ्चार सिप, सम्मान गर्ने सिप, अवलोकन सिप,	. कुनै पनि वस्तुको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्तसहित व्याख्या गर्ने । . हामी जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नुपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने ।	. कुनै पनि वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . आफूले गर्ने काम भन्न लगाएर । . श्रमलाई सम्मान गर्नु	२

			श्रम गर्ने सिप	. विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग र प्रदर्शन गर्ने । . श्रमको सम्मान एवं परिवार, गाउँटोल र विद्यालयमा विभिन्न किसिमका शारीरिक काम गरेका तस्बिर तथा अन्य अभिलेखहरू प्रस्तुत गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने ।	पर्ने कारण सोधेर । . विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्बिर हेरेर ।	
		● परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास ।	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सिप,	. हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . अन्य श्रव्यदृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . जेष्ठ नागरिक र अशक्तले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने । . हामीले अहिले सहयोग गर्‍यौं भने भोलि हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई पनि छलफलमा ल्याउने । . जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसका बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोगबारे भन्न लगाएर वा परियोजना कार्यको अभिलेख हेरेर ।	२

क्र. स.	क्षेत्र/एकाइ /थिम	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा

१	हाम्रो सम्पदा	**१.वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको परिचय :** ● काँक्रेविहार, बुलबुले, बयलकाँडा गढी, जर्बुटा र सत्तेकाँडा (सुर्खेत उपत्यकाको भ्यु प्वाइन्ट), सहिदपार्क, कटकुवा, अँधेरी गुफा, सिद्धपाइला, घण्टाघर, लाटीकोइली शिवालय	-पर्यटन स्थलप्रतिको सजगता र सम्मानको सिप -अवलोकन सिप -स्वव्यवस्थापन सिप -सञ्चार सिप	● स्थानीय पर्यटन स्थलहरूको अवलोकन भ्रमण गराई तिनीहरूको ऐतिहासिक तथ्य संकलन गर्ने र समूहगत रूपमा फरक फरक पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमिसहित परिचय प्रस्तुत गर्न लगाउने । ● प्रस्तुतकर्ताको प्रस्तुतिमा अन्य विद्यार्थीले टिप्पणी गर्ने र पाठ्यवस्तुको अध्ययन तथा आफ्ना अनुभवका आधारमा सुझाव प्रस्तुत गर्ने । ● स्थलगत अवलोकनको क्रममा सङ्कलन गरिएका तस्बिरलाई सूचना पाटीमा टाँसेर प्रर्दशन गर्न लगाउने ।	● पर्यटन स्थलहरूको परिचय दिन लगाएर । ● पर्यटन स्थलको महत्वबारे भन्न लगाएर । ● परियोजना कार्य गर्न लगाएर ।	५
२		**२. वीरेन्द्रनगरका जल सम्पदा उत्तरी जलाधार क्षेत्र र खोलानालहरू :** ● गोठीकाँडा, कटकुवा, ईत्रामखोला, खार्के खोला, निकास खोला ,बुलबुले ताल, खोलीगाउँको मूलधारा, गुप्तीपुरको	-सञ्चारको सिप -वातावरणप्रतिको सजगता तथा -सहकार्य सिप	● वीरेन्द्रनगरका जल सम्पदाको चित्र, पोस्टर, स्लाइड प्रर्दशन गर्ने । ● .स्थानीय कुनै एउटा जल सम्पदाको वस्तुस्थिति अवलोकन गरी त्यहाँ रहेका पानीको स्रोतको अवस्था, त्यसको उपयोग, सरसफाइको अवस्था, संरक्षणका प्रयास समेटेर एउटा प्रतिवेदन तयार पार्न लगाउने । ● तयार गरिएका प्रतिवेदनलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउने ।	● वीरेन्द्रनगरका स्थानीय जलसम्पदाको नाम र अवस्थितिको बारेमा सोधेर । ● परियोजना कार्यमा तयार पारिएको प्रतिवेदन प्रस्तुत गर्न लगाएर । ● जलसम्पदाको महत्वको बारेमा सोधेर । ● जलको मुहान र स्रोत बारेमा भन्न लगाएर ।	५

		मूलधारा, पातलगङ्गा कुवा				
३		**३.हाम्रा मानव सम्पदा, स्थानीय प्रेरणादायी व्यक्तित्व :** ● वीरेन्द्रनगरका स्थानीय कलाकार, खेलाडी, समाजसेवी तथा साहित्यकारको चिनारी र योगदान	–आदर्श व्यक्तिप्रतिकाे सम्मान गर्ने सिप –सञ्चार सिप –खोजीको सिप	● वीरेन्द्रनगर बाहिरका कुनै ठाउँको ख्याति प्राप्त प्रेरणादायी व्यक्तित्वको जीवनी र उनीहरूले आफ्नो समाजमा दिएका योगदान बारे सुनाउने । ● आफ्ना वडामा भएका प्रेरणादायी व्यक्तिको बारेमा कुनै एक प्रेरणादायी व्यक्तिको परिचय तथा उहाँका योगदान बारे समुदायका अग्रजहरूससँग सोधेर उहाँहरूको जीवनी तयार पार्न लगाउने र उहाँको जीवनीलाई कक्षाकोठामा पालैपाले प्रस्तुत गर्न लगाउने । ● विद्यार्थीहरूले सङ्कलन गरेका स्थानीय प्रेरणादायी व्यक्तिको तस्बिर वा तस्बिर प्रर्दशन र समीक्षा गराएर ।	● स्थानीयस्तरमा रहेका आदर्श व्यक्तिहरू बारे परियोजना कार्य गर्न लगाएर । ● प्रश्नोत्तर गरेर । ● बुँदा टिपोट, मुख्यमुख्य काम र योगदानको सूची बनाउन लगाएर । ● स्थानीयस्तरको आदर्श व्यक्तिको समीक्षा गर्न लगाएर ।	४
४		**४.हाम्रा हस्तकला :** ● बाँसबाट निर्मित हस्तकला डोको, स्याकु, मुढा, छटरी, ढडिया, मान्द्रो ● माटाबाट निर्मित हस्तकला गाग्रा, चुल्लो, ● ऊनबाट बन्ने टोपी, रुमाल,	–स्वअध्ययन सिप –प्रयोग सिप –अवलोकन सिप	● वस्तु तथा चित्र प्रर्दशन विधि । ● अवलोकन तथा स्थानीय सामग्री निर्माण अभ्यास । ● सम्बन्धित जाति समुदायका सिप जानेकालाई अतिथिका रूपमा कक्षाकोठामा सामग्री प्रर्दशन तथा वर्णन । ● छिमेकका व्यक्तिहरूले स्थानीय हस्तकलाका सामग्री बनाइरहेको बेला अवलोकन गरेर बनाउने विधिबारे जानकारी लिने र त्यसैअनुसार त्यस्तो सामग्री आफै बनाई वा बनाउन लगाई	● विभिन्न निर्मित हस्तकला सामग्री देखाएर नाम भन्न लगाएर । ● एकल तथा सामूहिक रूपमा हस्तकला निर्माण गर्न लगाएर । ● आफ्नो घर परिवारमा प्रयोगमा भएका हस्तकला बारे भन्न लगाएर । ● विभिन्न हस्तकलाका सामग्रीहरूमा प्रयोग हुने	५

		स्वीटर, पाखी ● अन्य चकटी, ढकिया, नाम्लो,		त्यसमा प्रयोग भएका कच्चा पदार्थको नाम तथा बुन्ने तरिकासमेत कक्षामा प्रस्तुत गर्न लगाउने ।	कच्चा पदार्थ र बनाउने विधि भन्न लगाएर ।	
५		**५.वीरेन्द्रनगर र कर्णाली प्रद्रेश :** ● कर्णाली प्रदेशको स्थापनामा वीरेन्द्रनगरको भूमिका ● कर्णाली प्रदेशको स्थापना र सहिदहरूको परिचय तथा महत्व	-सञ्चार सिप -अन्तर वैयक्तिक सिप	● कर्णाली प्रदेशको स्थापना आन्दोलनसम्बन्धी दस्तावेज खोजेर अध्ययन गर्न लगाउने र त्यसको सारांश प्रस्तुत गर्न लगाउने । ● विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर वीरेन्द्रनगरवासीले उक्त आन्दोलनमा खेलेको भूमिका बारे छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने । ● प्रदेश स्थापनाको लागि भएको घटना तथा घटनामा साहदत प्राप्त गर्ने सहिदबारे प्रत्यक्षदर्शीसँग सोधेर जानकारी लिई आफूले बुझेको कुरा कक्षामा प्रस्तुत गर्न लगाउने । ● उक्त आन्दोलन तथा आन्दोलनका सहिदहरूको तस्बिर सङ्कलन गरी तस्बिर वा भिडियो प्रदर्शन गर्न लगाउने ।	● कर्णाली प्रदेश स्थापना आन्दोलनको उद्देश्य, घटनाक्रम र उपलब्धिमा आधारित प्रश्नोत्तर गरेर । ● उक्त आन्दोलनका सहिदहरूको परिचय र योगदान भन्न लगाएर ।	५
६		**६ वीरेन्द्रनगरमा जातीय विविधता :** ● जातीय विविधता र जातीय एकताको परिचय ● खस र अन्य	सहयोग सिप	● कक्षामा रहेका विभिन्न जातजातिका विद्यार्थीहरूद्वारा आआफ्नो समुदायको रहनसहनको बारेमा भन्न लगाउने । ● स्थानीयस्तरमा रहेका विभिन्न जातजातिका भाषा, पोशाक, मुख्य पेसा आदिको बारे छलफल गर्न लगाउने ।	● विभिन्न जातजातिको परिचय सोधेर । ● विभिन्न जातजातिको मुख्य पोशाक, रहनसहनको बारेमा सूची बनाउन लगाएर ।	४

		जातिबीचको सम्बन्ध		• दिएको पाठ्यवस्तुको निर्देशित पढाइ गरेर प्रश्नोत्तर गर्ने । • वीरेनद्रनगरको जातीय विविधता र जातीय एकतालाई बुझाउने गरी विद्यार्थीहरूलाई ती जातजातिको अन्य जातिसँगको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा लेख लेख्न लगाई कक्षामा उक्त लेख बारे छलफल गर्ने ।	• स्थानीयस्तरमा रहेको जातजातिको चार्ट बनाउन लगाएर । • प्रश्नोत्तर, अवलोकन गरेर जातअनुसार मुख्य पेसाको सूची बनाउन लगाएर ।	

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहारकुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन र वृक्षरोपण** . वडामा भएका वन र त्यस वनमा पाइने वस्तुहरूको पहिचान . वनमा आधारित आर्थिक क्रियाकलाप (घर तथा विद्यालयमा जडीबुटी खेती र सङ्कलन विभिन्न स्थानीय जातका वनस्पतिको नर्सरी	सञ्चार सिप सिकाइ सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी	. वडामा भएका वनको पहिचान र अवलोकन गराउने । . अवलोकन वा सो वनसम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर वनमा पाइने वस्तुहरू पहिचान गर्न लगाउने (जलस्रोत, खोला, वन्यजन्तु, वनस्पति, खनिज आदि) । . घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटी पहिचान गर्न लगाउने, पहिचान गराउने र जडीबुटी खेती गर्ने तरिका भन्ने । . जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी निर्माण गर्न सकिने कुरा भन्ने र नर्सरी तयार गर्ने विधि भन्ने । . विद्यालयमा जडीबुटी खेती गर्नको लागि नर्सरी निर्माण गर्न विद्यार्थीहरूलाई सहभागी गराउने ।	. वडामा भएका वनको नाम भन्न लगाएर । . वडाका विभिन्न वनमा पाइने वस्तुहरूको पहिचान गर्न लगाएर । . घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटी भन्न लगाएर । . जडीबुटी खेतीको लागि विद्यालयमा नर्सरी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर । . नर्सरीमा उत्पादित बेर्ना घर तथा विद्यालयमा रोपन	७

		निर्माण र बिक्री वितरण, आदि) . वडा क्षेत्रमा वृक्षारोपण	सिप	. विद्यालयमा गरिएको नर्सरीमा भएका औषधीजन्य वनस्पतिको घर तथा विद्यालयमा रोपन गर्न लगाउने । . विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरू बिक्री वितरण गर्ने र गर्न लगाउने । . वडा क्षेत्रमा वृक्षारोपण गर्न विद्यार्थीहरूलाई लगाउने र सहयोग गर्ने ।	गरे नगरेको अवलोकन गरेर ।	
		४.२. हरियाली प्रवर्धन . हरित घर तथा विद्यालयको अवधारणा/परिचय . विद्यालयमा करेसाबारीको निर्माण (स्थानीय मौसममा आधारित सागसब्जीलगायत का दैनिक खानामा उपयोग हुने वनस्पतिको खेती) . हरियाली प्रवर्धनको परिचय महत्व, तरिका र सहभागिता	सिकाइ सिप स्वव्य वस्थाप न सिप वाताव रणप्रति को सजग ता र सम्मा न सिप वैयक्ति क जिम्मे वारी सिप	. हरितघर, हरित विद्यालयका बारेमा विचार प्रस्तुत गर्न लगाउने । . घर वरपरको खाली जग्गा, कौसी वा अन्य ठाउँमा आवश्यक बिरूवाहरू रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रूपमा हरितघरको परिचय दिने । . ऊर्जाको बचत र सही सदुपयोग गर्ने, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने । . विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरूलाई सहभागी गराउने । . करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिहरूको खेती गर्नमा विद्यार्थीहरूलाई सहभागी गराउने । . विद्यालयमा जस्तै घरमा समेत करेसाबारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति घरमा नै उत्पादन गर्न सकिने कुरा भन्ने र	. हरितघर तथा विद्यालयको परिचय दिन लगाएर । . हरितघर तथा विद्यालयअन्तर्गत पर्ने पक्ष भन्न लगाएर । . विद्यालय तथा घरमा करेसाबारी निर्माण गरेर नगरेको, उक्त कार्यमा सहभागी भए नभएको अवलोकन गरेर । . करेसाबारीमा सागसब्जी तथा अन्य उपयोगी वनस्पति उत्पादन गरे नगरेको । . हरियाली प्रवर्धनको परिचय, यसको महत्व र तरिका भन्न लगाएर ।	८

				विद्यार्थीहरूलाई घरमासमेत उत्पादन गर्न लगाउने । . हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्धनको परिचय दिने । . हरियाली प्रवर्धन गर्दा हुने महत्व, हरियाली प्रवर्धन गर्ने तरिका भन्ने र विद्यार्थीहरूलाई सहभागी गराउने ।		
		४.३ पानी र फोहोरमैला व्यवस्थापन . विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने प्रदूषण न्यूनीकरणका उपाय (जल, वायु, ध्वनि, जमिन) . नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण प्रक्रिया . पानी शुद्धीकरणका स्थानीय	सिकाइ सिप स्वव्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने (हावा, पानी, जमिन, ध्वनि आदि) । . प्रदूषण हुने कारण र असरमा छलफल गराउने । . जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरूमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानूनी प्रावधान, सचेतना आदि) । . नगरपालिका क्षेत्रमा भएका खानेजलस्रोतको पहिचान गर्न लगाउने । . घर तथा विद्यालयमा आउने खाने पानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने । . घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने । . यस्ता विधिहरू अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रूपमा प्रदर्शन गर्ने ।	. जल प्रदूषणको परिचय सोधेर । . जल प्रदूषण हुने कारणहरू भन्न लगाएर । . जल प्रदूषणबाट देखिएका असरहरू भन्न लगाएर . घर तथा विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर । . घर तथा विद्यालयमा पानीको स्रोतबाट आउने वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर ।	७

		उपायहरू				
		४.४ दिगो विकास . गाउँपालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू . नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरू	सिकाइ सिप सञ्चालन सिप	. दिगो विकासका बारेमा विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरूको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने । . दिगो विकासका लक्ष्यहरूको जानकारी गराउने र नगरपालिकास्तरबाट दिगो विकासको लक्ष्य पूरा गर्न सकिने लक्ष्यहरू पहिचान गराउने । . दिगो विकास र वातावरण संरक्षणबीचको अन्तरसम्बन्धमा छलफल गराउने । . वातावरण संरक्षण गर्ने तरिकाहरू श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने ।	. दिगो विकासको परिचय दिन लगाएर । . दिगो विकासका लक्ष्य सोधेर । . नगरपालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासको लक्ष्यहरू भन्न लगाएर । . वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध भन्न लगाएर ।	३

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन र वृक्षरोपण** . वडामा भएका वनहरू र उक्त वनमा पाइने वस्तुहरूको पहिचान . वनमा आधारित आर्थिक	सञ्चार सिप सिकाइ सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक	. वडामा भएका वनको पहिचान गराउने र अवलोकन गराउने । . अवलोकन वा सो वनसम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर वनमा पाइने वस्तुहरू पहिचान गर्न लगाउने (जलस्रोत, खोला, वन्यजन्तु, वनस्पति, खनिज आदि) । . घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटी पहिचान गर्न लगाउने, पहिचान गराउने र जडीबुटी खेती गर्ने तरिका भन्ने ।	. वडामा भएका वनको नाम भन्न लगाएर । . वडाका विभिन्न वनहरूमा पाइने वस्तुहरूको पहिचान गर्न लगाएर । . घर तथा विद्यालयमा	७

		क्रियाकलाप (घर तथा विद्यालयमा जडीबुटी खेती र सङ्कलन, विभिन्न स्थानीय जातका वनस्पतिहरूको नर्सरी निर्माण र बिक्री वितरण आदि) . वडा क्षेत्रमा वृक्षारोपण	जिम्मेवारी सिप	. जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी निर्माण गर्न सकिने कुरा भन्ने र नर्सरी तयार गर्ने विधि भन्ने । . विद्यालयमा जडीबुटी खेती गर्नको लागि नर्सरी निर्माण गर्न विद्यार्थीहरूलाई सहभागी गराउने । . विद्यालयमा गरिएको नर्सरीमा भएका औषधीजन्य वनस्पतिको घर तथा विद्यालयमा रोपन गर्न लगाउने । . विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरू बिक्री वितरण गर्ने र गर्न लगाउने । . वडाक्षेत्रमा वृक्षारोपण गर्न विद्यार्थीहरूलाई लगाउने तथा सहयोग गर्ने ।	उत्पादन गर्न सकिने जडीबुटीहरू भन्न लगाएर । . जडीबुटी खेतीको लागि विद्यालयमा नर्सरी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर । . नर्सरीमा उत्पादित बेर्ना घर तथा विद्यालयमा रोपन गरे नगरेको अवलोकन गरेर ।	
		४.२ हरियाली प्रवर्धन . हरित घर तथा विद्यालयको अवधारणा/परिचय . विद्यालयमा करेसाबारीको निर्माण (स्थानीय मौसममा आधारित सागसब्जीलगायत का दैनिक खानामा उपयोग हुने वनस्पतिको खेती)	सिकाइ सिप स्वव्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. हरित घर, हरित विद्यालयका बारेमा विचार प्रस्तुत गर्न लगाउने । . घर वरपरको खाली जग्गा, कौसी वा अन्य ठाउँमा आवश्यक बिरूवा रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रूपमा हरित घरको परिचय दिने । . ऊर्जाको बचत र सही सदुपयोग गर्ने, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने । . विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरूलाई सहभागी गराउने । . करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको	. हरित घर तथा विद्यालयको परिचय दिन लगाएर । . हरितघर तथा विद्यालयअन्तर्गत पर्ने पक्षहरू भन्न लगाएर । . विद्यालय तथा घरमा करेसाबारी निर्माण गरेर नगरेको, उक्त कार्यमा सहभागी भए नभएको	८

		. हरियाली प्रवर्धनको परिचय महत्व, तरिका र सहभागिता		साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिको खेती गर्नमा विद्यार्थीहरूलाई सहभागी गराउने । . विद्यालयमा जस्तै घरमा समेत करेसाबारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति घरमा नै उत्पादन गर्न सकिने कुरा भन्ने र विद्यार्थीहरूलाई घरमा समेत उत्पादन गर्न लगाउने । . हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्धनको परिचय दिने । . हरियाली प्रवर्धन गर्दा हुने महत्व, हरियाली प्रवर्धन गर्ने तरिका भन्ने र विद्यार्थीहरूलाई सहभागी गराउने ।	अवलोकन गरेर । . करेसाबारीमा सागसब्जी तथा अन्य उपयोगी वनस्पति उत्पादन गरे नगरेको । . हरियाली प्रवर्धनको परिचय, यसको महत्व र तरिका भन्न लगाएर ।	
		४.३ पानी र फोहोरमैला व्यवस्थापन . विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने प्रदूषण न्यूनीकरणका उपाय (जल, वायु, ध्वनि, जमीन) . नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण प्रक्रिया	सिकाइ सिप स्वव्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने (हावा, पानी, जमिन, ध्वनि आदि) । . उक्त प्रदूषण हुने कारण र असरमा छलफल गराउने । . जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानुनी प्रावधान, सचेतना आदि) । . नगरपालिका क्षेत्रमा भएका जलस्रोतको पहिचान गर्न लगाउने । . घर तथा विद्यालयमा आउने खानेपानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने । . घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने । . यस्ता विधिअन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी	. जलप्रदूषणको परिचय सोधेर । . जलप्रदूषण हुने कारणहरू भन्न लगाएर । . जलप्रदूषणबाट देखिएका असरहरू भन्न लगाएर । . घर तथा विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर । . घर तथा	७

		. पानी शुद्धीकरणका स्थानीय उपायहरू		दिने र प्रयोगात्मक रूपमा प्रदर्शन गर्ने ।	विद्यालयमा पानीको स्रोतबाट आउने वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर ।	
		४.४ दिगो विकास . नगरपालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू . नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिका	सिकाइ सिप सञ्चार सिप	. दिगो विकासको परिभाषा सोध्दै विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरूको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने । . दिगो विकासका लक्ष्यहरूको जानकारी गराउने र नगरपालिकास्तरबाट दिगो विकासको लक्ष्य पूरा गर्न सकिने लक्ष्य पहिचान गराउने । . दिगो विकास र वातावरण संरक्षणबीचको अन्तरसम्बन्धमा छलफल गराउने । . वातावरण संरक्षण गर्ने तरिकाहरू श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने ।	. दिगो विकासको परिचय दिन लगाएर । . दिगो विकासका लक्ष्यहरू सोधेर । . नगरपालिकास्तरबाट पूरा गर्न सकिने दिगो विकासको लक्ष्यहरू भन्न लगाएर । . वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध भन्न लगाएर ।	**३**

क्र.स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहारकुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	कार्य घन्टा
१	स्थानीय पेसा	१.१ स्थानीय अन्नबाली, तरकारी,	सञ्चार सिप सिकाइ सिप	. विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली	. विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने कृषिका	**५**

	व्यवसाय र प्रविधि	फलफूल खेती र पशुपछी पालन . स्थानीय अन्नबालीरकाह , तरकारी, फलफूल खेतीका तरिकाहरू • घर तथा स्थानीयस्तरमा पालन गरिने पशुपछीको स्याहार	प्रयोग सिप	तरकारी र फलफूल खेतीका तरिकाहरूबारे समूह छलफल गराउने सबैलाई सहभागी गराउने । . स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेती गर्ने तरिका बारेमा भिडियो देखाइ सिकाउने । . घर तथा स्थानीयस्तरमा पालन गरिने पशुपछीको स्याहार कसरी गर्न सकिन्छ भनी छलफल गराउने । . घर तथा स्थानीयस्तरमा पालन गरिने पशुपछीको स्याहारका लागि स्थानीय फर्महरूमा अवलोकन गराउने र परियोजना कार्य गराउने ।	तरिका के के हुन् भनी सोध्ने । . स्थानीयस्तरमा गरिएका अन्नबाली तरकारी र फलफूल खेतीमा अपनाइने तरिकाको बारेमा समूहमा नै प्रश्न उत्तर गराई निष्कर्षमा परियोजना कार्य मूल्याङ्कन गर्ने । . घर तथा स्थानीयस्तरमा पालन गरिने पशुपछीको स्याहारका लागि स्थानीय फर्महरूमा अवलोकन पछि परियोजना कार्य मूल्याङ्कन गरेर ।	
		१.२ स्थानीय पेसा , व्यवसाय, उद्योग र पर्यटन . घर तथा स्थानीयस्तरमा अपनाइने पेसाहरूमा कामको सूची . घर तथा स्थानीयस्तरमा गरिने साना तथा घरेलु	सञ्चार सिप सिकाइ सिप	. घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायको नामअनुसार गर्नुपर्ने कामका विभिन्न समूहमा छलफल गराई प्रस्तुतीकरण गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायमा हुने कामहरू पहिचान गर्न लगाउने । . घर तथा स्थानीयस्तरमा सञ्चालन भएका साना तथा घरेलु उद्योगमा के कसरी	. घरमा भएका पेसा र व्यवसायको नाम भन्न लगाएर । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायलाई चित्रमा पहिचान गर्न लगाउने । . घर र स्थानीयस्तरमा भएका, पेसा र व्यवसायका नाम भन्न लगाएर ।	५

		उद्योगमा सहयोग . स्थानीयस्तरमा भएका पर्यटकीय स्थलहरूको वर्णन		सहयोग गर्न सकिन्छ भनी छलफल गराउने । . शिक्षकले स्थानीयस्तरमा भएका पर्यटकीय स्थलहरूको चित्र देखाइ तिनीहरूको वर्ण गर्न लगाउने ।		
		१.३ स्थानीय परम्परागत र आधुनिक प्रविधि • घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको प्रयोग	सञ्चार सिप सिकाइ सिप	. घर र स्थानीयस्तरमा प्रयोग गरिएका परम्परागत र आधुनिक प्रविधिको प्रयोग सम्बन्धमा समूहमा छलफल गराउने । . घर तथा विद्यालयमा परम्परागत र आधुनिक प्रविधिको कसरी प्रयोग गर्न सकिन्छ भनी आधुनिक सूचना प्रविधिको प्रयोग गरी छलफल गराउने ।	. घर र स्थानीयस्तरमा प्रयोग गरिएका परम्परागत तथा आधुनिक प्रविधिको प्रयोगको परियोजना कार्य गराउने । . घर र विद्यालयमा परम्परागत तथा आधुनिक प्रविधिको प्रयोगका लागि प्रयोगात्मक कार्य मूल्याङ्कन गरेर ।	५

क्षेत्र	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सीप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घण्टा**
विपत् व्यवस्थापन	**महामारी** - महामारीको परिचय - महामारीका प्रकार (कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखाला)	- प्रयोग सिप - सञ्चार सिप - सहकार्य सिप - दृश्य साक्षरता सिप	- समूहमा महामारीको परिचय खोजी गर्न लगाउने र भिडियो वा समाचारको माध्यमले शिक्षकले प्रष्ट्याइ दिने । - विगत एक वर्षमा भएका महामारीको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने ।	तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् । क. कोभिड-१९ का कारण र बच्ने उपायहरू लेख्नुहोस्	५

			- कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखालाको कारण विषयमा अन्तरक्रिया गराउने । - विगत एक वर्षमा कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखालाबाट भएको असर र प्रभाव वा क्षति समूहमा छलफल गरी टिपोट गर्न लगाउने । - कोभिड, बर्डफ्लु, डेङ्गु र झाडापखालाबाट बच्न गर्नुपर्ने व्यक्तिगत व्यवहारको सूची बनाउन लगाउने । - विभिन्न महामारीबाट सुरक्षित रहनका लागि सातवटै चरण पूरा गरी साबुन पानीले हात धुने अभ्यास गराउने ।	। ख. तपाईंको वरिपरि बर्डफ्लु भएको जानकारी भएमा आफ्नो परिवारको सुरक्षाका लागि तपाई के गर्नुहुन्छ ?	
	अपाङ्गता भएका व्यक्तिको संरक्षण - अपाङ्गता भएका व्यक्तिहरूलाई विपत्बाट हुने जोखिम पहिचान - अपाङ्ता भएका व्यक्तिलाई विपत्बाट हुने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका	- प्रयोग सिप - रचनात्मक सोचाइ - सञ्चार सिप - सहकार्य सिप - वैयक्तिक जिम्मेवारी	- विपत्मा अपाङ्गता भएका व्यक्तिको विशेष संरक्षण चाहिने कुरा शिक्षकले प्रष्ट्याउने । - विपत्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई हुनसक्ने जोखिमहरू समूहमा छलफल गराउने । - विपत्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्ने उपायहरू कथा वा भिडियोको माध्यमबाट छलफल गराउने । - विपत्को समयमा अपाङ्गता भएका	विपत्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्न तपाईं के गर्नुहुन्छ भनी प्रश्न सोधेर ।	२

			व्यक्ति र बालबालिकालाई संरक्षण गर्न तपाईं के गर्नुहुन्छ भनी समूहमा छलफल गराई बुँदागत प्रस्तुतीकरण गर्न लगाउने ।		
	विपत् व्यवस्थापन - डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो रोकथामका लागि पूर्वतयारी - डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यार्थीको भूमिका - डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यालय र समुदायको भूमिका - कृत्रिम घटना अभ्यास	- सिकाइ सिप - जिम्मेवारी एवं प्रतिबद्धता - सक्रियता पूर्वक सुन्ने - वैयक्तिक जिम्मेवारी - सामाजिक एवं नागरिक जिम्मेवारी	- डढेलो, आगलागी, भूक्षय र बाढी पहिरोको कारणसहित जानकारी गराउने । - डढेलो, आगलागी, भूक्षय र बाढी पहिरोबाट विगत एक वर्षमा आफ्नो वरिपरि भएको क्षति समूहमा छलफल गराउने र सबभन्दा बढी जोखिममा हुने वर्ग पहिचान गर्न लगाउने । - समाचार वा कथा वा भिडियोको माध्यमबाट डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो रोकथामका लागि गरिने पूर्वतयारी प्रस्तुतीकरण छलफल गराउने । - डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यार्थीको भूमिका समूहमा छलफल गराउने तथा शिक्षकले सहयोग गर्ने । - डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि विद्यालय समुदायको भूमिका छलफल गराउने । - डढेलो, आगलागी र बाढीबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास	तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् क. तीनवटा बुँदामा निम्न विपत्को पूर्वतयारी लेख्नुहोस् । अ.बाढी आ.डढेलो ख.आगलागी हुन नदिन विद्यालयले गर्ने सक्ने तीनवटा कार्य के हुन ? ग.भूक्षय न्यूनीकरणका लागि समुदायले गर्ने तीनवटा कार्यहरू के हुन ?	५

			गराउने ।		

विषय विस्तृतीकरण कक्षा ७

क्षेत्र	क्षेत्र र एकाइ	विषयवस्तुको विस्तृतीकरण	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण कार्यकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घण्टा
वीरेन्द्रनगर परिचय	१.१ भौगोलिक अवस्था	• वीरेन्द्रनगरको नक्सामा सङ्केत सहित महत्वपूर्ण ठाउँहरू • नगरपालिकाको सिमाना र मुख्य नाकाहरू • सुर्खेत जिल्लाका अन्य पालिकाका सापेक्षतामा वीरेन्द्रनगर नगरपालिका		• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी वीरेन्द्रनगरको नक्सा हेरी सफा नक्सा कोर्न लगाउने र महत्वपूर्ण ठाउँहरू भर्न लगाउने । • नगरपालिकाको पूर्वमा झुप्राखोला, पश्चिममा रानीघाट र गिरीघाट, उत्तरमा महाभारत श्रृङ्खलाको गुराँसे र दक्षिणमा भेरी नदी भएको सूची टाँस गर्ने विद्यार्थीलाई टिपोट गर्न लगाउने । • समूह विभाजन गरी छलफल प्रश्नोत्तर गर्दै सुर्खेत जिल्लाका अन्य पालिका र वीरेन्द्रनगरबीच पाइने समानता तथा भिन्नता छुट्याउन लगाई प्रस्तुत गर्न लगाउने ।	• वीरेन्द्रनगर नगरपालिकाको नक्सामा महत्वपूर्ण ठाउँ सङ्केत गर्न लगाएर । • वीरेन्द्रनगरको चार सिमाना भन्न लगाएर । • सुर्खेतका अन्य पालिका र वीरेन्द्रनगरका समानता र भिन्नता भन्न लगाएर ।	४
	१.२ स्थानीय सरकार	• नगरपालिकाको न्यायिक समितिको परिचय • विषयगत समितिहरूको नाम र परिचय		• नगरपालिकाको न्यायिक समितिमा संयोजक उपप्रमुख र नगर सभाबाट छानिएका अन्य दुई सदस्यसहित रहने गरी तीन सदस्यीय समिति हुन्छ भनी जानकारी दिई सो कुरा टिप्न लगाउने । • न्यायिक समितिमा आवश्यकताअनुसार कानुनी सल्लाहकार र न्यायिक शाखाका कर्मचारी सहयोगीका रूपमा रहने कुरा स्पष्ट पारिदिने ।	• नगरपालिकाको न्यायिक समितिको परिचय दिन लगाएर । • न्यायिक समितिको गठन प्रक्रिया भन्न लगाएर । • विषयगत समितिको नाम लेख्न लगाएर ।	५

				• विषयगत समितिअन्तर्गत आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र सुशासन तथा संस्थागत विकास समिति कार्यपालिकाबाट गठन हुन्छन् भनी स्पष्ट पारिदिने । यी समितिसँगै नगर सभाबाट गठित समितिबारे छलफल गरी टिप्न लगाउने ।		
	१.३ विकासका पूर्वाधार	• प्राविधिक विषय पढाइ हुने विद्यालय र विषय • मध्यपश्चिम विश्वविद्यालयमा पढाइ हुने प्राविधिक विषयहरू • खानेपानीका विभिन्न स्रोत • विद्युत्को वितरण अवस्था • वैकल्पिक ऊर्जाका स्रोतको प्रयोग		• हाम्रो वीरेन्द्रनगरमा कुन कुन प्राविधिक विषय अध्यापन गरिन्छ भनी छलफल गर्न लगाउने । • शिक्षकको सहजीकरणमा इन्जिनियरिङ, वन विज्ञान, कृषि विज्ञान, पशुपालन, कम्प्युटर, इलेक्ट्रिकल इन्जिनियरिङ, नर्सिङ, होटेल म्यानेजमेन्ट आदि विषयको सेतोपाटीमा सूची बनाई विद्यार्थीलाई टिप्न लगाउने । • मध्यपश्चिम विश्वविद्यालयमा पढाइ हुने प्राविधिक विषयका बारेमा जानकारी लिन छोटो अवधिको अवलोकन भ्रमण गराई विद्यार्थीलाई समूहगत रूपमा कक्षामा प्रस्तुत गर्न लगाउने । • आफ्नो टोलछिमेकमा प्रयोग हुने खानेपानीको स्रोतका बारेमा छलफल गरी त्यसको सूची बनाई प्रस्तुत गर्न लगाउने । • वीरेन्द्रनगर नगरपालिकामा कुन कुन वडामा विद्युतको प्रसारण लाइन विस्तार	• वीरेन्द्रनगरमा अध्यापन गरिने प्राविधिक विषयको सूची बनाउन लगाएर । • खानेपानीका प्रमुख स्रोतको सूची तयार पार्न लगाएर । • वीरेन्द्रनगरमा विद्युतको वडागत वितरण अवस्था भन्न लगाएर । • विद्युतको विकल्पमा कुन कुन ऊर्जाका स्रोत प्रयोग गर्ने गरिएको छ भनी सूची भन्न लगाएर ।	५

				भएको छ भनी छलफल प्रश्नोत्तर गर्दै विद्युत नपुगेका स्थानको सूची बनाउन लगाउने । ● विद्युतको वैकल्पिक स्रोतका रूपमा कुन कुन स्रोत प्रयोग गरिएको छ भन्नेबारे अभिभावक वा समुदायका जानिफकारसँग सोधी कक्षामा प्रस्तुत गर्नका लागि परियोजना कार्य दिने । ● वीरेन्द्रनगरमा सौर्य ऊर्जा, गोबरग्याँस, लघु विद्युत, वैकल्पिक ऊर्जाका रूपमा प्रयोग हुने गरेकाको सूची प्रदर्शन गरी टिप्न लगाउने ।		
	१.४ हाम्रा समाजसेवी	● शिक्षा क्षेत्रमा योगदान दिने समाजसेवी ● सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने समाजसेवीको योगदान ● असल काम गर्ने समाजसेवीका कार्यहरू		● आफू बसेको समुदायका शिक्षा क्षेत्रमा योगदान दिने व्यक्तिहरूका बारेमा छलफल र प्रश्नोत्तर गर्न लगाई निष्कर्षबाट आएका व्यक्तिहरूको सूची बनाउन लगाउने । ● सामाजिक क्षेत्रमा योगदान दिने व्यक्तिहरूले के कस्ता योगदान दिएका छन् भन्नेबारे समूहमा छलफल गरी सोको सूची बनाई प्रस्तुत गर्न लगाउने ।	● आफू बसेको समुदायमा रहेका समाजसेवीको सूची बनाउन लगाएर । ● नगरपालिकाभित्रका समाजसेवीको सूची बनाउन लगाएर । ● समाजसेवीका राम्रा कार्यको सूची प्रस्तुत गर्न लगाएर ।	४
	१.५ समाजमा देखा परेका समस्या र चुनौती	● लागु पदार्थ दुर्व्यसनका कारण, असर र न्युनीकरणका		● समूहमा छलफल गर्न लगाई के कारणले मानिस दुर्व्यसनमा लाग्छन् भनी छलफल गर्न लगाउने र निष्कर्षका रूपमा बुँदागत प्रस्तुति गर्न लगाउने ।	● लागु पदार्थ दुर्व्यसनका कारण सोधेर । ● दुर्व्यसनले व्यक्ति र	५

		उपायहरू ● छोराछोरीबीच हुने लैङ्गिक भेदभाव र असर तथा न्यूनीकरणका उपायहरू		● विभिन्न तस्बिर तथा भिडियो प्रदर्शन गरी यसबाट व्यक्ति परिवारमा के के असर पर्न जान्छ भनी टिपोट गरी प्रस्तुत गर्न लगाउने । ● दुर्व्यसनीलाई कसरी सुधार गर्न सकिन्छ भनी छलफल गराई यसको न्यूनीकरणका उपयुक्त उपाय बुँदागत रूपमा तयार गरी प्रस्तुत गर्न लगाउने । ● छोराछोरीबीच कसरी भेदभाव हुन्छ भनी छलफल गराउने र उनीहरूले भनेका कुरालाई सेतोपाटीमा टिप्दै जाने । भेदभाव गर्नुका कारण टिप्न लगाउने । ● शिक्षकले उपयुक्त किसिमका भिडियो वा अडियो सामग्री प्रस्तुत गरी लैङ्गिक असमानताका कारण तथा असर बताउँदै न्यूनीकरणका उपाय भन्न लगाउने । ● विद्यार्थीको घर परिवार, छरछिमेक वा समुदायमा छोराछोरीबीच विभेद छ कि भनी सोधेर भन्न लगाउने । ● यस्ता विभेद हटाउन सम्बन्धित परिवारमा परामर्श गरेर सचेतना कार्यक्रम, ञ्याली, सडक नाटक, सञ्चार माध्यमबाट प्रचार प्रसार गरेर न्यून गर्न सकिन्छ भनी शिक्षकले तयार पारी ल्याएको सूची टाँस गरी टिपोट गर्न लगाउने ।	परिवारमा के के असर पार्छ भनी भन्न लगाएर । ● लागु पदार्थ दुर्व्यसन न्युनीकरणका उपाय भन्न लगाएर । ● छोराछोरीबीच लैङ्गिक विभेद कुन कुन तरिकाले हुन्छ भनी बुँदागत रूपमा भन्न लगाएर । ● लैङ्गिक विभेद कम गर्न के के गर्न सकिन्छ भनी कार्यको योजना प्रस्तुत गर्न लगाएर । ● के कस्ता उपायबाट लैङ्गिक विभेद घटाउन सकिन्छ भनी भन्न लगाएर ।	

क्र.स.	क्षेत्र/एकाइ /थिम	एकाइ/सब थिम	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
७	**बाल संसार**	(क) आदर्श व्यवहार	• ज्ञान, बोध र प्रयोग • सञ्चार सिप • सोच सिप • सहकार्य सिप • बहुसाक्षरता सिप • अन्तर्वैयक्तिक सिप • विविधताको सम्मान	• आदर्श व्यवहारका बारेमा विद्यार्थीबीच छलफल गराउने । • विद्यार्थीहरूलाई आर्दश व्यवहारको प्रर्दशन गर्न लगाउने । • केही नमूना समस्या दिएर विद्यार्थीलाई समालोचनात्मक कार्यमा सहभागी गराउने । • विभिन्न आदर्श व्यवहारबारे परियोजना कार्य र घटना अध्ययन कार्य गराउने । • विद्यार्थीहरूलाई उनीहरूले गरेका व्यवहारको सूची बनाउन लगाउने ।	• विद्यार्थीहरूलाई आत्ममूल्याङ्कन गर्न लगाएर । • विद्यार्थीका क्रियाकलाप निरन्तर मूल्याङ्कन र अवलोकन गरेर । • विद्यार्थीहरूबीच छलफल र प्रश्न उत्तर गराएर । • केही टेस्ट आइटम मार्फत मूल्याङ्कन गरेर • अभिभावकको प्रतिक्रिया लिएर ।	३
		(ख) बालखेल	• प्रयोग सीप • सञ्चार सिप • प्रर्दशन सिप • सहकार्य सिप • ज्ञान र बोध	● स्थानीय खेल केन्द्रहरूको भ्रमण गराई यी केन्द्रहरूले गर्ने कार्यहरूको सूची बनाउन लगाउने । ● स्थानीय खेलहरूको महत्वबारे समूहमा छलफल गराउने । ● प्रविधिमा आधारित खेलहरूको उदाहरण र यसका प्रकार (अनलाइन, अफलाइन, एकल, सामूहिक)सहित परिचित गराउने । ● प्रविधिमा आधारित खेलहरूको फाइदा र बेफाइदा बारे वादविवाद कार्यक्रम गराउने ।	• विद्यार्थीहरूको समूह बनाई अवलोकन गर्ने । • प्रविधिमा आधारित खेलहरूको सूची बनाउन लगाई विभिन्न प्रश्न सोध्ने । • बहुवैकल्पिक प्रश्न तयार पारी सोध्ने । • विद्यार्थीका कार्यको विद्यार्थीबाट मूल्याङ्कन गर्न लगाउने ।	४

		(ग) बाल साहित्य र सिर्जना	• सहकार्य सिप • सञ्चार सिप • सिकाइ सिप • समालोचनात्मक सोचाइ र रचनात्मक सोचाइ • प्रयोग सिप	● बाल प्रतिभाको उदाहरणसहित विद्यार्थीलाई प्रष्ट पार्ने । ● स्थानीयस्तरमा प्रचलित रोचक प्रसङ्ग जस्तै चुट्किलाहरू, सन्देशमूलक कथाहरू र बालमुक्तक, गजल पहिचान गर्न परियोजनात्मक कार्यमा संलग्न गराउने । ● स्थानीय बालमुक्तक, गजल र कथाहरू रचना गर्न लगाउने । शिक्षकले सहजीकरण गर्ने । ● विद्यार्थीहरूलाई स्थानीय नृत्यको समूह बनाई अभ्यास गराउने ।	• विद्यार्थीलाई स्वमूल्याङ्न गर्न लगाउने । • समुहमा अभ्यास गरिने नृत्यको अवलोकन र 'रेटिङ' गर्ने । • परियोजनाको जाँच गर्ने र समूह मूल्याङ्कनलाई जोड दिने । • बालबालिकाले रचना गरेका कृतिहरूलाई परीक्षण गर्ने र पृष्ठपोषण दिने ।	५
		(घ) बाल संस्कार	• अन्तरवैयक्तिक सिप • प्रयोग सिप • सहकार्यता र सहभागिता सिप • सञ्चार सिप	● घरमा गरिने कामहरूको समूह निर्माण गरी पहिचान गर्न लगाउने । ● घरमा गरिने कार्यले पुऱ्याउने सहयोगको महत्वबारे वार्तालापबाट सिकाउने । ● घरयासी श्रममूलक कार्यप्रति सकारात्मक सन्देश दिने खालका नाटकहरू प्रस्तुत गर्ने । ● विद्यार्थीलाई आफूले गर्ने दैनिक कार्यहरूको डायरी लेखनमा उत्साहित गराउने ।	• विद्यार्थीहरूले गर्ने कार्यको प्रभावकारिता मूल्याङ्कन गर्ने • विद्यार्थीहरूले तयार पारेको डायरी, नोटको मूल्याङ्कन गर्ने । • अभिभावकसँग अन्तरक्रिया गरेर ।	३
		(ङ) बालमैत्री स्थानीय	• ज्ञान • बोध • सहकार्य	● नगरपालिकाले बालबालिकाका लागि प्रदान गर्ने सेवा र सुविधाका बारेमा चित्रका माध्यमबाट छलफल गर्ने ।	• विद्यार्थीहरूलाई नगरपालिकाका संरचना बारेमा सोध्ने ।	२

		शासन	• सञ्चार • समालोचना	● विद्यार्थीहरूलाई नगरपालिका भ्रमण गराउने र विभिन्न संरचनाको बारेमा बोध गराउने । ● विद्यार्थीहरूलाई समूहमा विभाजन गरी कुनै एक घटनालाई आधार मानेर परियोजना कार्य गराउने ।	• उनीहरूको परियोजनाको परीक्षण गर्ने । • नगरपालिकाले बालबालिकाको लागि गरेका कार्यहरू भन्न लगाउने ।	
		(च) नेतृत्व विकास	• सहयोग सिप • सहकार्य सिप • सञ्चार सिप • सहानुभूतिसम्बन्धी • अन्तर्व्यैयक्तिक सिप • प्रर्दशन सिप • प्रयोग सिप • समस्या समाधान सिप	● विद्यालयमा र स्थानीयस्तरमा भएका बालक्लबहरूको पहिचान गरी ती बालक्लबको भ्रमण गराएर तिनीहरूको महत्व बारे कक्षामा छलफल गर्ने । ● स्थानीयस्तरमा रहेका बालक्लबहरूले समुदायस्तरमा गरेका कार्यहरूको सूची बनाउन लगाउने । ● विद्यालयमा बालक्लबको गठन गरी अभ्यास गराउने । ● बालक्लबले विद्यालयमा गर्नसक्ने कार्यहरूको सूची बनाउन लगाउने । ● अन्तर सदनात्मक क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउने ।	• प्रतिविम्बात्मक विधिको प्रयोग गरेर बालक्लबको भूमिका भन्न लगाउने । • विद्यार्थीले सदन र बालक्लबमा गरेका कार्यको अवलोकन गर्ने । • बालक्लबको समुदायस्तरमा हुने महत्व र आवश्यकताबारे प्रश्न उत्तर गर्ने । • जोडी र समूहमा गरिएका कार्यहरूको अवलोकन गर्ने । • घटना वर्णन गर्न लगाएर ।	३
		(छ) जीवनवृत्ति	• उद्यमशीलता सिप • सहकार्य • सहयोग • सञ्चार • रचनात्मक	● विद्यार्थीहरूलाई उनीहरूले रोजेको पेसामा संलग्न हुँदा आवश्यक पर्ने गुणहरूको पहिचान गर्न लगाउने । ● विभिन्न पेसाको लागि आवश्यक पर्ने तत्वहरू (जस्तै : मिहनेत,	• बालबालिकाले गरेका परियोजनात्मक कार्यको परीक्षण गर्ने । • अवलोकन र प्रश्नोत्तर विधिको प्रयोग गर्ने ।	२

			सोचाइ • समालोचनात्मक सिप • समस्या समाधान सिप	अनुशासन, संस्कार, लगनशीलता, र समय व्यवस्थापन आदि)को महत्वबारे समूहमा छलफल गराउने । ● भविष्यमा विद्यार्थी स्वयंले छनोट गर्ने पेसाको बारेमा समालोचनात्मक र परियोजना कार्यमा सरिक गराउन । ● विभिन्न पेसाको महत्व र सान्दर्भिकता उल्लेख गरी सबै पेसाहरूप्रति सम्मान भावको विकास गर्ने ।	• विद्यार्थीहरूलाई जोडी मूल्याङ्कन गर्न लगाउने । • विभिन्न समलोचनात्मक सोचाइ विकास गर्ने प्रश्नहरू सोध्ने ।	

क्र. स.	**उपक्षेत्र**	**विषयवस्तु**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
	४.१ असल बानी र आचरण को विकास	● थोरै बोल्ने, विस्तारै बोल्ने, मिठो बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने स्वभावको अनुकरण गर्दै खुशी र सुखी हुने बानीको	सञ्चार सीप सिकाइ सिप प्रतिबद्धता को सिप	. आफूमात्र बोल्ने र अरूका कुरा नसुन्ने स्वभावका मानिसलाई अरूले मन पराउँदैनन् भन्ने कुराको विभिन्न दृष्टान्त दिएर छलफल गर्ने । . थोरै बोल्ने, मीठो बोल्ने, विस्तारै बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने मानिसलाई सबैले मन पराउँछन् भन्ने कुरालाई प्रष्ट पार्दै यो स्वभाव नै धेरै किसिमका द्वन्द्वको समाधान तथा खुसीको आगमनको माध्यम हो भनी उदाहरणहरू दिएर चर्चा गर्ने । . आवश्यकताअनुसार पाठ्यपुस्तकका अतिरिक्त युट्युब, भिडियो क्लिप, मोबाइल एप्स र अन्य प्रेरक प्रसङ्गको समेत प्रयोग गर्ने । . विद्यार्थीलाई उल्लिखित बानी अपनाउन प्रेरित गर्दै	. थोरै बोल्ने, विस्तारै बोल्ने र मिठो बोल्ने मानिसलाई अरूले किन पराउँछन् भन्ने सोधेर । . अरूका कुरा ध्यान दिएर सुन्दा के फाइदा हुन्छ भन्ने सोधेर । . थोरै बोल्ने, बिस्तारै बोल्ने र मीठो बोल्ने बानीको अवलोकन गरेर । . विभिन्न तस्बिर र भिडियो प्रदर्शन गरी के देख्नुभयो	२

		अभ्यास ।		प्रतिबद्ध बनाउने र यस्ता व्यक्ति खुसी, सबैका प्रिय र सिकाइमा अब्बल हुने कुरा पनि छलफलको क्रममा चर्चा गर्ने ।	भनी सोधेर ।	
		आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास र अनुकरण ।	सञ्चार सिप, सिकाइ सिप, लक्ष्य निर्धारण सिप, स्वमूल्याङ्कन सिप, पहिचान सिप, छनोट सिप	. विद्यार्थीसँग व्यक्तिगत रूपमा सम्बन्ध स्थापना गर्दै उनीहरूका सबलता र सक्षमताको खोजी गर्ने तथा सोको जानकारी सम्बन्धित विद्यार्थी एवं अभिभावकलाई पनि गराउने । . शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सबलता र सम्भावनाको बारेमा विद्यार्थी स्वयंसँग पनि विचार आदान प्रदान गरी विद्यार्थीहरूलाई समेत उनीहरूको रुचि, प्रतिभा र क्षमताका स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने । . विभिन्न स्रोत र माध्यमको प्रयोग गरेर समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव तथा आचरणको सूची बनाई चर्चा गर्ने । . समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभाव : मानवीय सेवाभाव भएको, अरूका कुरा ध्यान दिएर सुन्ने, आफ्नोभन्दा अरूको लागि मरिमेट्ने, समाज र राष्ट्रको हितलाई सर्वोपरी ठान्ने, राम्रो आचरण भएको, स्वमूल्याङ्कन गरी आफ्नो गुरू स्वयं आफू हुँदै सिक्ने आदि जस्ता स्वभावको चर्चा गर्ने । . त्यस्ता आचरण र स्वभाव आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई प्रेरित गर्दै उनीहरूबाट अनुकरण गर्नसक्ने स्वभावको लागि लिखित प्रतिबद्धतासमेत गराउने ।	. विद्यार्थीका रूचि, प्रतिभा र क्षमताका बारेमा सोधेर । . आफ्नो गुरू आफै हुनेगरी आफ्नो स्वमूल्याङ्कन कसरी गर्ने बारे सोधेर . समाज र राष्ट्रका जिम्मेवार नागरिकमा हुनुपर्ने कुराहरू सोधेर । . उनीहरूले गरेका के के काम तपाईं गर्नसक्नु हुन्छ भन्ने सोधेर । . विद्यार्थीहरूमा भएका असल नागरिकका स्वभावको बारेमा सोधेर . विद्यार्थीहरूमा भएका त्यस्ता स्वभावको अवलोकन गरेर ।	२
	४.२.	● गीत,	सञ्चार	. विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर	. मन पराएका गीतहरू	२

	स्थानीय सङ्गीत, नृत्य, कला र संस्कृतिको सम्मान	सङ्गीत र नृत्यमा सक्रिय रूपमा सहभागी हुने सिप र कलाको अभ्यास एवं प्रस्तुति ।	सिप, सिकाइ सिप, प्रयोग सिप, प्रस्तुति सिप	वातावरणलाई खुसीमय बनाउने । . मोबाइल, टिभी, साउण्ड सिष्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने । . विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय वाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने । . गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने ।	गाउन लगाएर . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर । . उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर ।	
		● स्थानीयस्तरका प्रमुख धर्म र तिनका प्रणेताहरूको बारेमा संक्षिप्त परिचयका साथै स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको	सञ्चार सिप सहयोगी सिप	. विद्यार्थीहरूसँग सोधपुछ गर्दै आफ्नो वडा र पालिकामा भएका विभिन्न धर्म तथा तिनका धर्मावलम्बीको बारेमा छलफल गर्दै भन्ने । . विभिन्न धर्मका प्रणेताहरूको बारेमा समेत जानकारी गराउने । . उपलब्ध भएसम्म सम्बन्धित धर्मका स्थानीय जानकारलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . विद्यार्थीहरूसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनीगरिब, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने । . उत्सव एवं चाडपर्व मनाउँदा स्थानीयस्तरका माथि उल्लिखित सबैको सम्मान हुनुपर्ने कुरालाई विशेष ध्यान दिनुपर्ने भनी छलफलमा ल्याउने । . स्थानीयस्तरमा मनाइने उत्सव र चाडपर्वमा सामाजिक सद्भाव बढाउने किसिमका क्रियाकलापहरूको बारेमा छलफल गरी सूची बनाउने । . सामिाजक सद्भाव बढाउने त्यस्ता क्रियाकलापको अनुकरण गर्ने सम्बन्धमा छलफल गरी विद्यार्थीहरूलाई	. स्थानीयस्तरमा भएका विभिन्न धर्महरूको नाम सोधेर । . धर्मका प्रणेताको बारेमा सोधेर . एकअर्को धर्मको बीचमा भिन्नता र समानता सोधेर । . सामाजिक सद्भावको अर्थ सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराहरू सोधेर । . प्रतिबद्धता कार्यान्वयनको अवलोकन गरेर एवं अभिभावकसँग सोधेर ।	२

		जानकारी र अभ्यास ।		व्यवहारमा कार्यान्वनय गर्नका लागि प्रतिबद्ध बनाउने ।		
	४.३. सकारात्मक सोचको विकास	● जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवं प्रस्तुतिका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षको जानकारी, प्रयोग र अनुकरण ।	सञ्चार सिप छनोट सिप मूल्याङ्कन सिप समीक्षा सिप	. दुनियाँमा भएका कुनै पनि कुरा आफैमा पूर्ण रूपमा खराब नभइ तिनीहरू हाम्रो सोचको कारणले खराब भएका हुन् भन्दै तिनीभित्र पनि असल कुरा हुन्छन् भन्ने बारेमा विभिन्न उदाहरण प्रस्तुत गरेर विषयवस्तुको चर्चा गर्ने । . कतिपय हाम्रो मन दुःखाउने विषय, व्यक्ति र घटनाभित्र पनि रहेका सकारात्मक कुराको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरूमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने । . हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुरालाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने । . सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षका बारेमा विद्यार्थीहरूका बीचमा छलफल गरी सोको अनुकरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।	. विभिन्न घटनाको सन्दर्भ उठाएर त्यसका राम्रा पक्ष भन्न लगाएर । . मानिस कति बेला खुसी र कतिबेला दुःखी हुन्छ भन्ने सोधेर । . मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर । . सन्तुलित जीवनका विविध पक्षको बारेमा भन्न वा लेख्न लगाएर । . सन्तुलित जीवन जिउने जुक्ति सोधेर ।	२
		● अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको जीवनमा	सञ्चार सिप छनोट सिप, स्वव्यवस्थापन सिप, प्रयोग सिप	. घरपरिवारका सदस्यलगायत सबै मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिको नाम सोधी उसका राम्रा कुराहरू भन्न लगाउने । . राम्रा कुरा सम्झिदा कस्तो अनुभूति भयो भनेर सोध्दै विद्यार्थीहरूलाई आ-आफ्ना अनुभूति भन्नका लागि अवसर प्रदान गर्ने । . कसैका राम्रा कुरा गर्दा उसबाट आफूलाई गरिएको व्यवहारका बारेमा पनि भन्न लगाउने ।	. कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर । . राम्रा कुरा सम्झिदाका अनुभूति भन्न लगाएर । . हरेक विहान र बेलुका उनीहरूले लेखेका कुराको निरीक्षण गरेर । . अरूको प्रशंसा गर्दा	२

		अनुकरण गर्ने अभ्यासका साथै आफूखुशी हुने र अरूलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास		. विद्यार्थीहरूका अनुभूतिलाई समेट्दै राम्रा कुराहरूको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुशी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने । . हरेक बेलुका सुत्दा र हरेक बिहान बिउँझदा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरू सम्झदै बिउँझने र सोको डायरीमा टिपोट गर्ने बानीको विकास गराउने ।	आफूलाई हुने फाइदा भन्न लगाएर । . विद्यार्थीको व्यवहार अवलोकन गरेर ।	
	४.४. पूर्वीय दर्शन, श्रमप्रति को सम्मान र सामाजिक सद्भाव	● योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोम विलोम, सर्वाङगासन, पश्चिमोत्तासन, आदि) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोगका साथै पूर्वीय दर्शनलगायत हाम्रा असल	सञ्चार सिप, प्रयोग सीप, प्रदर्शन सीप, प्रयोग सिप, तार्किक सिप, स्वीकार्य सिप आदि ।	. विद्यार्थीहरूलाई सूर्य नमस्कार, प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम प्रणायाम, पश्चिमोत्तासन, सर्वाङगासन आदि सिकाउनका लागि शिक्षकले सबैको सामु आफैले प्रदर्शन गरेर देखाउने । तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । . कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाई सहजीकरण गर्ने वातावरण बनाउने । . ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्दा भएको अनुभव र अनुभूतिको बारेमा विद्यार्थीहरूसँग सोधपुछ गरी विचारको आदान प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्वको बारेमा भन्ने । . हामीले गर्ने कतिपय आचरण र व्यवहारको चर्चा गर्दै ती आचरण तथा व्यवहारको आधारमा पूर्वीय दर्शनको	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर । . उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको परिचय र महत्व सोधेर । . कुनै पनि ध्यान, प्राणायाम र आसनको नाम उच्चारण गरी त्यसको अभ्यास गर्न लगाएर । . पूर्वीय दर्शनको परिचय सोधेर । . पूर्वीय दर्शनसँग जोडिएका हामीले गर्ने कर्महरूको बारेमा सोधेर ।	२

		आचरण, संस्कार र मूल्य एवं मान्यताको जानकारी		परिचय एवं उपादेयताको बारेमा छलफल गर्ने । . पूर्वीय दर्शनका स्रष्टा र उनीहरूले गरेका योगदानको चर्चा गर्ने । . पूर्वीय दर्शनअनुसार हामीले गरिरहेका कर्म र आचरणहरूको सूची बनाई चर्चा गर्ने ।		
		● श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास	सञ्चार सिप, सम्मान गर्ने सिप, अवलोकन सिप, श्रम गर्ने सिप	. कुनै पनि वस्तुको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्तसहित व्याख्या गर्ने । . हामी जिउनुमा कसैको श्रमले महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नुपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने । . विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग तथा प्रदर्शन गर्ने । . श्रमको सम्मान तथा आफूले पनि परिवार, गाउँटोल र विद्यालयमा सोको प्रयोग एवं अभ्यास गर्नका लागि विद्यार्थीहरूलाई फिल्डमा लिएर काम गर्न सिकाउने । . विद्यार्थीले घरमा गएर गरेका उत्पादनसँग जोडिएका कामहरू भन्न लगाउने ।	. कुनै पनि वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . आफूले गर्ने काम भन्न लगाएर । . श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर । . विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्बिरहरू हेरेर । . विद्यार्थीले गरेको श्रमको अनुगमन गरेर	२
		● घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सिप,	. हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन् भन्ने बारेमा विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . अन्य श्रव्यदृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने ।	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तलाई सहयोग गर्नुपर्ने कारण सोधेर ।	२

		मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास		. हामीले अहिले सहयोग गऱ्यौं भने भोलि हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई अरूले सहयोग गर्छन् भन्ने कुरालाई विभिन्न दृष्टान्तसहित छलफलमा ल्याउने । . जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।	. जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोगबारे भन्न लगाएर वा परियोजना कार्यको अभिलेख हेरेर ।	

क्र. स.	उपक्षेत्र	विषयवस्तु	व्यवहार कुशल सिप	सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप	सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया	कार्य घन्टा
	४.१ असल बानी र आचरणा को विकास	● थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने स्वभावको अनुकरण गर्दै खुशी र सुखी हुने बानीको अभ्यास ।	सञ्चार सीप सिकाइ सिप प्रतिबद्धताको सिप	. आफूमात्र बोल्ने र अरूका कुरा नसुन्ने स्वभावका मानिसलाई अरूले मन पराउँदैनन् भन्ने कुराको विभिन्न दृष्टान्त दिएर छलफल गर्ने । . थोरै बोल्ने र त्यसमा पनि मीठो बोल्ने, विस्तारै बोल्ने र अरूका कुरा ध्यान दिएर सुन्ने मानिसलाई सबैले मन पराउँछन् भन्ने कुरालाई प्रष्ट पार्दै यो स्वभाव नै धेरै किसिमका द्वन्द्वको समाधान तथा खुसीको आगमनको माध्यम हो भनी उदाहरण दिएर चर्चा गर्ने । . आवश्यकताअनुसार पाठ्यपुस्तकका अतिरिक्त युट्युब भिडियो क्लिप, मोबाइल एप्स र अन्य प्रेरक प्रसङ्गको समेत प्रयोग गर्ने । . विद्यार्थीलाई उल्लिखित बानी अपनाउन प्रेरित गर्दै प्रतिबद्ध बनाउने र यस्ता मानिसहरू खुसी, सबैका प्रिय र सिकाइमा अब्बल हुने कुरा पनि छलफलको क्रममा चर्चा गर्ने ।	. थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने मानिसलाई अरूले किन पराउँछन् भन्ने सोधेर । . अरूका कुरा ध्यान दिएर सुन्दा के फाइदा हुन्छ भन्ने सोधेर । . थोरै बोल्ने, बिस्तारै बोल्ने र मीठो बोल्ने बानीको अवलोकन गरेर । . विभिन्न तस्बिर र भिडियो प्रदर्शन गरी के देख्नुभयो भनी सोधेर ।	२
		● आफूसँ		. विद्यार्थीसँग व्यक्तिगत रूपमा सम्बन्ध स्थापना गर्दै	. विद्यार्थीका रूचि, प्रतिभा र	२

		ग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास र अनुकरण ।	सञ्चार सिप, सिकाइ सिप, लक्ष्य निर्धारण सिप, स्वमूल्याङ्कन सिप, पहिचान सिप, छनोट सिप	उनीहरूका सबलता र सक्षमताको खोजी गर्ने तथा सोको जानकारी सम्बन्धित विद्यार्थी एवं अभिभावकलाई पनि गराउने । . शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सबलता र सम्भावनाको बारेमा विद्यार्थी स्वयंसँग पनि विचार आदान प्रदान गरी विद्यार्थीलाई समेत उनीहरूको रुचि, प्रतिभा र क्षमताका स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने । . विभिन्न स्रोत र माध्यमको प्रयोग गरेर समाज तथा राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव एवं आचरणको सूची बनाई चर्चा गर्ने । . समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभाव : मानवीय सेवाभाव भएको, अरूका कुरा ध्यान दिएर सुन्ने, आफ्नोभन्दा अरूका लागि मरिमेट्ने, समाज र राष्ट्रको हितलाई सर्वोपरी ठान्ने, राम्रो आचरण भएको, स्वमूल्याङ्कन गरी आफ्नो गुरु स्वयं आफू हुँदै सिक्ने आदि जस्ता स्वभावको चर्चा गर्ने । . त्यस्ता आचरण र स्वभाव आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई प्रेरित गर्दै उनीहरूबाट अनुकरण गर्नसक्ने स्वभावको लागि लिखित प्रतिबद्धतासमेत गराउने ।	क्षमताका बारेमा सोधेर । . आफ्नो गुरु आफै हुनेगरी आफ्नो स्वमूल्याङ्कन कसरी गर्ने बारे सोधेर । . समाज र राष्ट्रका जिम्मेवार नागरिकमा हुनुपर्ने कुराहरू सोधेर । . उनीहरूले गरेका के के काम तपाईं गर्नसक्नु हुन्छ भन्ने सोधेर । . विद्यार्थीहरूमा भएका असल नागरिकका स्वभावको बारेमा सोधेर । . विद्यार्थीहरूमा भएका त्यस्ता स्वभावको अवलोकन गरेर ।	
	४.२. स्थानीय सङ्गीत, नृत्य,	● गीत, सङ्गीत र नृत्यमा सक्रिय रूपमा	सञ्चार सिप, सिकाइ सीप, प्रयोग	. विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने । . मोबाइल, टिभी, साउण्ड सिष्टम, कम्प्युटर आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्दै सोको अनुकरण तथा अभ्यास गर्न	. मन पराएका गीतहरू गाउन लगाएर । . उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर ।	२

	कला र संस्कृति को सम्मान	सहभागी हुने सिप र कलाको अभ्यास एवं प्रस्तुति ।	सिप, प्रस्तुति सीप	विद्यार्थीलाई प्रेरित गर्ने । . विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय वाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने । . गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने ।	. उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर ।	
		● स्थानीयस्तरका प्रमुख धर्म र तिनका प्रणेताहरूको बारेमा संक्षिप्त परिचयका साथै स्थानीयस्तरमा उत्सव र चाडपर्व मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास ।	सञ्चार सिप सहयोगी सिप	. विद्यार्थीहरूसँग सोधपुछ गर्दै आफ्नो वडा र पालिकामा भएका विभिन्न धर्म र तिनका धर्मावलम्बीको बारेमा छलफल गर्दै भन्ने । . विभिन्न धर्मका प्रणेताहरूको बारेमा समेत जानकारी गराउने । . उपलब्ध भएसम्म सम्बन्धित धर्मका स्थानीय जानकारलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने . विद्यार्थीहरूसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनीगरिब, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने । . उत्सव एवं चाडपर्व मनाउँदा स्थानीयस्तरका माथि उल्लिखित सबैको सम्मान हुनुपर्ने कुरालाई विशेष ध्यान दिनुपर्ने कुरालाई छलफलमा ल्याउने । . स्थानीयस्तरमा मनाइने उत्सव र चाडपर्वमा सामाजिक सद्भाव बढाउने किसिमका क्रियाकलापका बारेमा छलफल गरी सूची बनाउने । . सामाजिक सद्भाव बढाउने त्यस्ता क्रियाकलापको अनुकरण गर्ने सम्बन्धमा छलफल गरी विद्यार्थीहरूलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि प्रतिबद्ध बनाउने ।	. स्थानीयस्तरमा भएका विभिन्न धर्मको नाम सोधेर । . धर्मका प्रणेताको बारेमा सोधेर . एकअर्को धर्मको बीचमा भिन्नता र समानता सोधेर । . सामाजिक सद्भावको अर्थ सोधेर । . त्यस्ता उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराहरू सोधेर । . प्रतिबद्धता कार्यान्वयनको अवलोकन गरेर एवं अभिभावकसँग सोधेर ।	२
	४.३.	● जीवन	सञ्चार	. दुनियाँमा भएका कुनै पनि चिजहरू आफैमा पूर्ण	. विभिन्न घटनाको सन्दर्भ	२

	सकारात्मक सोचको विकास	र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवं प्रस्तुतिका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी, प्रयोग र अनुकरण ।	सिप छनोट सीप मूल्याङ्कन सिप समीक्षा सिप	रूपमा खराब नभई तिनीहरू हाम्रो सोचको कारणले खराब भएका हुन् भन्दै तिनीहरूभित्र पनि असल कुरा हुन्छन् भन्ने कुराका साथ विभिन्न उदाहरण प्रस्तुत गरेर विषयवस्तुको चर्चा गर्ने । . कतिपय हाम्रो मन दुःखाउने विषय, व्यक्ति र घटनाभित्र पनि रहेका सकारात्मक कुराको खोजी तथा विश्लेषण गर्दै विद्यार्थीहरूमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने । . हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरूलाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने । . सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बारेमा विद्यार्थीहरूको बीचमा छलफल गरी सोको अनुकरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।	उठाएर त्यसका राम्रा पक्ष भन्न लगाएर । . मानिस कति बेला खुसी र कतिबेला दुःखी हुन्छ भन्ने सोधेर । . मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर । . सन्तुलित जीवनका विविध पक्षको बारेमा भन्न वा लेख्न लगाएर । . सन्तुलित जीवन जिउने जुक्ति सोधेर ।	
		● अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रशंसा गर्दै त्यस्ता आनीबानीको जीवनमा अनुकरण गर्ने अभ्यासका	सञ्चार सिप, छनोट सिप, स्वव्यवस्थापन सिप, प्रयोग सिप	. घरपरिवारका सदस्यलगायत सबै मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिको नाम सोधी उसका राम्रा कुराहरू भन्न लगाउने । . राम्रा कुरा सम्झिदा कस्तो अनुभूति भयो भनेर सोध्दै विद्यार्थीहरूलाई आ-आफ्ना अनुभूति भन्नका लागि अवसर प्रदान गर्ने । . कसैका राम्रा कुरा गर्दा उसबाट आफूलाई गरिएको व्यवहारको बारेमा पनि भन्ने । . विद्यार्थीहरूका अनुभूतिलाई समेट्दै राम्रा कुराहरूको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी	. कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर । . राम्रा कुरा सम्झिदाका अनुभूति भन्न लगाएर । . हरेक बिहान र बेलुका उनीहरूले लेखेका कुराको निरीक्षण गरेर । . अरूको प्रशंसा गर्दा आफूलाई हुने फाइदा भन्न लगाएर ।	२

		साथै आफूखुशी हुने र अरूलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास		भनेको खुशी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने । . हरेक बेलुका सुत्दा र हरेक बिहान बिउँझदा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरू सम्झदै बिउँझने र सोको डायरीमा टिपोट गर्ने बानीको विकास गराउने ।	. विद्यार्थीको व्यवहार अवलोकन गरेर ।	
	४.४. पूर्वीय दर्शन, श्रमप्रतिको सम्मान र सामाजिक सद्भाव	● योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, अनुलोम विलोम, सर्वाङगासन, पश्चिमोत्तासन, आदि) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोगका साथै पूर्वीय दर्शनलगायत हाम्रा असल आचरण,	सञ्चार सिप प्रयोग सिप, प्रदर्शन सीप, प्रयोग सिप, तार्किक सिप, स्वीकार्य सिप आदि ।	. विद्यार्थीहरूलाई सूर्य नमस्कार, प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम प्रणायाम, पश्चिमोत्तासन, सर्वाङ्गासन आदि सिकाउनका लागि शिक्षकले सबैको सामु आफैले प्रदर्शन गरेर देखाउने । तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने । . कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाई सहजीकरण गर्ने वातावरण वनाउने । . ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्दा भएको अनुभव र अनुभूतिको बारेमा विद्यार्थीहरूसँग सोधपुछ गरी विचारको आदान प्रदान गर्ने । . विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्वको बारेमा भन्ने । . हामीले गर्ने कतिपय आचरण र व्यवहारको चर्चा गर्दै ती आचरण र व्यवहारको आधारमा पूर्वीय दर्शनको	. ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर । . उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर । . अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको परिचय र महत्व सोधेर . कुनै पनि ध्यान, प्राणायाम र आसनको नाम उच्चारण गरी त्यसको अभ्यास गर्न लगाएर . पूर्वीय दर्शनको परिचय सोधेर र . पूर्वीय दर्शनसँग जोडिएका हामीले गर्ने कर्महरूका बारेमा सोधेर ।	२

		संस्कार र मूल्य एवं मान्यताहरूको जानकारी		परिचय र उपादेयताको बारेमा छलफल र चर्चा गर्ने । . पूर्वीय दर्शनका स्रष्टा र उनीहरूले गरेका योगदानको चर्चा गर्ने । . पूर्वीय दर्शनअनुसार हामीले गरिरहेका कर्म र आचरणहरूको सूची बनाइ चर्चा गर्ने ।		
		● श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास	सञ्चार सिप, सम्मान गर्ने सिप, अवलोकन सिप, श्रम गर्ने सिप	. कुनै पनि वस्तुको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्तसहित व्याख्या गर्ने । . हामी जिउनुमा कसैको श्रमले महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नुपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने । . विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग तथा प्रदर्शन गर्ने । . श्रमको सम्मान र आफूले पनि परिवार, गाउँटोल तथा विद्यालयमा सोको प्रयोग एवं अभ्यास गर्नका लागि विद्यार्थीहरूलाई फिल्डमा लिएर काम गर्न सिकाउने । . विद्यार्थीले घरमा गएर गरेका उत्पादनसँग जोडिएका कामहरू भन्न लगाउने ।	. कुनै पनि वस्तु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर । . आफूले गर्ने काम भन्न लगाएर । . श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर । . विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्विर हेरेर । . विद्यार्थीले गरेको श्रमको अनुगमन गरेर ।	२
		● घरपरिवार र समाजका जेष्ठनागरिक लगायत असहज स्थितिका	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभू	. हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . अन्य श्रव्यदृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तहरूलाई सहयोग	२

		मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास	त सिप,	गरिरहेका समस्याको बारेमा छलफल गर्ने । . हामीले अहिले सहयोग गर्‍यौं भने भोलि हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई विभिन्न दृष्टान्तसहित छलफलमा ल्याउने । . जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।	गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोग बारे भन्न लगाएर वा परियोजना कार्यको अभिलेख हेरेर ।	

क्र.स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	का.घ.
२	हाम्रो सम्पदा	२.१.वीरेन्द्रनगरका पर्यटकीय स्थलहरूको विशेषता र महत्व : ● सिद्धपाइला ● काँक्रेबिहार ● लाटीकोइली ● देउतीबज्यै ● बुलबुले ● घण्टाघर	● सञ्चार सिप ● सहयोग सिप र सहकार्य सिप ● सूचना सङ्कलन सिप	● वीरेन्द्रनगरका पर्यटन स्थलहरूका बारे विद्यार्थीहरूको अनुभवहरूको आदान प्रदान । ● दिइएका पर्यटकीय क्षेत्रको विशेषताको स्याटेलाइट विधिबाट समूह सिकाइ । ● महत्व पहिचान गर्न सामूहिक परियोजना कार्य र प्रस्तुति । ● छलफल र पृष्ठपोषण गर्ने ।	● पर्यटन क्षेत्रहरूका विशेषता भन्न लगाएर । ● यी क्षेत्रको महत्वको वर्णन गर्न लगाएर ।	

		२.हाम्रा जल सम्पदा : नदीनाला, जलाधार क्षेत्र, मूल, सिमसार, ● हाम्रा जल सम्पदाको विशेषता ● हाम्रा जल सम्पदाको महत्व ● हाम्रा जल सम्पदाको संरक्षण	● अवलोकन सिप ● सहकार्य र सहयोग सिप ● वतावरणप्रतिको सचेतता र सम्मान सिप ● वैयक्तिक जिम्मेवारी सिप	● जल सम्पदाको चित्र, पोस्टर, स्लाइड, भिडियो प्रर्दशन । ● अर्थ परिभाषा र प्रकार छलफल । ● विशेषता, महत्व र संरक्षणमा समूह कार्य वा जिग्सअ विधिको प्रयोग । ● स्थानीय पानीको स्रोत सरसफाइ कार्यक्रमको आयोजना र सञ्चालन ।	● जल सम्पदाको परिभाषा र उदाहरण सोधेर । ● हाजिरी जबाफ गर्न लगाएर । ● आवश्यकता तथा महत्वबारे छलफलमा भाग लिन लगाएर ● स्थानीय पानीको अवस्था अध्ययन गर्न ।	
		३.हाम्रा मानव सम्पदा : ● वीरेन्द्रनगरका राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरूको सङ्क्षिप्त जीवनी र योगदान	● सञ्चार सिप ● सिकाई सिप	● निर्देशित पढाइ र प्रश्नोत्तर । ● विविध क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरूको प्रोफाइलको प्रस्तुति र छलफल ।	● वीरेन्द्रनगरलाई देशभरी चिनाउने व्यक्तिको नाम तथा काम जोडा मिलाउन लगाएर । ● वीरेन्द्रनगरका राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यक्तिको प्रोफाइल बनाउन लगाएर । ● राष्ट्रियस्तरमा ख्याति प्राप्त व्यक्तिको जीवनी सुनाउन लगाएर ।	

		४.हाम्रा हस्तकला ● हाम्रा स्थानीय हस्तकलाको प्रकार ● हाम्रा हस्तकलाको विशेषता ● हाम्रा स्थानीय हस्तकलाको महत्व	● सहकार्य सिप ● सञ्चार सिप ● सिकाई सिप	● मस्तिष्क मन्थन । ● हस्तकलाका सामग्रीको सूची प्रर्दशन, वर्गीकरण । ● प्रत्येक वर्गका हस्तकलाको विशेषता र महत्वमाथि समूह छलफल ।	● विभिन्न हस्तकलाका सामग्रीका चित्र देखाई तिनीहरूको नाम विशेषता र प्रयोग भन्न लगाएर (म को हुँ ?) विधि । ● बीचमा कलम विधिबाट प्रश्न सोधेर ।	
		५.समृद्धि उन्मुख वीरेन्द्रनगर : ● कर्णाली प्रदेशको राजधानीको रूपमा वीरेन्द्रनगर ● हालको र भविष्यको वीरेन्दनगर ● वीरेन्द्रनगरको समृद्धि र विकासमा नगरवासीको भूमिका	● सहकार्य सिप ● समालोचनात्मक चिन्तन ● सञ्चार ● स्वव्यवस्थापन सिप ● जिम्मेवारीवहन सिप	● वीरेन्द्रनगरका विद्यमान भौतिक पूर्वाधारहरूमा छलफल (यातायात, सञ्चार, स्वास्थ्य, शिक्षा, पानी, विद्युत, कृषि) । ● वीरेन्द्रनगरको प्रस्तावित गुरुयोजनाको मुख्य विशेषताको अध्ययन (जोडीमा पढाइ र जोडीमा सारांश विधि) भविष्यको वीरेन्द्रनगरको परिकल्पना गरी शब्दचित्र निर्माण । ● वीरेन्द्रनगरको समृद्धि र विकासमा नगरवासीको भूमिका बारे वक्तृत्वकला प्रतियोगिता । ● समूह छलफल, प्रस्तुति र पृष्ठपोषण । ● निर्देशित पढाइ र निष्कर्ष ।	● बोर्डतिर दौड्ने खेल खेलाएर । ● विषयगत प्रश्न सोधेर । ● निबन्ध लेख्न लगाएर ।	

		६. **वीरेन्द्रनगर र जातीय विविधता:** ● जातीय विविधताका बीच खस जाति, खस भाषा र खस संस्कृति वीरेन्द्रनगरको जातीय एकता, विकास र समृद्धि	● सञ्चार सिप ● सहकार्य सिप ● समस्या समाधान सिप	● खसान क्षेत्र, खस भाषा, खस संस्कृतिको उत्पत्ति बारे अतिथि संस्कृतिविद्द्वारा प्रस्तुति, टिपिएस तरिकाबाट अभ्यास । ● वीरेन्द्रनगरमा खस संस्कृतिको प्रभाव र जातीय एकता निर्माणमा विभिन्न जातजातिको भूमिका बारे समूह छलफल ।	● खस जाति र भाषाको उत्पत्ति र विकास तथा वर्तमान अवस्था वर्णन गर्न लगाएर । ● वीरेन्द्रनगरको एकता समृद्धि र विकासमा स्थानीय जातजाति भूमिका लेख्न दिएर ।	

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**

४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१. वन व्यवस्थापन** . वडाभित्रका सामुदायिक वन : परिचय, महत्व, फाइदा . वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था	सञ्चार सिप सिकाइ सिप वैयक्तिक जिम्मेवारी सिप	. नगरपालिकाभित्रका वनको विवरण भन्ने । . वडाभित्रका सामुदायिक वनको अवलोकन गराउने/भिडियो वा वनको वृत्तचित्रको अवलोकन गराई ती वनको परिचय दिने । . ती वनमा पाइने वनस्पति तथा वन्यजन्तुको जानकारी गराउने, तिनीहरूको महत्व र वनबाट हुने फाइदा र महत्वका बारे छलफल गराउने । . वनमा भएका वनस्पति र वन्यजन्तु तथा चराको चोरी, पैठारी गर्ने कार्यलाई नियन्त्रण गर्नको लागि बनेका कानुनी प्रावधानको जानकारी गराउने । यस्तो कार्य गर्न नहुने कुराको जानकारी गराउने । . सामुदायिक वनको संरक्षण गर्ने उपायहरूमा छलफल गराउने ।	. वडाभित्रका सामुदायिक वनको परिचय दिन लगाएर (नाम, वनमा पाइने वस्तु तथा सम्पदा, खनिज आदि) । . सामुदायिक वनको महत्व तथा पाइने फाइदाहरू भन्न लगाएर । . वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी कानुनमा भएको व्यवस्था भन्न लगाएर ।	४
		४.२. हरियाली प्रवर्धन . हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व . घर र विद्यालयमा करेसाबारी र पुष्प बगैँचाको निर्माण, उत्पादन, बजारीकरण र	प्रयोग सिप सिकाइ सिप सहयोग र सहकार्य सिप स्वव्यवस्थापन सिप वातावर	. हरित घर तथा विद्यालयको अवधारणाको पुनरावलोकन गराउने, यस सम्बन्धी अनुभव आदान प्रदान गर्न लगाउने । . घर तथा शैक्षिक संस्थाहरू र वरपरको क्षेत्रमा व्यापक हरियाली विकासमार्फत पृथ्वीको वहन क्षमता अभिवृद्धि गर्न, वातावरण प्रदूषणबाट जैविक विविधतामा परेको अवसर न्यूनीकरण गर्दै परिस्थितिक पद्धतिमा सन्तुलन कायम गर्न, स्वच्छ एवं हरित पृथ्वी पुस्तालाई हस्तान्तरण गर्न, शिक्षाका माध्यमबाट विद्यार्थी तथा आमसमुदायमा वातावरणमैत्री व्यवहार विकास गर्न, दिगो विकासको लक्ष्य हासिल हरित घर तथा हरित	. हरित घर तथा विद्यालयको आवश्यकता र महत्व भन्न लगाएर । . विद्यालयमा करेसाबारी, पुष्प बगैँचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर ।	८

		आर्थिक फाइदा (स्थानीय मौसममा आधारित सागसब्जीलगायत का दैनिक खानामा उपयोग हुने वनस्पति र स्थानीय फूलको खेती, नर्सरी)	णप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	विद्यालयको आवश्यकता र महत्व रहेको कुरा उदाहरणसहित छलफल गराउने । . विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरूलाई सहभागी गराउने । . करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिहरूको खेती, पुष्पखेती गर्नमा विद्यार्थीहरूलाई सहभागी गराउने । . विद्यालयमा जस्तै घरमा समेत करेसाबारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति, पुष्पखेती घरमा पनि उत्पादन गर्न सकिने कुरा भन्ने र विद्यार्थीहरूलाई घरमासमेत उत्पादन गर्न लगाउने । . घर तथा विभिन्न विद्यालयले सागसब्जी खेती, फलफूल खेती, पुष्पखेती गरेको, बिक्री वितरण गरेर स्वावलम्बी बनेको र आर्थिक उपार्जनसमेत भएको भिडियो प्रदर्शन गर्ने । सोही कार्य विद्यार्थीले गर्न उत्प्रेरित गराउने ।	. घरमा करेसाबारी बनाएको, सागसब्जी खेती गरेको, फूलहरू रोपेको सम्बन्धमा अभिभावकसँग प्रतिक्रिया लिएर ।	
		४.३ पानी र फोहोरमैला व्यवस्थापन . घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन : सोकपिट, करेसाबारीमा उपयोग	सिकाइ सिप सहयोग र सहकार्य सिप, सञ्चार सिप स्वव्यवस्थापन सिप	. पानी किन आवश्यक छ भन्ने प्रश्नमा छलफल गराउने । . घरायसी रूपमा उपयोग भइसकेको पानी के के काममा प्रयोग गर्न सकिन्छ होला ? विचार मन्थन गराउने । . विद्यालय तथा घरमा खानेपानीको प्रयोग हुँदा, हात धुँदा, काँचो तरकारी पखाल्दा निस्केको पानीलाई सिधै बगैँचा वा करेसाबारीमा सिँचाइको रूपमा प्रयोग गर्न सकिने कुरा भन्ने । . यसका साथै हात धुँदा, नुहाउँदा, क्यान्टिनमा काँचो तरकारी पखाल्दा खेर गएको पानी भूमिगत जलभण्डार रिचार्ज गर्न प्रयोग गर्न सकिने जानकारी गराउने र	. पानीको प्रयोगको क्षेत्र बताउन लगाएर । . घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्ने तरिका भन्न लगाएर । . सोकपिटको परिचय दिन लगाएर ।	१०

		. घरायसी ठोस फोहोरको व्यवस्थापन : कम्पोष्टिङ - गँड्यौले मल बनाउने प्रक्रियाको अभ्यास)	वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	यसको लागि खेर जाने पानीको मात्रा तथा जमिनको उपलब्धताको आधारमा आवश्यकताअनुसारको सोकपिट बनाइ रिचार्ज गर्न सकिने व्यवस्था गर्न सकिने कुरा भन्ने । . सोकपिट बनाउने विधिको जानकारी दिने र विद्यालयमा सोकपिट बनाउने कार्यमा विद्यार्थीहरूको सहभागिता गराउने । . सोकपिटको माध्यमबाट जम्मा भएको पानीलाई आवश्यकताअनुसार विद्यालयको पुष्पखेती, करेसाबारी, जडीबुटी खेती, फलफूल खेतीमा आवश्यकताअनुसार प्रयोग गर्ने गराउने । . यो कार्य गर्दा भूमिगत पानी सुक्ने सम्भावना कम हुनुको साथै फोहोरको रूपमा निस्केको पानीको समेत दीर्घकालीन व्यवस्थापनमा सहयोग पुग्ने कुराको जानकारी गराउने । . घरायसी ठोस फोहोरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ होला भन्ने विचार मन्थन गराउने । . घरायसी फोहोरको व्यवस्थापन गर्ने विभिन्न विधिमध्ये कम्पोष्ट मल बनाउने, गँड्यौला मल बनाउने पनि हो भन्ने कुराको जानकारी दिने । . गँड्यौला मल कसरी बनाइन्छ होला भन्ने प्रश्नमा छलफल गराउने । . गँड्यौलाको सहायताले फोहोर जैविक पदार्थबाट मल बनाउने विधि नै गँड्यौला मल हो भन्ने कुराको जानकारी दिने । . गँड्यौला मल बनाउनको लागि आवश्यक सामग्री, स्थान, गँड्यौलाको प्रकार, जैविक पदार्थको छनोट	. सोकपिट बनाउने विधि भन्न लगाएर । . सोकपिटको महत्व भन्न लगाएर । . सोकपिट विधिबाट तयार पानीको प्रयोग गरेको अवलोकन गरेर । . घरायसी ठोस फोहोरको व्यवस्थापनका उपायहरू सोधेर । . जैविक वस्तुको प्रयोग गरी गँड्यौला मल बनाउने विधि भन्न लगाएर । . गँड्यौला मल बनाउने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर । . गँड्यौला मलको प्रयोग गरेको अवलोकन गरेर ।	

				आदिमा छलफल गराउने र गँड्यौला मल बनाउने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने । . गँड्यौला मललाई प्रयोग गर्ने तरिका भन्ने ।		
		विकास	अवलोकन सिप, श्रम गर्ने सिप	खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नुपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने । . विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग तथा प्रदर्शन गर्ने । . श्रमको सम्मान र आफूले पनि परिवार, गाउँटोल तथा विद्यालयमा सोको प्रयोग एवं अभ्यास गर्नका लागि विद्यार्थीहरूलाई फिल्डमा लिएर काम गर्न सिकाउने । . विद्यालयको बगैँचा र करेशावारीमा विद्यार्थीहरूलाई फूल तथा तरकारी खेती गर्न लगाउने । . विद्यार्थीले घरमा गएर गरेका उत्पादनसँग जोडिएका कामहरू भन्न लगाउने ।	लगाएर । . श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर । . विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्बिरहरू हेरेर । . विद्यार्थीले गरेको फूल खेती, तरकारी खेती र अन्य कामको अनुगमन गरेर ।	
		● घरपरिवार र समाजका जेष्ठ नागरिक एवं असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवं अनुकरणलगायत हाम्रा पुर्खा, वंश	सञ्चार सिप, सहयोग सिप, सहानुभूति सिप, समानुभूति सिप	. हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउँदो इतिहास हुन् भन्ने बारेमा विभिन्न दृष्टान्त दिएर स्पष्ट पार्ने । . अन्य श्रव्यदृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने । . गाउँटोलका जेष्ठ नागरिकसँग भेटघाट र छलफल गरी उनीहरूको अनुभवबाट सिकाइ गर्ने । . जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने । . हामीले अहिले सहयोग गर्‍यौँ भने भोलि हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन् भन्ने कुरालाई विभिन्न दृष्टान्तसहित छलफलमा ल्याउने । . जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा	. विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर । . जेष्ठ नागरिक र अशक्तहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर । . जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोग बारे भन्न लगाएर वा परियोजना कार्यको अभिलेख हेरेर । . जेष्ठ नागरिकबाट	२

		तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी ।		मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने । . विद्यार्थीहरूसँग सहकार्य गर्दै मानिसका पुर्खा, वंश र गोत्रको बारेमा परिचय तथा चर्चा गर्ने । . विहेबारीको सवालमा गोत्र र वंशको पहिचान तथा महत्वको बारेमा सहजीकरण गर्ने । . विद्यार्थीहरू हरेकलाई आफ्नो गोत्र र वंशको बारेमा परिचित हुने अवसर प्रदान गर्ने । . पुर्खा, वंश र गोत्रसम्बन्धी जानकार स्थानीय व्यक्तिलाई आमन्त्रण गरी स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने ।	भएका सिकाइ भन्न लगाएर । . पुर्खा, गोत्र र वंश पहिचानको महत्वको चर्चा गरेर । . हरेकको गोत्र र वंश सोधेर ।	

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
	● हाम्रो सम्पदा हाम्रो गौरव	**१.वीरेन्द्रनगरका पर्यटकीय स्थलहरू :** ● पर्यटकीय क्षेत्रहरूको संरक्षण संवर्धन र प्रवर्धन ● पर्यटकीय क्षेत्र र हाम्रो दायित्व	● सञ्चार सिप ● सहयोग सिप ● सहकार्य सिप ● व्यवस्थापन सिप ● वतावरणप्रति सचेतना र सम्मान ● नेतृत्व ● समस्या समाधान सिप	● पर्यटकीय क्षेत्रको विद्यमान वस्तुस्थिति सम्वन्धमा अनुभवहरूको आदान प्रदान । ● ती क्षेत्रहरूको संरक्षण, संवर्धन र प्रवर्धनको आवश्यकतामा छलफल । ● निर्देशित पढाइ । ● समूह छलफल । ● पर्यटकीय क्षेत्रमा हुने प्रदूषण न्यूनीकरण कार्यक्रम आयोजना र	● पर्यटन क्षेत्रहरूका संरक्षण संवर्धन र प्रवर्धनको आवश्यकता भन्न लगाएर । ● यी क्षेत्रहरूको संरक्षण संवर्धन र प्रवर्धनमा आफ्नो दायित्व लेख्न लगाएर । ● यी क्षेत्रहरूको संरक्षण संवर्धन र प्रवर्धनमा विद्यार्थीको सक्रियता अवलोकन गरेर ।	६

				सहभागिता (सरसफाई, डस्टबिन स्थापना, जनचेतना) ।		
		२.हाम्रा जल सम्पदा संरक्षण : ● हाम्रा जल सम्पदाहरूको सदुपयोग र वर्तमान स्थिति ● जल सम्पदाहरूको संरक्षण संवर्धन र प्रवर्धन	● अवलोकन सिप ● सञ्चार सिप ● समस्या समाधान सिप ● सहयोग र सहकार्य सिप ● व्यवस्थापन सिप ● वतावरणप्रति सचेतना ● नेतृत्व	● जल सम्पदाको विकास तथा संरक्षणको भिडियो, चित्र, पोस्टर, स्लाइड प्रदर्शन र प्रश्नोत्तर । ● टिपिएस विधिबाट अभ्यास । ● जल सम्पदाको संरक्षण, संवर्धन र प्रवर्धनका लागि व्यक्ति, विद्यालय, समुदाय तथा स्थानीयको भूमिका बारेमा समूह कार्य र प्रस्तुतीकरण । ● स्थानीय निकायको समन्वयमा वृक्षारोपण, सरसफाइ, जनचेतना, कार्यक्रमको आयोजना ।	● मौखिक प्रश्नोत्तर सोधेर । ● लिखित कार्य दिएर । ● कार्यक्रममा सक्रियता अवलोकन गरेर ।	६
		३.हाम्रा मानव सम्पदा : ● वीरेन्द्रनगरका अन्तराष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरूको सङ्क्षिप्त जीवनी र	● सिकाइ सिप ● खोज अनुसन्धान सिप ● सञ्चार सिप ● सहकार्य सिप	● निर्देशित पढाइ र प्रश्नोत्तर । ● गुगलमा वीरेन्द्रनगरमा चिनाउने अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिको खोजी ।	● वीरेन्द्रनगरलाई संसारमा चिनाउने व्यक्तिको नाम तथा काम जोडा मिलाउन लगाएर । ● वीरेन्द्रनगरका अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त	३

		योगदान		• ती व्यक्तिहरूको प्रोफाइलको प्रस्तुति । • छलफल ।	व्यक्तिहरूको प्रोफाइल बनाउन लगाएर । • राष्ट्रियस्तरमा ख्याति प्राप्त व्यक्तिको जीवनी सुनाउन लगाएर ।	
		४.हाम्रा हस्तकला : • हाम्रा स्थानीय हस्तकलाको संरक्षण, संम्वर्धन र प्रवर्धन	• सिकाइ सिप • चिन्तन सिप • सहकार्य सिप • व्यवस्थापन सिप • नेतृत्व सिप • समस्या समाधान सिप • सञ्चार सिप	• हस्तकला सामग्रीको संरक्षणको आवश्यकता बारे मस्तिष्क मन्थन र छलफल । • स्थानीय हस्तकलाको संरक्षण, संवर्धन, प्रवर्धन र उपायहरूको सूची तयार पार्न समूह, छलफल, प्रस्तुतीकरण तथा पृष्ठपोषण । • हस्तकलाका सामग्री, चित्रहरूको सङ्कलन र प्रदर्शन ।	• वीरेन्द्रनगरका स्थानीय हस्तकलाका सामग्रीहरूको संरक्षणको आवश्यकताबारे बोल्न लगाएर । • स्थानीय हस्तकलाको संरक्षण, संवर्धन, प्रवर्धन र उपायको सूची तयार पार्न लगाएर । • स्थानीय हस्तकलाको संरक्षण, संवर्धन र प्रवर्धनमा विद्यार्थीको सक्रियता अवलोकन ।	४
		५.हामी र समृद्ध वीरेन्द्रनगर : • भविष्यको वीरेन्द्रनगर • वीरेन्द्रनगरको समृद्धि	• समालोचनात्मक चिन्तन • समस्या समाधन सिप • नेतृत्व सिप	• वीरेन्द्रनगरको प्रस्तावित गुरूयोजनाको मुख्य विशेषताको अध्ययन र भविष्यको वीरेन्द्रनगरको परिकल्पना निर्माण ।	• 'समृद्ध वीरेन्द्रनगर र हाम्रो भूमिका' शीर्षकमा निबन्ध लेख्न लगाएर । • आफ्नो नगर विकासमा आफूले योगदान दिन	५

		र विकासमा हाम्रो भूमिका	• वातावरणप्रति सचेतता र सम्मान सिप • सहकार्य सिप • सहयोग सिप • स्वव्यवस्थापन सिप	• वीरेन्द्रनगरका विद्यमान विकासका पूर्वाधारमा रहेका समस्याको सूची निर्माण (समूह कार्य) । • आफ्नो स्थानीयस्तरको विकासका लागि दिएको ढाँचामा वडामार्फत नगरपालिकालाई पेस गर्ने मागपत्र तयार पार्न लगाउने । • वीरेन्द्रनगरको समृद्धि र विकासमा नगरवासीको भूमिकाबारे वक्तृत्वकला प्रतियोगिता योजना गर्ने । • समूह छलफल, प्रस्तुति र पृष्ठपोषण । • निर्देशित पढाइ र निष्कर्ष ।	सक्ने कुराको सूची भन्न लगाएर ।	
		६.वीरेन्द्रनगर र जातीय विविधता : • जातीय विविधताको महत्व र संरक्षण • जातीय विविधताको महत्व र संरक्षण • जातीय विविधताको	• अवलोकन सिप • सहकार्य र सहयोग सिप • खोज सिप • वातावरणप्रति सचेतता र	• जातीय विविधताको टिपिएस तरिकाबाट पुनरावलोकन । • जातीय विविधता संरक्षणमा हाम्रो भूमिकाबारे समूह कार्य । • नगरभित्र रहेका जातीय	• वीरेन्द्रनगरको जातीय विविधताको संरक्षणमा विद्यार्थीको भूमिका उल्लेख गर्न लगाएर । • परियोनजा कार्यको स्तरीकरण गरेर । • वीरेन्द्रनगरको जातीय	४

		संरक्षणका लागि सुझाव	सम्मान सिप	समुदायको वा होमस्टेको अवलोकन गरेर प्रतिवेदन लेख्ने परियोजना कार्य । ● जातीय विविधताको संरक्षणका लागि विद्यालय, समुदाय र स्थानीय निकायलाई दिने सुझाव सङ्कलन गर्न लगाएर ।	विविधता संरक्षणमा विभिन्न पक्षलाई दिने सुझावको सूची बनाउन लगाएर ।	

क्र. स.	**क्षेत्र/एकाइ /थिम**	**विषयवस्तुको विस्तृतीकरण**	**व्यवहार कुशल सिप**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया**	**कार्य घन्टा**
४	वातावरण संरक्षण र हरित विद्यालय	**४.१ वन व्यवस्थापन र दिगो विकास** . वडामा भएका वनमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी,	सञ्चार सिप सिकाइ सिप वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. वडाअन्तर्गत रहेका वनमा पाइने वनस्पती तथा वन्यजन्तु र चराको संरक्षण तथा अपराध नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था पालना गराउनको लागि विद्यार्थी, शिक्षक, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिकामा छलफल गराउने र पालना गर्ने गराउने । . विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा वृक्षारोपण गर्नुपर्ने कुराको जानकारी गराउने । सो कार्यमा विद्यार्थी र	. वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी कानुनमा भएको व्यवस्था भन्न लगाएर । . वडामा भएका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका भन्न लगाएर ।	१०

		विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका . खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेती र आर्थिक फाइदा (स्थानीय क्षेत्रमा पाइने जडीबुटीजन्य वनस्पति र स्थानीय वनस्पतिको नर्सरी, वृक्षारोपण) . दिगो विकासका लक्ष्य प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्य		शिक्षक सहभागी हुने । . विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने । जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने । . उत्पादित जडीबुटीको बजारीकरण गर्ने, आर्थिक उपार्जन गर्ने कुराको जानकारी गराउने र बजारीकरण गर्न सहयोग गर्ने । . विद्यालयमा नर्सरी निर्माण गर्ने, बेर्ना उत्पादन गर्ने तथा आवश्यकताअनुसार स्थानीयस्तरमा भएको वन कार्यालयले तयार गरेका नर्सरीमा रहेका बेर्नाहरू वृक्षरोपणमा प्रयोग गर्ने । . वृक्षारोपण गरेका बिरुवाहरूको आवश्यकताअनुसार रेखदेख गर्न लगाउने । . दिगो विकासका लक्ष्यहरू पुनः स्मरण गराउने र विद्यालय, समुदाय तथा स्थानीयस्तरबाट पूरा गर्न सकिने ती लक्ष्यमा छलफल गराउने । . दिगो विकासका लक्ष्यहरू पूरा गर्नको लागि स्थानीय सरकारले गर्दै आएका प्रयासमा	. खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेतीमा सहभागी भए नभएको अवलोकन गरेर । . जडीबुटी खेतीबाट हुने फाइदाहरू भन्न लगाएर . दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरू भन्न लगाएर ।	

				छलफल गराउने ।		
		४.२ हरियाली प्रवर्धन . हरित विद्यालय निर्माणमा विद्यार्थी इकोक्लबको भूमिका . हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू र हरित घर निर्माण योजना दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धन	सिकाइ सिप स्वव्यवस्थापन सिप वातावरणप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	. इकोक्लबको परिचय दिने । . हरित विद्यालय निर्माणको लागि इकोक्लबले गर्न सक्ने क्षेत्रहरूमा छलफल गराउने । . इकोक्लबको गठन विधि, कार्यसमिति, उपसमिति गठन प्रक्रिया र प्रत्येक समिति, उपसमितिले गर्ने कार्यहरू तथा भूमिकामा छलफल गराउने । . हरित घर तथा विद्यालय निर्माणको लागि आवश्यक पर्ने पक्ष (हरियाली प्रवर्धन, इकोक्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, ऊर्जामैत्री घर तथा विद्यालय, सिकाइ केन्द्रको विकास र सञ्चालन)को परिचय दिने । . यी कार्यको विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने । . हरित घर, विद्यालय तथा दिगो विकासबीचको अन्तरसम्बन्ध भन्न लगाउने र यस्तो सम्बन्ध प्रवर्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले निर्वाह गर्नुपर्ने भूमिकामा छलफल गर्ने ।	. इकोक्लबको परिचय दिन लगाएर । . इकोक्लबको गठन प्रक्रिया भन्न लगाएर । . इकोक्लबले हरित विद्यालय प्रवर्धन गर्न निर्वाह गर्नुपर्ने भूमिका भन्न लगाएर । . हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक पर्ने आधारभूत पक्षको परिचय दिन लगाएर । . यी पक्षको कार्यान्वयन गर्न निर्वाह गर्नुपर्ने भूमिका भन्न लगाएर ।	५
		४.३ पानी र फोहोरमैला व्यवस्थापन . स्थानीय क्षेत्रमा पानीको दिगो	सिकाइ सिप स्वव्यवस्थापन सिप	. पानीको दिगो व्यवस्थापन गर्ने उपायमा छलफल गराउने जस्तो : पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने (आकासे पानी), भूमिगत जलभण्डारको रिचार्ज गर्ने, सरसफाइ व्यवस्थापन गर्ने, आकासे	. पानीको दिगो व्यवस्थापन गर्ने तरिकाहरू सोधेर । . आकासे पानी सङ्कलन र प्रयोग गर्ने तरिका भन्न लगाएर ।	१०

		व्यवस्थापनको उपायहरू र अकासे पानी सङ्कलन विधि . घरायसी तथा विद्यालयबाट निस्केका ठोस फोहोरको व्यवस्थापन : बिन तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास) . नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्था र नगरपालिकाको भूमिका	वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप	पानीको सकलन गर्ने आदि) । . आकासे पानीको सङ्कलन गर्ने विधि भिडियोसहित प्रदर्शन गर्ने वा आकासे पानी सङ्कलन गरेको अवलोकन गराउने (वर्षा, ट्याङ्की, प्रशोधन, प्रयोग) । . घरायसी फोहोरमैलको व्यवस्थापन गर्ने विधिहरूमा छलफल गराउने । . घरायसी ठोस फोहोरमैलाको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ (भाडामा मल बनाउने) र पिट कम्पोष्टिङ (खाडल र थुप्रो बनाएर मल बनाउने) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने । . विद्यालयमा बिन र पिट कम्पोष्टिङ विधिबाट कम्पोष्ट मल बनाउने कार्यमा विद्यार्थीलाई सहभागी गराउने । . ती विधिबाट तयार भएको मल आवश्यकताअनुसार तरकारी खेती, फलफूल खेती, पुष्पखेतीमा उपयोग गर्ने, गर्न लगाउने । . वडा तथा नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, स्थानीय समुदाय, सङ्घसंस्था र नगरपालिकाको भूमिकामा छलफल गराउने ।	. आकाशे पानीको प्रयोग गरेको अवलोकन गरेर । . विद्यालय तथा घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन गर्ने तरिकाहरू भन्न लगाएर । . बिन र पिट कम्पोष्टिङ गर्ने तरिका भन्न लगाएर । . बिन र पिट कम्पोष्टिङ विधिबाट मल बनाएको अवलोकन गरेर । . वडा र नगरपालिका क्षेत्रमा प्रदूषण न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, समुदाय, सङ्घसंस्था र नगरपालिकाको भूमिका भन्न लगाएर ।	

क्र.	**क्षेत्र/ए**	**विषयवस्तुको**	**व्यवहार**	**सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप**	**सम्भावित मूल्याङ्कन**	का

स.	काइ /थिम	विस्तृतीकरण	कुशल सिप		विधि र प्रक्रिया	र्य घन्टा
१	स्थानीय पेसा व्यवसाय र प्रविधि	१.१ स्थानीय अन्नबाली, तरकारी, फलफूल र पशुपछी पालन • घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीमा सहभागिता र आयआर्जन • स्थानीय पशुपछी पालनबाट आयआर्जन	सञ्चार सिप सिकाइ सिप प्रगोग सिप	• विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी र फलफूल खेतीबाट हुने आयआर्जनका बारेमा छलफल गराउने । सबैलाई सहभागी गराउने । • स्थानीयस्तरमा गरिने पशुपछीपालनबाट आयआर्जन बारेमा सामूहिक छलफल गराउने । • विद्यार्थीहरूलाई घर तथा स्थानीयस्तरमा गरिने अन्नबाली तरकारी फलफूल खेती र पशुपछी पालनबाट हुने आयआर्जनका बारेमा प्रत्यक्ष अवलोकन भ्रमण छलफल गराउने सबैलाई सहभागी गराउने ।	. स्थानीयस्तरमा गरिएका अन्नबाली तरकारी र फलफूलको कारण भएका आयआर्जनका प्रभाव सोधेर । . परियोजना कार्यको मूल्याङ्कन गरेर । . अवलोकन भ्रमण प्रतिवेदन मूल्याङ्कन गरेर ।	५
		१.२ स्थानीय पेसा, व्यवसाय, उद्योग र पर्यटन . घर तथा स्थानीयस्तरमा भएका पेसा र व्यवसायबाट आयआर्जन . स्थानीय घरेलु तथा साना उद्योगबाट आयआर्जन . स्थानीय पर्यटन	सञ्चार सिप सिकाइ सिप	• घर तथा स्थानीयस्तरमा अपनाइएका पेसा र व्यवसायबाट हुने आयआर्जनका बारेमा छलफल गराउने । • स्थानीय घरेलु तथा साना उद्योगबाट हुने आयआर्जनका बारेमा छलफल तथा परियोजना कार्य गराउने । • स्थानीय पर्यटन व्यवसायबाट हुने आयआर्जनका बारेमा अवलोकन भ्रमण गराउने ।	. स्थानीयस्तरमा गरिएका पेसा व्यवसायका कारण भएका आयआर्जनका प्रभाव सोधेर । . परियोजना कार्यको मूल्याङ्कन गरेर । . अवलोकन भ्रमण प्रतिवेदन मूल्याङ्कन गरेर ।	५

		व्यवसाय र आयआर्जन				
		१.३ स्थानीय परम्परागत र आधुनिक प्रविधि • घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको प्रयोग गरी आयआर्जनमा सहभागिता	सञ्चार सिप सिकाइ सिप	. घर तथा विद्यालयमा प्रयोग गरिने परम्परागत र आधुनिक प्रविधिको प्रयोग गरी आयआर्जनमा सहभागिता सम्बन्धमा छलफलका गराउने ।	. अवलोकन गरेर । . प्रश्नावली प्रयोग गरेर । . आम्दानी खर्चको विवरण अवलोकन गरेर ।	५

परियोजना तथा प्रयोगात्मक कार्य कक्षा ४ देखि ८ सम्म

कक्षा ४

- शिक्षकको निर्देशनमा ४/५ जना पर्ने गरी समूह बनाउनुहोस् । तपाईंको समूहले आफू बसेको समुदायमा भ्रमण गर्नुहोस् र त्यहाँका मानिसले प्रयोग गर्ने जलस्रोत कुन कुन रहेछन् सोध्नुहोस् । पानीको स्रोतको सरसफाइ, पानीको उपयोग, पानीको स्रोतको संरक्षणका उपायहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- आफ्नो समुदायमा रहेका मानिसहरूबीच जातीय भेदभाव, छुवाछुत, छोराछोरीमा भेदभावको अवस्थासम्बन्धी सोधखोज र देखिएको व्यवहारलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा सुनाउनुहोस् ।
- आफ्नो घर तथा समुदायका मानिसले धुमपान तथा मद्यपान गरे नगरेको अवलोकन गर्नुहोस् । ती कार्यले व्यक्ति, समाज, स्वास्थ्य र आर्थिक क्रियाकलापमा पारेको असर पहिचान गर्नुहोस् । ती दुर्व्यसन हटाउन के के गर्न सकिन्छ ? उपायहरूलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको घरपरिवार तथा छरछिमेकमा के कस्ता आदर्श व्यवहारहरू प्रयोगमा आउने गरेका छन् ? अभिभावकहरूको सहयोग लिई आर्दश बाल व्यवहारको चार्ट बनाई प्रदर्शन गर्नुहोस् ।
- आफूले रूचाएको कुनै एक स्थानीय भाषामा कविता रचना गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको समुदायमा मानिने धर्म संस्कृतिको बारेमा अभिभावकको सहयोग लिएर एक अनुच्छेद लेखेर ल्याई साथीहरूको बीचमा प्रस्तुत गर्नुहोस् ।
- तपाईं बस्ने वडा कार्यालयमा गई वडा कार्यालयबाट बालबालिकाका लागि के कस्ता सेवा सुविधा प्रदान गर्ने गरिएको छ टिपोट गरी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंले के के काम गर्दा तपाईंका परिवारका सदस्यहरू खुसी हुनुहुन्छ ? घरपरिवारमा गएर उहाँहरूसँग सोधपुछ गर्नुका साथै उहाँहरूमध्ये ककसले गर्ने कुन कुन कुराहरू तपाईंलाई मन पर्छ ? यी सबैको नामनामेसी विवरण तयार पारी प्रस्तुत गर्नुहोस् ।

- तपाईंले घरपरिवारमा गएर परिवारका सदस्यहरूको सामु आफूले मन परेको गीत गाउनुहोस् वा मन परेको गीतमा नाच्नुहोस् । तपाईंको गीत सुनेर वा नृत्यको अवलोकन गरेर ककसले के के भन्नुभयो ? उहाँहरूको कुरा सुनेर तपाईंलाई कस्तो महसुस भयो ? तपाईंले गाएको वा नाचेको गीतको नामसहित उल्लिखित सबै कुरा टिपोट गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको गाउँटोलमा तपाईंले चिन्नु भएको असल नागरिकको नाम के हो ? तपाईंले उहाँसँग भेट गरेर उहाँले के के राम्रा काम गर्नुभएको रहेछ ? उहाँसँग सोध्नुहोस् । उहाँसँग भेट हुनसक्ने अवस्था नभएमा उहाँका परिवार वा उहाँको सम्बन्धमा तपाईंको आफ्नो परिवारका सदस्यसँग सोधपुछ गरी लिखित विवरण तयार गरेर प्रस्तुत गर्नुहोस् ।
- सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु तथा चराको सूची बनाउनुहोस् । वन्यजन्तु र चराको महत्व तथा संरक्षण गर्ने तरिकासमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- घर वरपरको खाली जमिन, करेसावारीमा उपयोगी बोटबिरूवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब एक महिनामा बिरूवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरू आए अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयबाट निस्कने फोहोरको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्यास) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरू अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा बाथरुमबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्यास (वायु) आदिको व्यवस्थापन गर्ने तरिकालाई (आफू, आफ्नो परिवार, विद्यालय) प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? सङ्क्षेपमा प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- घर वा स्थानीयस्तरमा गरिएको कुनै एक व्यवसायको परिचय, व्यवसाय सञ्चालन गर्दा गरिएका कार्यहरू, महत्व, उत्पादित सामग्रीको प्रयोगलगायतका पक्षलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- विगत एक वर्षभित्र समुदायमा भएका विपत्को सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपत् हुनुका कारणहरू, भएको क्षति तथा विपत् व्यवस्थापनका लागि अपनाइएका उपायलाई तलको तालिकामा भर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्र. सं.	**विपत्को नाम**	**सम्भावित कारण**	**भएको क्षति**	**विपत् व्यवस्थापनका लागि अपनाइएका उपाय**

- विद्यालयबाट घर जाँदा बाटो वा सडक अवलोकन गरी विद्यालय जाँदा आउँदा हुनसक्ने सम्भावित जोखिम पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपाय र तपाईंको भूमिकासमेत उल्लेख गरी एउटा निबन्ध लेख्नुहोस् ।

परियोजना कार्य कक्षा ५

- शिक्षकको निर्देशनमा कक्षा ५ का विद्यार्थीहरू समूहमा विभाजन हुनुहोस् । नगरपालिकाको छोटो भ्रमण गर्नुहोस् र नगरपालिकाका प्रमुख/उपप्रमुखलाई भेटी नगरपालिकाले गर्ने मुख्य मुख्य कार्यहरू तथा बालबालिका/युवाका लागि भएका र हुने कार्यका सम्बन्धमा सोधखोज गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- आफ्ना कक्षाका साथीहरूको सानो भ्रमण समूह बनाउनुहोस् । स्थानीय विद्युत् कार्यालयमा सम्पर्क गर्नुहोस् । हालसम्म विद्युत् सेवा विस्तार भएका कुन कुन वडा छन् भनी कार्यालय प्रमुख वा सूचना अधिकारीसँग उत्तर माग्नुहोस् । अब विद्युतको सेवा विस्तारका लागि के योजना छ भनी सोध्नुहोस् र प्राप्त जावाफ टिपोट गर्दै जानुहोस् र कक्षामा साथीहरूका बीच प्रस्तुत गर्नुहोस् ।

- शिक्षकको निर्देशनमा साथीहरूको समूह तयार पार्नुहोस् । जिल्ला प्रहरी कार्यालयमा गई दुई वर्षमा आफ्नो नगरपालिकाभित्र आत्महत्या गर्ने व्यक्तिको दर घटेको वा बढेको छ सोध्नुहोस् । सकेसम्म कुन उमेर समूह र लिङ्गको आत्महत्या गर्ने प्रवृत्ति रहेछ टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- आफ्नो घर, परिवार समुदाय र विद्यालयमा विभिन्न सन्दर्भमा अभ्यास गरिने आदर्श बाल व्यवहारहरूको सन्दर्भ समावेश गरी छोटो संवाद तयार पार्नुहोस् ।
- तपाईको घर, टोल तथा छरछिमेकमा प्रचलित चाडपर्वमा कुन-कुन स्थानीय लोकबाजाहरू बजाउने गरिन्छ ? स्थानीय वाद्यवादकको सहयोग लिई बजाउने कार्यमा समेत सहभागी हुनुहोस् र उल्लिखित बाजाहरूको सूची बनाएर कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।
- आफ्नो घर, परिवार र समुदायमा जन्म, मृत्यु र विवाह जस्ता संस्कारमा के-कस्ता विधि तथा प्रक्रिया अवलम्बन गरिन्छ ? अवलोकन गरी बुँदागत रूपमा टिपोट गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंले बसोबास गरेको वडा कार्यालयमा गई वडा कार्यालयबाट बालबालिकाका लागि के कस्ता सेवा सुविधा प्रदान गरिन्छ ? चार्टमा तयार गरी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको टोलमा रहेका बालक्लबले टोल सुधारमा के कस्ता भूमिका निर्वाह गरेका छन् ? एक अनुच्छेदमा लेखेर ल्याउनुहोस् ।
- विद्यालयमा आएदेखि अहिलेसम्म विद्यालयबाट तपाईंले के के राम्रा बानी र सिप सिक्नुभयो ? तपाईले सिकेका बानी र सिपका बारेमा तपाईंका परिवारका सदस्यहरूले के भन्नुहुन्छ ? तपाईंले सिकेको कुन सिप वा बानीले तपाईंका परिवारका कुन कुन सदस्यलाई बढी खुसी बनाएको छ ? परिवारका सदस्यहरूसँग यी सबैका बारेमा सोधपुछ गरेको आधारमा लिखित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंले घरपरिवारमा भएको कुनै कुरा झट्ट सम्झिदा वा अवलोकन गर्दा नराम्रो लागेकोमा सकारात्मक किसिले सोच्दै जाँदा त्योभित्र पनि के कुरा राम्रो देख्नुभयो ? तपाईंले देखेको वा सोचेको सो राम्रो कुराको बारेमा घरपरिवारका सदस्यसँग छलफल

गर्दा ककसले के के भन्नुभयो ? उल्लिखित सबै कुरा समेटेर लिखित प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

- घरपरिवारमा कुनै उत्सव वा चाडपर्व मनाउँदा तपाईं सहभागी भई गरेका कार्य के के हुन् ? तपाईंले मन पराएका कुरा के के हुन् ? सो चाडपर्वलाई अझ रमाइलो र सबैजना खुसी भई सहभागी हुनका लागि के गरेको भएहुन्थ्यो ? यस सम्बन्धमा तपाईंको आफ्नो विचारसहित आफ्ना परिवारका केही सदस्यको विचारलाई समेत समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।
- घर वरपरको खाली जमीन, करेसाबारीमा उपयोगी औषधीजन्य वनस्पति (घिउकुमारी, अमला, तुलसी, असुरो आदि)को वृक्षारोपण गर्नुहोस् । ती वनस्पति हुर्कनको लागि आवश्यक पर्ने तत्वहरू (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब तीन महिनामा बिरूवाको वृद्धि कति भयो र बिरूवामा के कस्ता परिवर्तनहरू आए ? अवलोकन गर्नुहोस् । ती औषधीजन्य वनस्पति के के कामको लागि प्रयोग गरिए ? प्राप्त तथ्यहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरू अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयमा प्रयोग भएका ऊर्जाका स्रोतहरूको पहिचान गरी के के कार्यमा प्रयोग गरिएको छ ? ऊर्जाको मितव्ययी तरिकाले प्रयोग गर्न अपनाइएका पक्षलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको घर समुदायमा मौसमअनुसार लगाइने स्थानीय तरकारीमध्ये कुनै एउटा तरकारी लगाउने कार्यमा सहभागी हुनुहोस् । तरकारी लगाउँदादेखि प्रयोग र बिक्री गर्दासम्म गरिएका सबै क्रियाकलापलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- विगत एक वर्षभित्र समुदायमा भएका विपत्को सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपत् हुनुका कारणहरू, भएको क्षति र विपत् व्यवस्थापनको लागि अपनाइएका उपायलाई तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्र. सं.	**विपत्को नाम**	**सम्भावित कारण**	**भएको क्षति**	**विपत् व्यवस्थापनको लागि अपनाइएका उपायहरू**

- चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिम पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपाय र तपाईंको भूमिकासमेत उल्लेख गरी एउटा निबन्ध लेख्नुहोस् ।
- तल उल्लिखित प्रमूख विपत् हुने समयका आधारमा अभिभावकसँग छलफल गरी प्रकोप पात्रो (hazard calendar) तयार पार्नुहोस् ।

	वैशाख	**जेठ**	**असार**	**साउन**	**भदौ**	**असोज**	**कात्तिक**	**मङ्सिर**	**पुस**	**माघ**	**फागुन**	**चैत**
बाढी												
पहिरो												
हावाहुरी												
चट्याङ												
आगलागी												
भूकम्प												

परियोजना कार्य कक्षा ६

- आफ्नो समुदायका कुनै एकजना समाजसेवीको बारेमा आफ्ना अभिभावक वा छिमेकमा रहेका जान्ने व्यक्तिलाई सोध्नुहोस् । ती समाजसेवीलाई भेटी उनले समाजको सेवासम्बन्धी गरेका कार्यहरूको टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- अध्ययन कार्यमा इन्टरनेटको प्रयोग गर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरूको बारेमा सम्बन्धित शिक्षक वा प्रअलाई सोध्नुहोस् । इन्टरनेटको प्रयोग गरी कुनै पेसा, व्यवसायको बारेमा आवश्यक विवरण खोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

- आफू बसेको समुदायमा जानुहोस् । सो समुदायका चार/पाँच घरमा सोधेर महिलाहरू महिनावारी हुँदा घरभित्र वा भान्सामा पस्न दिने चलन छ कि छैन सोध्नुहोस् । छ भने कुनकुन कुरा कति दिनसम्म परिवार र भान्सामा घुलमिल हुन नदिने चलन रहेछ टिपोट गर्नुहोस् । समूहमा बसेर छलफल गर्नुहोस् र यो प्रचलनलाई हटाउन के गर्नुपर्ला सुझाव पनि तयार पार्नुहोस् । अब समाजमा रहेको कुप्रथा हटाउन के कस्ता उपाय गर्नुपर्ला भन्ने उपायसमेत बनाई कक्षामा प्रस्तुत गर्नुहोस् र सबै सहभागीलाई यो प्रचलन पूर्णरूपमा हटाउनुपर्छ भन्ने विषयमा प्रतिबद्ध गराउनुहोस् ।
- तपाईंको छरछिमेकमा कुन कुन धर्म मान्ने मानिस छन् ? तीमध्ये हरेक धर्म मान्ने एक एक जनालाई आफैले भेटघाट गरी सोधपुछ गर्नुहोस् र उनीहरूले भनेको आधारमा विभिन्न धर्म मान्नुको कारण तथा सो धर्म मान्दा गर्ने क्रियाकलापका बारेमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको परिवारमा धेरै बोल्नु पर्ने र कम बोले पनि पुग्ने स्वभावका मानिसहरू को को हुनुहुन्छ ? उहाँहरूको उक्त स्वभावको बारेमा परिवारका अन्य सदस्यहरूले के के भन्नुहुन्छ ? यसमा तपाईंको आफ्नो विचार के छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईं र तपाईंको परिवारका सदस्य वा तपाईंको कुनै साथी मिलेर गाउँटोलमा भएको असहज अवस्थाका व्यक्तिलाई सहयोग गर्नुहोस् । तपाईंले सहयोग गर्दा असहज अवस्थाका व्यक्तिमा के परिवर्तन पाउनुभयो ? उहाँले तपाईंहरूलाई के भन्नुभयो र कस्तो व्यवहार गर्नुभयो ? त्यतिबेला तपाईंलाई कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेस गर्नुहोस् ।
- विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरूलाई खाली ठाउँमा रोप्नुहोस् । बेर्ना हुर्कनको लागि आवश्यक वस्तुहरूको नियमित रूपमा प्रवाह गर्नुहोस् । करिब २।३ महिनामा ती बेर्नाको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर वरपरको खाली ठाउँ वा कौसी वा बरन्डामा सागसब्जी तथा दैनिक रूपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रूपमा सागसब्जी तथा

वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तु (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- तपाईंको घर वा समुदायमा कुनै पेसा वा व्यवसाय सञ्चालन गर्दा कुन कुन स्थानीय तथा आधुनिक प्रविधिको प्रयोग गरिएको छ ? सोधखोज गरी ती प्रविधिको नाम, काम गर्ने प्रक्रियाका बारेमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- विगत एक वर्षभित्र समुदायमा भएका विपत्को सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपत् हुनुका कारणहरू, भएको क्षति र विपत् व्यवस्थापनको लागि अपनाइएका उपायलाई तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्र. सं.	**विपत्को नाम**	**सम्भावित कारण**	**भएको क्षति**	**विपत् व्यवस्थापनको लागि अपनाइएका उपायहरू**

- आफ्नो विद्यालयका कुनै अपाङ्गता भएका विद्यार्थी वा समुदायमा अपाङ्गता भएका व्यक्तिलाई भेट्नुहोस् वा अपाङ्गतासम्बन्धी कार्य गर्ने संस्था भ्रमण गरी विपत्को समयमा अपाङ्गता भएका व्यक्तिलाई पर्नसक्ने सम्भावित जोखिम सोध्नुहोस् । अपाङ्गता भएका व्यक्तिलाई विपत्बाट संरक्षण गर्न पालना गर्नुपर्ने व्यवहारसमेत उल्लेख गरी एक प्रतिवेदन तयार गर्नुहोस् । प्रतिवेदनको खाका निम्नानुसार रहेको छ ।
- समुदायका कम्तिमा दुई जना व्यक्ति, विव्यस अध्यक्ष र बालक्लबका साथीसँग छलफल गरी डढेलो, आगलागी, भूक्षय र बाढी पहिरो न्यूनीकरणका लागि समुदाय, विद्यालय र बालसमूहको भूमिका समेटी एउटा निबन्ध लेख्नुहोस् ।

परियोजना कार्य कक्षा ७

- आफ्नो घर, समुदाय तथा विद्यालयमा विद्युत्को कुन कुन स्रोत के के कामका लागि प्रयोग गरिएको छ ? विद्युत्बाट कुन कुन कामलाई सजिलो र सरल तथा किफायती बनाएको छ ? साथै विद्युत्को असावधानीका कारण के समस्या भोग्नुपर्छ र ती समस्या आउन नदिन के के क्रियाकलाप गर्नुपर्छ ? सोधखोज गरी विवरण तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- विद्यार्थीहरूले कार्य विभाजन गरी समुदायमा छुवाछुत/जातीय भेदभाव/लैङ्गिक भेदभाव हटाउने खालको सडक नाटक प्रदर्शन गर्नुहोस् । नाटक प्रदर्शनपछि दर्शकसँग प्रतिक्रिया लिनुहोस् । उनीहरूबाट प्राप्त प्रतिक्रियालाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- हाम्रो परिवार र गाउँटोलमा परम्परादेखि चलिआएका प्रचलन र रीतिरिवाज के के छन् ? तीमध्ये पूर्वी दर्शनसँग सम्बन्धित भएका प्रचलन र रीतिरिवाज के के हुन् ? तिनीहरूमध्ये कुन कुन प्रचलन र रीतिरिवाजले हामीलाई सभ्य तथा खुसी बनाउन सहयोग गरिरहेका छन् ? पूर्वीय दर्शनको बारेमा केही जानकारी राख्ने तपाईंको टोलका कुनै व्यक्तिका विचारसहित आफ्ना भावनालाई समेत समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।
- तपाईंले हरेक दिन विहान उठ्दा र बेलुका सुत्दा राम्रा कुराको टिपोट गर्ने बानीले तपाईंको जीवनमा पारेको सकारात्मक प्रभाव के हो ? तपाईंको स्वभाव र आचरणमा यसबाट भएको परिवर्तन के हो ? यसका बारेमा तपाईंका परिवारका सदस्य र साथीहरूको भनाइ के छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाई प्रस्तुत गर्नुहोस् ।
- तपाईंको घरपरिवारका सदस्यहरूसँग मिलेर तपाईंले अहिलेसम्म गरेका प्रमुख पाँच कामहरू के के हुन् ? तपाईंको काममा भएको सहभागिताको सम्बन्धमा परिवारका सदस्यहरूको भनाइ के कस्तो छ र तपाईंलाई उक्त काममा सहभागी हुँदा के कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेस गर्नुहोस् ।
- गँड्यौला मल बनाउने विधिअनुसार घरमा मल बनाउनुहोस् र विद्यालयमा गँड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गँड्यौला मललाई प्रयोग गर्ने

विधिअनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

- घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्पखेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदासम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंको घर तथा समुदायमा सबैभन्दा बढी सम्भावना देखिएको व्यवसाय कुन हो ? के कति कारणले सो व्यवसाय बढी सम्भावनायुक्त छ ? व्यवसाय अवलम्बन गरेका समुदायका कुनै सफल व्यवसायीसँग अन्तर्वार्ता लिनुहोस् र उक्त व्यवसायको बारेमा विस्तृत विवरण (व्यवसायको नाम, व्यवसाय गर्दा प्रयोग गरिएका प्रविधि, व्यवसाय गर्दा आवश्यक पर्ने सामग्री, व्यवसाय गर्दा गरिएका क्रियाकलाप, उत्पादन, उपयोग, सावधानी आदि) तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- निम्नानुसार रूजुसूची प्रयोग गरी आफ्नो घर भूकम्पबाट कति सुरक्षित छ, घरको अवलोकन एवं अभिभावकसँग छलफल गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्रं.सं.	**सूचक**	**सुरक्षित छ**	**सुरक्षित छैन**	**कारण**
संरचनात्मक				
१	पर्खाल			
२	छत वा छानो			
गैरसंरचनात्मक				
१	दराज			
२	टि.भी.			

- कुनै दुई जना मोटरसाइकल वा स्कुटर चालकलाई भेटी मोटरसाइकल वा स्कुटरबाट यात्रा गर्दा हुने सम्भाव्य जोखिम र सावधानीका उपायसहित तलको तालिका पूरा गर्नुहोस् र सोका आधारमा 'मोटरसाइकल वा स्कुटरमा सुरक्षित यात्रा' विषयक एक निबन्ध लेख्नुहोस् ।

क्रं.सं.	**मोटरसाइकल वा स्कुटर चालकको नाम**	**सम्भावित जोखिम**	**सावधानीका उपाय**
१			
२			

- नजिकैको स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई भेटी कोभिड, बर्डफ्लू, डेङ्गु, झाडापखाला कसरी सर्छन् र तिनीहरूबाट बच्ने उपायहरू सोध्नुहोस् । सोको आधारमा तलका बुँदाहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
  (क). शीर्षक
  (ख) उद्देश्य
  (ग) विधि
  (घ) मुख्य प्राप्ति
  (ङ) निष्कर्ष

कक्षा ८ को परियोजना कार्य :

- शिक्षकको निर्देशनमा समूह तयार गर्नुहोस् । तपाईंको समूह नगरपालिकामा जानुहोस् । त्यहाँ गएर सूचना अधिकारीसँग सम्पर्क गरी कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका काम, कर्तव्य तथा अधिकार एवं ती उल्लिखित कार्य पूरा गर्न गरिएका हालसम्मका उपलब्धि तथा आगामी भावी योजनाको बारेमा सोध्नुहोस् र चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस् ।
- आफ्नो समुदायमा रहेका सामाजिक समस्या तथा विकृतिहरू पहिचान गर्नुहोस् । ती समस्या र विकृति हटाउन ककसले कुन कुन भूमिका निर्वाह गर्नुपर्ला ? सोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- शिक्षकको निर्देशनमा समूह विभाजन हुनुहोस् । जिल्ला प्रशासन कार्यालय जानुहोस् । त्यहाँका अधिकारीलाई सोधी भ्रष्टाचारका घटना, कारण, भ्रष्टाचार निराकरण गर्न चालिएका कदमहरू तथा भ्रष्टाचार निराकरण गर्न भावी योजनासम्बन्धी विषयवस्तुको सोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईं आफू भविष्यमा के हुने उद्देश्य राख्नु भएको छ ? यो उद्देश्य राख्नुमा तपाईंसँग हाल भएका के कस्ता सक्षमताले मनोबल बढाएका हुन् ? यस उद्देश्यका बारेमा तपाईंका परिवारका सदस्य र साथीहरूले के भन्नुहुन्छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।
- कस्तो जीवनलाई सन्तुलित जीवन भनिन्छ ? सन्तुलित जीवनले मानिसलाई कसरी खुसी प्रदान गर्न सहयोग गर्छ ? यस सम्बन्धमा आफ्नो टोलका केही वयोबृद्ध र केही समकक्षीहरूको जमघट गराइ उनीहरूबाट व्यक्त विचारहरूलाई समेटर प्रतिवेदन तयार गरी पेस गर्नुहोस् ।
- तपाईंको परिवारको गोत्र र वंश के हो ? तपाईंको पुर्खा कहाँबाट आउनु भएको हो ? तपाईंका वंशजको बसोबास विशेषगरी कहाँ कहाँ छ ? तपाईंको मामा र घरतर्फको वंश तथा गोत्र एउटै हो कि फरक हो ? विहेबारीलगायतका काम गर्दा गोत्र र वंशको ख्याल गर्ने गरिन्छ ? यसको कारण के हो ? यो सम्बन्धमा तपाईंका घर परिवारका

अग्रजलगायत समाजका मानिसहरूले के भन्छन् ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेस गर्नुहोस् ।

- घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी बिन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकताअनुसार तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- हरित विद्यालय निर्माणको लागि इकोक्लबको गठन गर्नुहोस् । आवश्यकताअनुसार हरित विद्यालय निर्माणअन्तर्गतका पक्षहरू (ऊर्जा, पानी, सरसफाइ, फोहोरमैला, सिकाइ व्यवस्थापन, हरियाली प्रवर्धन आदि)को प्रभावकारी कार्यान्वयन गर्नको लागि उपसमितिसमेत गठन गर्नुहोस् । उपसमितिले गरेका कार्यहरू तथा प्राप्त उपलब्धिलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।
- घरमा आफ्नो सहभागिता हुने खालको कुनै एक व्यवसाय (धान खेती, गहुँ खेती, आलु खेती, तरकारी खेती, पुष्पखेती, मौरीपालन, कुखुरापालन, बाख्रापालन वा अन्य)को छनोट गर्नुहोस् । सो व्यवसाय सञ्चालनमा सहभागी हुनुहोस् । छ महिनामा के के प्रगति भयो ? उक्त व्यवसायबाट के के फाइदा पुग्यो ? उत्पादित सामग्रीको उपभोग र बजारीकरण के कसरी गरियो ? विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- निम्नानुसार रूजुसूची प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ, विद्यालय परिसर र भवनहरूको अवलोकन एवं शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

क्र.स.	**सूचक**	**सुरक्षित छ**	**सुरक्षित छैन**	**कारण**
संरचनात्मक				
१	पर्खाल			
२	छत वा छानो			
३				
.....				
गैरसंरचनात्मक				

१	दराज			
२	बेन्च			
३	डेस्क			
४				

- प्रविधिको प्रयोग (google search) गरी तल उल्लिखित महामारीसँग सम्बन्धित विवरण सङ्कलन गर्नुहोस् र कक्षा प्रस्तुत गर्नुहोस् ।

क्र.स.	**महामारी**	**महामारी पत्ता लागेको वर्ष**	**महामारी सुरु भएको देश**	**महामारीको कारण**	**मृत्यु भएका मानिस सङ्ख्या**	**औषधी**	**सुरक्षाका उपाय**
१	Black death						
२	प्लेग						
३	फ्लू						
४	एचआईभी एड्स						
५	कोभिड-१९						

- विपत्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपत्मा प्रयोग हुनेगरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू (Emergency Contact Numbers) खोजी कक्षामा टाँस्नुहोस् ।

क्र.स.	**व्यक्ति, सङ्घ संस्था, कार्यालय**	**सम्पर्क व्यक्ति**	**सम्पर्क नम्बर**
१	प्रहरी कार्यालय		१००
२	बाल हेल्पलाइन		१०९८
३	जिल्ला प्रशासन कार्यालय		

४	प्रदेश अस्पताल		
५			

५. सिकाइ सहजीकरण विधि र प्रक्रिया

(क) कक्षा १-३

यस पाठ्यक्रमले शिक्षणलाई परिणाममुखी तथा विद्यार्थीको सिकाइलाई प्रभावकारी र दिगो बनाई उनीहरूको स्थानीय आवश्यकताअनुसारको ज्ञान तथा सिपको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि सिकारु केन्द्रित, अन्तरक्रियात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधिको विकास र प्रयोगमा जोड दिएको छ । यसअनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीयस्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोतसाधनलाई शैक्षणिक सामग्रीका रूपमा प्रयोग गर्नुपर्ने छ । समयको मागबमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्ने छ र वेवमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान तथा सिपको विकास गरी आफूलाई तयार बनाइ रहनुपर्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापलाई पाठ्यक्रमको स्वरूपअनुसार एक विषयको सिकाइबाट अर्को विषयलाई समेत सहयोग हुने गरी व्यवस्थित गर्नुपर्छ । जसका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको बहुविषयक ढाँचाअनुसार शिक्षण सिकाइ सहजीकरणका क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

शिक्षकले आवश्यकताअनुसार स्थानीय विज्ञहरूको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरूलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवं अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्नेछ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्ने छ ।

सिकाइ सहजीकरण प्रक्रियाहरूले शिक्षणलाई ज्ञानको हस्तान्तरणभन्दा सिकारुहरूको ज्ञानको निर्माण गर्ने कार्यमा सहयोग गर्नुपर्छ । जसका लागि विद्यार्थीको सिकाइको प्रस्थान विन्दु उनीहरूकै अनुभव र प्रविष्ट व्यवहारलाई बनाउनुपर्छ । त्यसैले शिक्षण विधिले सिकारूहरूलाई बढीभन्दा बढी अनुभवमा आधारित क्रियाकलापहरू समेट्नुपर्छ र सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाले अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारूको निर्णय क्षमता विकास गरी अर्थ निर्माणमा सहयोग पुऱ्याउनुपर्छ ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्ने छ :

- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने)अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनुपर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जकढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विषयवस्तु नयाँ, सैद्धान्तिक र आफै सक्रिय भई सिक्न नसक्ने भएमा शिक्षकले विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सामग्री, सिप वा विषयवस्तुहरूको प्रदर्शन वा व्याख्यानका साथसाथै प्रश्नोत्तर र छलफल विधिबाट शिक्षण गर्नुपर्ने छ ।
- विद्यार्थीहरूले शिक्षकलाई पछ्याउँदै सिक्ने सिपयुक्त व्यवहारहरू प्रत्यक्ष शिक्षण/ड्रिल विधिबाट सिकाउनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्नसक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्नसक्ने विषयवस्तुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनुपर्ने छ ।
- बालबालिकाको सिकाइमा उत्प्रेरणा जगाउन तथा सक्रियता बढाउन उनीहरूकै अनुभव तथा सोच्ने तर्क गर्ने खुबीको परिचालन गरी सिकाउनुपर्ने छ । जसको लागि मस्तिष्क मन्थन, टिपिएस (सोच्ने, जोडी बनाउने, साटासाट गर्ने), शब्दबाट अनुमान (प्रिडिक्शन फ्रम टर्म), निर्देशित पढाइ विधिको प्रयोग गर्नुपर्ने छ ।
- सिकारूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदान प्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्न स्याटेलाइट, जिग्सअ, परस्पर शिक्षण (रेसिप्रोकल टिचिङ), जोडीमा पढाइ जोडीमा सारांश, पिरामिड सिकाइ, अब मेरो

पालो (पेन अन द मिडल), एक बस्ने अरू छरिने जस्ता रमाइला रणनीतिको प्रयोग गर्नुपर्ने छ ।

- सामाजिक समस्याको सामाधान गर्न खोजमूलक सिकाइ, संरक्षण कार्य, परियोजना कार्य, प्रयोगशाला कार्य आदिमा विद्यार्थीहरूलाई सहभागी बनाइ काम गराएपछि विद्यार्थीको स्तर र विषयवस्तुको प्रकृतिअनुसारको प्रतिवेदन तयार पार्न लगाउनुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनुपर्ने छ ।
- पाठको समीक्षा, सिकाइको मूल्याङ्कन र पाठहरूको पुनरावलोकन गर्दा जोडीमा प्रश्नोत्तर, रिले रेस, पात्रपहिचान (म को हुँ ?), तातो आलु, बोर्डतिर दौड्ने जस्ता रमाइला रणनीति अवलम्बन गर्नुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाइराख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्यदृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।
- महामारी वा अरू सङ्कटका बेला पनि उपयोग गर्न सक्नेगरी विद्यार्थीहरूलाई इन्टरनेटमा रहेका सामग्री खोज्ने, हेर्ने, अध्ययन गर्ने, बुझाउने एवं आवश्यक परेका बेला विद्यार्थी र अभिभावकसँग बैठक तथा परापर्श गर्नुपर्ने छ ।

कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

सातवटा विभिन्न विषय क्षेत्रलाई समेटेर यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुको क्रियाकलाप गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आ-आफ्नो टोल, समुदायहरूसँग समेत सम्बन्ध राखी क्रियाकलाप गराउनुपर्छ । यी विषयवस्तुलाई शिक्षण गर्न विद्यार्थीहरूलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्नेगरी शिक्षण सिकाइ सहजीकरण गरिनुपर्छ । यस क्षेत्रमा विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, तस्बिर जस्ता रोचक वस्तुमार्फत् भाव अभिव्यक्त गरून् भन्ने लक्ष्य राखिएको छ । यी सबै सिपको विकास गर्न सबै विद्यार्थीहरू सक्षम नहुन पनि सक्छन् । त्यसैले उनीहरूलाई आफ्ना रूचि र खुबीअनुसारका सिपको विकास गर्न प्रोत्साहित गर्नेगरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ ।

विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नुपर्छ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने (Learning by doing) अवस्थाको सुनिश्चितता गर्नुपर्छ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढी सन्निकट हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइमार्फत बालबालिकामा पूर्ण सक्षमताको विकास गर्नुपर्छ ।

तिब्रतर रूपमा परिवर्तित परिवेशले विश्वव्यापी प्रतिस्पर्धालाई जोड दिएको छ । यसका लागि ब्रहमाण्डलाई स्थानीयकरण र स्थानीय रैथाने ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नेगरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रमको निर्माण सैद्धान्तिक रूपमा अब्बल हुँदाहुँदै कार्यान्वयन व्यवहारिक हुनसकेन भने अपेक्षित नतिजा प्रवाह हुनसक्दैन । जुन कुनै पाठ्यक्रमलाई नतिजामूलक र जीवनपयोगी बनाउन तथा सैद्धान्तिक विषयलाई व्यवहारप्रद बनाउन यसको प्रभाकारी डेलिभरीमा जोड दिनुपर्छ । पाठ्यक्रमको डेलिभरीको रूपमा रहने शिक्षण सिकाइ विधि र प्रक्रियालाई प्रभावकारी बनाउन देहायका शिक्षण उपागम, विधि र प्रक्रियामा ध्यान दिन आवश्यक छ :

(क) परियोजना कार्य विधि

यो प्रत्यक्ष अनुभव गरेर वा लिएर सिक्न सहयोग गर्ने शिक्षण सिकाइको प्रभावकारी विधि हो । यसमा मुख्य गरेर काम, समय र व्यक्तिको सङ्ख्यालाई ध्यान दिनुपर्छ । अर्थात तोकिएको काम, तोकिएको समयभित्र तोकिएको व्यक्तिहरूले सम्पन्न गरिसक्नुपर्छ । यसमा पनि विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर र सिकाइस्तर, स्थानीय परिवेश आदिलाई ध्यानमा राखी परियोजना कार्य दिनुपर्छ । स्थानीय पाठ्यक्रममा रहेका धेरैजसो विषयवस्तुलाई यस विधिबाट सहजीकरण गर्न सकिन्छ । जस्तै : तरकारी खेती, पुष्पखेती, गँड्यौला मल तयार गर्ने, वृक्षरोपण गर्ने, सेवाको जानकारी लिने आदि ।

(ख) प्रदर्शन विधि

शिक्षकले कुनै शैक्षिक सामग्री प्रदर्शन गरेर त्यसको माध्यमबाट विद्यार्थीलाई सिकाउने र विद्यार्थीहरूबाट उनीहरूले व्यक्तिगत तथा समूहगत रूपमा तयार गरेका कार्यको विवरण देखाएर वा प्रर्दशन गरेर शिक्षण सिकाइ गरिने विधि हो । जस्तै : विभिन्न परम्परागत प्रविधिको प्रदर्शन, विभिन्न वन तथा व्यवसायको चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रदर्शन गरी सहजीकरण गर्ने आदि ।

(ग) समस्या समाधान विधि

विद्यार्थीहरूलाई विषयवस्तुसँग सम्बन्धित कुनै समस्या दिने र ती समस्या समाधानको उपाय विद्यार्थीलाई खोज्न लगाइ शिक्षण सिकाइ गरिने शिक्षण विधि हो । यसमा समस्याको सही पहिचान, समाधानका विभिन्न विकल्पको खोजी, विकल्पको विश्लेषण, उपयुक्त विकल्पको छनोट र कार्यान्वयन आदि चरण हुन्छन् । विषयवस्तुको प्रकृति, स्थानीय परिवेश, विद्यार्थीको सिकाइस्तर आदिको आधारमा व्यक्तिगत वा समूहगत रूपमा समस्या समाधान गर्न दिन सकिन्छ । जस्तै : कुनै स्थानीय व्यवसायको छनोट गरी उक्त व्यवसायको सञ्चालन गर्ने आदि ।

(घ) अवलोकन विधि

यो विद्यार्थीहरूलाई ज्ञानेन्द्रियमार्फत प्रत्यक्ष अवलोकन गर्न लगाइ सिक्न प्रोत्साहन गरिने विधि हो । यसमा विद्यार्थीलाई दिइएको कार्य, सहभागिता, व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारका लागि पृष्ठपोषणसमेत दिन सकिन्छ । यो विधि पनि शिक्षकले विद्यार्थीको, एक विद्यार्थीले अर्को विद्यार्थीको, एउटा समूहले अर्को समूहको अवलोकन गर्ने गराएर पनि शिक्षण सिकाइ सहजीकरण गर्न सकिन्छ । स्थानीय विषयको पाठ्यक्रममा राखिएका धेरैजसो विषयवस्तु यस विधिबाट सहजीकरण गर्न सकिन्छ । जस्तै : विभिन्न पेसा, व्यवसायको अवलोकन, प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदाको अवलोकन, विभिन्न संस्थाहरूको भ्रमण र अवलोकन आदि ।

(ङ) छलफल विधि

यो विधिबाट दुई वा दुईभन्दा बढी व्यक्तिबीच विषयवस्तुमा आधारित भएर छलफल गराई निष्कर्ष निकाल्न लगाउन सकिन्छ । यसमा शिक्षक र विद्यार्थी, विद्यार्थी विद्यार्थीबीच, विद्यार्थी र स्रोत व्यक्तिबीच, विद्यार्थी र सरोकारवालाबीच छलफल गराउन सकिन्छ । यसमा विषयवस्तुको प्रकृति र स्थान, स्रोतसाधन आदिको आधारमा विभिन्न तरिकाले छलफल गराउन सकिन्छ ।

(छ) खोज विधि

विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने र बाल संसारसँग सम्बन्धित समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको खोजी गरी सबैलाई नयाँ ज्ञान पत्ता लगाउनको लागि यो विधि प्रयोग गरिन्छ ।

(ज) अभिनय विधि

कुनै व्यक्ति (पात्र), जीव जनावर आदिका बारेमा ज्ञान, सिप हासिल गराउन तिनीहरूको नक्कल गर्न लगाएर यो विधि प्रयोग गरिन्छ । यस विधिमार्फत शिक्षण गर्दा कक्षामा कसैलाई पनि नकारात्मक प्रभाव पर्ने गरी अभिनय गराउनु हुँदैन ।

(झ) प्रश्नोत्तर विधि

यो प्रश्नको उत्तर दिन लगाइ शिक्षण सिकाइ गरिने विधि हो । विषयवस्तुको परिधिभित्र रहेर शिक्षकले विद्यार्थीहरूलाई, विद्यार्थीले शिक्षकलाई, एउटा विद्यार्थीले अर्का विद्यार्थीलाई, एउटा समूहले अर्को समूहलाई प्रश्न गर्ने र उत्तर दिन लगाउन सकिन्छ ।

(ञ) कथाकथन/वाचन विधि

कुनै पनि विषयवस्तु वा घटनालाई कथात्मक तरिकाले प्रस्तुत गर्ने विधि नै कथाकथन विधि हो । यो विधिले विद्यार्थीहरूको ध्यान आकर्षण गर्न सजिलो हुन्छ । सुरुमा शिक्षकले कथाको माध्यमबाट विषयवस्तु वा घटनालाई प्रस्तुत गर्ने र पछि विद्यार्थीहरूलाई पनि त्यस प्रकारको सिपको विकास गराई विषयवस्तु तथा घटनालाई कथामा ढालेर प्रस्तुत गर्ने सिपको विकास गराउन सकिन्छ । जस्तै : विभिन्न सफल पेसाकर्मी तथा व्यवसायीहरूको कथा, असल मानिसको कथा आदि ।

(ट) घटना अध्ययन विधि

समाज, घर विद्यालय र नगर क्षेत्रभित्र घट्ने र घट्न सक्ने घटनाहरूको अध्ययन गराइ वा घटनाको प्रस्तुतीकरण गराइ निश्चित विषयवस्तु शिक्षण सिकाइ गरिने विधि हो । यस विधिमा सान्दर्भिक घटनाको प्रयोग गरेर उपयोगी ज्ञान प्रदान गर्न प्रयोग गर्न सकिन्छ । जस्तै : विभिन्न प्रकारका विपत्हरू, प्रकोप आदि ।

(ठ) समालोचनात्मक चिन्तन विधिहरू

समालोचनात्मक चिन्तन सिप विधिलाई पछिल्लो समयमा विकास गरिएको विधिको रूपमा लिइन्छ । यस अर्न्तगत विशेष गरेर निम्न लिखित विधिहरू पर्छन् । ती विधि र प्रयोग गर्ने तरिका सङ्क्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

अ) मष्तिष्क मन्थन

यो विधि विद्यार्थीहरूलाई थुप्रै र विभिन्न खालका कुरा सोच्न सिकाउने विधि हो । यसमा विद्यार्थीहरूले एउटा निश्चित धारणा बनाउनु पूर्व शिक्षकलाई आफ्नो राय व्यक्त गर्न दिइदैन । विद्यार्थीलाई थुप्रै कुरा सोच्न दिमाग खुला राख्न वा मद्दत गर्छ । महत्वपूर्ण र नयाँ विचार निकाल्न उपयोगी यो विधि एक्लै, समूहमा, सानो समूहमा सञ्चालन गर्न सकिन्छ । यसलाई १० मिनेटभित्रै सिध्याउँदा बढी प्रभावकारी मानिन्छ ।

आ) जिग्सअ

सहयोगात्मक विधिहरू मध्ये प्रमुख विधिका रूपमा जिग्सअलाई लिन सकिन्छ । यस विधिमा विद्यार्थीहरूले सिक्नको लागि एक अर्कालाई सहयोग गर्नुपर्छ । यस विधिमा मातृ समूह र विज्ञ समूह रहन्छ ।

इ) सोच-जोडीमा छलफल-आदान प्रदान (think- pair- share)

पाठप्रति विद्यार्थीको उत्सुकता जगाउन प्रयोग गरिन्छ । जसमा विद्यार्थीहरूलाई सिर्जनशील भएर छलफलको विषयबारे चिन्तन गर्न र आफ्ना विचारहरू अरूसँग आदान प्रदान गर्न प्रोत्साहित गरिन्छ ।

ई) जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing)

यो जोडीमा पाठ्यांश पढ्ने विधि हो । दुई जनादेखि दुई सय विद्यार्थी माझ सजिलै सञ्चालन गर्न सकिने यस विधिमा सामान्य किसिमले पठनभन्दा ३/४ गुणा समय लाग्छ । समय बचाउनका लागि सुरुमा चारदेखि छ अनुच्छेद जोडीमा पढाइ/सारांश अभ्यास गर्न लगाएर चिन्तनलाई उत्साहित गर्ने उद्देश्यले यो क्रियाकलाप गराइन्छ । जसले पाठ्यांश बुझ्नका लागि प्रोत्साहन दिन्छ ।

उ) सङ्क्षिप्त लेखन (quick write)

सङ्क्षिप्त लेखन भनेको कुनै विषयको सम्बन्धमा आफूलाई लागेका कुरा तुरुन्तै लेख्ने काम हो । छलफलका क्रममा विचारहरू हतारमा निस्कन्छन् । त्यसरी व्यक्त भएका राम्रा विचारलाई तत्कालै टिपोट गरिएन भने बिर्सिन्छन् । यो अनौपचारिक हुन्छ । यसको उद्देश्य आफ्ना विचारलाई लिपिबद्ध गर्नु हो । यस्तो लेखाइमा शैलीको त्यति चिन्ता गरिदैन । जतिसुकै विद्यार्थीबीच सञ्चालन गर्न सकिने यस विधिमा ५ देखि १० मिनेटमा क्रियाकलाप गर्न सकिन्छ ।

ऊ) मान्यता (value line)

यो एउटा सहयोगात्मक सिकाइ क्रियाकलाप हो । यो फरकफरक जबाफ आउनसक्ने विषयमा विद्यार्थीहरूको विचार प्रकट गर्न लगाउन उपयोग गरिन्छ । यसमा कुनै भनाइमा सहमति वा असहमति व्यक्त गरिन्छ । विचारमा रहनसक्ने विभेद पहिचान गर्नसक्नु तथा विभेदको सम्मान गर्नसक्नु राम्रो गुण हो । अरू साथीहरूको असहमति भए पनि आफ्नो मान्यतामा अडिग हुनु विद्यार्थीका लागि राम्रो कुरा हो ।

ए) घुलमिल/स्थिर/जोडी (Mix/freeze/pair)

यो विधि विद्यार्थीहरूले नयाँ साथीसँग मिलेर तोकिएको काम सम्पन्न गर्ने रमाइलो तरिका हो । एक ठाउँबाट अर्को ठाउँमा जाँदा विद्यार्थीहरूले पुनर्ताजगी प्राप्त गर्छन् र उनीहरू ज्यादा फुर्तिला

हुन्छन् । सहयोगका आधारमा छानिएका साथीसँग मिलेर समस्या समाधान गर्नाले सामाजिक सिप खासगरी समस्या समाधान गर्न र मिलेर काम गर्ने क्षमता बढ्छ ।

(क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्छ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्छ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्छ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्छ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्छ । यसरी विद्यार्थीको अपेक्षित सिकाइस्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्छ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटक-पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्छ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्छ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने

क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतमस्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

(अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्छ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नुपर्छ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्नसके भन्ने लेखाजोखा गर्नसकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्छ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन (Tools of Authentic task) समावेश गर्नु उपयुक्त हुनेछ ।

(आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनबाट प्राप्त सूचनालाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्छ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्छ । यसका लागि विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका

विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् तथा ती कमीकमजोरी हटाइ सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ।

(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

उपलब्धिस्तर	**मापन**	**उपलब्धि स्तरको सामान्य व्याख्या**
अर्पाप्त (Insufficent)	१	मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको
सामान्य (Basic)	२	मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको
राम्रो (Proficient)	३	मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको
उच्च (Advanced)	४	मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्छ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्छ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्छ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । पटक-पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्छ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्छ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर

पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता, सुधारका क्षेत्र तथा उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसैगरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुनेछ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुनसक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्छ ।

(ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्छ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक तथा शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्यसम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्ध रूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूचीभित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति र कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न, आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य र उपलब्धिका लागि प्रोत्साहित हुन ।
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न ।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जबाफदेही व्यक्त गर्न ।
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न ।

विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

1= मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइस्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

2= हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्छ ।

3= सबै विद्यार्थीले न्यूनतम सिकाइस्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्छ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तरमात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्छ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गनुपर्छ ।

4= सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटक-पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्छ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

5= विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

उपलब्धि प्रतिशत	**अक्षरमा उपलब्धिस्तर**	**उपलब्धि स्तरको व्याख्या**
३० भन्दा कम	E	ज्यादै कमजोर

३० र सो भन्दा माथि ४५ भन्दा कम	D	कमजोर
४५ र सो भन्दा माथि ६० भन्दा कम	C	सामान्य
६० र सो भन्दा माथि ७५ भन्दा कम	B	राम्रो
७५ र सो भन्दा माथि ९० भन्दा कम	A	उच्च
९० र सो भन्दा माथि	A^+	उत्कृष्ट

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगतसमग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times १००$$

विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्य मान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइस्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रूजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ । पटक-पटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतमस्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्छ ।

(क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

सि.नं.	**मूल्याङ्कनका पक्ष**	**अंक भार**
१	**सहभागिता** : नियमितता, कक्षाकार्य, समूह कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यमा सहभागिता र सक्रियता	**४**
२	**प्रयोगात्मक/परियोजना**	**३६**
	(क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना)	६
	(ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण	२०

	(ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण	६
	(घ) अन्तर्वार्ता	४
३	**त्रैमासिक परीक्षाहरू** (पहिलो त्रैमासिक ५ अङ्क र अर्धवार्षिक ५ अङ्क)	**१०**
	जम्मा	५०

निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

सि.नं.	साधन	प्रयोग
१	रुब्रिक्स र श्रेणी मपन	विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लाि श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ ।
२	व्यवहार अवलोकन फारम	विभिन्न विषयक्षेत्रका प्रक्रियागत सिपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्याथ सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजूसूची, श्रेणी व्यवहार अवलोकन फारम प्रयोग गर्नसकिन्छ ।
३	शिक्षकको अभिलेख	प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्त व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा क् शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ ।
४	कक्षा परीक्षा	पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा परीक्षा
५	मौखिक प्रश्नोत्तर	शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्छन् । यसको नतिजा गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्नेछ ।

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

(ख) आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस

विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले अन्य कक्षा ४, ५, ६ र ७ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा)को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

विषयवस्तुको क्षेत्र/एकाइ/थिम र कार्यघन्टा

क्र.स.	**क्षेत्र/एकाइ/थिम**	कार्य घन्टा							
		कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८
१	हामी र हाम्रो वीरेन्द्रनगर	१३	१३	१३	१९	२०	२३	२३	२३
२	बालसंसार	१४	१४	१४	१९	१९	१८	१८	१८
३	खुशीका लागि मूल्यनिष्ठ शिक्षा								
४	हाम्रा सम्पदा								
५	वातावरण संरक्षण र हरित विद्यालय								
६	पेसा, व्यवसाय र प्रविधि								
७	विपत् व्यवस्थापन								
जम्मा									

अनुसूची १ स्थानीय विषयको थिमगत उपलब्धि विवरण

मूल्याङ्कन अभिलेखीकरण फाराम

विद्यार्थी मूल्याङ्कन मापनका आधार

निम्नलिखित आधारमा विद्यार्थीको सिकाइस्तरको मापन १, २, ३ वा ४ गरी कक्षा, क्षेत्र र थिमअनुसार उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मापन गरी आएको उपलब्धि स्तरको अङ्क (१, २, ३ वा ४) चढाउनुहोस् । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्क महलमा चढाउनुहोस् । फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुहोस् । यो अभिलेख फारमा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio)मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारवटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिमगतरूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यीबाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । यसको लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि स्तरको सही मापन गर्न रुब्रिक्स बनाउन सकिन्छ ।

अनुसूची १ स्थानीय विषयको थिमगत उपलब्धि विवरण

मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १

विषय : स्थानीय **विद्यार्थीको नाम :** **रोलनम्बर :**

१. हाम्रो वीरेन्द्रनगर

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. आफ्नो नगरपालिकाको नाम भन्न	प्रश्नोत्तर				
२. चित्रमा हेरेर वीरेन्द्रनगर छुट्याउन	अवलोकन				
३.पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशा छुट्याउन	अवलोकन				
४.वडा समितिको चित्र पहिचान गर्न,	अवलोकन				
५.वडा कार्यालय पहिचान गर्न,	प्रश्नोत्तर र अवलोकन				
६.वडा समितिको सङ्ख्या भन्न	प्रश्नोत्तर				
७. वडामा रेहका विद्यालय छुट्याउन	अवलोकन र प्रश्नोत्तर				
८. वडामा रहेका स्वास्थ्य सेवा केन्द्रहरू पहिचान गर्न	प्रश्नोत्तर				
९. खानेपानी, विजुली, यातायात र सञ्चारको परिचय दिन					
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्ककको जोड				
	उपलब्धि प्रतिशत				

२. बालसंसार

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. घर, परिवार र विद्यालयमा गरिने आदर्श व्यवहारहरू पहिचान गर्न	प्रश्नोत्तर				
२. स्थानीयस्तरमा खेलिने खेल पहिचान गर्न र कुनै दुई खेलको अभ्यास गर्न	अवलोकन र प्रश्नोत्तर				
३.स्थानीयस्तरमा प्रचलित चित्रकथा वर्णन गर्न	मौखिक प्रश्नोत्तर				
४. स्थानीयस्तरका कविता वाचन गर्न र गीत गाउन	अवलोकन				
५. आ-आफ्नो भाषामा अभिवादन व्यक्त गर्न	अवलोकन				

६. कक्षा मनिटरको परिचय दिन	प्रश्नोत्तर				
७. कक्षा मनिटरको भूमिका निर्वाह गर्न	अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

३. खुसीका लागि मूल्यनिष्ठ शिक्षा

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. आफू र आफ्ना परिवारका सदस्यहरूका आनीबानी भन्न	प्रश्नोत्तर				
२.आफूलाई मन पर्ने साथीहरूमा भएका स्वभाव भन्न	प्रश्नोत्तर				
३. असल एवं मन पर्ने मानिसहरूका बानी व्यवहारलाई उल्लेख गर्न	प्रश्नोत्तर				
४. असल एवं मन पर्ने मानिसहरूका बानी व्यवहारलाई प्रयोग गर्न	अवलोकन				
५.स्थानीयस्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास गर्न	अवलोकन				
६. घरपरिवारमा आफूलाई रहेका मन पर्ने वस्तु र व्यक्तिहरू भन्न	प्रश्नोत्तर				
७. घरपरिवार र छरछिमेकमामा मनाइने मन पर्ने उत्सव र चाडपर्व भन्न	प्रश्नोत्तर				
८. घरपरिवारमा रहेका वस्तु र व्यक्तिहरूका आफूलाई मन पर्ने कुराहरू उल्लेख गर्दै खुसी प्रदर्शन गर्न	प्रश्नोत्तर र अवलोकन				
९. सास रोक्ने र फ्याक्ने योगको अभ्यास गर्न	अवलोकन				
१०. उत्पादन र सिर्जनासँग जोडिएको श्रमको प्रशंसा गर्न	अवलोकन				
११. उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको अभ्यास गर्न	अवलोकन				
१२. घरपरिवारका ज्येष्ठनागरिक र अशक्तहरूले सामना	अवलोकन				

गरिरहेका समस्याहरूप्रति सहानुभूति तथा सहयोग गर्ने बानीको बखान र अभ्यास गर्न					
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

४. हाम्रो सम्पदना हाम्रो गौरव

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. वीरेन्द्रनगरका पर्यटकीय स्थलहरू पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
२. वीरेन्द्रनगर बजार र यहाँका पर्यटकीय क्षेत्र बीचको फरक छुट्याउन	प्रश्नोत्तर र अवलोकन				
३. वीरेन्द्रनगरका जातजातिको भाषाका नाम भन्न	प्रश्नोत्तर				
४. वीरेन्द्रनगरका प्रचलित लोकबाजा चिन्न र नाम भन्न	अवलोकन र प्रश्नोत्तर				
५. वीरेन्द्रनगरमा मनाइने चाडपर्वका नाम भन्न	प्रश्नोत्तर				
६. विभिन्न प्रकारका स्थानीय चुलो पहिचान गर्न	अवलोकन र प्रश्नोत्तर				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

५. वातावरण संरक्षण र हरित विद्यालय

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. घर तथा स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरूको नाम भन्न	प्रश्नोत्तर				
२. घर तथा विद्यालयको बालबगैँचामा भएका	प्रश्नोत्तर र				

बिरुवाहरूको पहिचान गर्न	अवलोकन				
३. स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको नाम भन्न	प्रश्नोत्तर				
४. घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न	अवलोकन				
५. घर तथा विद्यालयमा भएका बोटबिरूवाको सरक्षणमा सहयोग गर्न	अवलोकन				
६. फूलबारी तथा बोटबिरूवाको हेरचाह गर्न	अवलोकन र प्रश्नोत्तर				
७. स्थानीय क्षेत्रमा भएका जलस्रोतको नाम भन्न	प्रश्नोत्तर				
८. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी हुन	अवलोकन				
९. फोहोरमैलाको पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

६. स्थानीय पेसा, व्यवसाय र प्रविधि

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. स्थानीय अन्नबाली, तरकारी र फलफूलको नाम भन्न र सूची बनाउन	प्रश्नोत्तर र अवलोकन				
२. स्थानीय पेशा र व्यवसायहरू पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
३. स्थानीय परम्परागत र आधुनिक प्रविधिहरूको नाम भन्न	प्रश्नोत्तर				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

७. विपत् व्यवस्थापन

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. विभिन्न प्रकोपहरू (सडक दुर्घटना, करेन्ट लाग्ने, करेन्टबाट आगलागी र डुबान) को पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
२. विद्यालयमा जाँदा, घर आउँदा बाटामा हुने सक्ने सम्भावित जोखिमबाट सावधान रहन	अवलोकन				
३. कक्षाकोठा, विद्यालय, घर र बाटोमा घट्ने विपत्हरूबाट सचेत रहन	अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

अनुसूची २
कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

कक्षा : २ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

१. हाम्रो वीरेन्द्रनगर

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१.सुर्खेत जिल्लाको नक्सामा वीरेन्द्रनगर छुट्याउन	अवलोकन				
२. गर्मी र जाडो हुने महिना छुट्याउन र सूचीकृत गर्न	प्रश्नोत्तर र अवलोकन				
३. वडा प्रतिनिधिहरूको नाम भन्न	प्रश्नोत्तर				
४. वडामा हुने विकास निर्माणका कार्यहरू वर्णन गर्न	लिखित तथा प्रश्नोत्तर				
५. आफू बसेको वडामा भएका विद्यालयहरूको नाम भन्न	प्रश्नोत्तर				

६. स्वास्थ्य सेवा केन्द्रको नाम र स्थान भन्न	प्रश्नोत्तर				
७. खानेपानी तथा सरसफाइको परिचय दिन	प्रश्नोत्तर				
८. विजुली बत्तीको उपयोग भन्न	प्रश्नोत्तर				
९. यातायात र यसका साधनहरू पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
१०. सञ्चारका साधनहरू पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
मिति :	उपलब्धि प्रतिशत				

२. बालसंसार

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. घर, परिवार, समुदाय र विद्यालयमा गरिने आदर्श व्यवहारहरू पहिचान गरी प्रस्तुत गर्न	प्रश्नोत्तर र अवलोकन				
२. स्थानीयस्तरमा खेलिने कुनै तीनओटा खेलहरू अभ्यास गर्न	अवलोकन				
३. स्थानीयस्तर झल्कने चित्रकथा वर्णन गर्न	प्रश्नोत्तर				
४. स्थानीयस्तरमा उपलब्ध कविता वाचन गर्न र गीत गाउन	अवलोकन				
५. सन्दर्भअनुसार आ-आफ्नो भाषामा अभिवादन व्यक्त गर्न	अवलोकन				
६. कक्षा मनिटरले गर्ने कार्यहरू भन्न	प्रश्नोत्तर				
७. कक्षा मनिटरको भूमिका निर्वाह गर्न	अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
मिति :	उपलब्धि प्रतिशत				

कक्षा : २ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

३. खुशीका लागि मूल्यनिष्ठ शिक्षा

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. साथी र समुदायका मानिसहरूको आनीबानी भन्न	प्रश्नोत्तर				
२. असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरूको बखान गर्न	प्रश्नोत्तर				
३. सबैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभावहरूको सूची बनाउन ।	प्रश्नोत्तर				
४. असल एवं मन पर्ने मानिसहरूका बानी व्यवहारलाई प्रयोग गर्न	अवलोकन				
५. स्थानीयस्तरमा आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन तथा अभ्यास गर्न ।	अवलोकन				
६. घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव तथा चाडपर्व मनाउँदा गर्न हुने र नहुने कुराहरूको सूची बनाउन	प्रश्नोत्तर				
७. घरपरिवारका सदस्यहरूका राम्रा आनीबानीको सूची बनाउन	प्रश्नोत्तर				
८. घरपरिवारका सदस्यहरूका राम्रा आनीबानीको प्रशंसा गर्न	अवलोकन				
९. घरपरिवारका सदस्यहरूका राम्रा आनीबानीको अभ्यास गर्न	अवलोकन				
१०. आफूखुशी हुने र अरूलाई पनि खुशी बनाउने सिप र स्वभावको अभ्यास गर्न	अवलोकन				
११. सास रोक्ने र फ्याक्नेलगायतका योगहरूको अभ्यास गर्न	अवलोकन				
१२. श्रम र सिर्जनालाई प्रशंसा र सम्मान गर्न ।	अवलोकन				
१३. श्रम र सिर्जनालाई प्रशंसा र सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न ।	प्रश्नोत्तर र अवलोकन				
१४. घरपरिवार र समाजका अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिको सामना गरिरहेका मानिसहरूप्रति	अवलोकन				

सहयोग गर्ने बानीको अभ्यास गर्न					
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा : २ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

४. हाम्रो सम्पदा हाम्रो गौरव

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. वीरेन्द्रनगरका सम्पदाको नाम भन्न र संक्षिप्त परिचय दिन	प्रश्नोत्तर				
२. पूरानो र अहिलेको वीरेन्द्रनगर बजारको भिन्नता भन्न	प्रश्नोत्तर र अवलोकन				
३. वीरेन्द्रनगरका जातजाति र स्थानीय भेषभुषाका नाम भन्न	प्रश्नोत्तर				
४. वीरेन्द्रनगरका प्रचलित लोकबाजाका नाम र संक्षिप्त परिचयसहित बजाएर देखाउन	अवलोकन र प्रश्नोत्तर				
५. वीरेन्द्रनगरका चाडपर्वका सूची बनाइ ती पर्व मनाइने समय र मुख्य क्रियाकलाप भन्न	प्रश्नोत्तर				
६. विभिन्न प्रकारका स्थानीय चुल्हाको नाम भन्न, विभिन्न अवसर तथा समयमा पाक्ने खाजाको नामसहित स्वाद भन्न	अवलोकन र प्रश्नोत्तर				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा : २ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

५. वातावरण संरक्षण र हरित विद्यालय

सिकाइ उपलब्धि	**मूल्याङ्कनको**	**नियमित**	**थप**

	साधन	पढाइपछिको मूल्याङ्कन		सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. वडाभित्रका वनमा पाइने वन्यजन्तु र चराको नाम भन्न	प्रश्नोत्तर				
२. स्थानीय क्षेत्रमा पाइने बोटबिरूवाको वर्गीकरण गन	प्रश्नोत्तर र अवलोकन				
३. बगैँचाको परिचय दिन	प्रश्नोत्तर				
४. घर र विद्यालयमा वृक्षरोपणमा सहभागी हुन	अवलोकन				
५. बोटबिरूवाको संरक्षणमा सहयोग गर्न	अवलोकन				
६. वडामा भएका जलस्रोतको परिचय दिन	अवलोकन र प्रश्नोत्तर				
७. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी हुन	अवलोकन				
८. वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न	अवलोकन र प्रश्नोत्तर				
९. फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) भन्न	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा : २ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

६. स्थानीय पेसा, व्यवसाय र प्रविधि

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. स्थानीय अन्नबाली तरकारी र फलफूलको नाम र प्रकार भन्न	प्रश्नोत्तर				
२. स्थानीय पेशा र व्यवसायको प्रकार भन्न	प्रश्नोत्तर				
३. स्थानीय परम्परागत र आधुनिक प्रविधिहरूको वर्गीकरण गर्न	प्रश्नोत्तर र अवलोकन				

अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड			
	उपलब्धि प्रतिशत			

७. विपत् व्यवस्थापन

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. विभिन्न प्रकोपहरू (हावाहुरी, चट्याङ, बाढी र पहिरो)को पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
२. घरभित्र हुनेसक्ने सम्भावित जोखिमबाट सावधान रहन	अवलोकन				
३. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपत्हरू (हावाहुरी, चट्याङ, बाढी र पहिरो)बाट सचेत रहन	अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

अनुसूची ३
मूल्याङ्कन अभिलेखीकरण फाराम

कक्षा : ३ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

१. हाम्रो वीरेन्द्रनगर

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. कर्णाली प्रदेशको नक्सामा वीरेन्द्रनगर छुट्याउन	प्रश्नोत्तर र अवलोकन				
२. वीरेन्द्रनगरका वडा सीमा छुट्याउन	अवलोकन				
३. मौसमले जनजीवनमा पार्ने प्रभाव व्याख्या गर्न	प्रश्नोत्तर				
४. मौसमअनुसार लगाइने बालीका सूची बनाउन	प्रश्नोत्तर र अवलोकन				

५.वडा समितिको गठन प्रक्रिया भन्न	प्रश्नोत्तर				
६.वडाले जन्म, विवाह र मृत्यु दर्ता गर्छ भन्ने कुरा भन्न	प्रश्नोत्तर				
७. स्थानीय विद्यालयहरूको परिचय दिन	प्रश्नोत्तर				
८. स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाका छोटो विवरण प्रस्तुत गर्न	प्रश्नोत्तर				
९. विद्यालय, खानेपानी, बिजुली, यातायात र सञ्चारको महत्व भन्न	प्रश्नोत्तर				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
मिति :	उपलब्धि प्रतिशत				

२. **बालसंसार**

सिकाइ उपलब्धि	**मूल्याङ्कनको साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		मिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. घर, परिवार समुदाय, विद्यालय र नयाँ परिवेशमा गरिने आदर्श व्यवहारहरू पहिचान गरी प्रस्तुत गर्न	प्रश्नोत्तर र अवलोकन				
२. स्थानीयस्तरमा खेलिने कुनै चारवटा खेलको खेल विधिसहित अभ्यास गर्न	अवलोकन				
३. स्थानीयस्तरका बालकथाहरूको प्रस्तुति गर्न	अवलोकन				
४.स्थानीयस्तरका कविता वाचन गर्न र बालगीत गाउन	अवलोकन				
५. आ-आफ्नो धर्म संस्कृति अनुसार आ-आफ्नाघर, परिवार र समुदायमा मनाइने चाड पर्वको पहिचान गर्न	प्रश्नोत्तर				
६. कक्षा व्यवस्थापनमा मनिटरले गर्ने कार्यहरू भन्न	प्रश्नोत्तर				
७. कक्षा मनिटरको भूमिका निर्वाह गर्न	अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत	विद्यार्थीले प्राप्त गरेको उपलब्धि				

मिति :	स्तरको अङ्कको जोड			
	उपलब्धि प्रतिशत			

कक्षा : ३ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

३. खुशीका लागि मूल्यनिष्ठ शिक्षा

सिकाइ उपलब्धि	मूल्याङ्कनका सम्भावित साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. परिवार र आफन्तहरूको बीचको नाता सम्बन्ध भन्न	प्रश्नोत्तर				
२. नाता सम्बन्धको आधारमा माया, श्रद्धा, आदर र सम्मान प्रदर्शन गर्न	अवलोकन				
३. अरूलाई माया, आदर र सम्मान गर्दा आफूलाई पनि माया, आदर र सम्मान प्राप्त हुने कुराको बखान गर्न	प्रश्नोत्तर				
४. परिवारको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको भन्न	अवलोकन				
५. असल साथीहरूका राम्रा आनीबानीको सूची बनाउन	अवलोकन र प्रश्नोत्तर				
६. असल साथीहरूका राम्रा आनीबानीको लिखित एवं मौखिक रूपमा प्रशंसा गर्न	प्रश्नोत्तर र अवलोकन				
७. असल साथीहरूका राम्रा आनीबानीको प्रयोग गर्न	अवलोकन				
८. स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतीकरण गर्न	अवलोकन				
९. आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनुपर्ने कुराहरूको सूची बनाउन	प्रश्नोत्तर				
१०. आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्व मनाउदा ध्यान दिनु पर्ने कुराहरूको प्रयोग गर्न	अवलोकन				
११. असल साथीहरूका राम्रा आनीबानीको सूची	प्रश्नोत्तर				

बनाउन					
१२. असल साथीहरूका राम्रा आनीबानीको प्रशंसा गर्न	अवलोकन				
१३. आफूखुशी हुने र अरूलाई पनि खुशी बनाउने सिप तथा कलाको प्रदर्शन गर्न	अवलोकन				
१४.सामान्य योगहरू र ध्यानको परिचय दिइ सोको अभ्यास गर्न	अवलोकन				
१५.श्रम र सिर्जनालाई प्रशंसा तथा सम्मान गर्न	अवलोकन				
१६.श्रम र सिर्जनालाई प्रशंसा तथा सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा एवं अभ्यास गर्न	प्रश्नोत्तर र अवलोकन				
१७.घरपरिवार र समाजका अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिको सामना गरिरहेका मानिसहरूप्रति सहयोग गर्ने बानीको अभ्यास गर्न	अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अंकको जोड				
	उपलब्धि प्रतिशत				

४. हाम्रो सम्पदा हाम्रो गौरव

सिकाइ उपलब्धि	**मूल्याङ्कनका सम्भावित साधन**	**नियमित पढाइपछिको मूल्याङ्कन**		**थप सहायतापछिको मूल्याङ्कन**	
		ीमिति	**अङ्कन**	**मिति**	**अङ्कन**
१. वीरेन्द्रनगरका पर्यटकीय स्थलसहित सुर्खेत उपत्यकाको संक्षिप्त वर्णन गर्न	प्रश्नोत्तर				
२. वीरेन्द्रनगरमा बसोबास गर्ने जातजातिका पेसा र विशेषता भन्न	प्रश्नोत्तर				
३. स्थानीय लोकगीत सुनेर परिचय दिन र केही लोकगीत गाउन	अवलोकन				
४.वीरेन्द्रनगरका चाडपर्व, बिशेषता र महत्व भन्न	प्रश्नोत्तर				
५.स्थानीय परिकारहरूको नाम, पकाउन चाहिने मुख्य सामग्री र स्वाद भन्न	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

कक्षा : ३ **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

५. वातावरण संरक्षण र हरित विद्यालय

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. नगरपालिकाका वनमा पाइने वन्यजन्तु र चरा पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
२. स्थानीय बोटबिरुवाको परिचय दिन	प्रश्नोत्तर र अवलोकन				
३. स्थानीय बोटविरूवाको महत्व तथा उपयोग भन्न	प्रश्नोत्तर				
४. विद्यालयमा बगैँचाको आवश्यकता र महत्व भन्न	प्रश्नोत्तर				
५. घर र विद्यालयमा बालबगैँचाको निर्माणमा सहयोग र हेरचाह गर्न	अवलोकन				
६.घर र विद्यालयमा जलस्रोतको उपयोग गर्ने तरिका भन्न र सदुपयोग गर्न	अवलोकन र प्रश्नोत्तर				
७. फोहोरमैला व्यवस्थापनको परिचय दिन	प्रश्नोत्तर				
८. विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न	अवलोकन र प्रश्नोत्तर				
९. घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन	प्रश्नोत्तर र अवलोकन				
१०. वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान र सरसफाइ कार्यमा सहभागी हुन	प्रश्नोत्तर र अवलोकन				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				

६. स्थानीय पेसा, व्यवसाय र प्रविधि

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन	थप सहायतापछिको मूल्याङ्कन

		मिति	अङ्कन	मिति	अङ्कन
१. स्थानीय अन्नबाली तरकारी र फलफूलको महत्व भन्न	प्रश्नोत्तर (लिखित र मौखिक)				
२. स्थानीय पेशा र व्यवसायको उपयोगिता भन्न	प्रश्नोत्तर (लिखित र मौखिक)				
३.स्थानीय परम्परागत र आधुनिक प्रविधिहररूको महत्व भन्न	प्रश्नोत्तर (लिखित र मौखिक)				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

७. विपत् व्यवस्थापन

सिकाइ उपलब्धि	मूल्याङ्कनको साधन	नियमित पढाइपछिको मूल्याङ्कन		थप सहायतापछिको मूल्याङ्कन	
		मिति	अङ्कन	मिति	अङ्कन
१. विपत्को परिचय दिई मानव सिर्जित र प्राकृतिक विपत् पहिचान गर्न	प्रश्नोत्तर र अवलोकन				
२. विद्यालयमा हुने सक्ने सम्भावित जोखिमबाट सावधान रहन	अवलोकन				
३. भूकम्प र महामारीबाट बच्ने उपायहरू भन्न	प्रश्नोत्तर				
अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति :	विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड				
	उपलब्धि प्रतिशत				

१. निम्नानुसार सूची प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ, विद्यालय परिसर र भवनहरूको अवलोकन एव शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

क्रं.सं.	सूचकहरू	सुरक्षित छ	सुरक्षित छैन	कारण
संरचनात्मक				
१	पर्खाल			

२	छत वा छानो			
गैरसंरचनात्मक				
१	दराज			
२	बेन्च डेस्क			

२. प्रविधिको प्रयोग (google search) गरी तल उल्लिखित महामारीसँग सम्बन्धित विवरण सङ्कलन गर्नुहोस् र कक्षा प्रस्तुत गर्नुहोस् ।

क्र.सं.	**महामारी**	**महामारी पत्ता लागेको वर्ष**	**महामारी सुरु भएको देश**	**महामारीको कारण**	**मृत्यू भएका मानिस संख्या**	**औषधि**	**सुरक्षाका उपायहरू**
१	Black death						
२	प्लेग						
३	फ्लू						
४	एचआईभी एड्स						
५	कोभिड-१९						

३. विपत्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपत्मा प्रयोग हुने गरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू (Emergency Contact Numbers) खोजी कक्षामा टाँस्नुहोस् ।

क्र.सं.	**व्यक्ति, सङ्घसंस्था, कार्यालय**	**सम्पर्क व्यक्ति**	**सम्पर्क नम्बर**
१	प्रहरी कार्यलय		१००
२	बाल हेल्पलाइन		१०९८
३	जिल्ला प्रशासन कार्यालय		
४	प्रदेश अस्पताल		

विशिष्टीकरण तालिका

कक्षा ८

पूर्णांक : ५० समय : १ घण्टा ३० मिनेट

प्रश्न योजना तथा अङ्कभार वितरण

एकाइ	पाठ्यघण्टा	पूर्णाङ्क	ज्ञान			बोध			प्रयोग			उच्च दक्षता			जम्मा प्रश्न संख्या			जम्मा अङ्कभार	
			अति छोटो	छोटो	लामो	अति छोटो	छोटो	लामो	अति छोटो	छोटो	लामो	अति छोटो	छोटो	लामो	अति छोटो	छोटो	लामो	अति छोटो	छोटो
ो र हाम्रो न्दनगर			१			१		१					१		२	१	१	२	२
संसार			१	१			१			१				१	१	३	१	१	६
ोका लागि निष्ठ शिक्षा			१					१	१	१					२	१	१	२	२
ा सम्पदा ो गौरव										१						१			२
ावरण संरक्षण रित विद्यालय			१	१			१			१				१	१	३	१	१	६
ा स्थानीय , व्यवसाय र धि			१						१		१				२		१	२	
त् व्यवस्थापन			१				१		१						२	१		२	२
	!@*	%)	^	@		!	#	@	#	$	!		!	*	!)	!)	%	!)	@)

- प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहर र सबै एकाइको पाठयघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ ।

- अति छोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ ।